# आर्थिक वर्ष २०७७/७८ को
# मन्त्रालयगत प्रगति विवरण

प्रदेश सरकार

लुम्बिनी प्रदेश

## आर्थिक मामिला तथा योजना मन्त्रालय

मुकामः बुटवल, नेपाल

२०७८

# दुई शब्द

नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गर्न थालेको पाँच वर्ष भन्दा वढी अवधि भैसकेको छ। यस क्रममा संघको अतिरिक्त प्रदेश र स्थानीय तहहरु पनि क्रमशःअस्तित्वमा आए। यी तीनै तहको जिम्मेवारी तथा अधिकार संविधानले नै तोकिदिएको छ। यी जिम्मेवारी पुरा गर्न र आफ्नो अधिकार क्रमशः प्रयोग गर्ने कुरामा प्रदेश सरकारहरु क्रियाशील हुँदै आएका छन्।

यसै बमोजिम लुम्बिनी प्रदेश सरकार गठन भएपछि आर्थिक वर्षको २०७४/७५ को आंशिक र त्यस पछिका सबै आर्थिक वर्षमा पूर्ण बजेट गरी तीन आर्थिक वर्षको बजेट निर्माण तथा कार्यान्वयन भैसकेको छ भने हामी आर्थिक वर्ष २०७८/७९ को बजेट निर्माणमा जुटिरहेका छौं।

नेपालको संविधानको धारा २०७ को उपधारा (२) मा प्रत्येक आर्थिक वर्षको वार्षिक अनुमान प्रदेश सभा समक्ष पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र त्यस्तो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने व्यवस्था रहेको छ। सोही बमोजिम चालु आर्थिक वर्षको आठ महिनाको प्रतिवेदन आगामी आर्थिक वर्षको वार्षिक अनुमानसँगै पेश गर्ने गरी तयार भएको छ।

यस प्रतिवेदनमा मुख्यतया प्रत्येक मन्त्रालय तथा प्रदेश स्तरीय निकायहरुको परिचय, उद्देश्य, रणनीति, कार्यक्षेत्र, विद्यमान नीतिगत तथा कानुनी व्यवस्था, संगठनात्मक संरचना, आर्थिक वर्ष २०७६/७७ को असार मसान्त सम्मको यथार्थ खर्च विवरण, चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म यथार्थ खर्च र प्रदेश सञ्चित कोषमा प्राप्त भएको आम्दानीको विवरणका साथै चालु आर्थिक वर्षको असार मसान्तसम्मको अनुमानित खर्च समावेश गरिएको छ। यसको अतिरिक्त स्थानीय तहलाई गएको वित्त हस्तान्तरणको स्थिति र प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदानका योजना/आयोजनाको विवरण तथा त्यसको प्रभावकारिताको विषय समेत समीक्षा गरिएको छ।

चालु आर्थिक वर्षको आठ महिनामा बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति उत्साहजनक नै पाएको छु। यस आर्थिक वर्षमा सोही अवधिको तुलनामा थप र उल्लेखित प्रगति भएको छ। तर सुधारका ठाउँहरु भने धेरै नै छन्। त्यसैले आगामी दिनमा पनि प्रदेश सरकारका सम्बन्धित निकायले ध्यान दिनु नै पर्नेछ ।

अन्तमा चालु आर्थिक वर्षमा विगतको तुलनामा थप प्रगति गर्न आवश्यक निर्देशनसहित वातावरण सिर्जना गरिदिने मा. मुख्यमन्त्री श्री शंकर पोखरेलप्रति आभार व्यक्त गर्न चाहन्छु। साथै यस कार्यमा लागिपर्ने सबै कर्मचारीहरु तथा सहजीकरण गर्ने जनप्रतिनिधिहरुलाई धन्यवाद दिन चाहन्छु।

आशा राख्छु यो प्रतिवेदन प्रदेश सरकारको आर्थिक अवस्था र बजेट तथा कार्यक्रमको बारेमा चासो राख्ने सबैलाई उपयोगी हुनेछ। प्रतिवेदन तयारीमा नेतृत्व गर्ने यस मन्त्रालयका सचिव श्री बाबुराम अधिकारी र यस कार्यमा संलग्न सबै कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

**मा. बैजनाथ चौधरी (थारु)**
**आर्थिक मामिला तथा योजना मन्त्री**

# मेरो भन्नु

आगामी आर्थिक वर्षको आय व्यय अनुमान पेश गर्दा चालु आर्थिक वर्षको आठ महिनाको प्रगति पेश गर्नुपर्ने  कानूनी व्यवस्था बमोजिम हरेक आर्थिक वर्षमा आठ महिनाको मन्त्रालयगत प्रगति विवरण तयार गर्ने कार्य लुम्बिनी प्रदेशमा शुरुदेखि नै हुँदै आएको देखिन्छ। सोही बमोजिम आगामी आर्थिक वर्षको आय व्ययको अनुमान अर्थात् बजेटसँगै पेश गर्ने गरी चालु आर्थिक वर्ष २०७७/०७८ को मन्त्रालयगत प्रगति विवरण तयार गरिएको छ।

चालु आर्थिक वर्षको बजेट तया कार्यक्रम कार्यान्वयन र खर्च प्रतिशतमा विगतको तुलनामा थप प्रगति भएको छ। यस आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा ११.५३ प्रतिशत प्रगति भएको छ भने दोस्रो चौमासिक अवधिमा ३६.४६ प्रतिशत प्रगति भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा क्रमशः ७ प्रतिशत र ३१.३१ प्रतिशत प्रगति भएको थियो।

यसरी विगतको तुलनामा थप प्रगति हुनुमा गत आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याको गम्भीर समीक्षा, चालु आर्थिक वर्षको शुरु देखि नै कार्यान्वयनमा दिएको जोड, निरन्तर Follow up र आवश्यक सहजीकरणले प्रमुख भुमिका खेलेको देखिन्छ। त्यसैगरी कार्यान्वयनको जिम्मेवारीमा रहेका कर्मचारीहरु, सम्वन्धित मन्त्रालयका सचिवहरु र निर्माण व्यवसायी एवम् जनप्रतिनिधिहरु सबैमा यसको श्रेय बाँडफाँड गर्नु नै पर्छ।

बजेट तथा कार्यक्रम कार्यान्वयनमा विगत वर्षको तुलनामा केही सुधार भएको भए तापनि यसमा सन्तोष मानेर वस्ने अवस्था भने छैन। अझै पनि कतिपय मन्त्रालयको प्रगति निराशाजनक अर्थात ५० प्रतिशत भन्दा कम रहेको अवस्था देखिन्छ। खास गरी आर्थिक वर्षको शुरुदेखि नै बजेट कार्यान्वयनमा लागि नपर्ने र अन्तिमतिर दौडधुप गर्ने, बजेट माग वा प्रस्ताव गर्दा आवश्यकभन्दा वढी नै माग्ने, साथै कतिपय कार्यक्रमको आवश्यकता, औचित्य र कार्यान्वयनको तौर तरिका (Modality) विचारै नगरी केवल बजेटमा समावेश गर्ने प्रवृति वढी जिम्मेवार देखिन्छ भने केही हदसम्म मन्त्रालयका सचिवहरु छिटो छिटो सरुवा वा नेतृत्व परिवर्तनले पनि असर पारेको छ।

जे होस् प्रदेशको बजेट तथा कार्यक्रमको आठ महिनाको स्थितिलाई ऐनामा जस्तै छर्लङ्ग देख्न सकिने तस्वीरको रुपमा मैले यो प्रतिवेदनलाई लिएको छु। यसमा Text, Content, Format  को हिसावले थप सुधारका ठाउँहरु नभएका होइनन् तर उपलब्ध समय र जनशक्तिको कसीमा छोड्दा यो प्रतिवेदनलाई नराम्रो मान्न मिल्दैन। यस प्रतिवेदनले पहिलो कुरा त संवैधानिक र कानुनी आवश्यकता पुरा गरेको छ भने दोस्रो कुरा लुम्बिनी प्रदेशको आर्थिक अवस्था, बजेट तथा कार्यक्रम कार्यान्वयनको स्थिति आदिका विषयमा रुचि राख्ने सबैलाई एउटा राम्रो सन्दर्भ सामग्री हुने विश्वास लिएको छु। यस प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न यस मन्त्रालय र प्रदेश सरकारका अन्य सबै मन्त्रालय/निकाय/ सचिवालय/आयोग/कार्यालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

**बाबुराम अधिकारी**

**सचिव**


# कार्यकारी सारांश

नेपालको संविधानको धारा २०७ तथा प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले तयार गरेको लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०७७/७८ को दोश्रो चौमासिक अवधिसम्मको बजेट तथा कार्यक्रमगत प्रगतिको सारांशगत विवरण यस प्रकार रहेको छ।

## १. बजेट र खर्चसँग सम्बन्धित विवरणः

- आर्थिक वर्ष २०७७/७८ को लागि प्रदेश सरकारको कुल बजेट रू. ३६ अर्ब ३५ करोड २५ लाखमध्ये सञ्चित कोषमाथि व्ययभार हुने रकम रू. १ करोड १० लाख ४० हजार र विनियोजन ऐन बमोजिम खर्च हुने रकम रू. ३६ अर्ब ३४ करोड १४ लाख ६० हजार रहेको छ।
- विनियोजित रकममध्ये चालु आ.व. को फागुन मसान्तसम्म चालुतर्फ रू. ७ अर्ब ०१ करोड २४ लाख २२ हजार र पुँजीगततर्फ रू.६ अर्ब २४ करोड ३३ लाख ९२ हजार गरी जम्मा रू.१३ अर्ब २५ करोड ५८ लाख १४ हजार खर्च भएको छ। जुन विनियोजित बजेटको चालुतर्फ ३९.७८ प्रतिशत, पुँजीगततर्फ ३३.३५ प्रतिशत गरी औसत जम्मा ३६.४६ प्रतिशत खर्च भएको देखिन्छ।
- गत आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा कुल बजेटको चालुतर्फ ३२.१० प्रतिशत, पुँजीगततर्फ ३०.५४ प्रतिशत गरी कुल बजेटको औसत जम्मा ३१.३१ प्रतिशत रहेको थियो। यसरी गत आर्थिक वर्षको उक्त अवधिको खर्चको तुलनामा यस आर्थिक वर्षमा चालुतर्फ ७.६८ प्रतिशत पुँजीगततर्फ २.८१ प्रतिशत तथा कुल ५.१५ प्रतिशतले बजेट खर्च वृद्धि रहेको छ।


**चित्र १ः गत आ.व. २०७६/७७ तथा चालु आ.व. २०७७/७८ को बजेट खर्चको तुलनात्मक विवरण (दोस्रो चौमासिक सम्मको)**



- गत आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकारबाट प्राप्त अनुदान रकमअन्तर्गत खर्च नभई वचत भएको सशर्ततर्फ रू. ८ करोड ९ लाख ५७ हजार, विशेष अनुदानतर्फ रु. ३८ करोड ३९ लाख ३० हजार र समपुरक अनुदानतर्फ रु. ५४ करोड ४५ लाख १४ हजार गरी जम्मा रु. १ अर्ब १ करोड ४ लाख १ हजार चालु आर्थिक वर्ष २०७७/७८ मा संघीय सञ्चित कोषमा फिर्ता गरिएको छ।
- चालु आ.व. २०७७/७८ को फागुन मसान्तसम्ममा मन्त्रालयहरूमा विनियोजित बजेटमा सबैभन्दा बढी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्राप्त बजेटको ४०.११ प्रतिशत खर्च गरेको छ।

**चित्र नं. २ः विनियोजित बजेट माथिको खर्च विवरण**

(चालु आ.व.को दोस्रो चौमासिक सम्मको)



## २.	स्रोत परिचालनसँग सम्बन्धित विवरण

- नेपालको संविधान तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुरूप सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर र नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त शुल्क प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्रको रूपमा उल्लेख गरेको छ भने कृषि आयमा लाग्ने कर प्रदेशको एकल अधिकारभित्र पर्दछ।
- आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा **संघीय सरकारबाट** राजस्व बाँडफाँट अन्तर्गत रू. ४ अर्ब ४८ करोड २८ लाख ४५ हजार प्राप्त भएको छ भने अनुदान तर्फ वित्तीय समानीकरण अनुदानवापत रू. ५ अर्ब ७२ करोड ७८ लाख २५ हजार, सशर्त अनुदानवापत रू. ३ अर्ब ४३ करोड १३ लाख १८ हजार, विशेष अनुदानवापत रू.१३ करोड ९९ लाख र समपुरक अनुदानवापत रू. ३२ करोड १९ लाख ३१ हजार प्राप्त गरी जम्मा रू. ९ अर्ब ६२ करोड ९ लाख ७४ हजार रकम प्राप्त भएको छ।
- **स्थानीय तह**बाट राजश्व बाँडफाँट अन्तर्गत रु. २ करोड ५५ लाख १२ हजार प्राप्त भएको छ।
- **प्रदेशको आन्तरिक आय**तर्फ घर जग्गा रजिष्ट्रेशन शुल्क वापत रु.३९ करोड ७९ लाख ८८ हजार, सवारी साधन करतर्फ रु.१ अर्व ११ करोड २३ लाख ७३ हजार, स्थानीय तहवाट अनुदान फिर्ता भएको रकम रु.१ अर्व ६१ लाख ५३ हजार र प्रदेशको अन्य आन्तरिक राजश्वअन्तर्गत ७८ करोड ७३ लाख ६९ हजार रकम गरी रु. ३ अर्व ३० करोड ३८ लाख ८५ हजार रकम प्राप्त भएको छ।
- यसरी संघीय सरकार र स्थानीयतहवाट प्राप्त रकम तथा प्रदेशको आन्तरिक आयवाट प्राप्त रकम गरी कुल १७ अर्व ४३ करोड ३२ लाख १७ हजार तथा गत आ.व.को वचत रकम रु. ८ अर्व ३८ करोड ७ लाख ४३ हजार रकमसहित चालु आ.व. को दोस्रो चौमासिकसम्म रु.**२५ अर्व ८१ करोड ३९ लाख ६१ हजार प्रदेश संचित कोष**मा जम्मा भएको छ।
- गत आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सोही प्रकारका राजस्व बाँडफाँट (संघ र स्थानीय तह), वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान,विशेष अनुदान, समपुरक अनुदान र प्रदेश अन्तर्गतका निकायहरुबाट गरी जम्मा रकम रु. १८ अर्ब ३९ करोड ४७ लाख ७५ हजार तथा गत आ.व. २०७५।७६ को वचत रकम ७ अर्ब ५२ करोड ४६ लाख ६८ हजार गरी २५ अर्ब ९१ करोड ९४ लाख ४३ हजार रकम प्रदेश सञ्चित कोषमा जम्मा भएको थियो।

- प्रदेश सरकारको एकल अधिकारको क्षेत्र अन्तर्गत कृषि आयमा कर लगाउन सक्ने प्रावधान रहेकोमा प्रदेश आर्थिक ऐन, २०७६ ले सो करको दर समेत निर्धारण गरेको र उक्त कर व्यवसायीहरुले स्वेच्छिक रुपमा बुझाउन सक्ने व्यवस्था भए तापनि आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा सो करवापतको राजस्व संकलन हुन सकेको छैन।

## ३. वित्तीय संघीयता कार्यान्वयन सम्बन्धी विवरणः

- चालु आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशभित्रका स्थानीय तहको लागि वित्तीय समानीकरण अनुदानवापत रु. ६० करोड, सशर्त अनुदानवापत रु. २ अर्व ४ करोड ५० हजार समपूरक अनुदानवापत रु. १ अर्व ५० करोड र विशेष अनुदानवापत रु. १ अर्व गरी जम्मा रू. ५ अर्व १४ करोड ५० हजार विनियोजन गरिएको छ। उक्त रकम चालु आ.व.मा प्रदेशको कुल बजेटको १४.१४ प्रतिशत हुन आउँछ।
- आयोजना तथा कार्यक्रमहरु स्थानीय तहहरुमार्फत कार्यान्वयन हुँदा बढी प्रभावकारी हुने र जनताका आवश्यकताहरुको प्रत्यक्ष सम्बोधन हुने अपेक्षाका साथ गत आर्थिक वर्ष २०७६/७७ को तुलनामा यस आ.व. २०७७/७८ मा विनियोजित स्थानीय तह अनुदानमा १७.०९ प्रतिशतले वृद्धि गरिएको छ।
- चालु आर्थिक वर्षमा स्थानीय तहमा विनियोजित बजेटको सीमाभित्र रही स्थानीय तहहरुको प्रस्तावका आधारमा समपुरक अनुदानतर्फ १०८ वटा स्थानीय तहका ४४० वटा आयोजना स्वीकृत भई स्थानीय तहहरुमार्फत् कार्यान्वयन भइरहेका छन्।
- स्थानीय तहमा वित्त हस्तान्तरण अन्तर्गत चालु आर्थिक वर्ष २०७७/०७८ को फागुन मसान्तसम्ममा समपुरक अनुदान, वित्तीय समानीकरण अनुदान, विशेष अनुदान र सशर्त अनुदानवापत जम्मा रू. ३ अर्ब ४० करोड ३१ लाख ८५ हजार निकासा भएको छ।
- गत आ.व. २०७६/७७ मा समपूरक अनुदानमा स्थानीय तहमा कार्यान्वयनमा आएका तर कोभिड -१९ का कारण सम्पन्न हुन नसकेका २९ वटा स्थानीय तहका ६९ वटा अधुरा आयोजनाको काम चालु आ.व. २०७७/७८ मा सम्पन्न गर्ने गरी रू. १४ करोड १४ लाख २५ हजार हस्तान्तरण गरिएको छ।
- प्रदेशका सबै गाउँपालिका र १ नगरपालिका गरी ७४ वटा स्थानीय तहमा आ.व. २०७५/०७६ मा सशर्त अनुदान अन्तर्गत बहुउद्देशीय सभा हल निर्माण शुरु भई केही रकम लगानी भएका तर कार्य सम्पन्न गर्न थप रकम आवश्यक भएका २० वटा स्थानीय तहमा रू. ९ करोड ३१ लाख ६९ हजार रकम हस्तान्तरण गरिएको छ।


## ४. अन्य नीतिगत/कार्यक्रमगत प्रगतिको विवरण

- प्रदेश तथा स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकासका लागि प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ।
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा कर्मचारी पदपूर्तिका लागि विभिन्न सेवा समूहका गरी ४१ वटा पाठ्यक्रम निर्माण गरिएको छ।
- प्रदेशको नाम लुम्बिनी र स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) तोकिएको तथा राप्ती उपत्यका (देउखुरी) मा राजधानी व्यवस्थापनको काम अगाडि बढाइएको छ।
- कानून निर्माण कार्यको कार्ययोजना बनाई कार्यान्वयनमा लगिएको छ।
- प्रदेशका सबै अस्पतालहरुलाई कम्तीमा ५० शैय्यामा स्तरोन्नति गरिएको छ।
- लुम्बिनी प्रदेशको ब्राण्डिङ र पर्यटन प्रवर्द्धन गर्न उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र नेपाल पर्यटन बोर्डसँग सम्झौता सम्पन्न भई कार्य आरम्भ भएको छ।
- कृषकलाई आइपरेका प्राविधिक समस्या समाधानका लागि निशुल्क **किसान कल सेन्टर**को विकास गरिएको छ।
- यस आ.व.को दोश्रो चौमासिक अवधिमा ऐन, नियमावली, कार्यविधिलगायत १७ वटा कानुन निर्माण भएका छन्।
- लुम्बिनी प्रदेशको २० वर्षे दीर्घकालीन योजना तर्जुमा शुरु गरिएको छ।
- कम्तिमा ५० हजार नागरिकलाई प्रदेशमा उपलव्ध रोजगारीमा आवद्ध गरी एकद्वार सूचना प्रणालीको विकास गर्ने उद्देश्य अनुरुप लुम्बिनी प्रदेश रोजगार पोर्टलको निर्माण गरी श्रमिकलाई श्रमवजारसँग Connect गर्ने काम भएको।
- प्रदेशको विकासको लागि आवश्यक प्राविधिक मानव पुँजी निर्माण गर्न विज्ञान, प्रविधि, गणित र इन्जिनियरिङ्ग (STEM) परियोजना संचालनको लागि संयोजकहरुको नियुक्ति गरी कार्यक्रम सुरु गरिएको।
- चालु आर्थिक वर्षको दोश्रो चौमासिक अवधिसम्म प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा करिव २२ हजार जना व्यक्तिले छोटो अवधिको रोजगारी प्राप्त गरेका छन्। उद्योग, वन र पर्यटनको क्षेत्रमा करिव २,६१,७६० कार्य दिनको रोजगारी सिर्जना भएको छ।
- कृषिको उत्पादन र उत्दकत्व वढाउँदै रोजगारी सिर्जना गर्ने लक्ष्यअनुरुप दक्षिण अफ्रिकाको ब्रिगेड र टिम्वाली मोडेल तथा भारतको अमूल मोडेल अनुसरण गर्दै नेपालको कृषि क्षेत्रमा हरियाली मोडलको लागि सम्भाव्यता अध्ययन सम्वन्धी अवधारणा प्रस्तुत।
- प्रदेश सरकारका मन्त्रालय तथा केन्द्रीय निकायहरुमा वेभसाईटको साझा फ्रेमवर्क तयार गरी वेभसाईटमा एक रुपता कायम गरिएको छ।

## ५. प्रदेश अर्थतन्त्र

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको आ.व. २०७७/७८ को प्रादेशिक कुल गार्हस्थ उत्पादन (GDP) तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७।७८ मा नेपालको राष्ट्रिय वार्षिक कुल गार्हस्थ उत्पादन उपभोक्ताको मुल्यमा रु. ४२ खर्व ६६ अर्व हुने अनुमान गरिएकोमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. ५ खर्व ९६ अर्व हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षका संशोधित अनुमान रु.५ खर्व ५० अर्व रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा १४.० प्रतिशत हिस्सा ओगेटेको यस प्रदेशले यस आ.व.मा पनि सोही प्रतिशत नै योगदान पुऱ्याउने अनुमान गरिएको छ। यसै गरी गत आ.व.मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको वृद्धि दर १.८ प्रतिशत ऋणात्मक थियो भने यस आ.व.मा सुधार आई ३.९ प्रतिशत हुने अनुमान गरिएको छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढी योगदान ३१.९ प्रतिशतले कृषि क्षेत्रको छ भने सबै भन्दा कम योगदान ०.४ प्रतिशतले प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ। तीन आर्थिक वर्ष (आ.व. २०७५/७६,२०७६/७७ र आ.व. २०७७/७८) को आर्थिक वृद्धिदरको प्रवृति देहाय अनुसार छ।

**चित्र ३: विगत तीन आर्थिक वर्षको आर्थिक वृद्धि दरको प्रवृति** (प्रतिशत)




(स्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७८)

## तालिका १.१: आ.व. २०७७/७८ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ उत्पादनमा आर्थिक क्रियाकलापहरुको औद्योगिक वर्गीकरण अनुसारको योगदान

(प्रतिशतमा)

| औद्योगिक वर्गीकरण | २०७५/७६ | २०७६/७७ R | २०७७/७८ P |
|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ३०.७ | ३२.१ | ३१.९ |
| खानी तथा उत्खनन् | ०.७ | ०.७ | ०.७ |
| उद्योग | ६.६ | ५.७ | ५.८ |
| विद्युत, ग्याँस, वाफ तथा एयरकन्डिसन आपुर्ति | ०.५ | ०.६ | ०.६ |
| पानी वितरण (ढल निकास, फोहर व्यवस्थापन तथा उपचार कृयाकलापहरु) | ०.८ | ०.८ | ०.७ |
| निर्माण | ८.७ | ७.३ | ७.० |
| थोक तथा खुद्रा व्यापार, मोटर र मोटरसाइकल मर्मत | ११.७ | १०.७ | ११.२ |
| यातायात तथा भण्डारण | ६.८ | ५.५ | ५.७ |
| होटल तथा रेष्टुरेन्ट | १.९ | १.२ | १.३ |
| सूचना तथा संचार | २.५ | २.५ | २.४ |
| वित्तीय तथा बीमा कृयाकलापहरु | ४.३ | ४.८ | ४.९ |
| रियलस्टेट क्रियाकलापहरु | ४.६ | ४.८ | ४.९ |
| व्यवसायिक, वैज्ञानिक तथा प्राविधिक कृयाकलापहरु | ०.५ | ०.६ | ०.६ |
| प्रशासनिक तथा सामाजिक कृयाकलापहरु | ०.४ | ०.४ | ०.४ |
| सार्वजनिक प्रशासन र रक्षा, अनिवार्य सामुदायिक सुरक्षा | ७.८ | ९.५ | ९.२ |
| शिक्षा | ९.४ | १०.४ | १०.१ |
| स्वास्थ्य र सामाजिक कार्य, अन्य सेवा सम्बन्धी कृयाकलापहरु | १.८ | २.१ | २.१ |
| कला, मनोरञ्जन र अन्य कृयाकलापहरु तथा घरायसी कामकाज, घरायसी प्रयोजनका लागि उत्पादित वस्तु | ०.४ | ०.५ | ०.५ |
| जम्मा | १००.० | १००.० | १००.० |

R= Revised / P= Preliminary

(स्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७८)

आ.व. २०७७/७८ को आर्थिक सर्वेक्षण प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्याको १७ प्रतिशत जनसंख्या यस प्रदेशको रहेको छ। यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०२६ रहेको छ। यस प्रदेशको आर्थिक वृद्धि दर आधारभूत मुल्यमा ३.८१ प्रतिशत छ भने कुल गार्हस्थ्य उत्पादनमा (आधारभूत मुल्यमा) १४.० रहेको छ। यस आ.व.मा आर्थिक तथा सामाजिक परिसूचकको अवस्था देहायअनुसार छ।

**तालिका १.२: लुम्बिनी प्रदेशको आर्थिक र सामाजिक परिसूचक**

| आर्थिक सामाजिक सूचकाङ्कहरु | लुम्बिनी प्रदेश |
|---|---|
| जनसंख्या (प्रतिशत) | १७.० |
| क्षेत्रफल (प्रतिशतमा) | ११.८ |
| आर्थिक वृद्धि दर आधारभूत मुल्यमा (प्रतिशत) | ३.८१ |
| कुल गार्हस्थ्य उत्पादनमा (आधारभूत मुल्यमा) | १४.० |
| उद्योग दर्ता संख्या | ६१२ |
| लघु, घरेलु तथा साना उद्योगको संख्या | ८११६४ |
| उद्योगमा लगानी (रु.अर्वमा) | १४२ |
| जलविद्युत उत्पादन (मेगावाट) | ३१ |
| स्थानीय सडक सञ्जाल (कि.मी.) | ९०५१ |
| विद्यालय संख्या | ५७२८ |
| बैंक तथा वित्तीय संस्थाको शाखा (संख्या) | २०२६ |
| प्रतिशाखा जनसंख्या | २५४९ |

(स्रोतः आर्थिक सर्वेक्षण, २०७७/७८, अर्थ मन्त्रालय)

# विषय-सूची


| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| **परिच्छेद - १** | | |
| | परिचय | १ |
| १.१ | पृष्ठभूमि | १ |
| **परिच्छेद - २** | | १ |
| **प्रदेश सभा सचिवालय** | | २ |
| २.१ | पृष्ठभूमि | २ |
| २.२ | दीर्घकालीन सोच | २ |
| २.३ | उद्देश्य | २ |
| २.४ | रणनीति | २ |
| २.५ | कार्यक्षेत्र | २ |
| २.६ | कानूनी तथा नीतिगत व्यवस्था | ३ |
| २.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | ४ |
| २.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | ४ |
| २.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः | ५ |
| २.१० | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | ७ |
| २.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | ८ |
| २.१२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | १२ |
| २.१३ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७८ असार मसान्तसम्मको अनुमानित खर्च | १२ |
| २.१४ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरण | १२ |
| २.१५ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण | १२ |
| २.१६ | समस्या तथा चुनौती | १३ |
| २.१७ | समस्या समाधानका लागि चाल्नुपर्ने कदम | १३ |
| २.१८ | आगामी कार्यदिशा | १३ |
| २.१९ | निष्कर्ष | १३ |
| **परिच्छेद -३** | | १४ |
| **प्रदेश लोक सेवा आयोग** | | १४ |
| ३.१ | पृष्ठभूमि | १४ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| ३.२ | दीर्घकालीन सोच | १४ |
| ३.३ | उद्देश्य | १४ |
| ३.४ | रणनीति | १५ |
| ३.५ | कार्यक्षेत्र | १५ |
| ३.६ | कानूनी तथा नीतिगत व्यवस्था | १६ |
| ३.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | १७ |
| ३.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | १७ |
| ३.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः | १८ |
| ३.१० | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | १९ |
| ३.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | १९ |
| ३.१२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | २१ |
| ३.१३ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः | २१ |
| ३.१४ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः | २१ |
| ३.१५ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः | २१ |
| ३.१६ | समस्या तथा चुनौतीः | २१ |
| ३.१७ | समस्या समाधानका लागि लालिएका कदमः | २२ |
| ३.१८ | आगामी कार्यदिशाः | २२ |
| ३.१९ | निष्कर्षः | २३ |
| **परिच्छेद - ४** | | २४ |
| **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | २४ |
| ४.१ | पृष्ठभूमि | २४ |
| ४.२ | दीर्घकालीन सोच | २४ |
| ४.३ | ध्येय | २४ |
| ४.४ | लक्ष्य | २४ |
| ४.५ | उद्देश्य | २५ |
| ४.६ | रणनीति | २५ |
| ४.७ | कार्यक्षेत्र | २६ |
| ४.८ | कानूनी तथा नीतिगत व्यवस्था | २७ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| ४.९ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | २८ |
| ४.१० | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | २९ |
| ४.११ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | ३० |
| ४.१२ | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | ३१ |
| ४.१३ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | ३३ |
| ४.१४ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | ३७ |
| ४.१५ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७८ असार मसान्तसम्मको अनुमानित खर्च | ३७ |
| ४.१६ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरण | ३७ |
| ४.१७ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण | ३७ |
| ४.१८ | समस्या तथा चुनौती | ३८ |
| ४.१९ | समस्या समाधानका लागि चालिएका कदमहरु | ३८ |
| ४.२० | आगामी कार्यदिशा | ३८ |
| **परिच्छेद - ५** | | ४० |
| **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | | ४० |
| ५.१ | पृष्ठभूमि | ४० |
| ५.२ | दीर्घकालीन सोच | ४० |
| ५.३ | उद्देश्य | ४० |
| ५.४ | रणनीति | ४१ |
| ५.५ | कार्यक्षेत्र | ४१ |
| ५.६ | कानूनी तथा नीतिगत व्यवस्था | ४४ |
| ५.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | ४५ |
| ५.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | ४६ |
| ५.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | ४६ |
| ५.१० | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | ४७ |
| ५.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | ५१ |
| ५.१२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | ५९ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| ५.१३ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्च | ५९ |
| ५.१४ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरण | ५९ |
| ५.१५ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण | ५९ |
| ५.१६ | समस्या तथा चुनौती | ५९ |
| ५.१७ | समस्या समाधानका लागि चालिएका कदम | ६० |
| ५.१८ | आगामी कार्यदिशा | ६० |
| ५.१९ | निष्कर्ष | ६१ |
| **परिच्छेद - ६** | | ६३ |
| **आर्थिक मामिला तथा योजना मन्त्रालय** | | ६३ |
| ६.१ | पृष्ठभूमि | ६३ |
| ६.२ | दीर्घकालीन सोच | ६३ |
| ६.३ | उद्देश्य | ६३ |
| ६.४ | रणनीति | ६३ |
| ६.५ | कार्यक्षेत्र | ६४ |
| ६.६ | कानूनी तथा नीतिगत व्यवस्था | ६५ |
| ६.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | ६६ |
| ६.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | ६७ |
| ६.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | ६९ |
| ६.१० | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | ७० |
| ६.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | ७१ |
| ६.१२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | ७४ |
| ६.१२.१ | आर्थिक वर्ष २०७६/७७ को यस मन्त्रालयको विनियोजित बजेट तथा वित्तीय प्रगति | ७४ |
| ६.१२.२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः (प्रदेशको एकीकृत) | ७४ |
| ६.१३ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७८ असार मसान्तसम्मको अनुमानित खर्च | ७४ |
| ६.१३.१ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः (मन्त्रालय) | ७४ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| ६.१३.२ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः (प्रदेशको एकीकृत) | ७५ |
| ६.१३.३ | आर्थिक वर्ष २०७७/७८ मा फागुन मसान्तसम्मको प्रदेश संचित कोषमा प्राप्त रकमको विवरण | ७५ |
| ६.१४ | प्रदेश राजस्व विवरण | ७६ |
| ६.१४.१ | आर्थिक वर्ष २०७६/७७ मा प्रदेश राजस्व संकलन विवरणः | ७६ |
| ६.१४.२ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म प्रदेश राजस्व संकलन विवरण र असार मसान्तसम्मको अनुमान | ७७ |
| ६.१५ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण | ७८ |
| ६.१६ | समस्या तथा चुनौती | ७८ |
| ६.१७ | समस्या समाधानका लागि चाल्नुपर्ने कदम | ७९ |
| ६.१८ | आगामी कार्यदिशा | ८० |
| ६.१९ | निष्कर्ष | ८१ |
| **परिच्छेद- ७** | | ८३ |
| **भौतिक पूर्वाधार विकास मन्त्रालय** | | ८३ |
| ७.१ | पृष्ठभूमि | ८३ |
| ७.२ | दीर्घकालीन सोच | ८३ |
| ७.३ | उद्देश्य | ८३ |
| ७.४ | रणनीति | ८३ |
| ७.५ | कार्यक्षेत्र | ८४ |
| ७.६ | कानूनी तथा नीतिगत व्यवस्था | ८५ |
| ७.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | ८६ |
| ७.८ | मन्त्रालय अन्तर्गतका निकायहरु | ८८ |
| ७.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | ९० |
| ७.१० | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | ९१ |
| ७.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | १०० |
| ७.१२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | १०६ |
| ७.१३ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्च | १०६ |
| ७.१४ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरण | १०६ |
| ७.१५ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण | १०७ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| ७.१६ | समस्या तथा चुनौती | १०७ |
| ७.१७ | समस्या समाधानका लागि चालिएका कदम | १०८ |
| ७.१८ | आगामी कार्यदिशा | १०८ |
| ७.१९ | निष्कर्ष | १०९ |
| **परिच्छेद - ८** | | ११० |
| **सामाजिक विकास मन्त्रालय** | | ११० |
| ८.१ | पृष्ठभूमि | ११० |
| ८.२ | दीर्घकालीन सोच | ११० |
| ८.३ | उद्देश्य | ११० |
| ८.४ | रणनीति | ११० |
| ८.५ | कार्यक्षेत्र | १११ |
| ८.६ | कानूनी तथा नीतिगत व्यवस्था | ११५ |
| ८.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | ११७ |
| ८.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | १२० |
| ८.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | १२२ |
| ८.१० | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | १२३ |
| ८.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | १२८ |
| ८.१२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | १३० |
| ८.१३ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्च | १३० |
| ८.१४ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरण | १३० |
| ८.१५ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण | १३१ |
| ८.१६ | समस्या तथा चुनौती | १३१ |
| ८.१७ | समस्या समाधानका लागि चालिएका प्रयास तथा आगामी कदम | १३१ |
| ८.१८ | निष्कर्ष | १३२ |
| **परिच्छेद - ९** | | १३३ |
| **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय** | | १३३ |
| ९.१ | पृष्ठभूमि | १३३ |
| ९.२ | दीर्घकालीन सोच | १३३ |
| ९.३ | उद्देश्य | १३३ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| ९.४ | रणनीति | १३५ |
| ९.५ | कार्यक्षेत्र | १३६ |
| ९.६ | कानूनी तथा नीतिगत व्यवस्था | १४० |
| ९.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | १४१ |
| ९.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | १४४ |
| ९.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | १४६ |
| ९.१० | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | १४७ |
| ९.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | १६२ |
| ९.१२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | १८२ |
| ९.१३ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७८ असार मसान्तसम्मको अनुमानित खर्च | १८३ |
| ९.१४ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरण | १८४ |
| ९.१५ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण | १८४ |
| ९.१६ | समस्या तथा चुनौती | १८४ |
| ९.१७ | समस्या समाधानका लागि चालिएका कदम | १८५ |
| ९.१८ | आगामी कार्यदिशा | १८६ |
| ९.१९ | निष्कर्ष | १८६ |
| **परिच्छेद - १०** | | |
| **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | | १८७ |
| १०.१ | पृष्ठभूमि | १८७ |
| १०.२ | दीर्घकालीन सोच | १८७ |
| १०.३ | लक्ष्य | १८७ |
| १०.४ | उद्देश्य | १८७ |
| १०.५ | कार्यक्षेत्र | १८८ |
| १०.६ | कानूनी तथा नीतिगत व्यवस्था | १८८ |
| १०.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | १८९ |
| १०.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | १९१ |
| १०.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | १९५ |
| १०.१० | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट | १९६ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| | वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | |
| १०.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | २०३ |
| १०.१२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | २०४ |
| १०.१३ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७८ असार मसान्तसम्मको अनुमानित खर्च | २०५ |
| १०.१४ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरण | २०५ |
| १०.१५ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण | २०५ |
| १०.१६ | समस्या तथा चुनौती | २०६ |
| १०.१७ | समस्या समाधानका लागि चालिएका कदम | २०७ |
| १०.१८ | मन्त्रालयले कार्यान्वयनमा ल्याएका राम्रा अवधारणाहरु | २०७ |
| १०.१९ | निष्कर्ष | २०८ |
| **परिच्छेद - ११** | | |
| **मुख्य न्यायाधिवक्ताको कार्यालय** | | २०९ |
| ११.१ | पृष्ठभूमि | २०९ |
| ११.२ | दीर्घकालीन सोच | २०९ |
| ११.३ | उद्देश्य | २०९ |
| ११.४ | रणनीति | २०९ |
| ११.५ | कार्यक्षेत्र | २१० |
| ११.६ | कानूनी तथा नीतिगत व्यवस्था | २१० |
| ११.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | २११ |
| ११.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | २११ |
| ११.९ | वार्षिक नीति तथा कार्यक्रम र बजेट बक्तव्यको प्रगति विवरण | २१२ |
| ११.१० | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | २१२ |
| ११.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको फागुन महिना सम्मको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | २१४ |
| ११.१२ | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगति | २१४ |
| ११.१३ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको खर्चको अनुमान | २१५ |
| ११.१४ | समस्या तथा चुनौती | २१५ |
| ११.१५ | समस्या समाधानका लागि चालिएका कदम | २१५ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| ११.१६ | निष्कर्ष | २१५ |
| **परिच्छेद - १२** | | |
| **प्रदेश योजना आयोग** | | २१७ |
| १२.१ | पृष्ठभूमि | २१७ |
| १२.२ | आयोगको संरचना | २१७ |
| १२.३ | दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | २१७ |
| १२.४ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | २१८ |
| १२.५ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | २१८ |
| १२.६ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | २२० |
| १२.७ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित वजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति | २२१ |
| १२.८ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण | २२१ |
| १२.९ | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः | २२१ |
| १२.१० | समस्या तथा कठिनाई | २२३ |
| १२.११ | समस्या समाधानका लागि चाल्नुपर्ने कदम | २२४ |
| १२.१२ | निष्कर्ष | २२४ |
| **परिच्छेद - १३** | | |
| **प्रदेश पूर्वाधार विकास प्राधिकरण** | | २२५ |
| १३.१ | पृष्ठभूमि | २२५ |
| १३.२ | दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | २२५ |
| १३.३ | कार्यक्षेत्र | २२५ |
| १३.४ | कानूनी तथा नीतिगत व्यवस्था | २२५ |
| १३.५ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | २२५ |
| १३.६ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | २२६ |
| १३.७ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | २२७ |
| १३.८ | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | २२७ |
| १३.९ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | २२९ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|


| | | |
|---|---|---|
| १३.१० | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगती | २३० |
| १३.११ | राजस्व संकलनको विवरण | २३१ |
| १३.१२ | प्रमुख समस्या तथा चुनौतीहरु | २३१ |
| **परिच्छेद - १४** | | |
| **सूचना तथा संचार प्रविधि प्रतिष्ठान** | | २३२ |
| १४.१ | पृष्ठभूमि | २३२ |
| १४.२ | दीर्घकालीन सोच | २३२ |
| १४.३ | उद्देश्य | २३२ |
| १४.४ | रणनीति | २३२ |
| १४.५ | कार्यक्षेत्र | २३३ |
| १४.६ | कानूनी तथा नीतिगत व्यवस्था | २३३ |
| १४.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | २३३ |
| १४.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | २३३ |
| १४.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | २३५ |
| १४.१० | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण | २३६ |
| १४.११ | चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमान | २३७ |
| १४.१२ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७८ असार मसान्तसम्मको अनुमानित खर्च | २४० |
| १४.१३ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरण | २४० |
| १४.१४ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः | २४० |
| १४.१५ | समस्या तथा चुनौती | २४० |
| १४.१६ | समस्या समाधानका लागि चालिएका कदम | २४१ |
| १४.१७ | आगामी कार्यदिशा | २४१ |
| १४.१८ | निष्कर्ष | २४१ |
| **परिच्छेद - १५** | | |
| **प्रदेश प्रशिक्षण प्रतिष्ठान** | | २४३ |
| १५.१ | पृष्ठभूमि | २४३ |
| १५.२ | दीर्घकालीन सोच | २४३ |
| १५.३ | उद्देश्य | २४४ |

| विषय | | पृष्ठ संख्या |
|---|---|---|
| १५.४ | रणनीति | २४४ |
| १५.५ | कार्यक्षेत्र | २४५ |
| १५.६ | कानूनी तथा नीतिगत व्यवस्था | २४५ |
| १५.७ | दरबन्दी तेरिज र पदपूर्तिको अवस्था | २४५ |
| १५.८ | चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु | २४५ |
| १५.९ | चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरण | २४६ |
| १५.१० | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्च | २४६ |
| १५.११ | आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्च | २४७ |
| १५.१२ | आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरण | २४७ |
| १५.१३ | आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण | २४७ |
| १५.१४ | समस्या तथा चुनौती | २४७ |
| १५.१५ | समस्या समाधानका लागि चालिएका कदम | २४८ |
| १५.१६ | आगामी कार्यदिशा | २४८ |
| १५.१७ | निष्कर्ष | २४८ |
| **परिच्छेद - १६** | | |
| **निष्कर्ष र सुझाव** | | २४९ |
| १६.१ | **निष्कर्ष** | २४९ |
| १६.२ | **सुझाव** | २५० |

# परिच्छेद-१
## परिचय

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीले आगामी आर्थिक वर्षको आय व्ययको विवरण प्रदेश सभामा पेश गर्दा चालु आ. व. मा प्रदेशका सबै मन्त्रालयमा विनियोजन भएको बजेट कार्यान्वयन तथा खर्चको प्रगति र राजस्व संकलनको अवस्थालाई समेत पेश गर्नुपर्ने संवैधानिक तथा कानुनी व्यवस्था रहेको छ।सोही व्यवस्था बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले मन्त्रालयगत प्रगति विवरण तयार गर्दै आएको छ ।

प्रस्तुत प्रतिवेदनमा लुम्बिनी प्रदेश सरकार अन्तरगतका सबै मन्त्रालय तथा निकायहरुको चालु आ.व. २०७७/७८ मा प्रदेश सरकारको नीति तथा कार्यक्रम र विनियोजित बजेटको आठ महिनासम्मको खर्च र प्रगति विवरण, असार मसान्तसम्मको बजेट खर्च लक्ष्य अनुसार राजस्व संकलनको अनुमानित विवरण,राजस्व बाँडफाँड र वित्तीय हस्तान्तरणको अवस्थासमेत समावेश गरिएको छ ।साथै लक्ष्य बमोजिम प्रगति हुन नसक्नाका कारणहरु, समस्या, चुनौती, प्रयास र सम्भावनालाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ। सबै मन्त्रालय तथा निकायहरुको संगठन संरचना र दरबन्दी अनुसार पदपूर्तिको अवस्था तथा प्रदेशको समग्र आर्थिक, सामाजिक स्थितिलाई पनि यस प्रतिवेदनले समेटेको छ ।

यस प्रतिवेदनमा प्रदेश योजना आयोगबाट प्रकाशित प्रदेशको वस्तुगत विवरण,अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरु तथा विभिन्न मन्त्रालय/निकायहरुबाट प्राप्त तथ्याङ्लाई आधारका रुपमा लिइएको छ ।

प्रस्तुत प्रगति विवरणबाट लुम्बिनी प्रदेशको बजेट कार्यान्वयन तथा असार मसान्तसम्म गर्न सकिने खर्चको अनुमान र राजस्व संकलनको अवस्था बुझ्न र आगामी आ व २०७८/७९ को बजेटको volume, प्राथमिकताका क्षेत्रसहित कार्यान्वयनका नयाँ उपाय समेत पत्ता लगाई अगाडि बढ्न सजिलो हुनेछ । साथै यस सम्बन्धी कार्यक्षेत्रमा काम गर्ने तथा सरोकार राख्ने सबैलाई उपयोगी हुने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद-२

## प्रदेश सभा सचिवालय

### २.१ पृष्ठभूमिः

प्रदेश सञ्चालनका लागि प्रदेशको नीति निर्माण गर्ने र कानून अनुसार प्रदेश सञ्चालनको पहरेदारी गर्ने सबैभन्दा अग्रणी निकाय प्रदेश सभा हो। प्रदेश सभाको यस्तो अग्रणी भूमिकालाई अध्ययन, अनुसन्धान र व्यवस्थापकीय सहयोग प्रदेश सभा सचिवालयले गर्ने गर्दछ। प्रदेश सभाको काम, कारवाही सुचारू रूपले सञ्चालन तथा व्यवस्थापन गर्न प्रदेश सभा सचिवालय गठन भएको हो।

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण जस्ता कार्यहरु गर्दछ। ती कार्यहरु मर्यादित रुपमा व्यवस्थापन गर्न संविधानको धारा १८२ मा सभामुख र उपसभामुखको व्यवस्था गरेको छ। प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ मा विभिन्न समितिहरु, संसदीय दलहरु, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचना तथा पदहरु रहने व्यवस्था छ। उल्लिखित संरचनाको प्रभावकारी र मर्यादित रुपमा व्यवस्थापन गर्नका लागि कर्मचारीहरुको आवश्यकता पर्ने हुनाले प्रदेश सभा सचिवालय स्थापना भएको हो।

### २.२ दीर्घकालीन सोचः

- जनमुखी, स्वच्छ, जवाफदेही प्रदेश सभा।

### २.३ उद्देश्यः

- प्रदेश सभालाई स्वच्छ, जवाफदेही, परिणाममुखी र पारदर्शी बनाई कानून तथा नीति निर्माण र संसदीय निगरानी प्रकृयालाई प्रभावकारी बनाउने।

### २.४ रणनीतिः

- प्रदेश सभाको क्षमताको उच्चतम उपयोग गरी संविधान कार्यान्वयन गर्न खुला संसदको अवधारणा सहित आवश्यक कानून तथा नीति निर्माण गर्न जनप्रतिनिधिको भूमिकालाई उच्च बनाउने,
- प्रदेश सभा सचिवालयलाई पूर्ण स्वायत्त निकाय बनाउने तथा सुविधा सम्पन्न, सक्षम र आकर्षक बनाउने।

### २.५ कार्यक्षेत्रः

- नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी आफ्नो कार्य सञ्चालन गर्ने,

- प्रदेशको काम, कारबाही संघीय संरचना अनुसार सञ्चालन गर्ने,
- संवैधानिक प्रावधान अनुसार प्रदेश सभामार्फत् ऐन कानून निर्माण गर्ने, नीति कार्यक्रम तय गर्ने,
- जनताका सरोकारका विषयहरूमा छलफल गर्ने,
- प्रदेश सभाको बैठकको सुव्यवस्था कायम राख्न र अन्य कामकारवाही नियमित एवम् प्रभावकारी बनाउने,
- प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,
- प्रदेश सभाको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,
- प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका कार्यलयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने।

## २.६ कानूनी तथा नीतिगत व्यवस्थाः

नेपालको संविधान २०७२ को धारा १९५ अनुसार प्रदेश प्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिव नियुक्त गर्नेछ भन्ने उल्लेख भएअनुसार प्रदेश नं. ५, प्रदेश सभाको प्रदेश सभा सचिव नियुक्त भई प्रदेश सभाको काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सचिवालय स्थापना भएको छ। सचिवालयको स्थापना र तत्सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने गरेको छ। साथै सचिवालयले आफूलाई तोकिएको कार्य जिम्मेवारी पूरा गर्न अन्य प्रचलित कानूनका अतिरिक्त देहायका कानूनहरुको अधीनमा रही क्रियाकलाप सञ्चालन गर्दै आएको छ।

- नेपालको संविधान,
- सार्वजनिक खरिद ऐन, २०६३,
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४,
- प्रदेश नं. ५, प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५,
- प्रदेश नं. ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५,
- सार्वजिनक खरिद नियमावली, २०६४,

- भ्रमण खर्च नियमावली, २०६४,
- प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४,
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको स्वास्थ्य उपचार कोष सम्बन्धी कार्यविधि, २०७६

## २.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिव | - | - | - | १ | १ | ० | संवैधानिक |
| २ | सचिवालय सचिव | संसद | - | - | १ | ० | १ | |
| २ | उप-सचिव | प्रशासन | सा.प्र. | रा.प.द्वितीय | २ | १ | १ | |
| ३ | उप-सचिव | न्याय | कानून | रा.प.द्वितीय | १ | १ | ० | |
| ४ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृतीय | ४ | ३ | १ | |
| ५ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | १ | १ | ० | |
| ६ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | १ | १ | ० | |
| ७ | कम्प्यूटर अधिकृत | विविध | - | रा.प.तृतीय | १ | ० | १ | |
| ८ | नायव सुब्बा | प्रशासन | सा.प्र. | रा.प.अनं. प्रथम | ७ | ४ | ३ | |
| ९ | कम्प्यूटर अपरेटर | विविध | - | रा.प.अनं. प्रथम | १ | १ | ० | |
| १० | माइक सञ्चालक | विविध | - | रा.प.अनं. प्रथम | २ | २ | ० | २ जना करारमा |
| ११ | इलेक्ट्रसियन | विविध | - | रा.प.अनं. प्रथम | १ | १ | ० | |
| १२ | सह-लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.द्वितीय | १ | १ | ० | |
| १३ | मर्यादापालक प्रनि | प्रहरी | - | - | १ | १ | ० | काजमा रहेको |
| १४ | मर्यादापालक | - | - | - | ६ | ६ | ० | ४१ जना काजमा |
| १५ | ह. सवारी चालक | | | श्रेणी विहीन | ३ | ३ | ० | २ जना करारमा |
| १६ | कार्यालय सहयोगी | | | श्रेणी विहीन | ३ | ३ | ० | ३ जना करारमा |
| **जम्मा** | | | | | **३७** | **३०** | **७** | |

(स्रोतः प्रदेश सभा सचिवालय)

## २.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- प्रदेशको नामाकरण तथा स्थायी राजधानी टुंगो लगाएको,
- सात वटा विधेयक पारित गरिएको,

- प्रदेश सभा अन्तर्गतका विभिन्न संसदीय समितिहरुले आफू मातहतका निकायहरुमा संसदीय निगरानी अनुगमन गरी प्रतिवेदन तयार गरी प्रकाशन गरेको,
- प्रदेश सभा स्थापना दिवस २०७७ विविध कार्यक्रमहरु (टेलिभिजन परिसंवाद कार्यक्रम, रेडियो कार्यक्रम प्रसारण, संघीयता कार्यान्वयनमा प्रदेश सभा विषयक अनतर्क्रिया कार्यक्रम, सांस्कृतिक कार्यक्रम, प्रदेशका सबै जिल्लाका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलसहित प्रदेश सभाको गतिविधि समेटी छायाँकन गरिएको वृत्तचित्र उत्पादन तथा प्रदर्शन तथा मूल समारोह कार्यक्रम) आयोजना गरी सम्पन्न गरेको,
- नयाँ वर्षको शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरेको,
- वागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको संसदीय कार्यप्रकृया र कार्यपद्धतिको अन्तरप्रदेश अध्ययन/अनुसन्धान तथा अवलोकन भ्रमण सम्पन्न गरेको,
- साप्ताहिक रुपमा टेलिभिजनबाट नियमित रुपमा "प्रदेश सभा परिधि" कार्यक्रम उत्पादन तथा प्रसारण गरेको,
- पुस्तकालय सेवा विस्तार तथा व्यवस्थापन सम्बन्धी विद्युतीय प्रणाली निर्माण तथा जडान गरिएको।

## २.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

| सि.नं. | विधेयकको नाम | पारित | प्रमाणीकरण | कैफियत |
|---|---|---|---|---|
| १ | बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | ०७७।०६।०७ | ०७७।९।१० | |
| २ | "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" | ०७७।०४।१५ | २०७७।४।२९ | |
| ३ | "सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष | ०७७।१२।२४ | | प्रमाणीकरणको चरणमा |

| सि.नं. | विधेयकको नाम | पारित | प्रमाणीकरण | कैफियत |
|---|---|---|---|---|
| | सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" | | | |
| ४ | "प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" | ०७७।०३।१६ | २०७७।४।०१ | |
| ५ | "आर्थिक वर्ष २०७७।७८ को सेवा र कार्यका लागि प्रदेश नं. ५, प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" | ०७७।०३।१५ | २०७७।४।०१ | |
| ६ | "प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको विधेयक" | ०७७।१२।२० | | प्रमाणीकरणको चरणमा |
| ७ | "प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना र संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" | ०७७।१२।२४ | | प्रमाणीकरणको चरणमा |
| ८ | "प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" | | | सम्बन्धित समितिमा विचाराधीन |
| ९ | "विज्ञान प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठानको स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" | | | |

## २.१० चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४८ | प्रदेश सभाका सदस्यहरुसँग कानून तर्जुमा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। विषयगत कानून निर्माण गर्दा सरोकारवालासँग छलफल, परामर्श तथा अन्तरक्रिया गरिनेछ। प्रचलित कानूनहरुका सम्बन्धमा स्थानीय तहका न्यायिक समिति र सरोकारवालाहरुसँग अन्तरक्रिया तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। | कार्यक्रम कार्यान्वयनको चरणमा रहेको। |
| २५२ | सूचना प्रविधिको प्रयोगद्वारा प्रदेश सभाका गतिविधिलाई नागरिकसम्म पुऱ्याउने, नागरिकले सजिलैसँग आफ्ना सुझाव दिन पाउने र प्रदेश सभाका गतिविधिको भरपर्दो अभिलेखीकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। | |
| २५३ | प्रदेश सभाका विषयगत समितिका माध्यमबाट अनुगमन कार्यलाई प्रभावकारी बनाई सुशासन प्रवर्द्धन गर्न बजेटको व्यवस्था मिलाइने छ। | कार्यान्वयनको चरणमा रहेको। |
| २५४ | प्रदेश सभाका माननीय सदस्यहरुलाई संसदीय अभ्यास र कानून निर्माणको विषयमा विशिष्टीकृत ज्ञान उपलब्ध गराउन विभिन्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने। प्रदेश सभाका कर्मचारी र मर्यादापालकहरुको क्षमता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ। | आंशिक कार्यान्वयन भएको। |

## २.११ आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु. हजारमा)

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सुचना प्रविधि सम्बन्धी न्यु भर्जन रिफ्रेसिङ्ग तालिम | २ | ५०० | ० | ० | ० | ० | १ | ५० | ७५ | १५ |
| २ | शुभकामना आदान प्रदान कार्यक्रम | २ | ६०० | ० | ० | ० | ० | १ | ५० | १०० | १७ |
| ३ | प्रदेश सभाका महत्वपूर्ण बैठकहरु टि भी मा प्रत्यक्ष प्रसारण गर्ने | ६ | १४४ | ० | ० | ० | ० | ६ | १०० | १४४ | १०० |
| ४ | सभा र समितिहरुको गतिविधि समेट्ने रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण | ४५ | २०५० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | सभा र समितिहरुको गतिविधि समेट्ने टि भी कार्यक्रम उत्पादन तथा प्रसारण | ४५ | २३४० | ० | ० | ० | ० | १५ | २० | १००० | ४३ |
| ६ | प्रदेश सभा स्थापना दिवस विशेष कार्यक्रम | १ | १००० | १ | १०० | ८७० | ८७ | १ | १०० | १००० | १०० |
| ७ | सभामुख निवासमा फुलबारी निर्माण | १ | ५०० | ० | ० | ० | ० % | ० | ० % | ० | ० % |
| ८ | प्रदेश सभा विशेष समितिका सभापति र सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ७ | २१०० | ० | ० % | ० | ० | ० | ० | ० | ० |

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ९ | संवाद केन्द्रमा विज्ञहरु सँगको अन्तर्क्रिया | १२ | १८०० | ० | ० | ० | ० | २ | १७ | २६८ | १५ |
| १० | महिला मगर संघलाई भवन निर्माण अनुदान | १ | २०० | १ | १०० | २०० | १०० | १ | १०० | २०० | १०० |
| ११ | मास्क, ग्लबज, सेनिटाईजर, डिसइन्फेक्टिंग रसायन, सुगर टेस्टिङ्ग किट औषधि आदि खरीद | ३ | १५०० | १ | ३३ | १२७ | ८.५० | २ | ६७ | ८०० | ५३ |
| १२ | मेडिकल उपकरण खरीद | ४ | ४०० | ० | ० | ० | ० | ४ | १०० | ४०० | १०० |
| १३ | सभामुख निवासमा कम्पाउण्ड लेबलिङ्ग र रोलिंग कार्य | १ | १०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | उपसभामुख निवासमा पार्किंग सेड निर्माण | १ | ४०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | नेकपा संसदीय दलको कार्यालयमा मुत्रालय निर्माण | १ | २५० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | भर्चुअल कन्फरेन्स रुम सेटअप | १ | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १७ | नास सेटअप | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १८ | सिसिटिभि सहितको सर्भिलेन्स सिस्टम | १ | १५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १९ | समिति बैठक कक्षहरुमा अडियो रेकर्डिङ्ग सिस्टम | १ | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २० | डिजिटल नोटिस बोर्ड | १ | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २१ | ई-पुस्तकालय व्यवस्थापन सम्बन्धी सफ्टवेयर निर्माण तथा जडान | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |
| २२ | स्थानीय जनप्रतिनिधिको अभिमत लिने सफ्टवेयर प्रणाली तथा मोबाईल एप्लीकेशन निर्माण | १ | १५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २३ | ई-लेजिश्लेशन सफ्टवेयर स्तरोन्नति | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २४ | क्षमता विकास तालिम | २ | ४६२ | ० | ० | ० | ० | २ | १०० | २४० | ५२ |
| २५ | प्रदेश सभा र सचिवालयका कर्मचारीलाई प्रविधि सम्बन्धी रिफ्रेसिङ्ग तालिम | २ | २१० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २६ | प्रदेश सभा र सचिवालयका प्राविधिक, अप्राविधिक कर्मचारीहरुलाई सुचना प्रविधि सम्बन्धी न्यु भर्जन रिफ्रेसिङ्ग तालिम | ६ | ६३० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| २७ | स्थानीय निकाय र प्रदेश सभा सचिवालयका बीचमा अन्तर्क्रिया | २ | १००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २८ | सचिवालय तथा संसदीय समिति परिसरमा फुलबारी | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २९ | संसदीय कार्यप्रक्रिया र कार्य पद्धतिको अन्तरप्रदेश/संघीय अध्ययन अनुसन्धान र अवलोकन कार्यक्रम | २ | ८०० | ० | ० | ० | ० | २ | १०० | ८०० | १०० |
| ३० | प्रदेश सभाले गरेको कार्यको त्रैमासिक समीक्षा प्रेस मिट | ४ | २०० | ० | ० | ० | ० | १ | २५ | ५० | २५ |
| ३१ | जेनेरेटर सेड निर्माण | १ | ४०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३२ | सोलर हाईब्रिड सिस्टम फर लाईब्रेरी/संवाद केन्द्र | १ | १००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३३ | टेक्निकल ल्याब सेटअप | १ | ८५० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३४ | कर्मचारी तथा पदाधिकारी प्रोफाईल तथा तलब भत्ता व्यवस्थापन प्रणाली | १ | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३५ | भवन पार्टिशन तथा मर्मत | ४ | २०० | ० | ० | ० | ० | १ | २५ | ५० | २५ |

(स्रोतः प्रदेश सभा सचिवालय)

## २.१२ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु.हजारमा)

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | असार मसान्त सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|---|
| २०२०००१३ | सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा (स. कोषमाथि व्ययभार हुने चालु) | ४८८९ | ४६५२ | ९५.१५ |
| २०२०००११३ | प्रदेश सभा (चालु) | १७४४२३ | १४९७५६ | ८५.८५ |
| २०२०००११४ | प्रदेश सभा (पुँजीगत) | २४७७५ | २३३५२ | ९४.२५ |
| २०२०००१२३ | प्रदेश सभा सचिवालय (चालु) | ५१७९१ | ३२४५३ | ६२.६६ |
| २०२०००१२४ | प्रदेश सभा सचिवालय (पुँजीगत) | २२४९ | १९११ | ८४.९७ |
| | **जम्मा** | **३४०४७४** | **१०८९९३** | **८२.१८** |

(स्रोतः प्रदेश सभा सचिवालय)

## २.१३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्च

(रु.हजारमा)

| विवरण | विनियोजित बजेट | फागुन मसान्तसम्मको खर्च | खर्च प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च |
|---|---|---|---|---|
| चालु खर्च | २,२८,७६१/- | ९८,५९९/- | ४३.१० | २,००,३७२/- |
| पुँजीगत खर्च | ३१,२३८/- | १,८०२/- | ५.७७ | ८,३१७/- |
| | **२,५९,९९९/-** | **१,००,४०१/-** | **३८.६२** | **२,०८,६८९/-** |

(स्रोतः प्रदेश सभा सचिवालय)

## २.१४ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

**(रु. हजारमा)**

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १. | बेरुजु १५१११ | - | १,३५७/५७४ | - |

(स्रोतः प्रदेश सभा सचिवालय)

## २.१५ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

- प्रदेश सभामा विकास निर्माण कार्य नभएकोले रोजगारी सिर्जना नभएको।

## २.१६ समस्या तथा चुनौतीहरुः

- प्रदेशको स्थायी राजधानी दाङको राप्ती उपत्यका तोकिसकेको अवस्थामा बुटवलमा रहेका अस्थायी पूर्वाधारहरुमा गरिने पुँजीगत खर्चहरु गर्न सान्दर्भिक नदेखिएको,
- कोभिड-१९ को कारणले सामाजिक दुरी कायम गर्नुपर्ने हुँदा क्षमता अभिवृद्धि र सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न कठिनाई भएको।

## २.१७ समस्या समाधानका लागि चाल्नु पर्ने कदमहरुः

- प्रदेश सभा र सचिवालय राप्ती उपत्यका दाङमा सर्ने सन्दर्भमा बुटवल मुकामका लागि विनियोजित कार्यक्रमहरु आवश्यकता अनुसार परिमार्जित तथा संशोधित गरी कार्यान्वयन गर्नुपर्ने,
- दोस्रो चरणको कोभिड शिल्ड खोप प्राप्त गरे पश्चात कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि र सरोकारवालाहरुसँगको अन्तरक्रियाहरु सञ्चालन गर्न सकिने।

## २.१८ आगामी कार्यदिशाः

- मध्यमकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रम कार्यान्वयन गरी प्रदेश सभाको संचालन तथा सुदृढीकरणका लागि आवश्यक कदमहरु चाल्दै सचिवालयले जनप्रतिनिधिहरुको भूमिकालाई उच्च बनाउने तथा सक्षम र आधुनिक सचिवालयको रुपमा विकास गर्ने दिशातर्फ अग्रसर रहने छ,
- प्रदेशमा सुचना प्रविधि प्रतिष्ठानको स्थापना भइसकेको सन्दर्भमा यस सचिवालयलाई चालु आ.व. मा विनियोजित सुचना प्रविधि सम्बन्धी प्रणालीहरुको निर्माण तथा जडान कार्यक्रमहरु उक्त प्रतिष्ठानबाटै कार्यान्वयन गर्नु गराउनु पर्ने।
- निर्माणाधीन प्रदेश सभा भवनलाई आधुनिक प्रविधि सहित पूर्णता दिने।
- आगामी आर्थिक वर्ष भित्रमा प्रदेश सभा र सचिवालयलाई लुम्बिनी प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) स्थानान्तरण गरिसक्ने।

## २.१९ निष्कर्षः

प्रदेश सभा तथा अन्तर्गतका समितिहरुले सम्पादन गर्ने कार्यहरु मर्यादित ढङ्गले व्यवस्थापन गरी यी कार्यहरुलाई प्रशासनिक र आर्थिक रुपले व्यवस्थित गर्न प्रदेश सभा सचिवालयको संवैधानिक व्यवस्था अनुरुप नै जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेश सभाको स्थापना गर्ने, प्रदेश सभाको कानून निर्माण र संसदीय निगरानी गर्ने कार्यलाई प्रभावकारी बनाउने उद्देश्यसहित अगाडि बढ्ने कुरामा प्रतिबद्ध छ।

# परिच्छेद-३

# प्रदेश लोक सेवा आयोग

## ३.१ पृष्ठभूमिः

नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था रहेको छ। सोही व्यवस्था अनुरुप लुम्बिनी प्रदेशले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ प्रदेश सभाबाट पारित भई कार्यान्वयनमा आएको छ। उक्त ऐनको दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग गठन भई आयोगको कार्यालय लुम्बिनी प्रदेशको मुकामः बुटवलमा स्थापना भई सञ्चालनमा आएको छ। प्रदेश लोक सेवा आयोग प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई समायानकुल रुपान्तरित सक्षम, सदृढ र सेवामुखी बनाउनका लागि गठन भएको हो। यसैगरी प्रदेशस्तरमा उल्लेखित सेवाका विभिन्न सेवा समूहका पदहरुमा दक्ष जनशक्तिलाई आकर्षित गर्ने, परीक्षा संचालन गरी सिफारिस गर्ने सम्मका कार्यमा निष्पक्षता, तटस्थता र योग्यता कायम गरी जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारलाई सहयोग गर्ने उद्देश्यले प्रदेश लोक सेवा आयोग स्थापना भएको हो।

## ३.२ दीर्घकालीन सोचः

प्रदेश सरकारको दीर्घकालीन सोच **"समृद्ध प्रदेश, खुसी जनता"**अनुरुप लुम्बिनी प्रदेशमा गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्ने साथै प्रदेशमा सुशासन प्रवर्द्धनमा सहयोग गर्ने।

## ३.३ उद्देश्यः

- प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरु सञ्चालन गर्ने,
- परीक्षा पद्धतिमा सुधार गरी समसामयिक एवम् वैज्ञानिक प्रणाली अवलम्बन गर्ने,
- सेवा प्रवाहसँग सम्बन्धित समय सापेक्ष पाठ्यक्रम तर्जुमा गरी दक्ष उम्मेदवार छनोट गर्ने,
- लोक सेवाका मुलभूत मान्यताः योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने,

- प्रदेश, स्थानीय तह र अन्य तोकिएको क्षेत्रमा जनशक्ति व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्ने,
- तोकिएका विषयमा सम्बन्धित निकायलाई परामर्श दिने।

## ३.४ रणनीतिहरुः

- प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ६१ र ६२ मा व्यवस्था भए बमोजिम निर्माण गरिएका आयोगको नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाको कार्यान्वयन तथा अद्यावधिक गर्दै जाने,
- आयोगको लागि आवश्यक हुने विभिन्न विषय क्षेत्रका विज्ञको रोस्टर सूची तयार तथा अद्यावधिक गर्दै गर्ने,
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न तहका पदको पाठयक्रम निर्माण र अद्यावधिक गर्दै जाने,
- आयोगको भौतिक पूर्वाधार, जनशक्ति र प्रविधिको विकास गर्दै आयोगको सक्षमता वृद्धि गर्ने,
- लोक सेवा आयोगका मूलभूत मान्यता, योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने,
- गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम, चरित्रवान र सामाजिक उत्तरदायित्व वहन गर्न सक्ने जनशक्ति छनोट गर्ने,
- प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरुलाई सुशासन प्रवर्द्धनका लागि सहयोग गर्ने।

## ३.५ कार्यक्षेत्रः

प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ७ मा उल्लेख भएबमोजिम यस आयोगको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्।

- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने,
- प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने,
- प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिने,

- संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने,
- प्रदेश निजामती सेवाको शर्त सम्बन्धी विषयमा प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने,
- कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामतीसेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने,
- आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्नुपर्ने विषयमा र प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा परामर्श दिने।

## ३.६ कानूनी तथा नीतिगत व्यवस्थाः

प्रदेश लोक सेवा आयोगलाई संविधान एवम् कानूनले तोकिदिएको कार्य जिम्मेवारी पूरा गर्न अन्य प्रचलित कानूनका अतिरिक्त देहायका कानूनहरुको अधीनमा रही क्रियाकलाप सञ्चालन गर्दै आएको छ।

- नेपालको संविधान,
- संघीय संसदबाट प्रदेश लोक सेवा आयोग ऐनको आधार र मापदण्ड २०७५,
- प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन २०७६, र नियमावली २०७६,
- प्रदेश लोक सेवा आयोगको खर्चको मापदण्ड २०७६,
- प्रदेश लोक सेवा आयोग कार्य सञ्चालन निर्देशिका २०७७
- सार्वजनिक खरिद ऐन, २०६३,
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५,
- सार्वजनिक खरिद नियमावली, २०६४,
- भ्रमण खर्च नियमावली, २०६४,
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५।

## ३.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | प्रशासन | सा.प्रशासन | रा.प.प्रथम श्रेणी | १ | १ | |
| २ | अधिकृत | शिक्षा | प्रशासन | अधिकृतस्तर दशौं | २ | १ | १ |
| ३ | अधिकृत | प्रशासन | सा.प्रशासन | अधिकृतस्तर आठौं/सातौ | ४ | ४ | ४ |
| ४ | कम्प्युटर ईन्जिनियर | विविध | | अधिकृतस्तर आठौं/सातौ | १ | ० | १ |
| ५ | अधिकृत | शिक्षा | प्रशासन | अधिकृतस्तर आठौं/सातौ | १ | ० | १ |
| ६ | कानून अधिकृत | कानून | न्याय | अधिकृतस्तर आठौं/सातौ | १ | ० | १ |
| ७ | कम्प्युटर अधिकृत | विविध | | पाँचौ/छैठौं | २ | २ | ० |
| ८ | लेखा अधिकृत | प्रशासन | लेखा | पाँचौ/छैठौं | १ | १ | ० |
| ९ | अधिकृत | प्रशासन | सा.प्रशासन | पाँचौ/छैठौं | १० | २ | ८ |
| १० | ह.स.चा. | | | श्रेणी विहीन | ४ | ३ | १ |
| ११ | का.स. | | | श्रेणी विहीन | ४ | ३ | १ |
| **जम्मा** | | | | | **३१** | **१७** | **१८** |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

## ३.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- आयोगले आफ्नो काम, कर्तव्य र अधिकार तथा कार्य प्रकृया एवम् भावी कार्यदिशा र कर्मचारी व्यवस्थापन सम्बन्धी अन्तक्रियात्मक कार्यक्रम प्रदेश भित्रका अर्घाखाँची, गुल्मी, दाङ, प्यूठान, रुकुम र रोल्पा गरी ६ जिल्लाका स्थानीय तहहरुमा संचालन गरेको।
- आयोगले आफ्नो कार्यसम्पादनको लागि विज्ञहरुको रोष्टर तयार पारेको,

- आयोगले प्रदेश निजामती र स्थानीय सरकारी सेवामा कर्मचारी पदपूर्तिका लागि विभिन्न सेवा समूहका गरी ४१ वटा पाठ्यक्रम निर्माण गरिसकेको र बाँकी अन्य पाठ्यक्रमहरु निर्माणको चरणमा रहेको,
- प्रदेश सरकारबाट माग भएको प्रदेश निजामती सेवा अन्तर्गतका स्वास्थ्य र इन्जिनियरिङ्ग सेवाका विभिन्न ९६ पदहरुमा विज्ञापन प्रकाशित गरेको,
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका सहायक चौथो देखि नवौं तह सम्मका पदहरुमा विज्ञापन प्रकाशित गर्ने कार्यतालिका निर्माण भएको,
- आयोगबाट संचालित हुने परीक्षाको प्रयोजनका लागि Digital Duplicator मेसिन खरिद गरिएको।

## ३.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः**

१. प्रदेश लोक सेवा आयोग (कार्य संचालन) निर्देशिका, २०७७

२. परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरणः** नरहेको।

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. प्रदेश लोक सेवा आयोगको रणनीतिक योजना

२. प्रदेश लोक सेवा आयोगको परीक्षा (खर्च व्यवस्थापन) सञ्चालन कार्यविधि

३. संगठित संस्थाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून, बढुवा र विभागिय कारवाही सम्बन्धी सामान्य सिद्धान्त

४. संगठित संस्थाको लिखित परीक्षा सञ्चालन कार्यविधि

## ३.१० चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २३७ | प्रदेश तथा स्थानीय तहमा आवश्यक कानून तर्जुमा गरी प्रदेश लोक सेवा आयोगमार्फत जनशक्ति भर्ना प्रकृया शुरु गरिनेछ। | प्रदेश सरकारबाट माग भएको प्रदेश निजामती सेवा अन्तर्गतका स्वास्थ्य र इन्जिनियरिङ्ग सेवाका विभिन्न ९६ पदहरुमा विज्ञापन प्रकाशित गरेको। साथै आयोगले परीक्षा संचालनका लागि वार्षिक कार्यतालिका प्रकाशन गरी कार्यान्वयनको चरणमा ल्याएको छ। |

## ३.११ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु. हजारमा)

| क. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असारमसान्त सम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | फर्निचर तथा फिक्चर्स | ४६ | ७०० | २५ | ५४.३४८ | ४४०.३०४ | ६२.९०१ | ४६. | १००. | ६५०. | ९२.८५७ |
| २ | सवारी साधन खरिद | ३ | २७० | ३ | १०० | २३५.११ | ८७.०७८ | ३ | १०० | २३५.११ | ८७.०७८ |
| ३ | मेसिनरी औजार | १२ | १७९५ | ८ | ६६.६६७ | १४५४.७ | २५ | १२ | १०० | १७५० | ९७.४९३ |
| ४ | निर्मित सार्वनजिक सम्पतिको मर्मत सम्भार खर्च | १ | ५०० | १ | १०० | ० | ० | १ | १०० | ० | ० |
| ५ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | ५ | ३०० | १ | २० | ३०.५१ | १०.१७ | ३ | ६० | १०० | ३३.३३३ |
| ६ | सेवा र परामर्श खर्च | २ | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असारमसान्त सम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ७ | सुचना प्रणाली तथा सफ्टवयर निर्माण खर्च | २ | ५०० | १ | ५० | १०७.४ | २१.४७ | १ | ५० | १०७.४ | २१.४७ |
| ८ | पाठ्यक्रम निर्माण एवम् परिमार्जनका कार्यहरु | ५६ | १४०० | ४२ | ७५ | ६३०.५ | ४५.०३६ | ५६ | १०० | १००० | ७१.४२९ |
| ९ | बुलेटिन तथा ब्रोसर तथा पुस्तक प्रकाशन | ५ | ५०० | १ | २० | १०४.४३ | २०.८८५ | २ | ४० | २५० | ५० |
| १० | नियम कानून तर्जुमा तथा अद्यावधिक सम्बन्धी कार्य | ५ | ४०० | १ | २० | ४८ | १२ | ३ | ६० | २०० | ५० |
| ११ | पाठ्यक्रम सम्बन्धी कर्मचारीहरुको सक्षमता मापन सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम | ८ | ६७५ | ४ | ५० | ३१६.८३२ | ४६.९३८ | ८ | १०० | ६७५ | १०० |
| १२ | पारिश्रमिक दररेट २०७६ बमोजिमका परीक्षा संचालन सम्बन्धी खर्चहरु | | ३७०० | | ० | १७९७.२९८ | ४८.५७६ | | ० | ३७०० | १०० |
| १३ | भ्रमण खर्च कर्मचारी | ५० | ४०० | १५ | ३० | १३२.७ | ३३.१७५ | ४० | ८०. | २५० | ६२.५ |
| १४ | घरभाडा | १२ | ३६० | ८ | ६६.६६ | २१० | ५८.३३ | १२ | १०० | ३६० | १०० |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

## ३.१२ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | वार्षिक खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १५२९०.०० | ११४३०.७४ | ७४.७५ |
| पुँजीगत | २१०४५.०० | २०५२६.५९ | ९७.५३ |
| जम्मा | ३६३३५.०० | ३१९५७.३३ | ८७.९५ |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

## ३.१३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च प्रतिशतमा | असार मसान्तसम्मको अनुमानित खर्च |
|---|---|---|---|
| चालु | २०२५७.०० | ६७८८.७९ | १४१०० |
| पुँजीगत | २७९५.०० | २१११.०० | २७५० |
| संचित कोष | ३५१२.०० | १२७१.९७ | २५०० |
| जम्मा | २६५६४.०० | १०१७१.७६ | १९३५० |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

## ३.१४ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्त सम्मको संशोधित अनुमान |
|---|---|---|---|---|---|
| १ | परीक्षा दस्तुर | १२२७०.९ | १२२७०.९ | १०० | |

(स्रोतः प्रदेश लोक सेवा आयोग)

## ३.१५ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

- प्रदेश लोक सेवा आयोगमा विकास निर्माण कार्य नभएकोले रोजगारी सिर्जना नभएको।

## ३.१६ समस्या तथा चुनौतीः

- संघीय तथा प्रदेश निजामती कर्मचारी ऐन नियमहरु निर्माण हुन बाँकी रहेकाले आयोगले प्रकाशित गरेको कार्यतालिका बमोजिम पदपूर्तिको काम गर्न कठिनाइ भइरहेको,

- आयोगबाट परीक्षा सञ्चालन गर्ने उद्देश्यका साथ Lay out हुने गरी भवनको अभाव,
- पर्याप्त जनशक्तिको कमी।

## ३.१७ समस्या समाधानका लागि चालिएका कदमः

- प्रदेश निजामती कर्मचारी ऐन निर्माण कार्यमा तदारुकता गरिदिन सम्बन्धित निकायसँग अनुरोध गरिएको,
- आयोगबाट प्रकाशित कार्यतालिका बमोजिम रिक्त दरवन्दीमा माग गरी पठाउनका लागि प्रकृया अगाडि बढाइएको,
- आयोगको संगठन संरचना स्वीकृतिका लागि प्रदेश सरकारसमक्ष पेश गरिएको,
- प्राप्त बजेट बमोजिमको सवारी साधन तथा मेसिनरी साधन समेतका पूर्वाधारको व्यवस्थाका लागि काम भइरहेको,
- प्रदेश सरकार र स्थानीय तहसंग अन्तरक्रिया गोष्ठीको माध्यमबाट प्रदेश तथा स्थानीय स्तरमा कर्मचारी व्यवस्थापन तथा आयोगको कार्य प्रक्रिया सम्वन्धमा जानकारी गराउने, छलफल गर्ने र सुझाव लिने दिने काम भइरहेको।

## ३.१८ आगामी कार्यदिशाः

- आयोगलाई आवश्यक जनशक्ति र भौतिक साधन श्रोतको समुचित प्रबन्ध गर्ने,
- सेवा समूहको पदमा काम गर्न सहयोग पुऱ्याउने समय सापेक्ष पाठ्यक्रम तर्जुमा गर्ने,
- आयोगबाट लिइने परीक्षालाई प्रभावकारी बनाउन विज्ञ समूहको सूची (रोष्टर) निर्माण गर्ने,
- आयोगले प्रकाशित गरेको कार्यतालिका बमोजिम परीक्षा संचालन गर्ने,
- बजारमा उपलब्ध दक्ष जनशक्तिलाई लोक सेवा आयोगको परीक्षामा आकर्षित गर्ने,
- लोक सेवाका मुलभूत मान्यता योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने,
- चुस्त, दुरुस्त, गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएका जनशक्ति छनौट गर्दा प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय सरकारलाई सुशासनका लागि सहयोग गर्दै प्रदेश सरकारको सोच **"समृद्ध प्रदेश, खुसी जनता"** लाई साकार बनाउन निरन्तर प्रयत्नशील रहने।

## ३.१९ निष्कर्षः

नेपालको संविधानमा उल्लेखित एवम् ऐनमा भएको व्यवस्था बमोजिम लुम्बिनी प्रदेश र यस अन्तर्गतका स्थानीय तहमा आवश्यक जनशक्ति भर्ना गर्दा दक्ष जनशक्तिलाई आकर्षण गरी निष्पक्षता एवम् योग्यता प्रणाली अनुरुप वैज्ञानिक रुपमा परीक्षा संचालनदेखि सिफारिससम्मका कार्यमा नविन सोच सहित आयोगका काम कारवाहीमा प्रभावकारिता ल्याउन आयोग सदैव प्रयत्नशील रहेको छ। आगामी दिनमा प्रदेश सरकारसँगको सहकार्यमा आयोगले प्रकाशित गरेको कार्यतालिका बमोजिम रिक्त दरवन्दी पदपूर्तिका कार्यमा आयोग केन्द्रित रहने छ। माग बमोजिम पदपूर्तिका लागि परीक्षाहरु सञ्चालन गर्न पूर्वाधार तयार गर्ने काम आयोगले गरीसकेको छ। अतः आयोग आगामी दिनमा कर्मचारी भर्ना प्रकृयाका लागि सम्बन्धित निकायसँगको परामर्शमा अगाडि बढ्ने नै छ। गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्नेछ। यसबाट प्रदेशमा सुशासन प्रवर्द्धनमा सहयोग पुगी प्रदेश सरकारले अगाडि सारेको "**समृद्ध प्रदेशःखुसी जनता**" को नारालाई सार्थक बनाउन आयोग सदैव प्रतिबद्ध रहेको छ।

# परिच्छेद-४

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ४.१ पृष्ठभूमिः

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेशस्तरीय सार्वजनिक प्रशासनको प्रमुख निकायको रुपमा रहेको छ। यस कार्यालयले प्रदेश स्तरीय सार्वजनिक नीति तर्जुमाको संयोजन गरी नीति कार्यान्वयनको अनुगमन सम्बन्धी कार्य गर्दछ। प्रदेशबाट निर्माण हुने कानून, विधेयक, अध्यादेश स्वीकृतिको प्रक्रियालाई अगाडि बढाउने नियम तथा आदेश स्वीकृत गरी जारी गराउने कार्य गर्दछ। विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीबाट आक्रान्त हुँदा यस कार्यालयका प्रमुख कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न कठिन भएको र यसबाट सुशासन प्रवर्द्धन र शासकीय सुधारमा असर पुगेको छ।

यस कार्यालयले प्रदेश सरकारका मन्त्रालय एवम् निकायहरुबाट सम्पादन हुने कार्यहरुको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय तथा अनुगमन मूल्याङ्कनको कार्य गर्दछ। प्रदेशमा सुशासन प्रवर्द्धन, शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेश स्तरीय प्रशासनिक, आर्थिक, सामाजिक, राजनीतिक, भौतिक पूर्वाधार विकास तथा शान्ति सुव्यवस्थाको गतिविधि बारेमा जानकारी लिने तथा अनुगमन गर्ने कार्यहरु समेत यस कार्यालयबाट सम्पादन हुने गर्दछन।

### ४.२ दीर्घकालीन सोचः

संविधानबमोजिम प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग र प्रदेशको समृद्धि तथा प्रदेशवासीको खुसीका निमित्त अनुकुल वातावरण तयार गर्ने उत्कृष्ट निकाय।

### ४.३ ध्येयः

प्रदेशको सार्वजनिक नीति तर्जुमा तथा निर्णय प्रक्रियालाई तथ्यपरक तथा नतिजामूलक बनाउनु र माननीय मुख्यमन्त्रीलाई कर्तव्य र जिम्मेवारी समयमै,दक्षतापूर्ण एवम् प्रभावकारी हिसावले वहन गर्न सहयोग गर्नु।

### ४.४ लक्ष्यः

- प्रदेश सरकार (मन्त्रिपरिषद)का निर्णयहरुलाईतथ्यपरक एवम् कानूनसम्मत गराउन व्यवस्थित तरिकाले तथ्य तथा सूचनामा आधारित प्रस्तावहरु तयार गर्नु, गराउनु,

- प्रदेश अन्तर्गतका निकायहरुको कार्यप्रक्रिया तथा सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दै सुशासन प्रवर्द्धन गर्नु,
- प्रदेशको समृद्धिका लागि विकास योजना, कार्यक्रम तथा आयोजनाको तर्जुमा तथा कार्यान्वयन हुने वातावरण सिर्जना गर्नु र विकास नतिजा हासिल गर्न समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नु।

## ४.५ उद्देश्यः

- प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयहरुलाई तथ्यपरक एवम् नतिजामूलक वनाउनु,
- प्रदेश सरकारका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, गराउनु,
- प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउनु,
- सदाचारिताको प्रवर्द्धन, प्रभावकारी कानुनी व्यवस्था एवम् शुन्य सहनशीलता मार्फत भ्रष्टाचार नियन्त्रण गर्नु,
- प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,
- विकास निर्माण कार्यलाई समन्वयात्मक रुपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारितामार्फत् नतिजामूलक वनाउनु।

## ४.६ रणनीतिः

- प्रदेश सरकारका नीति, निर्णय प्रक्रियालाई आवश्यक सूचना तथा तथ्याङ्क व्यवस्थित रुपमा उपलब्ध गराइनेछ,
- नीति एवम् निर्णय प्रक्रियालाई विश्वसनीय वनाउन सहभागितामूलक पद्धति अवलम्वन गरिनेछ,
- विद्युतीय शासन प्रणालीको विकास एवम् विस्तार गरिनेछ,
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी वनाउन संस्थागत सुदृढीकरण गरिनेछ,
- जनआकांक्षा र जनगुनासो व्यवस्थापन प्रणालीको विकास गरिनेछ,
- सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक एवम् प्रभावकारी बनाइनेछ,

- मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन हुने वातावरण सिर्जना गरिनेछ,
- मन्त्रालयहरु, प्रमुख विकास आयोजनाहरु, सेवा प्रदायक निकायहरु र अन्य निकायहरुमा कार्यसम्पादन सूचकमा आधारित नतिजामूलक व्यवस्थापन पद्धति लागू गरिनेछ,
- भौतिक पूर्वाधार विकासमा प्रभावकारिता अभिवृद्धिका लागि सहकार्य, समन्वय र सहभागितामूलक विधि अवलम्वन गरिनेछ,
- निर्णय निर्माण एवम् कार्यान्वयनमा सहजीकरण र एकरुपता कायम गर्न एकीकृत तथ्याङ्क पद्धतिको विकास गरिनेछ।

## ४.७ कार्यक्षेत्रः

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयबाट सम्पादन हुने कार्यहरू देहाय बमोजिम तोकिएका छन्:

- प्रदेशमन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी,
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन,
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन,
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन,
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,
- संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन,
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,

- अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्वन्ध,
- प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन,
- निर्वाचन कार्यमा सहयोग र समन्वय,
- प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,
- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन,
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा।

## ४.८ कानुनी तथा नीतिगत व्यवस्थाः

### ४.८.१ प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरुले अवलम्वन गर्ने समष्टिगत नीति तथा कानूनः

लुम्बिनी प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरुले आफ्नो छुट्टै विशिष्ट नीति तथा कानूनका अतिरिक्त मूलतः देहायका नीति तथा कानूनको अधीनमा रही आफ्नो नियमित कार्य सम्पादन गर्दै आएका छन्।

- नेपालको संविधान,
- निजामती सेवा ऐन, २०४९,
- सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ र नियमावली, २०६५,
- निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०,
- प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४,
- सार्वजनिक खरिद ऐन, २०६३,

- सार्वजनिक खरिद नियमावली, २०६४,
- नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, २०७४,
- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४,
- प्रदेश सार्वजनिक खरिदसम्बन्धी अन्तरिम व्यवस्था गर्न बनेको कार्यविधि, २०७५,
- प्रदेश नं. ५ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मीतव्ययिता सम्बन्धी निर्देशिका, २०७५,
- प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट।

**४.८.२ यस कार्यालयले अवलम्वन गर्ने विशिष्ट नीति तथा कानूनः**

यस कार्यालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन्।

- कर्मचारी समायोजन ऐन, २०७५,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- प्रदेश सेवाका कर्मचारी व्यवस्थापन कार्यविधि २०७५,
- मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७५,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,
- प्रदेश नं. ५ आर्थिक सामाजिक विकासको स्थिति पत्र।

यसका अतिरिक्त गठन आदेशहरु, नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु, प्रदेश सभाका निर्णयहरु, प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरु आदि।

## ४.९ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| पद | सेवा तथा समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रमुख सचिव | प्रशासन | रा.प. विशिष्ट | १ | १ | ० | |
| सचिव | प्रशासन | रा.प. प्रथम | २ | २ | ० | |
| सचिव | न्याय, कानून | रा.प. प्रथम | १ | १ | ० | |
| उपसचिव | प्रशासन,सा.प्र. | रा.प. द्वितीय | ७ | २ | ५ | |
| उपसचिव | न्याय,कानून | रा.प. द्वितीय | १ | ० | १ | |
| शाखा अधिकृत (सातौं/आठौं) | प्रशासन,सा.प्र. | रा.प. तृतीय | ८ | ५ | ३ | |
| लेखा अधिकृत (सातौं/आठौं) | प्रशासन,लेखा | रा.प. तृतीय | १ | १ | ० | |
| कम्प्युटर अधिकृत (सातौं/आठौं) | विविध | रा.प. तृतीय | १ | ० | १ | |

| पद | सेवा तथा समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| नायव सुब्बा (स.पाचौं/अ.छैटौं) | प्रशासन,सा.प्र. | रा.प.अनं. प्रथम | १० | ८ | २ | |
| कम्प्युटर अपरेटर (स.पाचौं/अ.छैटौं) | विविध | रा.प.अनं. प्रथम | ४ | ४ | ० | |
| खरिदार (स.चौथो/पाचौं) | प्रशासन,सा.प्र. | रा.प.अनं. द्वितीय | २ | २ | ० | |
| सह लेखापाल | प्रशासन,लेखा | रा.प.अनं. द्वितीय | १ | १ | ० | |
| हलुका सवारी चालक | सवारी चालक | श्रेणीविहीन | ६ | ७ | | करार (७) |
| कार्यालय सहयोगी | | श्रेणीविहीन | ७ | ७ | ० | करार (७) |
| जम्मा | | | ५२ | ३५ | १७ | |

(स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

**तालिका ४.१: प्रदेशको दरबन्दी र पदपूर्ति र कर्मचारी समायोजनको अवस्था**

| तह | राजीनामा | अनिवार्य अवकाश | जम्मा |
|---|---|---|---|
| प्रदेश | १२ | २८ | ४० |
| स्थानीय तह | १५ | १३ | २८ |
| जम्मा | २७ | ४१ | ६८ |

(स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

## ४.१० चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- नेपालको संविधान बमोजिम प्रदेशको नाम लुम्बिनी स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) तोकिएसँगै राप्ती उपत्यका (देउखुरी) मा राजधानी व्यवस्थापनको काम अगाडि बढाइएको छ। राजधानी व्यवस्थापनको गुरु योजना निर्माण,जग्गाको लगत संकलन, जग्गा प्राप्ति लगायतका कामहरू भइरहेका छन्। स्थायी राजधानीमा प्रदेश पूर्वाधार विकास प्राधिकरण, ग्रामीण तथा सहरी विकास मन्त्रालय र प्रदेश राजधानी व्यवस्थापन कार्यालयको राप्ती उपत्यकामा स्थानान्तरण भैसकेको छ।
- मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमलाई प्रदेशका सबै स्थानीय तहमा विस्तार गरी प्रदेश सरकारको उपस्थिति गाउँगाउँमा पुऱ्याइएको छ।
- प्रशासनिक संघीयताको जटिल विषय रहेको कर्मचारी समायोजन प्रक्रिया लगायतका कर्मचारी व्यवस्थापन कार्य व्यवस्थित रुपमा अगाडि बढेको छ।प्रदेश निजामती सेवा ऐन बनी नसकेको अवस्थामा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७बमोजिम

कर्मचारीहरूको सरुवा तथा काजलाई व्यवस्थित गरिएको छ। पदाधिकारी तथा कर्मचारीहरूलाई सेवा प्रवेश, सेवाकालीन तथा क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न किसिमका तालिमहरू प्रदान गर्न बाँकेको नेपालगञ्जमा प्रदेश प्रशिक्षण प्रतिष्ठान समेत स्थापना भई प्रतिष्ठानबाट विभिन्न किसिमका तालिमहरू सञ्चालन गर्ने कामको सुरुवात भइसकेको छ।

- प्रदेश सुशासन ऐन, २०७६ को दफा ४८ बमोजिम सबै मन्त्रालय र निकायहरुले आर्थिक वर्ष समाप्त भएपछि वर्षभरि सञ्चालन भएका कार्यक्रम, लागत, प्राप्त उपलब्धी समेत समावेश गरी सुशासन सम्बन्धी वार्षिक प्रतिवेदन प्रदेश प्रमुख मार्फत प्रदेश सभामा पेश गर्न तयार गरिएको छ।
- प्रदेश मातहत रहेका निकायहरु तथा विकास निर्माण र सेवाप्रवाह सम्बन्धी कार्यको गुणस्तर, परिमाण, लागत र समयभित्रै सम्पन्न भए नभएका विषयमा नियमित अनुगमन गर्ने प्रणाली विकास भएको छ। अनुगमनका सूचकहरु र समय समेत निक्यौंल गरी अनुगमन गर्ने गरिएको छ। कोभिड-१९ को बन्दाबन्दीमा समेत भर्चुअल मनिटरिङ्ग एवम् ज्वाइन्ट मनिटरिङ्ग समेत गरिएको छ।
- आ.व. २०७५/७६ मा लुम्बिनी प्रादेशिक अस्पताल, यातायात कार्यालय (सवारी चालक अनुमति पत्र र सवारी) गरी तीन वटा निकायहरुबाट सम्पादित कामको प्रतिनिधिमूलक संस्था छनौट गरी सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको र पृष्ठपोषणबाट सुधार गर्दै जाने अभियानमा रहेको अवस्था छ। चालु आ.व.मा समेत सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने कार्य नेपालगञ्ज, दाङ र गुल्मी जिल्लामा हुँदैछ।
- यस प्रदेशमा विगतदेखि कायम रहेको विभिन्न प्रकारका बेरुजुहरु फछ्र्यौटका लागि आवश्यक कार्ययोजना बनाई फछ्र्यौट सबै मन्त्रालय/निकायहरु तदारुकताका साथ लागेका छन्।

## ४.११ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

### क) यस आ.व.मा बनेका कानूनहरुः

१. केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन,२०७७

२. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०७७

३. प्रदेश प्रशिक्षण प्रतिष्ठान )गठन तथा कार्य सञ्चालन (आदेश, २०७७

४. प्रदेश कर्मचारीको छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०७७

५. प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली, २०७७

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरणः**

१. प्रदेश निजामती सेवा ऐन

२. प्रादेशिक एकीकृत प्रशिक्षण प्रतिष्ठान ऐन

३. स्थानीय तहको कर्मचारी सम्बन्धी ऐन

४. केही प्रदेश ऐन संशोधन गर्ने ऐन

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. प्रदेश निजामती सेवा नियमावली,

२. संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका

## ४.१२ चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| नीति/बजेटको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| १५४ | आगामी आर्थिक बर्षमा प्रदेश सरकारी सेवा तथा स्थानीय सेवासम्बन्धी कानून तर्जुमा गरी प्रदेश तथा स्थानीय तहमा प्रदेश लोक सेवा आयोगमार्फत जनशक्ति भर्ना प्रक्रिया सुरु गरिनेछ। | प्रदेश निजामती सेवा ऐनको प्रारम्भिक मस्यौदा तयारी भैरहेको छ। ऐन नबनुन्जेलसम्मका लागि निजामती सेवा ऐन, २०४९ बमोजिम इन्जिनियरिङ्ग र स्वास्थ्य सेवाको कर्मचारी भर्ना गर्ने कार्यको थालनी गरिएको छ। |
| १५५ | "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम" लाई यस प्रदेशका सबै स्थानीय तहमा आवश्यक परिमार्जनसहित विस्तार गरिनेछ। | CMRDEP प्रदेशका सबै (१०९) स्थानीय तहमा विस्तार गरी सञ्चालनमा रहेको छ। यसबाट करिब २००० रोजगारी सिर्जना हुने |

| नीति/बजेटको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | र गरीबी निवारणमा टेवा पुग्ने अपेक्षा गरिएको छ। |
| १५७ | प्रदेश तथा स्थानीय तहका कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि एकीकृत प्रशिक्षण केन्द्रको स्थापना गरी संचालनमा ल्याइनेछ। | प्रदेशस्तरीय प्रशिक्षण प्रतिष्ठानको स्थापना गरी लामो अवधिको सेवाकालीन तालिम प्रदान गरिएको छ। |
| १५८ | "समृद्ध प्रदेश, खुसी जनता"को प्रदेशको दीर्घकालीन सोच हासिल गर्न राष्ट्रसेवकहरुलाई कामप्रति तत्पर र सेवाभावसहित समयमै कार्यसम्पादन गर्न उत्प्रेरित र प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ। | जिम्मेवारीको प्रत्यायोजन, छात्रावृत्ति, अन्तर प्रदेश भ्रमण, तालिम तथा प्रशिक्षण जस्ता कार्यक्रमबाट राष्ट्रसेवकहरुलाई कामप्रति तत्पर र सेवाभावसहित समयमै कार्यसम्पादन गर्न उत्प्रेरित र प्रोत्साहन गर्ने गरिएको। |
| १६० | कानून निर्माणमा एकरुपता र तहगत अन्तरसम्बन्ध कायम गरिनेछ। स्थानीय तहहरुको कानून निर्माणमा क्षमता र दक्षता अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ। | कानून निर्माणमा एकरुपता र तहगत अन्तरसम्बन्ध कायम गर्नकानून निर्माणमा क्षमता र दक्षता अभिवृद्धि गर्ने कार्यक्रमहरुको सञ्चालन सम्पन्न भएको छ। |
| १६१ | प्रदेश सरकारको काम कारवाहीमा सुशासन कायम गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ लागू गरिनेछ। | प्रदेश सरकारवाट प्रवाह गरिने सेवालाई पारदर्शी, जवाफदेही र जनमूखी वनाउनुका लागि प्रदेश सुशासन ऐन, २०७६ तथा नियमावली, २०७७ तर्जुमा भई कार्यान्वयनमा रहेको छ। |

## ४.१३ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १. | बैठक व्यवस्थापन र संचालन तथा मन्त्रिपरिषद्को निर्णयहरुको बिद्युतीय अभिलेख व्यवस्थापन | | ३००० | | | ८.०७५ | ०.२६ | | | १००० | ३३.३३ |
| २. | कर्मचारी अध्ययन छात्रबृत्ति कार्यक्रम | | २००० | | | ० | ० | | | १५०० | ७५ |
| ३. | प्रदेशस्तरका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण | | १५०० | | | ० | ० | | | ७५० | ५० |
| ४ | मानव संसाधन विकास योजना तर्जुमा | | १००० | | | ० | ० | | | ७५० | ५० |
| ५ | प्रदेश सेवाका कर्मचारीहरुको अभिलेख व्यवस्थापन | | १५०० | | | १७५ | ११.६६ | | | १००० | ६६.६६ |
| ६ | पुस्तकालय व्यवस्थापन र संचालन | | १५०० | | | ६९६.४ | ४६.४२ | | | ५०० | ३३.३३ |
| ७ | दिवस समारोह तथा अन्य कार्यक्रम | | २५०० | | | ३०.५ | १.२२ | | | १००० | ४० |
| ८ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको Action Room व्यवस्थापन | | ३००० | | | ० | ० | | | १५०० | ५० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ९ | प्रदेश सरकार अन्तर्गत कार्यालयहरु तथा म.प.का निर्णयहरुको कार्यान्वयन अवस्थाको अनुगमन | | १००० | | | ७०.८ | ७.०८ | | | २०० | २० |
| १० | पदाधिकारी तथा कर्मचारीहरुको अन्तरप्रदेश भ्रमण | | १५०० | | | ० | ० | | | ७०० | ४६.६६ |
| ११ | सीप विकास तालिम तथा गोष्ठी | | ४१०० | | | ० | ० | | | १५०० | ३६.५८ |
| १२ | नेतृत्व र संगठन व्यवस्थापन सम्बन्धी कार्यक्रम | | १००० | | | ५७५ | ५७.५ | | | १०० | १० |
| १३ | इगभर्नेन्स तथा अटोमेशन कार्यक्रम | | ६०० | | | १५० | २५ | | | १५० | २५ |
| १४ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण | | १००० | | | ० | ० | | | १००० | १०० |
| १५ | प्रदेश समन्वय परिषद्को बैठक | | ४००० | | | १००० | २५ | | | १००० | २५ |
| १६ | प्रदेश र स्थानीय तहहरुका बीच समन्वय र सहकार्य | | १००० | | | ० | ० | | | ७५० | ७५ |
| १७ | सुशासन र भ्रष्टाचार निवारण सम्बन्धि जनचेतना (शैक्षिक संस्थाहरुमा) | | ५०० | | | ० | ० | | | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १८ | प्रदेशका योजना तथा अनुदानमा संचालित योजनाहरुको जिसस मार्फत अनुगमन | | ६००० | | | ० | ० | | | १५०० | २५ |
| १९ | कार्यालय भवन, मूख्यमन्त्री निवास र कर्मचारी निवास भवनको सुधार | | ३००० | | | ० | ० | | | ३००० | १०० |
| २० | कानूनी ईन्टनसीप | | १९५० | | | ४५३.६३ | २३.२६ | | | १००० | ५१.२८ |
| २१ | कानून/कार्यविधि निर्माण | | २००० | | | २१ | १.०५ | | | १००० | ५० |
| २२ | फैसला कार्यान्वयन सम्बन्धी अभिलेखीकरण र अनुगमन कार्यक्रम | | ८०० | | | ० | ० | | | ८०० | १०० |
| २३ | गाउँसभा, नगरसभा सञ्चालन तथा कानून निर्माण सम्बन्धी अभिमुखीकरण/न्यायीक समितिका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम/प्रदेश र स्थानीय तहबीच कानून निर्माणमा सामन्जस्यता कायम गर्न अन्तरकृया/ अभिमुखीकरण | | २९९५ | | | १८६८.६९ | ६२.३९ | | | ११०० | ३६.७२ |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| २४ | प्रदेश सभासद्संगकानून निर्माण सम्बन्धमा अन्तरक्रिया र समन्वय | | २१०० | | | ० | ० | | | १५०० | ७१.४२ |
| २५ | प्रदेश सभासद संग कानून निर्माण मानव अधिकार संरक्षण र संवद्धन सम्बन्धी कार्यक्रम | | ५०० | | | १४२ | २८.४ | | | १५० | ३० |
| २६ | मुख्यमन्त्री ग्रामिण विकास तथा स्वरोजगार कार्यक्रम | | १६३ | | | ११११८.८८ | ६.८२ | | | २०००० | १२.२६ |

(स्रोतःमुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

## ४.१४ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु.लाखमा)

| विवरण | कुल बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १७८४०३.२१ | १०६८५७.५९ | ५९.९० |
| पुँजीगत | १८५७६४.७९ | १४७२१३.१३ | ७९.२५ |
| कुल | ३६४१६८.०० | २५४०७०.७२ | ६९.७७ |

(स्रोतःमुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

## ४.१५ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्च

(रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | फागुन मसान्तसम्मको खर्च (दोस्रो चौमासिक सम्मको) | वित्तीय प्रगति % | असार मसान्त सम्मको खर्च अनुमान |
|---|---|---|---|---|---|
| १ | चालु | १७६२९२.५२ | ६२४३३.९२ | ३९.७८ | ९० |
| २ | पुँजीगत | १८७२३२.४८ | ७०१२४.२१ | ३३.३५ | ८५ |

(स्रोतःमुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय)

## ४.१६ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय राजस्व संकलन गर्ने कार्यालय नभएकोले राजस्व संकलन नभएको।

## ४.१७ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

प्रदेशका १०९ वटै गाउँस्थानीय तहहरुमा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन गरी गरीबीको  रेखामुनि रहेका जनताहरुलाई जीवनस्तरमा सुधार हुने गरी कार्यक्रम सञ्चालन गरिएको छ। आयमुलक र सीप मुलक विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ। प्रदेश संचितकोषबाट खर्च हुने गरी प्रत्यक्ष रुपमा ४० जनालाई अधिकृत स्तरको सुविधा दिने गरी सहजकर्ताको रुपमा नियुक्त दिई रोजगार प्रवर्द्धनमा सहयोग भएको।

## ४.१८ समस्या तथा चुनौतीः

प्रदेश सरकार संचालनको प्रारम्भदेखि नै मुख्य रुपमा देखापरेका जनशक्ति अभाव, भौतिक एवम् वित्तीय साधन र स्रोतको न्यूनता रहेको छ। प्रदेश सरकार नयाँ संरचना भएकोले प्रभावकारी सेवा प्रवाह र कार्यसम्पादनद्वारा आम जनमानसमा यसको आवश्यकता र महत्व स्थापित गर्नुपर्ने चुनौती छ। साथै संघीय शासन प्रणालीमा तहगत सरकारहरु बीचमा समन्वय र सन्तुलन कायम गर्न प्रदेश सरकारले निर्वाह गर्नुपर्ने भूमिका समेत चुनौतीपूर्ण छ। समयमै संघीय कानूनहरु प्राप्त नभएका, विकास आयोजनाहरु संचालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति र स्रोत प्रयाप्त मात्रामा प्राप्त नहुनु, आफ्नै स्रोतको न्यूनताको कारण संघीय सरकारमा निर्भर रहनुपर्ने अवस्थाको कारणले स्रोत व्यवस्थापनको चुनौती छ। संघीय शासन प्रणाली तुलनात्मक रुपमा खर्चिलो प्रणाली भएको र यसबाट जनतामा प्रणालीप्रति नकारात्मक भावनाको विकास हुनसक्ने सम्भावनालाई सेवा प्रवाहको माध्यमबाट चिर्दै शासन प्रणालीप्रति सकारात्मक भावनाको विकास गर्नु चुनौतीपूर्ण छ। राष्ट्रिय आवश्यकता बमोजिम तीन वटै तहका सरकारहरुले संचालन गर्ने विकास निर्माण एवम् सेवा प्रवाहका क्रियाकलापहरुमा सामञ्जस्ता ल्याई दोहोरोपन कायम नहुने गरी संचालन गर्नुपर्ने चुनौती छ। नयाँ संरचनाका कारण पूर्ण व्यवस्थित हुन नसकेका प्रशासकीय संरचनाहरुलाई प्रविधिमैत्री र व्यवस्थित गरी सेवा प्रवाहमा सुधार ल्याउनुपर्ने चुनौती छ। संविधान बमोजिम साझा अधिकार सूचीमा रहेका विषयहरुलाई खण्डीकरण गरी प्रदेशले प्राप्त गर्ने अधिकारहरुको अभ्यासको आधार प्राप्त गर्नुपर्ने चुनौती छ। बढ्दो भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने र राज्यले लिएको भ्रष्टाचारप्रतिको शुन्य सहनशीलताको नीतिलाई आत्मसात गरी दिगो विकासका लक्ष्य एवम् राष्ट्रको दीर्घकालीन सोच बमोजिम प्रदेशको समृद्ध प्रदेश, खुसी जनताको लक्ष्य हासिल गर्नु चुनौतीपूर्ण छ।

## ४.१९ समस्या समाधानका लागि चालिएका कदमः

प्रचलित नेपालको संविधान, नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदन, प्रदेश सरकारको कार्यविभाजन नियमावली, आवधिक योजना, नीति तथा कार्यक्रम र बजेटले निर्देशित गरेका विषयहरुलाई यस कार्यालयले आत्मसात गरेको छ। सोही अनुसार कार्यसम्पादनमा आईपरेका समस्याहरुलाई समाधान गर्ने गरी कार्य गरीरहेको छ।

## ४.२० आगामी कार्यदिशाः

- प्रभावकारी/नतिजामुलक अनुगमन प्रणालीको विकास गर्ने,
- तहगत समन्वयको ढाँचा निर्धारण गरी कार्यान्वयन गर्ने,
- आयोजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने संयन्त्र विकास गर्ने,

- स्रोतको न्यूनता पूर्तिको लागि राजस्वको दायरा विस्तार गर्न आवश्यक रणनीति अवलम्बन गर्ने,
- न्यून स्रोतको प्रभावकारी/मितव्ययी र पारदर्शी परिचालन गर्ने,
- प्रदेश भित्रको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन कार्यलाई प्रभावकारी बनाउने,
- प्रदेशको विकास, समृद्धि, सुशासन र सेवा प्रवाहलाई प्रभाकारी बनाउदै समृद्ध प्रदेश खुसी जनताको सोचलाई साकार बनाउने कार्यदिशा रहेको छ।

# परिच्छेद-५

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ५.१ पृष्ठभूमिः

नेपालको संविधान बमोजिम प्रदेश सरकार गठन भई प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७८ ले यस मन्त्रालयलाई मूलतः लुम्बिनी प्रदेशमा शान्ति सुरक्षा, कानुनी राय तथा परामर्श, आवश्यक कानूनको निर्माण, यातायात क्षेत्र व्यवस्थापन र सूचना तथा सञ्चार क्षेत्रको जिम्मेवारी सुम्पिएको छ। सोही संवैधानिक व्यवस्था बमोजिम लुम्बिनी प्रदेशमा मिति २०७४ साल फागुन ३ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्थापना भई कार्यारम्भ भएको छ। प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, निर्देशन, सुपरिवेक्षण, मूल्याङ्कन र प्रतिवेदनका साथै कानून, न्याय तथा प्रदेश सभा मामिला लगायत संघसँगको समन्वय र सहकार्य गर्नु यस मन्त्रालयको मुख्य दायित्व हो। प्रदेश प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गरी सुशासन प्रवर्द्धन गर्न मन्त्रालय प्रतिवद्ध छ।

## ५.२ दीर्घकालीन सोचः

शान्त, सुरक्षित र प्रविधिमैत्री प्रदेश र खुसी जनता।

## ५.३ उद्देश्यः

- नेपालको संविधान तथा अन्य कानूनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, मौलिक हक तथा मानव अधिकार लगायतका लोकतान्त्रिक मूल्य मान्यताको सम्मान गर्दै कानूनको शासनको सुनिश्चितता प्रदान गर्ने,
- प्रादेशिक स्तरमा प्रशासन सञ्चालन गरी शान्ति सुरक्षाको प्रत्याभूति प्रदान गर्ने,
- प्रदेशका जनताको आकांक्षा बमोजिमको कानुनी संरचना, न्याय अनुभूत गर्न सक्ने न्याय प्रवन्ध र प्रदेश सञ्चालनको लागि आवश्यक कानून निर्माण गर्ने,
- प्रदेशलाई सूचना तथा सञ्चारमैत्री बनाउन सूचना तथा सञ्चार प्रविधिमा जनताको पँहुच बढाउने,
- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्ने,
- प्रादशिक ऐन, अध्यादेश नियम र गठन आदेश बनाउने सन्दर्भमा परामर्श दिने, मस्यौदा गर्ने, मस्यौदा जाँच गर्ने, प्रदेश सरकारको लागि आवश्यक पर्ने प्रादेशिक तथा राष्ट्रिय कानुनी विवादको सम्बन्धमा आवश्यक पर्ने राय परामर्श दिने,

- प्रदेशभित्र सूचना तथा सञ्चार प्रविधिको पँहुच अभिवृद्धि गर्दै दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नविनतम प्रविधिको प्रयोग मार्फत् प्रदेशभर सर्वसुलभ रुपमा भरपर्दो सेवा उपलब्ध गराउँदै संविधान प्रदत्त सूचना तथा संचारको हक कार्यान्वयन गर्ने,
- सार्वजनिक यातायात प्रणालीलाई अनुमानयोग्य र सुरक्षित बनाउँदै सवारी चालक अनुमतिपत्र वितरण कार्यलाई छिटो, छरितो, पारदर्शी एवम् व्यवस्थित बनाउने,
- सूचना तथा सञ्चार प्रविधिलाई शान्ति, सुव्यवस्था, विकास, समृद्धि र सेवा प्रवाहसँग आवद्ध गरी प्रदेशभर सुशासन कायम गर्ने।

## ५.४ रणनीतिः

- शान्ति सुरक्षा कायम राख्न प्रादेशिक सुरक्षासँग सम्बन्धित निकायहरूको संस्थागत क्षमता बढाउने,
- संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य सरोकारवालासँग सहयोग, समन्वय र सहकार्य गरी सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने,
- आपराधिक गतिविधि कम गर्न सुरक्षासम्बन्धी सामाजिक चेतना अभिवृद्धि गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिन सूचना तथा सञ्चार प्रविधि नीति तर्जुमा गरी कार्यान्वयन गर्ने,
- विपद् व्यवस्थापनको सन्दर्भमा जोखिम न्यूनीकरण पूर्व तयारी, प्रतिकार्य र पुनः लाभका क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कार्य सञ्चालन गर्ने,
- सामुदायिक प्रहरीमा जोड दिदै प्रदेश प्रहरीलाई जनमैत्री र जनतालाई प्रहरीमैत्री बनाउने,
- कानून उल्लङ्घन गर्नेलाई कानूनको दायरामा ल्याई दण्ड सजायको व्यवस्था गर्ने।

## ५.५ कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसार कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्।

- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्य,
- अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- संघीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,
- संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,

- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय,
- प्रदेशसभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी,
- कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी,
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग,
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,
- सामुदायिक प्रहरी,
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
- प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन,
- प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,
- गुनासो र विवाद व्यवस्थापन,
- संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,
- फौजदारी कार्यविधि कानूनको कार्यान्वयन,
- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,
- निवारक नजरबन्द र स्थानहद सम्बन्धी,
- अन्तरप्रदेश सम्बन्ध,
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,
- स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय,
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान,

विपद् जोखिम क्षेत्र नक्शांङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

- उपाधि,सम्मान तथा विभूषणको सिफारिस,
- प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन,
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्बन्धी,
- सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,
- प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,
- प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन
- प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन,
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन,
- साइवर सुरक्षा अनुगमन,
- छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन,
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,
- श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,
- प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,
- केबुल वितरणको इजाजत, नवीकरण र नियमन,
- सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,
- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण,
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,

- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन।

## ५.६ कानुनी तथा नीतिगत व्यवस्थाः

यस मन्त्रालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन्।

- मुलुकी देवानी (संहिता) २०७४
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- प्रदेश नं. ५, जाँचबुझ आयोग ऐन, २०७५
- प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन, २०७५
- प्रदेश नं. ५,अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
- लुम्बिनी प्रदेशसंघ संस्थाहरूको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५
- मुलुकी देवानी कार्यविधि, (संहिता) २०७४
- मुलुकी फौजदारी कार्यविधि, (संहिता) २०७४
- लुम्बिनी प्रदेशप्रदेश सञ्चार नीति, २०७५
- प्रदेश नं. ५, विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५
- लुम्बिनी प्रदेशप्रदेश मामिला सूचना केन्द्र सञ्चालन निर्देशिका, २०७५
- प्रदेश नं. ५, टेलीसेन्टर सञ्चालन निर्देशिका, २०७५
- प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६
- सूचना तथा संचार प्रविधि प्रतिष्ठान ऐन, २०७६
- लुम्बिनी प्रदेशसंघ संस्था दर्ता नियमावली, २०७६
- प्रदेश पदक नियमावली, २०७६
- प्रदेश प्रशारण नियमावली, २०७६
- विपद् व्यवस्थापन कार्य संचालन निर्देशिका, २०७६
- चलचित्र तथा वृत्तचित्र उत्पादनका लागि अनुदान सम्बन्धी निर्देशिका, २०७६
- द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम ( संचालन तथा व्यवस्थापन) निर्देशिका,२०७६

## ५.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र. सं. | पद | दरबन्दी | सेवा/समूह | पद संख्या | उपलव्ध जनशक्ति | | रिक्त |
|---|---|---|---|---|---|---|---|
| | | | | | पदपूर्ति पद | पदपूर्ति संख्या | |
| १ | सचिव | रा.प. प्रथम | प्रशासन/सा.प्र. | १ | रा.प. प्रथम | १ | ० |
| २ | उपसचिव | रा.प. द्धितीय | प्रशासन/सा.प्र. | २ | अधिकृत नवौ | १ | १ |
| ३ | उपसचिव | रा.प. द्धितीय | कानून | १ | रा.प. द्धितीय | ० | १ |
| ४ | शाखा अधिकृत | शाखा अधिकृत | प्रशासन/सा.प्र. | ६ | अधिकृत सातौं | ५ | १ |
| ५ | कानून अधिकृत | कानून अधिकृत | न्याय/कानून | २ | कानून अधिकृत | ० | २ |
| ६ | लेखा अधिकृत | लेखा अधिकृत | प्रशासन/लेखा | १ | लेखा अधिकृत (अ.सा.) | १ | ० |
| ७ | नायव सुब्बा | रा.प.अन.प्रथम | प्रशासन/सा.प्र. | ९ | अधिकृत छैठौं -३<br>सहायक पाचौं -२ | ५ | ४ |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | ४ | कम्प्युटर अधिकृत -१<br>कम्प्युटर अपरेटर -१<br>करार -२ | ४ | ० |
| ९ | खरिदार | रा.प.अन.द्धितीय | प्रशासन/सा.प्र. | १ | सहायक पाचौं – १ | ० | १ |
| १० | सहलेखापाल | रा.प.अनं.द्धितीय | प्रशासन/लेखा | १ | सहलेखापाल (सहायक चौथौं)-१ | १ | ० |
| ११ | ह.स.चा. | श्रेणी विहीन | ज.मे. | ४ | | ४ | ० |
| १२ | का.स. | श्रेणी विहीन | प्रशासन | ६ | | ६ | ० |
| | **जम्मा** | | | **३८** | | **२८** | **१०** |

## ५.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- मन्त्रालयमा स्मार्ट नागरिक वडापत्र जडान गरिएको। यसबाट मन्त्रालयको सेवाप्रवाहको प्रभावकारिता बढेको र सूचना प्रविधिको प्रयोग बढ्दै जादा पारदर्शिता प्रवर्द्धन भएको,
- नवलपरासी, दाङ्ग, बाँके, बर्दिया र कपिलवस्तुमा जिल्ला स्तरीय सुरक्षा व्यवस्थापन गोष्ठी सम्पन्न गरिएको,
- प्रदेशको हित एवम् प्रतिष्ठा अभिवृद्धिमा योगदान पुर्‍याउने ५८ जनालाई प्रदेश पदकबाट विभूषित गरिएको। यसबाट प्रदेशको गौरव बढ्नुका साथै इमान्दार, नैतिकवान र राष्ट्रसेवामा लागेका महानुभावलाई प्रेरणा मिलेको,
- जनतासँग प्रदेश सरकार कार्यक्रम अन्तर्गत नेपाल टेलिभिजन कोहलपुर शाखाबाट प्रदेश सरकारका गतिविधि समेटिएको कार्यक्रम "समृद्धिका पाईला" प्रसारण भइरहेको,
- सामुदायिक र निजी रेडियोसँग सहकार्य अनुदान अन्तर्गत प्रदेश सरकारका गतिविधिहरु समेटिएको रेडियो कार्यक्रम विभिन्न ५१ वटा रेडियोहरु मार्फत प्रशारण भैरहेको,
- माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा सडक दुर्घटना न्यूनीकरण र रोकथामका लागि भएका प्रयास र सुधारका उपायहरु सम्बन्धमा सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल सम्मन्न भएको,
- भि.एम.एस. सिस्टममा कम्प्याटिवल हुने गरी प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको वरिपरि सुरक्षा प्रणाली जडान गरिएको,
- मध्यपश्चिम पृतना हे.क्वा. बुटवलमा रात्रीकालीन अवतरण सुविधा सहितको हेलिप्याड निर्माण गरिएको,
- निजी क्षेत्रका टेलिभिजनहरुसँग सहकार्य अनुदान अन्तर्गत प्रदेश सरकारका गतिविधिहरु समेटिएको कार्यक्रम चार वटा टेलिभिजनरु मार्फत प्रशारण भैरहेको।

## ५.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः** कानुन नबनेको।

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरण**

१. सञ्चार माध्ययम सम्बन्धी विधेयक (प्रदेश सभामा विचाराधीन)

२. प्रदेश अनुसन्धान ब्युरो सम्बन्धी (प्रदेश सभामा दर्ता गर्ने तयारी)

३. प्रदेश प्रहरी विधेयक

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. चलचित्र सम्बन्धी ऐन

२. विषद व्यवस्थापन सम्बन्धी ऐन

३. प्रदेश कारागार सम्बन्धी ऐन

४. चिठ्ठा ऐन

५. सामाजिक व्यवहार सुधार ऐन

६. स्थानीय प्रशासन ऐन

## ५.१० चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| नीति तथा कार्यक्रमको बुँदा नं. | | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १३९ | | प्रदेश प्रहरी इकाई भवन निर्माण | रोल्पाको खुङग्री, दाङको पुरन्धारा, पाल्पाको पूर्वखोला, बाँकेको भगवानपुर, कपिलवस्तुको गणेशपुर र रुपन्देहीको बुटवलमा प्रदेश प्रहरी इकाई भवन निर्माणका लागि रकम वण्डा गरी सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरुलाई बजेट अख्तियारी प्रदान गरिएको। |
| | | प्रदेश अनुसन्धान ब्यूरो गठन | प्रदेश अनुसन्धान व्यूरो गठन सम्बन्धी विधेयक प्रदेश सभामा पेश हुने तयारीमा रहेको। |
| १४० | | प्रदेश प्रहरी अस्पतालको स्तरोन्नति | फोरेन्सिक ल्याब निर्माणका लागि प्रदेश प्रहरी अस्पताल नेपालगंजलाई बजेट अख्तियरी प्रदान गरिएको। |
| १४२ | | ट्राफिक व्यवस्थापन र सि.सि.टि.भि. जडान | भि.एम.एस. प्रविधिमा आधारित मन्त्रालयगत सुरक्षा प्रणाली जडानको कार्य सम्पन्न गरिनुका साथै दाङको भालुवाङ देखि लमहिसम्म भि.एम.एस. प्रविधिमा आधारित सि.सि.टि.भि. जडान गर्नका लागि खरिद तथा जडान सम्झौता गरिएको। |
| १४३ | | लागूपदार्थ विरुद्ध | |

| नीति तथा कार्यक्रमको बुँदा नं. | | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | जनचेतनामुलक कार्यक्रम | |
| १४४ | | कारागार सुधार | रोल्पा, दाङ्ग र प्यूठानमा कारागार कार्यालय निर्माणका लागि बजेट अख्तियरी प्रदान गरिएको। |
| १४५ | | पूर्वसुचना प्रणाली जडान | |
| | | हेलिप्याड निर्माण | रोल्पाको तिला, प्यूठानको गौमुखि र बिजुवार, रुकुम पूर्वको पुथाउत्तरगंगा र मैकोट, दाङ्गको गडवामा हेलिप्याड निर्माणको लागि नेपाल सरकारको स्वीकृति लिई सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई बजेट अख्तियारी प्रदान गरिनुका साथै मध्यपश्चिम पृतना हे.क्वा. वुटवल परिसरमा रात्रीकालीन अवतरण सुविधा सहितको हेलिप्याड निर्माण सम्पन्न गरिएको। |
| १४६ | | विपद् प्रतिकार्य तालिम केन्द्रको स्थापना र संचालन | |
| १४७ | | द्वन्द्व प्रभावित व्यक्तिहरुको उपचार | द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरुको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार व्यवस्था मिलाइएको। |
| | | द्वन्द्व प्रभावितहरुका लागि स्वरोजगार कार्यक्रम | द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम सम्पन्न गर्न माग संकलन गरी कार्य अगाडि बढाइएकोमा नँया भेरियन्टको कोभिड - १९ को कारण अवरुद्ध भएको। |
| १४८ | | कानून तर्जुमाका सम्बन्धमा अन्तरक्रिया र छलफल | संचार माध्यम सम्बन्धी विधेयकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको र आवश्यकता अनुसार अन्तरक्रिया कार्यक्रम भैरहेको। |
| १४९ | | सामाजिक कुरीति र घरेलु हिंसा न्यूनीकरण | बाँके, कपिलवस्तु र अर्घाखाँचीमा जिल्लास्तरीय सचेतना कार्यक्रम सम्पन्न गरिएको। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १५२ | | प्रदेश चलचित्र बोर्डको गठन र संचालन | |
| | | प्रेस रजिष्ट्रारको कार्यालय स्थापना | कानून मस्यौदा गरी प्रदेश सभामा पेश गर्ने चरणमा रहेको। |
| १५३ | | संचार माध्यम, पत्रकार एवम् संचारकर्मीको क्षमता अभिवृद्धि | |
| | | संचार माध्यमसँग सहकार्य | लुम्बिनी प्रदेशमा रहेका १७ वटा निजी रेडियोहरु, ३४ वटा सामुदायिक रेडियोहरु, ४ वटा सामुदायिक/निजी टेलिभिजन हरुवाट प्रदेश सरकारका विभिन्न गतिविधिहरु समेटिएका कार्यक्रमहरु प्रशारण भैरेहका छन। साथै छापा संचार माध्यमहरुबाट सचेतनामूलक सन्देशहरु प्रकाशन भैरहेका छन्। |

**बजेट वक्तव्यको प्रगतिः**

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २२१ | प्रदेश प्रहरी इकाई भवन निर्माण | अघिल्लो आर्थिक बर्षमा प्रस्ताव गरिएका प्रदेश प्रहरी इकाई भवन निर्माण कार्यलाई निरन्तरता दिदैं यो वर्ष रोल्पाको खुङग्री, दाङको पुरन्धारा, पाल्पाको पूर्वखोला, बाँकेको भगवानपुर, कपिलवस्तुको गणेशपुर र रुपन्देहीको बुटवलमा प्रदेश प्रहरी इकाई भवन निर्माणका लागि रकम वण्डा गरी सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरुलाई बजेट अख्तियारी प्रदान गरिएको। |
| २२२ | सुरक्षा संवेदनशील क्षेत्रमा सि.सि.टि.भि जडान | भि.एम.एस. प्रविधिमा आधारित मन्त्रालयगत सुरक्षा प्रणाली जडानको कार्य सम्पन्न गरिनुका साथै दाङको भालुवाङदेखि लमहीसम्म भि.एम.एस. प्रविधिमा आधारित सि.सि.टि.भि. जडान |

| ब.व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | गर्नका लागि खरिद तथा जडान सम्झौता गरिएको। |
| २२३ | कारागार सुधार | रोल्पा, दाङ्ग र प्यूठानमा कारागार कार्यालय निर्माणका लागि बजेट अख्तियारी प्रदान गरिएको। |
| २२४ | प्रदेश प्रहरी अस्पतालको स्तरोन्नति | फोरेन्सिक ल्याब निर्माणका लागि प्रदेश प्रहरी अस्पताल नेपालगञ्जलाई बजेट अख्तियरी प्रदान गरिएको। |
| २२५ | लागूऔषध दुर्व्यशन न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम | कार्यक्रम संचालनको लागि लक्षित वर्गहरुको पहिचान गरिएको कार्यक्रम संचालनको लागि तयारी गरिएकोमा कोरोना महामारीले कार्यक्रम कार्यान्वयन प्रभावित बनेको। |
| २२६ | विपद् जोखिमयुक्त क्षेत्रको पहिचान र नक्साङ्कन | प्रदेशभित्र रहेका विभिन्न जिल्लाहरुका विपद् जोखिमयुक्त क्षेत्रहरुको पहिचान र नक्साङ्कनका लागि परामर्शदातासँग सम्झौता भै कार्य अगाडि बढेको। |
| २२८ | विपद् व्यवस्थापन कोष | विपद्का घटनामा परेका परिवारलाई राहत वितरण गर्ने प्रयोजनका लागि स्थापित प्रदेश विपद् व्यवस्थापन कोषलाई रु १० करोड नघट्ने गरी व्यवस्था गरिएको। |
| २२९ | द्वन्द्व प्रभावित व्यक्तिलाई व्यवसायिक क्षमता विकास र सामग्री अनुदान कार्यक्रम | द्वन्द्व प्रभावितहरुबाट विवरण संकलनको कार्य भैरहेको तथा उनिहरुको आवश्यकता र माग संकलन भएको। |

## ५.११ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु. हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | इन्टिग्रेटेड डिजास्टर म्यानेजमेनट एण्ड अर्ली वार्निङ्ग सिस्टम | १ | १०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | विपद व्यवस्थापन सामग्री भण्डारण केन्द्र ट्वाइलेट मर्मत | १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | विपद व्यवस्थापन सामग्री भण्डारण केन्द्र गेट, कम्पाउन्ड वाल निर्माण तथा तारवार | १ | २० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | विपद व्यवस्थापन सामग्री भण्डारण केन्द्र फर्निचर खरिद | १ | २० | ० | ० | ० | ० | १ | | २ | १० |
| ५ | हेलिप्याड निर्माण | ७ | ५० | १ | १५ | १५.८ | ३२ | ७ | १०० | ५० | १०० |
| ६ | विपद् प्रतिकार्य तालिम केन्द्र शमशेरगञ्जको भवन मर्मत सञ्चालन | १ | ५० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | विपद् व्यवस्थापन सामग्री खरिद | १ | २०० | ० | ० | ० | ० | १ | १०० | १६० | ८० |
| ८ | कोभिड-१९ भाईरस रोकथाम तथा नियन्त्रण सुरक्षा परिचालन खर्च | १२ | ५० | १२ | १०० | २९ | ५८ | १२ | १०० | ५० | १०० |
| ९ | प्रदेश स्तरीय विपद् व्यवस्थापन गोष्ठी | १ | १० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १० | विपद् पूर्वतयारी सम्बन्धी गोष्ठी | ३ | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | विपद्को जोखिममा रहेका स्थानीय तहलाई विपद् प्रतिकार्य तालिम सञ्चालन | ८ | ४० | ५ | ६३ | १३.२ | ३३ | | | | |
| १२ | प्रदेशका विपद् जोखिम क्षेत्रहरुको पहिचान र नक्साङ्कन | १ | १५ | 0 | 0 | 0 | 0 | १ | १०० | १५ | १०० |
| १३ | विपद् उद्धार खर्च | १ | ५० | ० | ० | ० | ० | - | - | - | - |
| १४ | प्रदेश पत्रकार महासंघलाई कार्यक्रम संचालन खर्च | २ | ५ | - | - | - | - | २ | १०० | ५ | १०० |
| १५ | प्रदेश भित्रका पत्रकारहरुको (महिला, मुस्लिम, दलित, सिमान्तकृत, अल्पसंख्यक, तेस्रो लिङ्ग समेत) क्षमता अभिवृद्धि कार्यक्रम | १ | १० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | प्रदेशका विभिन्न कार्यक्रमहरुको लाइभ प्रसारण | १ | १५ | - | - | १.५ | १० | १ | १०० | १५ | १०० |
| १७ | सञ्चारमाध्यम तथा संचारकर्मी सम्मान | १ | ५ | ० | ० | ० | ० | १ | १०० | ५ | १०० |
| १८ | मातृभाषामा फिल्म/ डकुमेन्ट्री महोत्सव | १ | २५ | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १९ | जनतासँग प्रदेश सरकार सम्बन्धी सूचनामुलक कार्यक्रम | १ | ४० | - | - | २४.२ | ६०.५ | १ | १०० | ४० | १०० |
| २० | प्रदेशमा सुचिकृत र आवद्ध सबै निजी रेडियोहरुसँग सहकार्य अनुदान | १ | १० | - | - | ३.५ | ३५ | १ | १०० | १० | १०० |
| २१ | प्रदेशमा सुचिकृत र आवद्ध छापा तथा अनलाइन संचार माध्यमसँग सहकार्य अनुदान | १ | ५० | | | | | १ | १०० | ५० | १०० |
| २२ | प्रदेशमा सुचिकृत र आवद्ध टेलिभिजन कार्यक्रम संचालन सहकार्य अनुदान | १ | ५० | - | - | १६.५ | ३३ | १ | १०० | ५० | १०० |
| २३ | मगर/थारु सांस्कृतिक वृत्तचित्र निर्माण | २ | ५० | - | - | १० | २० | २ | १०० | ५० | १०० |
| २४ | प्रदेश स्थापना दिवस (३ वर्ष) र प्रदेश एक्स्पोको वृत्तचित्र निर्माण | २ | १५ | | | | | २ | १०० | १५ | १०० |
| २५ | प्रदेशमा सुचिकृत सञ्चार माध्यमहरुसँग सहकार्य अनुदान | १ | ५० | - | - | - | - | १ | १०० | ५० | १०० |
| २६ | प्रदेशमा सुचिकृत र आवद्ध सबै सामुदायिक रेडियोहरुसँग सहकार्य अनुदान | १ | ५० | - | - | १५.६ | ३१ | १ | १०० | ५० | १०० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| २७ | सामुदायिक रेडियो प्रसारक संघको लागि भवन निर्माण अनुदान | १ | १५ | ० | ० | ० | ० | १ | १०० | १५ | १०० |
| २८ | चट्याङबाट एफ.एम.को सुरक्षा कार्यक्रम | १ | ५० | ० | ० | ० | ० | | | | |
| २९ | पत्रकार सम्बद्ध संस्थालाई मेशिनरी औजार | १ | १५ | | | | | | | | |
| ३० | पत्रकार सम्बद्ध संस्थाको फर्निचर खरिद | १ | १५ | | | | | | | | |
| ३१ | मगर/थारु थिएटरलाई मेशिनरी औजार | २ | १० | | | | | | | | |
| ३२ | मगर/थारु थिएटरलाई फर्निचर | २ | ३० | | | | | | | | |
| ३३ | प्रदेश मामिला सूचना केन्द्रमा कार्यरत सूचना समन्वयकर्ता र कानूनी सहजकर्ताको क्षमता अभिवृद्धि कार्यक्रम | १ | १० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३४ | प्रदेश मामिला सूचना केन्द्रको लागि फर्निचर खरिद | १ | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३५ | दन्द्व प्रभावित स्वरोजगार कार्यक्रम | १ | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३६ | लागू औषध दुर्व्यसन न्युनीकरणको लागि सचेतना कार्यक्रम | ५ | १५ | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ३७ | जिल्ला स्तरीय सुरक्षा व्यवस्थापन तथा अपराध नियन्त्रण सम्बन्धी अन्तरक्रिया तथा छलफल गोष्ठी | १२ | १२ | ५ | ४२ | ३.९ | ३३ | | | | |
| ३८ | प्रदेश स्तरीय सुरक्षा गोष्ठी | २ | ४० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३९ | द्वन्द्व प्रभावित घाइते तथा अपाङ्गको उपचार | १ | ५० | | | | | १ | १०० | ५० | १०० |
| ४० | प्रदेश सुरक्षा नीति तर्जुमा | १ | ५ | ० | ० | ० | ० | | | | |
| ४१ | कारागारका कैदी बन्दीको व्यवसायिक सीप विकास कार्यक्रम | १२ | २४ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४२ | कारागारका कैदी बन्दीको सकारात्मक सोच बिकास कार्यक्रम | १२ | १५ | ३ | २५ | ३.५८ | २४ | | | | |
| ४३ | कैदी बन्दीहरुको लागि व्यवसायिक सीप तथा क्षमता विकासको लागि सामग्री अनुदान | १२ | ३० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४४ | स्वरोजगार तालिम प्राप्त द्वन्द्व प्रभावितलाई सामग्री अनुदान | १ | १०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४५ | कारागार भवन प्युठान डि.पि.आर. | १ | ५ | | | | | | | | |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ४६ | सि.सि.टि.भि. मर्मत | १ | १२ | ० | ० | ० | ० | | | | |
| ४७ | अन्तर प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयस्तरीय अन्तरक्रिया कार्यक्रम | १ | ३० | १ | १०० | १०.३ | ३४ | | | | |
| ४८ | प्रादेशिक ट्राफिक चेतना प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम | १० | २० | १ | ५० | ०.४९ | १० | | | | |
| ४९ | सि.सि.टि.भि. जडानको अध्ययन र प्रभावकारिता मूल्याङ्कन तथा प्रतिवेदन | १ | ५ | १ | १०० | ४.९ | ९८ | | | | |
| ५० | प्रदेश प्रहरी अतिरिक्त क्रियाकलाप संचालन | १ | ३० | | | | | | | | |
| ५१ | प्रदेश प्रहरी इकाइ भवन निर्माण | ६ | १२३० | | | | | | | | |
| ५२ | सशस्त्र प्रहरी बाहिनी बैठक हल निर्माण | १ | ३० | | | | | | | | |
| ५३ | प्रदेश प्रहरी कार्यालय बुटवल तालिम केन्द्र ब्यारेक निर्माण | १ | ४० | | | | | | | | |
| ५४ | ट्राफिक प्रहरी सुरक्षा चेकचाज पोष्ट निर्माण | ५ | २५ | २ | ४० | १० | ४० | ५ | १०० | २५ | १०० |
| ५५ | मोटरसाइकल | ५० | १५० | ५० | १०० | ११४ | ७८ | | | | |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ५६ | भि.एम.एस. सिस्टममा कम्प्याटिबल हुनेगरि सि.सि.टि.भि. प्रणालीको जडान | १ | २०० | ० | ० | ० | ० | १ | १०० | २०० | १०० |
| ५७ | भि.एम.एस. प्रविधिमा आधारित मन्त्रालयमा सुरक्षा प्रणाली जडान | १ | २० | १ | १०० | १९.५ | ९८ | | | | |
| ५८ | ५ नं. प्रदेश प्रहरी तालिम केन्द्रको मर्मत सुधार | १ | २५ | | | | | | | | |
| ५९ | सशस्त्र प्रहरी बल बुटवल सभा हल मर्मत | १ | ५ | १ | १०० | | | | | | |
| ६० | ट्राफिक प्रहरीलाई आवश्यक पर्ने मेशिनरी औजार खरिद | १ | २० | | | | | | | | |
| ६१ | स्थानीय न्यायिक समितिको क्षमता विकास कार्यक्रम | ६ | १८ | ५ | ८३ | १४.७ | ८२ | ६ | १०० | १८ | १०० |
| ६२ | कानून तर्जुमा सम्बन्धमा सरोकारवाला हरूसँग अन्तरक्रिया कार्यक्रम | १ | १० | ० | ० | ० | ० | | | | |
| ६३ | मेलमिलाप समितिका पदाधिकारीहरू एवम कर्मचारीहरूको लागि अनुशिक्षण | ५ | ८ | १ | २० | १.१ | १४ | | | | |
| ६४ | प्रदेश सभा सदस्यको लागि कानून तर्जुमा, विधायन व्यवस्थापन गोष्ठी | २ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ६५ | सामाजिक कुरीति, घरेलु हिंसा तथा आत्महत्या न्यूनीकरणका लागि २ दिने जिल्ला स्तरीय सचेतना कार्यक्रम | ५ | ७.५ | ५ | १०० | ६ | ८० | | | | |
| ६६ | मानव अधिकार विषयक कार्यक्रम | १ | १० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६७ | फौजदारी तथा देवानी संहिता सम्बन्धी अनुशिक्षण | ५ | ७.५ | ५ | १०० | ७.१ | ९६ | | | | |
| ६८ | कानून तर्जुमा समिति बैठक तथा अन्तरक्रिया कार्यक्रम | १५० | १५ | १४० | ९३ | १४.४ | ९८ | | | | |
| ६९ | प्रदेश/ स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई कानून तर्जुमा एवम् विधायन व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | १ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७० | प्रदेश संचार परिषद् ऐन/चलचित्र विकास बोर्ड ऐन तर्जुमा | १ | १० | ० | ० | ० | ० | ० | ० | ० | ० |

स्रोत आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ५.१२ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु. हजारमा)

| ब.उ.शी.नं. | बजेट शीर्षक | खुद बजेट | असार मसान्तसम्मको खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५३२३११३ | चालु | ३४२२४६ | १५६१८७ | ४५.६४ |
| ७०५३२३११४ | पुँजीगत | ४६५८२० | ११०३८९ | २३.७ |
| जम्मा | | ८०८०६६ | २६६५७६ | ३२.९९ |

स्रोत आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ५.१३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्च

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | फागुन मसान्तसम्मको खर्च | प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|
| चालु | २६११६२ | ६०२४९.११ | २३.०७ | ९० |
| पुँजीगत | ४६६४०० | ३४४३९६ | ७.३८ | ६५ |
| **जम्मा** | **७२७५६२** | **९४६८२०.८३** | **१३.०१** | **७०** |

स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ५.१४ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

यस मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७७/७८ मा हालसम्म संघसंस्था दर्ताबाट रू २,८६,६३०/- राजस्व संकलन भएको छ।

## ५.१५ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

यस मन्त्रालयबाट सञ्चालित विकास आयोजना तथा कार्यक्रमबाट हालसम्ममा रोजगारी सिर्जना हुन नसकेको अवस्था छ।

## ५.१६ समस्या तथा चुनौतीः

- संघीय सम्बद्ध कानूनहरू तर्जुमा नभएको कारण प्रादेशिक कानूनहरू निर्माण गर्न ढिलाई हुनु,
- संघीय विनियोजन ऐनमा उल्लेखित प्रावधानले गर्दा संघ अन्तर्गतका कार्यालयहरुलाई बजेट अख्तियारी दिन नसकिएकोले कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको,

- मन्त्रालय मातहत प्रादेशिक इकाई तथा कार्यालयहरू नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको,
- निर्माण सम्बन्धी कार्यको लागि आवश्यक जग्गा प्राप्तिमा कठिनाई भएकोले (प्रदेश प्रहरी इकाई भवन, हेलिप्याड) कार्यक्रम कार्यान्वयन गर्न कठिनाई भएको,
- खरिद प्रक्रियामा दक्ष र प्राविधिक जनशक्तिको अभाव,
- कार्यक्रम संशोधन तथा बजेट पठाउने लामो प्रक्रिया (PLMBIS) को कारणबाट समेत ढिलो हुने गरेको,
- कोभिड -१९ महामारीका कारण कर्मचारीहरु संक्रमित भएकोले वार्षिक विकास कार्याक्रम कार्यान्वयनमा कठिनाई उत्पन्न भएको।

## ५.१७ समस्या समाधानका लागि चालिएका कदमः

- लुम्बिनी प्रदेश प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल विन्ध्यावासिनी वाहिनी, प्रदेश ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला प्रहरी कार्यालयहरू र लुम्बिनी प्रादेशिक अस्पताल र स्थानीय तहसँगको समन्वय र सहकार्यमा काम अगाडि बढाइएको छ,
- मन्त्रालयको संगठन संरचनामा प्राविधिक कर्मचारी राख्नको लागि संगठन तथा व्यवस्थापन समितिको बैठकमा छलफल भइरहेको छ,
- जनशक्ति व्यवस्थापनको लागि ओ.एण्ड एम. कार्य सुरु भएको,
- रिक्त दरबन्दी पदपूर्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पटकपटक अनुरोध भएको,
- अन्य मन्त्रालय र कार्यालयहरू, सुरक्षा निकायहरू समेतलाई प्राविधिक सहयोगको लागि अनुरोध गरी प्राविधिक कार्य सम्पादन गरिएको।

## ५.१८ आगामी कार्यदिशाः

मन्त्रालयको आर्थिक वर्ष २०७७/७८ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयनको लागि निरन्तर कार्य गरिरहेको छ। विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसबाट विश्व आक्रान्त बनिरहेको बेला कार्यक्रम कार्यान्वयनमा यसको प्रभाव पर्छ कि भन्ने संशय बढ्दै गएको छ। तथापि यस मन्त्रालयबाट सञ्चालन गरिने कार्यक्रमहरूलाई तोकिएको समयभित्रै सम्पन्न गर्न मन्त्रालयले तदारूकताका साथ कार्य अगाडि बढाइरहेको छ।बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि मन्त्रालयको आगामी कार्यदिशा देहायबमोजिम रहनेछ।

- लुम्बिनी प्रदेश प्रहरी कार्यालय, प्रदेश ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला प्रहरी कार्यालहरूलाई बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि अख्तियारी प्रदान गरिएका कार्यक्रमहरूको निरन्तर अनुगमन र निर्देशन गरी तोकिएको समयभित्रै सम्पन्न गर्ने,
- सार्वजनिक खरिद र सार्वजनिक निर्माण अन्तर्गतका कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाई तोकिएको मितिभित्रै सम्पन्न गर्ने। बहुवर्षीय योजनामा लैजानुपर्ने सार्वजनिक निर्माणका कार्यलाई स्रोत सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने,
- विभिन्न किसिमका तालिम तथा गोष्ठीहरूलाई कोभिड - १९ महामारीको प्रभाव कम हुँदै गए पछि संचालन गर्ने।

## ५.१९ निष्कर्षः

प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, निर्देशन, सुपरीवेक्षण, मूल्याङ्कन र प्रतिवेदनका साथै कानून, न्याय तथा प्रदेश सभा मामिला लगायत मानवअधिकार, विपद् व्यवस्थापन लगायतका विषयहरू यस मन्त्रालयको मुख्य जिम्मेवारी भित्र पर्दछन्। स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गरी सुशासन प्रवर्द्धन गर्न मन्त्रालयले प्रतिवद्ध भई कार्य सम्पादन गर्दै आएको छ।

आर्थिक वर्ष २०७७/७८ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमहरूको पूर्ण कार्यान्वयनको लागि मन्त्रालय निरन्तर प्रयासरत छ। चालु आ.व.को फागुन मसान्तसम्म विनियोजित बजेटमध्ये चालुतर्फ २३.७ प्रतिशत र पुँजीगततर्फ ७.३८ प्रतिशत रकम खर्च भएको छ। समग्रमा मन्त्रालयको १३.०१ प्रतिशत रकम खर्च भएको छ। हालसम्मको खर्च अवस्थालाई हेर्दा मन्त्रालयको खर्च न्यून रहेको छ।

बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालय मातहत प्रादेशिक इकाई तथा कार्यालयहरू नहुनु, प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालयहरुलाई बजेट अख्तियारी दिन लामो प्रक्रिया अबलम्बन गर्नुपर्ने अवस्था हुनु र अन्य संघीय इकाईलाई बजेट अख्तियारी दिन नपाइने व्यवस्था हुनु, खरिद प्रक्रियामा दक्ष र प्राविधिक जनशक्तिको अभाव हुनु, महाशाखा प्रमुखहरुको निरन्तर रिक्तता जस्ता कारणले गर्दा विनियोजित बजेट निर्धारित समयभित्र खर्च नभई मन्त्रालयको कार्यसम्पादनमा ढिलाई हुन गएको छ।

स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन र विनियोजित बजेटको परिचालनको लागि मन्त्रालयले लुम्बिनी प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला प्रहरी कार्यालयहरू, लुम्बिनी

प्रादेशिक अस्पतालसँग समन्वय र सहकार्यमा कार्यक्रम कार्यान्वयनलाई तिव्रताकासाथ अगाडि बढाइरहेको छ।

बजेट तथा कार्यक्रमको हालसम्मको प्रगति उत्साहपूर्ण नभए तापनि निराशाजनक नरहेको अवस्था छ। सार्वजनिक खरिद सम्बन्धी कार्य अगाडि बढेको छ। कारागार निर्माण, प्रदेश प्रहरी इकाईहरु तथा प्रहरी चौकी निर्माण, हेलिप्याड निर्माण, लुम्बिनी प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयहरूलाई सवारी साधन खरिद, सुरक्षा चेकजाँच पोष्ट निर्माण लगायतका कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि बजेट अख्तियारी प्रदान गरिएको छ। ती कार्यक्रमहरू यसै आर्थिक वर्षमा कार्यान्वयन भईसक्ने मन्त्रालयको विश्वास रहेको छ।

यसरी मन्त्रालयको आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि संघ र प्रदेश समन्वय गरी कार्य भइरहेको हुनाले तोकिएको समयभित्रै बजेट तथा कार्यक्रमको कार्यान्वयन हुने अवस्था छ। मन्त्रालयले चालु आ. व. मा विनियोजित बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गरी प्रदेशस्तरीय शान्ति सुरक्षा र सुव्यवस्था, कानून, न्याय तथा प्रदेश सभा मामिला, मानवअधिकार, विपद् व्यवस्थापन, सूचना तथा सञ्चार क्षेत्र प्रवर्द्धन, स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गर्न सफल हुने विश्वास रहेको छ।

# परिच्छेद-६

## आर्थिक मामिला तथा योजना मन्त्रालय

### ६.१ पृष्ठभूमिः

देशमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय शासन व्यवस्था लागु भएपछि प्रदेशको आर्थिक अवस्थाको अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाको माध्यमवाट प्रदेशको समग्र विकासमा सघाउ पुऱ्याउने उद्देश्यले आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ ले दिएको कार्यक्षेत्रमा आधारित भई मन्त्रालयले आफ्ना गतिविधि अगाडि वढाउँदै आएको छ।

### ६.२ दीर्घकालीन सोचः

लुम्बिनी प्रदेशलाई समृद्ध प्रदेश खुसी जनताको मूल नाराका साथ द्रुततर विकास गर्दै सवल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र प्रदेशस्तरीय अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने।

### ६.३ उद्देश्यः

संविधान प्रदत्त अधिकारको अधिकतम उपयोग गर्दै उपलब्ध स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने।

### ६.४ रणनीतिः

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने,
- कृषि पर्यटन शिक्षा स्वास्थ्य र भौतिक पूर्वाधार विकास जस्ता सामाजिक आर्थिक पूर्वाधार र बढी मात्रमा गरिबी निवारणोन्मुख क्षेत्रमा अनुकुल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने,
- बढी भन्दा बढी राजस्व वृद्धिका उपाय अवलम्बन गर्ने,
- स्थानीय सरकारहरुवीचको साझेदारीमा सम्पन्न गर्न सकिने आयोजनाहरुलाई प्राथमिकता दिने,
- विभिन्न मन्त्रालय र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने।
- माग तथा सामाजिक न्यायमा आधारित आयोजना कार्यान्वयनमा जोड दिने।

## ६.५ कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायअनुसार रहेका छन्:

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थीरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी  रकमको लगत तथा असुल उपर,
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- संघीय नीति अनुरुप सहवित्तीयकरण,
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- प्रदेश संचित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,

- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
- संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण,
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- संघसंगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसंगको समन्वय र सहकार्य।

## ६.६ कानुनी तथा नीतिगत व्यवस्थाः

नेपाल संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन तथा प्रदेश सरकारको कार्यविभाजन नियमावली बमोजिम यस आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गत रहेका देहायका ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा आदेशसमेतका कानूनहरु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म निर्माण भई हाल कार्यान्वयनमा रहेका छनः

- प्रदेश नं.५ आर्थिक कार्यविधि ऐन, २०७४
- प्रदेश नं.५ वित्त व्यवस्थापन ऐन, २०७५
- प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५
- प्रदेश नं.५ आकस्मिक कोष संचालन ऐन, २०७५
- प्रदेश नं.५ तथ्याङ्क ऐन, २०७५
- सालवसाली रुपमा ल्याइने प्रदेश विनियोजन ऐनहरु तथा प्रदेश आर्थिक ऐनहरु
- संचित कोष संचालन कार्यविधि, २०७४
- समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५

- प्रदेश घरजग्गा न्यूनतम मुल्य निर्धारण समिति(गठन तथा कार्यसञ्चालन) आदेश, २०७६
- विशेष अनुदान व्यवस्थापन कार्यविधि, २०७६
- मनोरञ्जन कर नियमावली, २०७६
- सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६
- विज्ञापन कर नियमावली, २०७६,
- कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७६ ।

## ६. ७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

### ६.७.१ आर्थिक मामिला तथा योजना मन्त्रालय

| क्र. स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० | |
| २ | उपसचिव | प्रशासन | राजश्व | रा.प.द्वितीय | २ | २ | ० | |
| ३ | उपसचिव | प्रशासन | सामान्य प्रशासन | रा.प.द्वितीय | १ | १ | ० | |
| ४ | उपसचिव | प्रशासन | लेखा | रा.प.द्वितीय | १ | ० | १ | |
| ५ | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन | आठौं/सातौं | ६ | ५ | १ | |
| ६ | शाखा अधिकृत | प्रशासन | राजश्व | आठौं/सातौं | ६ | ० | ६ | |
| ७ | लेखा अधिकृत | प्रशासन | लेखा | आठौं/सातौं | १ | १ | ० | |
| ८ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | १ | १ | ० | |
| ९ | अर्थशास्त्री | विविध | | आठौं/सातौं | १ | ० | १ | |
| १० | तथ्याङ्क अधिकृत | आ.यो. तथा त. | तथ्याङ्क | आठौं/सातौं | १ | १ | ० | |
| ११ | क. इन्जिनियर | विविध | | आठौं/सातौं | १ | ० | १ | |
| १२ | क.अधिकृत | विविध | | आठौं/सातौं | १ | १ | ० | |
| १३ | नायव सुव्वा | प्रशासन | सामान्य प्रशासन | छैठौं/पाचौं | ३ | ३ | ० | |
| १४ | नायव सुव्वा | प्रशासन | राजश्व | छैठौं/पाचौं | ६ | ० | ६ | |
| १५ | क. अपरेटर | विविध | | छैठौं/पाचौं | ४ | ४ | ० | १ करार |
| १६ | खरिदार | प्रशासन | सामान्य प्रशासन | पाचौं/चौथो | २ | ० | २ | |

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १७ | सह-लेखापाल | प्रशासन | लेखा | पाचौं/चौथो | १ | ० | १ | |
| १८ | ह.स.चा. | | | श्रेणीविहीन | ४ | ४ | ० | ३ करार |
| १९ | का.स. | | | श्रेणीविहीन | ५ | ५ | ० | ४ करार |
| जम्मा | | | | | ४८ | २९ | १९ | |

### ६.७.२ प्रदेश लेखा नियन्त्रक कार्यालय

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | प्रशासन | लेखा | नवौं/दशौं | १ | १ | ० |
| २ | लेखा अधिकृत | | लेखा | सातौं/आठौं | ४ | ४ | ० |
| ३ | लेखापाल | प्रशासन | लेखा | पाँचौं/छैंठौं | ४ | ३ | १ |
| ४ | कम्प्युटर अपरेटर | विविध | विविध | पाँचौं/छैंठौं | १ | १ | ० |
| ५ | सह लेखापाल | प्रशासन | लेखा | चौंथो/पाँचौं | ४ | ४ | ० |
| ५ | हलुका सवारी चालक | | | | २ | १ | १ |
| ६ | का.स. | | | | ४ | ४ | ० |
| जम्मा | | | | | २० | १८ | २ |

## ६.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

### ६.८.१ बजेट सम्बन्धी

- आ.व. २०७७/७८ देखि २०७९/८० सम्मको मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी कार्यान्वयनमा ल्याएको,
- आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार गरी बजेट निर्माणलाई योजना र मध्यमकालीन खर्च संरचना सँग आवद्ध गरिएको,
- विषयगत मन्त्रालयहरुलाई बजेट कार्यान्वयनमा सहजीकरण गर्नुका साथै प्रदेश सरकारको तर्फबाट स्थानीय तहहरुमा वित्त हस्तान्तरण गरेको,

- प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरुको वार्षिक कार्यक्रम स्वीकृत गरिएको, आवश्यकता र औचित्यको आधारमा बजेट रकमान्तर, बजेट थप, बहुवर्षीय आयोजनाको लागि स्रोत सुनिश्चितता र कार्यक्रम संसोधन गरिएको।

### ६.८.२ वित्त हस्तान्तरण

- समपुरक आयोजना स्वीकृत गरी कार्यान्वयनका लागि स्थानीय तहमा पठाइएको,
- आ.व.२०७५।०७६ देखि सशर्त अनुदानमा शुरु भएका तर हालसम्म सम्पन्न हुन नसकेका बहुउद्देशीय सभाहलको निर्माण कार्य पूरा गर्न रकम उपलब्ध गराइएको।

### ६.८.३ राजस्व संकलन तथा राजस्व बाँडफाँट

- प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको राजस्व संकलन र सोको बाँडफाँटको व्यवस्थापन समेत गरिएको,
- प्रदेश सरकार मातहतका विभिन्न कार्यालयहरुको अनुगमन गरी राजस्वको चुहावट नियन्त्रणको प्रयास गरिएको,
- राजश्व परामर्श समितिको गठन गरी ६ वटा उपसमिति निर्माण गरिएको।

### ६.८.४ स्थानीय तहसँग अन्तरक्रिया तथा समन्वय

- आन्तरिक स्रोत वृद्धि गर्नको लागि मनोरञ्जन कर तथा विज्ञापन करको दायरा वढाउन आवश्यक नीति नियमहरु बनाइएको, साथै स्थानीय तहसँग पहल गरिएको,
- अनुदान व्यवस्थापन, राजश्व बाँडफाँड, बजेट तथा आयोजना कार्यान्वयन सम्बन्धमा १०९ वटै स्थानीय तहका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरुसँग Virtual माध्ययमबाट अन्तरक्रिया कार्यक्रम गरिएको,
- प्रदेश भित्रका १०९ वटै स्थानीय तहसँग विगत तीन वर्षको बजेट निर्माणको अनुभव, सिकाइ तथा आगामी आ.व.को बजेट तर्जुमा गर्दा ध्यान दिन पर्ने विषयमा अन्तर्क्रिया सम्पन्न गरिएको।

### ६.८.५ कोभिड -१९ कार्यक्रम

- कोभिड -१९ रोकथाम तथा नियन्त्रण कोष संचालनमा सहजीकरण गरिएको,
- कोभिड - १९ को कारण आ.व. ०७६/७७ मा सम्पन्न हुन नसकेका अधुरा आयोजनाहरु सम्पन्न गराउन थप रकम उपलव्ध गराउनुको साथै सहजीकरण गरिएको।

#### ६.८.६ सूचना प्रविधि

- प्रदेश सरकारको बजेट, खर्च तथा निकासामा सूचना प्रविधि/सफ्टवयेर (RIMS, STSA, CGAS र PAMS) लागू गरी प्रविधि मैत्री वनाएको।

#### ६.८.७ लेखा परीक्षण

- प्रदेश सरकारका कार्यालयहरुको आन्तरिक लेखा परीक्षण समयमै सम्पन्न गरी प्रतिवेदन पेश गरेको।

#### ६.८.८ राय/सहमति

- २०७७ पुस मसान्तसम्म ३५ वटा ऐन/नियमावली तथा कार्यविधिउपर सहमति प्रदान गरिएको,
- कानून निर्माणलाई कार्ययोजना वनाई कार्यान्वयनमा लगिएको,
- यस मन्त्रालयवाट वनाउनु पर्ने कानूनको सूचीकरण तथा पहिचान गरिएको।

### ६.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) चालु आ.व.मा बनेका कानूनहरुः** कुनै कानुन नवनेको।

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरणः**

१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक,

२. प्रदेश सार्वजनिक नीजि साझेदारी तथा लगानी सम्वन्धी विधेयक,

३. प्रदेश तथ्याङ्क नियमावली,

४. घरजग्गा न्यूनतम मूल्य निर्धारण सम्बन्धी नियमावली,

५. प्रदेश बैक तथा वित्तीय संस्था (स्थापना र सञ्चालन),

६. प्रदेश सार्वजनिक संस्थान (स्थापना तथा सञ्चालन),

७. प्रदेश ऋण तथा जमानत सम्वन्धी विधेयक।

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. प्रदेश सार्वजनिक खरिद सम्बन्धी कानून,

२. प्रदेश राजस्व चुहावट नियन्त्रण सम्बन्धी कानून,

३. कृषि आयमा कर सम्वन्धी कानून,

४. प्रदेशमा वैदेशिक सहायता तथा ऋण परिचालन सम्बन्धी कानून,
५. वीमा व्यवसाय सञ्चालन तथा नियमन सम्बन्धी कानून,
६. रोजगारी तथा बेरोजगारी सहायता सम्बन्धी कानून,
७. प्रदेश भ्रमण खर्च सम्बन्धी कानून,
८. आर्थिक कार्यविधि सम्बन्धी नियमावली।

## ६.१० चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| नीति तथा कार्यक्रमको बुँदा नं./ ब.ब. को बुँदा नं. | कार्यक्रमको नाम | प्रगति |
|---|---|---|
| २०/ २३ | लगानी सम्मेलन आयोजना गर्ने | अवधारणा पत्र मन्त्रिपरिषद्‌वाट स्वीकृति भई मिति २०७८/०२/६ र ७ गते सम्पन्न गर्ने गरी कार्ययोजना अनुसार कार्य अघि बढिरहेको अवस्थामा कोभिड -१९ को दोस्रो लहरको कारण हाल स्थगित भएको। |
| १५०/४३ | डिजिटल प्रदेश | सूचना संचार तथा प्रविधि प्रतिष्ठानवाट कार्यक्रम कार्यान्वयन गर्ने गरी अख्तियारी पठाइएको। कार्यक्रम संचालन भइरहेको। |

## ६.११ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु. हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | स्थानीय तहहरुमा अनुदान उपलब्ध गराउने | ४ पटक | ५१४००५० | ३ | ७५ | ३९८३३१९ | ७७.४९ | ४ | १०० | ५१४००५० | १०० |
| २ | लगानी सम्मेलन (नी..तथा का./ब. ब. को बुँदा नं२०/२३) | १ पटक | १०००० | ० | ० | ० | ० | | | १६०० | १६ |
| ३ | डिजिटल प्रदेश (Online Reporting system) (नी. तथा का./ब. ब. को बुँदा नं. १५०/४३) | १ पटक | २५०० | (सुचना, संचार तथा प्रविधि प्रतिष्ठानलाई बजेट सहित कार्यक्रम संचालन गर्न जिम्मेवरी पठाइएको।) | | | | १ | १०० | २५०० | १०० |
| ४ | अन्तर प्रदेश अवलोकन भ्रमण तथा अनुभव आदानप्रदान(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ३ र १३) | ३ वटा प्रदेश | १६०० | १ | ३३ | ११० | ९.७ | २ | ६६ | ४०० | २५ |
| ५ | स्थानीय तहको क्षमता अभिवृद्धि कार्यक्रम(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ४) | १२ पटक | २५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ६ | बजेट सम्बन्धी अन्तरक्रिया (वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ५) | १० पटक | ३००० | ६ | ६० | १६१८ | ५३.९५ | ८ | ८ | २०० | ६६ |
| ७ | कर्मचारीको क्षमता विकास कार्यक्रम (वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ६) | २ पटक | ९०० | १ | ५० | २९१.८३ | ३२.४३ | २ | १०० | ४५० | ५० |
| ८ | योजना/राजस्व र अनुदानको अनुगमन(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ७) | ३६ पटक | २००० | १२ | ३३ | ३०० | १५ | २० | १८ | १००० | ५० |
| ९ | बजेट राजस्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम(स्थानीय तहहरुसँगको)(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ८) | १२ पटक | ३००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | बजेट तर्जुमा/MTEF तर्जुमा / PLMBIS तालिम(वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ९) | ४ पटक | ५०० | ० | ० | ० | ० | २ | ५० | २०० | ४० |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ११ | आर्थिक प्रशासन सम्बन्धी पुनर्ताजगी/अभिमुखीकरण तालिम कार्यक्रम (वार्षिक विकास कार्यक्रमको बुदाँ नं. ११) | २ पटक | ३०० | १ | ५० | १८० | ६० | २ | १०० | ३०० | १०० |
| १२ | विभिन्न जिल्लामा राजश्व, धरौटी, विनियोजन लगायत आर्थिक प्रशासनसँग सम्वन्धित विषयमा अन्तरक्रिया कार्यक्रम (वार्षिक विकास कार्यक्रमको बुदाँ नं. १२) | ६ पटक | ६०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | प्रदेश नं. ५ का स्थानीय निकायमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम (वार्षिक विकास कार्यक्रमको बुदाँ नं.१४) | ६ पटक | ५०० | ० | ० | ० | ० | ० | ० | ० | ० |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)

## ६.१२ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

### ६.१२.१ आर्थिक वर्ष २०७६/७७ को यस मन्त्रालयको विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | असार मसान्तसम्मको खर्च | असार मसान्तसम्मको खर्च % |
|---|---|---|---|
| चालु | ११८९३७ | ५१८६५ | ४३.६१ |
| पुँजीगत | ४०६६५ | १४४९६ | ३५.६५ |
| जम्मा | १५९६०२ | ६६३६१ | ४१.५८ |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)

### ६.१२.२ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः (प्रदेशको एकीकृत)

(रु.हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | असार मसान्तसम्मको खर्च | असार मसान्तसम्मको खर्च % |
|---|---|---|---|
| चालु | १७८४०३२१ | १०८००३७३ | ६०.५४ |
| पुँजीगत | १८५७६४७९ | १४७२८८५७ | ७९.२९ |
| जम्मा | ३६४१६८०० | २५५२९२२९ | ७०.१० |
| अनुदान हस्तान्तरण | ४३८९८०० | ४३२१४९८ | ९८.४४ |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)

## ६.१३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः

### ६.१३.१ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः (मन्त्रालय)

(रु.हजारमा)

| क्र.सं | विवरण | स्वीकृत बजेट | खर्च | खर्च प्रतिशत | असार मसान्तसम्मको अनुमान % |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | ११०८२७ | २८७३९ | २५.९३ | ७४ |

| क्र.सं | विवरण | स्वीकृत बजेट | खर्च | खर्च प्रतिशत | असार मसान्तसम्मको अनुमान % |
|---|---|---|---|---|---|
| २ | पुँजीगत खर्च | २२१७० | ३९२१ | १७.६९ | ७० |
| कुल | | १३२९९७ | ३२६६० | २४.५६ | ७२ |

(स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय)

### ६.१३.२ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः (प्रदेशको एकीकृत)

(रु.हजारमा)

| क्र. सं | विवरण | स्वीकृत बजेट | खर्च | खर्च प्रतिशत | असार मसान्तसम्मको अनुमान % |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | १७६२९२५२ | ७०१२४२२ | ३९.७८ | ७० |
| २ | पुँजीगत खर्च | १८७२३२४८ | ६२४३३९२ | ३३.३५ | ८२ |
| कुल | | ३६३५२५०० | १३२५५८१४ | ३६.४६ | ७६ |
| ३ | अनुदान हस्तान्तरण | ५१४००५० | ३९८३३१९ | ७७.५० | १०० |

**(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)**

### ६.१३.३ आर्थिक वर्ष २०७७/७८ मा फागुन मसान्तसम्मको प्रदेश संचित कोषमा प्राप्त रकमको विवरणः

(रु.हजारमा)

| शीर्षक | अनुमान/लक्ष्य | संचित कोषमा प्राप्त रकम | प्रगति % |
|---|---|---|---|
| **राजस्व तर्फ** | | | |
| मू.अ. कर | ५६८०६२० | ३४७४३०७ | ६१.१६ |
| अन्तशुल्क | ३७८७०८० | १००८५३८ | २६.६३ |
| रोयल्टी | ३०३००० | ० | ० |
| नदीजन्य पदार्थबाट प्राप्त आय | ५८२६०० | २४६७३ | ४.२४ |

| शीर्षक | अनुमान/लक्ष्य | संचित कोषमा प्राप्त रकम | प्रगति % |
| --- | --- | --- | --- |
| मनोरन्जन कर | ५००० | १४१ | २.८२ |
| विज्ञापन कर | ७५०० | ६९९ | ९.३२ |
| घरजग्गा रजिष्ट्रेशन | ६६०००० | ३९७९८८ | ६०.३० |
| सवारी साधन कर | १२००००० | १११२३७४ | ९२.७० |
| अनुदान/ निकासा फिर्ता | ४००००० | १००६१५३ | २५१.५४ |
| अन्य राजश्व | १६३७७०० | ७८७३६९ | ४८.०८ |
| जम्मा | १४२६३५०० | ७८१२२४२ | ५४.७७ |
| **अनुदानतर्फ** | | | |
| समानीकरण अनुदान | ७६३७१०० | ५७२७८२५ | ७५ |
| सशर्त अनुदान | ५८१३६०० | ३४३१३१८ | ५९.०२ |
| विशेष अनुदान | २१०००० | १३९९०० | ६६.६२ |
| समपुरक अनुदान | ४८३३०० | ३२१९३१ | ६६.६१ |
| गत वर्षको नगद मौज्दात | ७९४५००० | ८३८०७४४ | १०५.४८ |
| **जम्मा (राजस्व +अनुदान)** | **३६३५२५००** | **२५८१३९६१** | **७१.०१** |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

## ६.१४ प्रदेश राजस्व विवरण

### ६.१४.१ आर्थिक वर्ष २०७६/७७ मा प्रदेश राजस्व संकलन विवरणः

प्रदेशको एकल अधिकारको क्षेत्रमा रहेको कृषि आयमा कर कुनै पनि राजस्व संकलन नभएको तर प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन कर, मनोरञ्जन कर, विज्ञापन कर, नदीजन्य पदार्थको शुल्क तथा अन्य प्रशासनिक सेवाशुल्क तथा दस्तुर रहेको छ।

**आर्थिक वर्ष २०७६/७७ मा प्रदेश राजस्व संकलन विवरणः**

(रु. हजारमा)

| सि.न | शीर्षक | लक्ष्य | संकलित रकम | प्रगति % |
|---|---|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १५००००० | ८१३६७१ | ५४.२४ |
| २ | सवारी साधन कर | १६००००० | १११२२२३ | ६९.५१ |
| ३ | ढुङ्गा, गिट्टी, बालुवा | ४५१५०० | १६९८७० | ३७.६२ |
| ४ | रोयल्टी | ३००००० | ० | ० |
| ५ | सेवा शुल्क दस्तुर दण्ड जरिवाना (अन्य राजस्व) | १०२२५०० | ७८११२० | ७६.३९ |
| ६ | विज्ञापन कर | १०००० | ३१७९ | ३१.०७ |
| ७ | मनोरञ्जन कर | १०००० | २५० | २.५ |
| **जम्मा** | | ४८९४००० | २८८०३१३ | ५८.८५ |

**६.१४.२ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म प्रदेश राजस्व संकलन विवरण र असार मसान्तसम्मको अनुमानः**

(रु. हजारमा)

| सि.न. | शीर्षक | लक्ष्य | संकलित रकम | प्रगति % | असार मसान्तसम्मको अनुमान |
|---|---|---|---|---|---|
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६६०००० | ३९७९८८ | ६०.३ | १०० |
| २ | सवारी साधन कर | १२००००० | १११२३७४ | ९२.७२ | १२० |
| ३ | ढुङ्गा, गिट्टी, बालुवा | ५८२६०० | २४६७३ | ४.४२ | ५० |
| ४ | रोयल्टी | ३०३००० | ० | ० | १०० |
| ५ | सेवा शुल्क दस्तुर दण्ड जरिवाना(अन्य राजस्व) | १६३७७०० | ७८७३६९ | ४८.०८ | १०० |
| ६ | विज्ञापन कर | ७५०० | ६९९ | ९.३२ | २५ |
| ७ | मनोरञ्जन कर | ५००० | १४१ | २.८२ | १५ |
| **जम्मा** | | ४३९५८०० | २३२३२४४ | ५२.८५ | **१००** |

## ६.१५ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

यस मन्त्रालयले सञ्चालन गर्ने विकासका आयोजना नभएकोले रोजगारीको विवरण नभएको।

## ६.१६ समस्या तथा चुनौतीः

### १. प्रदेशको आय/श्रोत व्यवस्थापन

- प्रदेश सरकारको आयको दायरा साँघुरो रहेको। एकल अधिकारको सूचीमा पर्ने कर (कृषि आयमा लाग्ने कर) कार्यान्वयनमा आउन नसकेको,
- स्थानीय तहसँग बाँडफाँड हुने करहरु समेत प्रभावकारी हुन नसकेको,
- नदीजन्य पदार्थवाट प्राप्त हुने आयमा समस्या रहेको,
- विज्ञापन करको दायरा बढ्न नसकेको,
- मनोरञ्जन करको दायरा बढ्न नसकेको,
- सवारी साधन करमा समस्या रहेको (अन्य प्रदेशमा दर्ता हुने, कर अन्यत्र वुझाउने प्रयोग यस प्रदेशमा गर्ने) ,
- घर जग्गा रजिष्ट्रेशन शुल्क वास्तविक कारोवार भन्दा भिन्न रहेको,
- अन्य सम्भावित आयमा श्रोत पहिल्याउने र आय वृद्धि गर्ने कार्य यथेष्ट मात्रामा हुन नसकेको।

### २. बजेट/कार्यक्रम

- प्रदेशको बजेट तथा कार्यक्रममा स्पष्ट मापदण्ड र प्राथमिकताको अभाव देखिएको। केही मापदण्ड तथा नीतिगत व्यवस्था भएको भए तापनि कार्यान्वयनमा समस्या देखिएको,
- अधुरा आयोजनाको संख्या बढ्दै गइरहेको,
- केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिएबमोजिम प्राप्त नहुने,
- मन्त्रालयले अधिकांश समय विषयगत मन्त्रालयहरुको कार्यक्रम संशोधनमा केन्द्रित गर्नुपर्ने भएको,
- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास हुन नसकेको,
- प्रदेश स्तरीय योजना/कार्यक्रममा स्वदेशी तथा विदेशी लगानी कर्ताहरु आकर्षित हुन नसकेको,
- संघीय सशर्त अनुदानमा सञ्चालित कार्यक्रमको संशोधन/रकमान्तरमा समस्या देखिएको,

- PLMBIS System मा समस्या आउँदा समय समयमा कार्यसम्पादनमा कठिनाई आउने गरेको।

### ३. अनुदान व्यवस्थापन

- स्थानीय तहले गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त, समपुरक र विशेष अनुदानको रकम समयमै फिर्ता गर्ने नगरेको,
- स्थानीय तहले संकलन गरेको साझा करको अध्यावधिक विवरण प्राप्त गर्ने संयन्त्रको विकास भई नसकेको। साथै साझा करबाट संकलित रकम कतिपय स्थानीय तहहरुले समयमै दाखिला नगरेको,
- प्रदेश र स्थानीय तहबीचको कोष प्रवाह संयन्त्र तयार हुन नसकेको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा स्थानीय सरकार सञ्चालन ऐन बाझिएको,
- प्रदेशको सशर्त अनुदानमा स्थानीय तहमा सञ्चालन हुने कार्यक्रममा अपनत्व र प्राथमिकता सम्बन्धी समस्या देखिएको।

## ६.१७ समस्या समाधानका लागि चाल्नुपर्ने कदमः

### १. प्रणाली/पद्धति सुधार (System)

- कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने ,
- राजस्व, खर्च तथा अनुदान व्यवस्थापन सम्बन्धी एकीकृत प्रणाली विकास गर्नुपर्ने,
- प्रदेशमा आन्तरिक तथा वाह्य लगानी आकर्षित गर्न नीतिगत कानूनी एवम् संस्थागत प्रवन्ध गर्दै लुम्विनी प्रदेशलाई लगानीकर्ताको आकर्षणको केन्द्रको रुपमा अगाडि वढाउनु पर्ने, (लगानी सम्मेलन प्रभावकारी रुपमा सम्पन्न गर्ने),
- PLMBIS System को सर्भर तथा Backup System लाई Upgrade गर्नुपर्ने,
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन तथा स्थानीय सरकार सञ्चालन ऐनमा बाँझिएका वुँदाहरु संसोधन गराउन पहल गर्नुपर्ने,
- प्रदेश र स्थानीय तहबीचको कोष प्रवाह संयन्त्र सम्बन्धी Software निर्माण गर्नुपर्ने।

### २. अनुदान व्यवस्थापन (Grants)

- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास गर्नुपर्ने,

- स्थानीय तहले गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त, समपुरक र विशेष अनुदानको रकम समयमै फिर्ता गराउन पहल गर्नुपर्ने,
- स्थानीय तहमा संचालन हुने प्रदेशको सशर्त अनुदानका आयोजना नगर सभा/गाउँसभाले पारित गरेका आयोजनाबाट प्रदेश सभाका सदस्यहरुले छनौट गर्ने प्रणाली विकासको आवश्यकता देखिएको।

**३. प्रदेशको आय (Income)**

- राजस्व वृद्धिको लागि स्थानीय तहलाई प्रभावकारी परिचालन गरी चुनढुंगा खानी, गिटी बालुवा, विज्ञापन कर तथा मनोरञ्जन कर मार्फत कराधार वृद्धि गर्नुपर्ने,
- केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिए बमोजिम प्राप्त गर्न केन्द्रसँग पहल गर्नुपर्ने,
- स्थानीय तहले संकलन गरेको साझा करबाट संकलित रकम समयमै दाखिला गराउन पहल गर्नुपर्ने,
- प्रदेशको एकल अधिकारको रुपमा रहेको राष्ट्रिय वनलाई प्रदेशको आयको महत्वपूर्ण स्रोतको रुपमा विकास गर्नुपर्ने,
- नदीजन्य पदार्थको संकलन/व्यवस्थापनमा प्रभावकारिता वृद्धि गर्न बलियो कानुनी व्यवस्था गर्न जरुरी रहेको।

**४. बजेट कार्यक्रम (Budgeting)**

- अधुरा आयोजना तथा कार्यक्रमको लागि आवश्यक श्रोत साधनको प्रबन्ध गरी त्यस्ता आयोजनाको संख्यालाई यथासम्भव न्यूनतम सीमामा कायम गर्नुपर्ने,
- अनिवार्य दायित्यलाई पहिले नै बजेट छुट्याई पुँजीगत कार्यक्रमका लागि बजेट प्रस्ताव गर्नुपर्ने,
- प्रदेश सरकार "देखिने" र "सुनिने" केही महत्वपूर्ण कार्यक्रम बनाउने, संचालन गर्ने,
- कार्यक्रमको संख्यामा भन्दा प्रभावकारी कार्यक्रमको coverage मा जोड दिने।

## ६.१८ आगामी कार्यदिशाः

- प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको दायरा यस मन्त्रालयको कार्यक्षेत्र (Scope Work) मा पर्ने क्षेत्रलाई व्यवस्थित गर्न आवश्यक कानून (ऐन, नियमावली, निर्देशिका, कार्यविधि) निर्माणको कार्यलाई तिव्रता दिने,

- मन्त्रालयको कार्यलाई छिटो छरितो रुपमा सम्पादन गर्ने गरी व्यवस्थापकीय क्षमता वृद्धि गर्ने र सूचना प्रविधिको प्रयोगवाट कार्यकुशलता अभिमृद्धि गर्ने,
- योजना तर्जुमा, बजेट निर्माण तथा कार्यान्वयनमा गत तीन आ.व.को अनुभवलाई संस्थागत गर्दै राम्रा अभ्यासलाई वढ्वा दिने र कमीकमजोरी सच्चाउँदै प्रदेश स्तरीय आर्थिक एवम् वित्तीय नीतिको कार्यान्वयनमा दक्षता हासिल गर्दै जाने,
- "थोरै गर्ने तर राम्रो गर्ने" नीति अवलम्वन गर्दै प्रदेशले कार्यान्वयन गर्ने विकास आयोजना तथा गुणस्तरमा विशेष ध्यान दिने र श्रोत साधनको कमी हुन नदिने गरी योजना तर्जुमा तथा बजेट व्यवस्थापनलाई सुधार गर्दै अघि वढ्ने,
- प्रदेश सरकारका सवै जनता वीच प्रदेश सरकार "देखिने" र "सुनिने" कुरा सुनिश्चित गर्न प्रदेशका सवै जनताले सामूहिक रुपमा प्राप्त गर्ने प्रदेशस्तरीय सेवाको पहिचान गरी त्यस्ता सेवाहरुका लागि श्रोत प्रवन्ध गर्ने एवम् कुशलतापूर्वक सेवा प्रवाह गर्ने काम कारवाही अघि वढाउने,
- प्रदेशमा आन्तरिक तथा वाह्य लगानी आकर्षित गर्न नीतिगत कानूनी एवम् संस्थागत प्रवन्ध गर्दै लुम्विनी प्रदेशलाई लगानीकर्ताको आकर्षणको केन्द्रको रुपमा अगाडि वढाउने,
- अधुरा आयोजना तथा कार्यक्रमको लागि आवश्यक श्रोत साधनको प्रवन्ध गरी त्यस्ता आयोजनाको संख्यालाई यथासम्भव न्यूनतम सीमामा कायम गर्ने,

## ६.१९ निष्कर्षः

प्रदेशको समग्र आर्थिक अनुशासन कायम गरी प्रदेश सरकारले गर्ने खर्च जुटाउन स्रोत व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी रहेको यस मन्त्रालयले स्थापना कालदेखि आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। हालसम्म आर्थिक वर्ष २०७४/७५ को आंशिक तथा आर्थिक वर्ष २०७५/७६ आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ समेत गरी चारवटा बजेट तर्जुमा गरी प्रदेश संसदमा पेश गरी स्वीकृत गराइसकेको छ। विषयगत मन्त्रालयहरुलाई बजेट कार्यान्वयनमा सहजीकरण गर्नुका साथै नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँट र प्रदेश सरकारको तर्फबाट स्थानीय तहहरुमा अनुदान हस्तान्तरणसमेत गर्दै आएको छ। प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको राजस्व संकलन र सोको बाँडफाँटको व्यवस्थापन समेत गर्ने गरेको छ। विषयगत मन्त्रालयहरुका विभिन्न बजेट कार्यान्वयन इकाइहरुको स्थापना भएकोले पुँजीगत खर्च साविकको भन्दा बढ्दो क्रममा रहेको छ। यसका साथै अनुदान व्यवस्थापन र राजस्व बाँडफाँट तथा बजेट कार्यान्वयन सम्बन्धमा

समय समयमा स्थानीय तहहरुसँगको समन्वय र सहकार्यले प्रदेश र स्थानीय तहहरुबीचको सम्बन्ध थप प्रगाढ बन्दै गएको छ। प्रदेशको समग्र विकासको लागि स्रोत साधन व्यवस्थापनका साथै विषयगत मन्त्रालयहरुको पुँजीगत खर्चमा बढोत्तरीका माध्यमबाट **समृद्ध प्रदेश सुखी जनता**को दीर्घकालीन लक्ष्य हासिल गर्ने दिशामा यो मन्त्रालय क्रियाशील रहँदै आएको छ।

# परिच्छेद-७

# भौतिक पूर्वाधार विकास मन्त्रालय

## ७.१ पृष्ठभूमिः

नेपालको संविधानले तीन तहका सरकारको अधिकार सहितको कार्यविभाजन अनुसूचीमा व्यवस्था गरेको छ भने प्रदेश सरकारको कार्य विस्तृतीकरण अनुसार यस मन्त्रालयको कार्यक्षेत्र भित्र प्रदेश भित्रका सडक, पूल, सिंचाइ, ऊर्जा, खानेपानी तथा सरसफाई, आवास, भवन तथा सहरी विकास जस्ता पूर्वाधार आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन तथा यातायात सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने उद्देश्यले मिति २०७४/१०/१९ मा भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को २०७५/०२/०६ को निर्णयानुसार यस मन्त्रालय अन्तर्गत एक यातायात पूर्वाधार निर्देशनालयका अतिरिक्त प्रादेशिक सडक, ग्रामीण सडक, जलश्रोत तथा ऊर्जा विकास, खानेपानी तथा सरसफाई, आवास, भवन तथा शहरी विकास, प्रशासन, योजना तथा अनुगमन गरी विभिन्न ६ वटा महाशाखा, निर्देशनालय सहित विभिन्न ४७ वटा विषयगत कार्यालयहरु क्रियाशिल छन्।

## ७.२ दीर्घकालीन सोचः

गरिबी निवारण र दिगो शान्ति स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार विकासको माध्यमबाट आर्थिक तथा सामाजिक समृद्धि हासिल गरी प्रदेशको "समृद्ध प्रदेशः खुसी जनता" को लक्ष्यमा टेवा पुऱ्याउनु यस मन्त्रालयको दीर्घकालीन सोच रहेको छ।

## ७.३ उद्देश्यः

प्रदेशभर सडक, सडक-पूल, झोलुङ्गे पूल, सिंचाइ, जल उत्पन्न प्रकोप नियन्त्रण, खानेपानी तथा सरसफाई, उर्जा, आवास, भवन तथा शहरी विकास जस्ता भौतिक पूर्वाधारहरुको विकास र सुरक्षित, भरपर्दो तथा गुणस्तरीय यातायात व्यवस्थापन गर्नु यस मन्त्रालयको मुलभूत उद्देश्य हो।

## ७.४ रणनीतिः

- स्थानीय तहहरुको पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी भौतिक पूर्वाधारको विकास, विस्तार र सुदृढीकरण गर्ने,
- पूर्वाधार विकासको माध्यमबाट रोजगारी सिर्जना गर्ने,
- पूर्वाधार विकासलाई नागरिक एवम् वातावरण मैत्री बनाउने,
- विपदबाट हुने जोखिम न्यूनीकरण हुने गरी पूर्वाधारहरुको विकास र विस्तार गर्ने,

- स्थानीय श्रम, सीप, स्रोत-साधन र प्रविधिको उपयोगलाई प्राथमिकता दिई पूर्वाधार विकासमा जनसहभागिता र स्वामित्व प्रवर्द्धन गर्ने,
- "एक घर: एक धारा" र पूर्ण सरसफाई उन्मुख कार्यक्रम कार्यान्वयन गर्ने,
- पूर्वाधार विकासको माध्यमबाट रोजगारी सिर्जना गर्ने।

## ७.५ कार्यक्षेत्र:

**सडक**

- प्रदेश लोकमार्गहरुको निर्माण,
- प्रादेशिक सडकहरुको निर्माण (स्थानीय तह, पर्यटन, उद्योगस्थल, कृषिक्षेत्र) ,
- दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरु (ग्रामीण र कृषि सडक) ,
- सडक पूल तथा झोलुङ्गे पुल,
- यातायात व्यवस्थापन तथा सडक सुरक्षा कार्यक्रम,
- प्रदेश गौरवका आयोजना कार्यान्वयन।

**सिंचाइ**

- मझौला प्रकृतिका आयोजना (तराई-मधेशमा २००-५,००० हे. सम्म, पहाडमा ५०-१०० हे.सम्म र हिमाली क्षेत्रमा २५-५० हे.सम्म) आयोजनाहरुको अध्ययन, अनुसन्धान, गुरुयोजना, निर्माण तथा व्यवस्थापन,
- एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरुको निर्माण तथा समन्वय।
- नयाँ प्रविधिमा आधारित एकीकृत नदी तथा जलाधार सम्बन्धी आयोजनाहरुको व्यवस्थापन,
- भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल ट्यूबवेल तथा डिप ट्यूबवेल सिंचाइ योजनाहरु तथा ट्यूबवेल योजनाको मर्मत तथा व्यवस्थापन।

**जलउत्पन्न प्रकोप तथा व्यवस्थापन**

- मझौला प्रकृतिका नदीहरु (महाभारत र चुरे पहाडबाट उद्गम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन,
- लम्बाइ १००-२०० मिटरसम्म, फेदको चौडाइ ५०-१०० मिटर तथा कुल क्षेत्र ५,०००-२०,००० वर्गमिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन।

**ऊर्जा**

- ३ देखि २० मेगावाटसम्मका विद्युत आयोजनाहरुको निर्माण, सञ्चालन तथा नियमन,

- ११ देखि ३३ के.भी. सम्मका साना प्रसारण लाइन निर्माण र व्यवस्थापन,
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण।

**खानेपानी तथा सरसफाई**

- प्रदेशस्तरका आधारभूत खानेपानीका लागि सतही, लिफ्टिङ, पम्पिङ्ग, वर्षातको पानी सङ्कलन प्रविधि प्रयोग गरी पानीको प्रशोधन र वितरण सम्बन्धी कार्यहरु,
- फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरु,
- ढल व्यवस्थापन तथा पूर्ण सरसफाई सम्बन्धी कार्यहरु।

**आवास, भवन तथा शहरी विकास**

- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा,सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार,
- प्रदेशभित्रको आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्गनिर्देशन,
- प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको योजना तर्जुमा, कार्यान्वयन तथा संयोजन,
- लक्षित आवास कार्यक्रमको नीति, योजना र कार्यान्वयन,
- एकीकृत बस्ती विकास।

**यातायात**

- सवारी दर्ता (शुरु दर्ता, सरुवा सहमति दर्ता, लिलाम दर्ता, अस्थायी दर्ता) ,
- सवारी जाँचपास,
- रुट परमिट (बाटो इजाजत) ,
- नवीकरण,
- पटके रुट इजाजत ,
- सवारी चालक अनुमति पत्र वितरण र नवीकरण।

## ७.६ कानुनी तथा नीतिगत व्यवस्थाः

यस मन्त्रालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छनः

- जलस्रोत ऐन, २०४९
- सडक बोर्ड ऐन, २०५८
- सार्वजनिक सडक ऐन, २०३१
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- नेपाल इन्जिनियरिंग परिषद् ऐन, २०५५

- खानेपानी नियमावली, २०५५
- जलस्रोत नियमावली, २०५६
- सिंचाइ नियमावली, २०५०
- सवारी तथा यातायात व्यवस्था (छैटौं संशोधन) नियमावली,२०७३
- प्रदेश भवन ऐन,२०७५
- सडक,यातायात तथा परिवहन सम्बन्धी ऐन,२०७६
- जनता आवास कार्यान्वयन कार्यविधि, २०७५ (प्रथम संशोधन)
- घरेलु सौर्य उर्जा अनुदान कार्यविधि,२०७४
- खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०७६
- विपद् प्रभावित क्षेत्रमा एकीकृत बस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यविधि,२०७६
- सडक छेउमा फिलिङ स्टेशन स्थापनाका लागि मापदण्ड, २०७६

## ७.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.सं. | पद | सेवा | समूह | उप-समूह | तह/श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | ईन्जिनियरिङ्ग | सिभिल | समूहकृत नहुने | रा.प.प्रथम | १ | १ | ० | |
| २ | निर्देशक | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | एघारौं | १ | ० | १ | |
| ३ | उप-सचिव | प्रशासन | सा.प्र. | – | नवौं/दशौं | ५ | १ | ४ | |
| ४ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | हाईवे | नवौं/दशौं | २ | १ | १ | |
| ५ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | नवौं/दशौं | १० | ५ | ५ | |
| ६ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | हा.पा./इरि. | नवौं/दशौं | १ | १ | ० | |
| ७ | सि.डि.ई | ईन्जिनियरिङ्ग | एगृ.इरि. | – | नवौं/दशौं | २ | २ | ० | |
| ८ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | नवौं/दशौं | १२ | ११ | १ | |
| ९ | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | नवौं/दशौं | ६ | ६ | ० | |
| १० | सि.डि.ई | ईन्जिनियरिङ्ग | सिभिल | वि.आ. | नवौं/दशौं | ५ | १ | ४ | |
| ११ | सि.डि.हा.जी. | ईन्जिनियरिङ्ग | जियोलोजी | हा.जि. | नवौं/दशौं | ३ | ३ | ० | |
| १२ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | – | सातौं/आठौं | २० | १७ | ३ | |
| १३ | लेखा अधिकृत | प्रशासन | लेखा | – | सातौं/आठौं | ७ | ५ | २ | |
| १४ | कानून अधिकृत | न्याय | कानून | – | सातौं/आठौं | १ | १ | ० | |
| १५ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | हाईवे | सातौं/आठौं | ८ | ० | ८ | |
| १६ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | सातौं/आठौं | ३४ | १८ | १६ | |
| १७ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | सातौं/आठौं | ३९ | ३० | ९ | |

| क्र.सं. | पद | सेवा | समूह | उप-समूह | तह/श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | एगृ.इरि. | – | सातौं/आठौं | ४ | ४ | ० | |
| १९ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | हा.पा. | सातौं/आठौं | ४ | ० | ४ | |
| २० | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | सातौं/आठौं | २० | १९ | १ | |
| २१ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | वि.आ. | सातौं/आठौं | १७ | ४ | १३ | |
| २२ | मे.ईन्जिनियर | ईन्जिनियरिङ्ग | मेकानिकल | ज.मे. | सातौं/आठौं | ५ | ० | ५ | |
| २३ | हा.जि. | ईन्जिनियरिङ्ग | जियोलोजी | हा.जि. | सातौं/आठौं | ६ | ५ | १ | |
| २४ | ना.सु./अधिकृत | प्रशासन | सा.प्र. | – | पाचौं/छैठौं | ६१ | ५७ | ४ | |
| २५ | लेखापाल | प्रशासन | लेखा | – | पाचौं/छैठौं | ४४ | ३९ | ५ | |
| २६ | कम्प्यूटर अपरेटर | विविध | – | – | पाचौं/छैठौं | २८ | २६ | २ | |
| २७ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | एगृ.इरि. | – | पाचौं/छैठौं | ० | ० | ० | |
| २८ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | हाईवे | पाचौं/छैठौं | ३ | ० | ३ | |
| २९ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | पाचौं/छैठौं | ६० | ५० | १० | |
| ३० | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | पाचौं/छैठौं | ५८ | ३० | २८ | |
| ३१ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | पाचौं/छैठौं | १८ | ७ | ११ | |
| ३२ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | वि.आ. | पाचौं/छैठौं | १२ | ३ | ९ | |
| ३३ | सब-ईन्जिनियर | ईन्जिनियरिङ्ग | सिभिल | हा.पा. | पाचौं/छैठौं | ० | ० | ० | |
| ३४ | सि.ए.अर्गनाईजर | ईन्जिनियरिङ्ग | सिभिल | इरिगेशन | पाचौं/छैठौं | ८ | ४ | ४ | |
| ३५ | अ.ग्र.हा.जी. | ईन्जिनियरिङ्ग | जियोलोजी | हा.जि. | पाचौं/छैठौं | ३ | १ | २ | |
| ३६ | खा.पा.स.टे. प्रथम | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | पाचौं/छैठौं | १८ | १२ | ६ | |
| ३७ | महिला कार्यकर्ता | विविध | – | – | पाचौं/छैठौं | ४ | २ | २ | |
| ३८ | ल्याब टेक्निसियन | ईन्जिनियरिङ्ग | सिभिल | जनरल | पाचौं/छैठौं | ९ | २ | ७ | |
| ३९ | मेकानिकल सुपरभाईजर | ईन्जिनियरिङ्ग | मेकानिकल | ज.मे. | पाचौं/छैठौं | ८ | ८ | ० | |
| ४० | सिनियर मेकानिक्स | ईन्जिनियरिङ्ग | मेकानिकल | नि.उ.सम्भार | पाचौं/छैठौं | ३ | ३ | ० | |
| ४१ | इले. ओभरसियर | ईन्जिनियरिङ्ग | इलेक्ट्रिकल | ज.इलेक्ट्रिकल | पाचौं/छैठौं | ३ | ३ | ० | |
| ४२ | एशोसिएशन अर्गनाईजर | ईन्जिनियरिङ्ग | एगृ.इरि. | – | चौथो/पाचौं | ६ | ४ | २ | |
| ४३ | खा.पा.स.टे. द्रितीय | ईन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | चौथो/पाचौं | ८ | ७ | १ | |
| ४४ | सह-लेखापाल | प्रशासन | लेखा | – | चौथो/पाचौं | ११ | ११ | ० | |
| ४५ | सहायक कम्प्यूटर अप. | विविध | – | – | चौथो/पाचौं | ३ | २ | १ | |

| क्र.सं. | पद | सेवा | समूह | उप-समूह | तह/श्रेणी | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | ल्याब असिस्टेन्ट | ईन्जिनियरिङ्ग | हाइवे | | चौथो/पाचौं | ३ | ० | ३ | |
| ४७ | खरिदार | प्रशासन | सा.प्र. | – | चौथो/पाचौं | २५ | २३ | २ | |
| ४८ | ह.स.चा. | | | | | ३४ | ३१ | ३ | |
| ४९ | का.स. | | | | | १०० | ८८ | १२ | |
| **जम्मा** | | | | | | **७४३** | **५४८** | **१९५** | |

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय

## ७.८ मन्त्रालय अन्तर्गतका निकायहरुः

| क्र.सं. | निर्देशनालय/कार्यालय | कार्यालय संख्या | कार्यालय अवस्थित | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | यातायात पूर्वाधार निर्देशनालय, बुटवल | १ | रुपन्देही | सडक पूर्वाधार विकास |
| २ | सडक पूर्वाधार विकास कार्यालय | ११ | शिवपुर, कपिलवस्तु | कपिलवस्तु |
| | | | जस्पुर, प्यूठान | प्यूठान |
| | | | गुल्मी | गुल्मी |
| | | | रुपन्देही | रुपन्देही र नवलपरासी (ब.सु.प.) |
| | | | बर्दिया | बर्दिया |
| | | | बाँके | बाँके |
| | | | दाङ्ग | दाङ्ग |
| | | | अर्घाखाँची | अर्घाखाँची |
| | | | पाल्पा | पाल्पा |
| | | | रोल्पा | रोल्पा |
| | | | रुकुम पूर्व | रुकुम पूर्व |
| ३ | जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | १२ | रुपन्देही | रुपन्देही |
| | | | नवलपरासी पश्चिम | नवलपरासी पश्चिम |
| | | | कपिलवस्तु | कपिलवस्तु |
| | | | दाङ्ग | दाङ्ग |
| | | | बाँके | बाँके |
| | | | बर्दिया | बर्दिया |
| | | | गुल्मी | गुल्मी |
| | | | पाल्पा | पाल्पा |
| | | | अर्घाखाँची | अर्घाखाँची |

| क्र.सं. | निर्देशनालय/कार्यालय | कार्यालय संख्या | कार्यालय अवस्थित | कार्यक्षेत्र |
|---|---|---|---|---|
| | | | रोल्पा | रोल्पा |
| | | | प्यूठान | प्यूठान |
| | जलश्रोत तथा सिंचाइ विकास सब-डिभिजन | | रुकुम पूर्व | रुकुम पूर्व |
| | भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय | ३ | रुपन्देही | रुपन्देही, नवलपरासी (ब.सु.प.), पाल्पा र गुल्मी |
| | | | दाङ्ग | दाङ, कपिलवस्तु, प्यूठान, रोल्पा, अर्घाखाँची र रुकुम-पूर्व |
| | | | बाँके | बाँके र बर्दिया |
| | वाणगंगा सिंचाइ व्यावस्थापन कार्यालय | ३ | कपिलवस्तु | कपिलवस्तु |
| | प्रगन्ना वड्कापथ सिंचाइ व्यवस्थापन | | दाङ्ग | दाङ्ग |
| | माडि-लुङ्ग्री सिंचाइ करिडोर आयोजना | | रोल्पा | रोल्पा र प्यूठान |
| | प्रदेश ऊर्जा कार्यालय | १ | दाङ्ग | लुम्बिनी प्रदेशका सबै जिल्ला |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ६ | रुपन्देही | रुपन्देही, नवलपरासी (ब.सु.प.), कपिलवस्तु |
| | | | पाल्पा | पाल्पा, अर्घाखाँची |
| | | | दाङ्ग | दाङ्ग, रुकुम-पूर्व |
| | | | प्यूठान | प्यूठान र रोल्पा |
| | | | गुल्मी | गुल्मी |
| | | | बाँके | बाँके र बर्दिया |
| ५ | शहरी विकास तथा भवन कार्यालय | ४ | रुपन्देही | रुपन्देही, नवलपरासी(ब.सु.प.), कपिलवस्तु, अर्घाखाँची |
| | | | पाल्पा | पाल्पा र गुल्मी |
| | | | दाङ्ग | दाङ्ग, प्यूठान, रुकुम-पूर्व, रोल्पा |
| | | | बाँके | बाँके र बर्दिया |
| ६ | यातायात व्यवस्था कार्यालय, स.चा.अ.प. | ७ | रुपन्देही | |
| | यातायात व्यवस्था कार्यालय, सवारी | | रुपन्देही | |

| क्र.सं. | निर्देशनालय/कार्यालय | कार्यालय संख्या | कार्यालय अवस्थित | कार्यक्षेत्र |
|---|---|---|---|---|
| | यातायात व्यवस्था कार्यालय | | दाङ्ग | |
| | | | बाँके | |
| | यातायात व्यवस्था सेवा कार्यालय | | भैरहवा, रुपन्देही | |
| | | | पाल्पा | |
| | | | भालुवाङ्ग, दाङ्ग | |
| | जम्मा कार्यालय | ४८ | | |

## ७.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव बन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः**

१. भूमिगत जल सिंचाइ आयोजना कार्यान्वयन कार्यविधि, २०७७

२. सडक तथा फुटपाथ निर्माण सम्बन्धी निर्देशिका, २०७७

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरण**

३. प्रदेश सिंचाइलाई व्यवस्थित गर्न वनेको विधेयक (आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति प्राप्त नभएको)

४. प्रदेश खानेपानी तथा सरसफाई विधेयक (सरोकारवालाहरुलाई रायको लागि पठाइएको),

५. सडक सवारी, यातायात तथा परिवहन (पहिलो संशोधन) ऐन,

६. प्रदेश यातायात नियमावली (मस्यौदा कार्यदलमा छलफलको क्रममा रहेको),

७. कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि (आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति प्राप्त नभएको),

८. पुनर्ताजगी केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७७ (आर्थिक मामिला तथा योजना मन्त्रालयमा रायको लागि पठाइएको)।

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. एकिकृत वस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,

२. प्रदेश सडक मापदण्ड,

३. जलउत्पन्न प्रकि व्यवस्थापन कार्यविधि।

## ७.१० चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| २०१, २१४ | १०१ | एकीकृत बस्ती विकास कार्यक्रम मापदण्ड तयार गर्ने। **आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम ब.उ.शि.न.३३७०४०१२**<br>(क) प्रदेशका ६ स्थानलाई शीर्षविन्दु घोषणा गरी विकास गर्ने नीति बमोजिम तराईका बुटवल-भैरहवा, नेपालगञ्ज-कोहलपुर र घोराही-तुल्सीपुरमा व्यवस्थित घना शहरीकरण तथा पूर्वाधार विकासका लागि एकीकृत गुरूयोजना सम्पन्न गरिनेछ, पहाडका नदी सभ्यता तथा धार्मिक, ऐतिहासिक सम्पदालाई मनन गर्दै पर्यटनमैत्री पहाडी शहर विकास। विकसित सडक संजालले उजागर गरेका अर्घाखाँचीको दुर्गाफाँट, गुल्मीको बुल्मलगायतका तीन सम्भावित स्थलहरूमा पहाडी साना शहरको सम्भाव्यता अध्ययन। प्रदेशका सबै जिल्लाका ४७ वटा स्थानमा सञ्चालित आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम अन्तर्गत एकीकृत पूर्वाधार कार्यक्रम। | ४ वटा आयोजनाहरुको कार्य सम्पन्न। १५ वटा आयोजनाहरुको प्रथम चरणको कार्य सम्पन्न २९ वटा आयोजनाहरुको प्रथम चरणको कार्य सम्पन्न हुने अवस्थामा रहेको। नया कामको ४४ वटाको बोलपत्र आव्हान भै कनर्यान्वियनमा रहेको। |
| २०२ | १०० | • बहुतले आवास निर्माणलाई प्रोत्साहन गर्ने।<br>• राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन (सरकारी भवन निर्माण तथा सभाहल निर्माण कार्यक्रम) | २४ वटा आयोजनाहरुको निर्माण कार्य भइरहेको र १ आयोजनाको जग्गा प्राप्त हुन नसकेको। |
| २०० | १०२, १११, | • स्थानीय तहको समन्वय तथा सहकार्यमा आगामी आर्थिक बर्षमा ६ वटा पहाडी | • २ वटा चक्रपथ, ३ वटा महानगर उन्मुख शहरी पूर्वाधार |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | ११३ | जिल्लामा साना सहरको विकासका लागि सम्भाव्यता अध्ययन। भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डको प्रभावकारी कार्यान्वयन तथा नियमन।<br>• तराईका बुटवल-भैरहवा, नेपालगञ्ज-कोहलपुर तथा घोराही-तुल्सीपुर र पहाडका स्वर्गद्धारी (भिङग्री), रुरुक्षेत्र (रिडी) र रामपुरलाई प्रदेशका ६ शीर्षविन्दु (नोडल प्वाइन्ट) घोषणा गर्ने र विकास र संजालका आयामहरुलाई त्यस ढाँचामा केन्द्रित गर्ने।<br>• महानगर पूर्वाधार विकास कार्यक्रम संचालन। यस कार्यक्रम अन्तरगत यस वर्ष विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा गर्ने।<br>**शहरी पूर्वाधार विकास कार्यक्रम ब.उ.शि.न ३३७०४०१४**<br>• प्रदेशभित्रका सबै जिल्ला सदरमुकाम तथा घना आवादी भएका ३३ वटा शहरी क्षेत्रका सडकमा पैदल यात्रीहरूले प्रयोग गर्ने सडक फुटपाथ निर्माण। | कार्य, १९ वटा पार्क र २४ वटा फुटपाथको ४५ प्रतिशत निर्माण कार्य भएको। ९ सडक तथा फुटपाथको सम्झौता भै कार्यान्वयनमा रहेको। |
| १९९ | १०० | नीतिगत र कानूनी व्यवस्था गरी सघन सहरी क्षेत्रमा बहुतले आवासको निर्माणलाई प्रोत्साहन गरिनेछ। मौलिक एवम् प्राचीन वास्तुकला प्रवर्द्धन गर्दै स्थानीय निर्माण सामग्री प्रयोग हुने गरी सुरक्षित घर निर्माण गर्न सहजीकरण गर्ने। **जनता आवास कार्यक्रम ब.उ.शि.न ३३७००१२०**<br>(क) प्रदेशका १२ वटै जिल्लामा नेपाल सरकारबाट | पुराना १२२७ आवास सम्पन्न ४६८ आवास कार्यान्यनमा रहेका र ७७२ आवासको नयाँ सम्झौता भएको। |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | सशर्त अनुदानमा हस्तान्तरित जनता आवास कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता। चालु आर्थिक वर्षमा क्रमागत रहेका २६४० वटा आवासलाई आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरी थप ७८७ वटा आवास निर्माण | |
| १७७ | ८७ | प्रदेशका गौरवका आयोजनाहरु र रणनीतिक महत्वका पूर्वाधार विकासका आयोजनाहरु पहिचान। | • प्रदेशका गौरवका २३ वटा आयोजनाहरु मध्ये २१वटा को निर्माण कार्य भइरहेको, १वटाको DPR बन्दै १ वटाको पुनः ठेक्का भई रद्द भएको।<br>• रणनीतिक सडकहरुको निर्माण कार्य अगाडि बढेको। |
| | | (क) गुरूयोजनामा सभावेश भएका सडक आयोजनाहरूको प्राथमिकताका आधारमा निर्माण, मर्मत संम्भार, स्तरोन्नति तथा सडकको अधिकार क्षेत्र कार्यान्वयन गरिने। | • सडक सञ्जालको नियमित मर्मत संभार (१०६ वटा) मध्ये १०६ वटा योजनाहरु कार्यान्वयनमा रहेका।<br>• सडक संजालको मर्मत संभार (८६ वटा) मध्ये ८६ वटा योजनाहरु कार्यान्वयनमा रहेको। |
| १७८, | ८८ | प्रदेशस्तरीय सडक संजालको दिगो व्यवस्थापनमा जोड। | • प्रदेश स्तरीय सडक (१३६ वटा) मध्ये १३५ वटा कार्यान्वयनमा गएको र १ वातावरणीय दृष्टिकोणले सडक निर्माण गर्न उपयुक्त नभएको।<br>• कृषि सडक (६ वटा), पर्यटन |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १७९ | | | स्थल पहुँच मार्ग (१७ वटा), सिमाक्षेत्र सडक कार्यक्रम (१८ वटा), आयोजनाहरु कार्यान्वयनमा रहेका।<br>• उद्योग स्थल पहुँच मार्ग (२ वटा) मध्ये २ वटा आयोजनाहरु कार्यान्वयनमा रहेका। |
| | | (क) प्रदेशको गौरवको आयोजनाका रूपमा रामपुरदेखि कपुरकोटसम्भको जीवराज आर्श्रत कृष्णसेन इच्छुक मार्गलाई पाल्पा जिल्लाको होराङ्कदी-ढुङ्काखानी खण्ड, अर्घाखाँचीको सन्धिखर्क-धारापानी-चुजाठाँटी खण्ड, प्युठान जिल्लाको दाखाक्वाडी-बिज्रबाङ्ग-भिङ्ग्री खण्ड, रोल्पाको दहवन-निगालपानी खण्ड गरी चार खण्डमा निर्माण गर्ने कार्यलाई निरन्तरता। | • कार्यान्वयन भइरहेको। |
| | | (ख) रणनैतिक महत्वका दाङ उपत्यकाको दाभोदर मार्ग, अर्घाखाँची जिल्लाको गच्छे-ढिकुरा-धनचौर- जलुके- लामाताल- बडीदमार-शान्तिपुर -हासिपुर -रामापुर सडक, रुपन्देही जिल्लाको बेथरी-गुर्वनिया-खैयाघाट सडक, बुटवल उपमहानगरपालिकाकोपुरानो बसपार्क -योगिकुटी-कालिकापथ सडक, नवलपरासीको सनुवल -पर्सावल-अम्रोट-बन्जरियमा-घिनाहा-बकेना सडक,पटौटी-दुर्गा फाट-कुखुरे देउराली-खर्ज्याङ-सिमिचौर-तम्घास सडक, | • निर्माणकार्य अगाडि बढेको।<br>• धागो कारखाना चरङ्गे झुम्सा सडक (पाल्पा खण्ड)मा गत आ.व को ठेक्का सम्पन्न भएको र बाँकी रकमको बहुबर्षिय योजनाको टेन्डर आब्हान भएको।<br>• घोराही मसिना मर्देस पाखापानी उर्जा मन्दिर स्वर्गद्वारी सडक गत आ.व को ९०% काम सम्पन्न । |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | बाँकिको खजुरा बिगाँउ ईगाॅउ-पिलाडी-कोहलपुर सडकलगायत १६ वटा सडकहरूको निर्माण कार्यलाई निरन्तरता दिने। | यस आ.व को ल.ई तयार हुदै। |
| १८० | ८९ | स्थानीय तह पहुँच मार्ग कार्यक्रमलाई चालु आर्थिक बर्ष देखि बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गर्ने। | स्थानीय तह पहुँच मार्ग (३० वटा) मध्ये ८ वटा बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत भएको र हाल ३० वटा नै कार्यान्वयनमा रहेका। |
| १८७ | ९२ | सडक सुरक्षाका लागि सडक पूर्वाधारहरुको निर्माण, मर्मत सम्भार एवम् स्तरोन्नति। सडक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिने। | सडक सुरक्षा कार्यक्रम (१५ वटा) मध्ये १४ वटा कार्यान्वयनमा रहेको १ वटा बजेट न्युन भयकोले कार्यान्वयन हुननसकेको। |
| १९० | ९५ | हाल निर्माणाधीन ५५ वटा सडक पुलमध्ये आगामी आर्थिक बर्षमा १५ वटा पुल निर्माण सम्पन्न गरिनेछ र बाँकी ४० वटा पुल आगामी वर्ष सम्पन्न गर्ने। | सडक पुल निर्माण (५४ वटा) मध्ये ५ वटा सडक पुल सम्पन्न, १ वटा पुनः डिजाइन हुँदै ४८ वटा को निर्माण कार्य भैरहेको। |
| | ९६ | झोलुङ्गे पुलहरुको लगत संकलन गरी प्राविधिक सम्भाव्यता र प्राथमिकताको आधारमा मुख्य मार्गमा पर्ने झोलुङ्गे पुलहरुको निर्माण एवम् मर्मत सम्भार गर्ने। | झोलुङ्गे पुल निर्माण (क्रमागत) (११ वटा) मध्ये ११ वटा कार्यान्वयनमा रहेको।<br>झोलुङ्गे पुल निर्माण (नयाँ) (११ वटा) मध्ये ९ वटा कार्यान्वयनमा गएको र २ वटाको डि.पि.आर तयार हुँदै।<br>झोलुङ्गे पुलको वृहत मर्मत (१५ वटा) मध्ये १४ वटा कार्यान्वयनमा |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | | | रहेको, १ वटाको काम शुरु नभएको। |
| १९२ | ९७ | कपिलवस्तुको शिवपुरमा निर्माण सामग्री परीक्षण प्रयोगशाला आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने। | LOI जारी भएको। |
| | १०४ | संयुक्त व्यवस्थापनमा सञ्चालन भइरहेका सिंचाइ आयोजनाहरुको नियमित मर्मत संभार र उपयोग गर्ने पद्धतिमा सुधार गरी दिगो व्यवस्थापन गर्न जल उपभोक्ता समितिलाई सक्षम र जिम्मेवार बनाइनेछ। | • जल उपभोक्ता समिति सँगको समन्वयमा संयुक्त व्यवस्थापन अन्तरगतका आयोजनाहरुको कार्य भइरहेको। |
| | १०५ | जलउत्पन्न प्रकोप न्यूनीकरण। | • मुख्य मुख्य खोला / नदिहरुको गुरुयोजना तयार भई सोही अनुसार कार्य भइरहेको।<br>• प्रकोप न्यूनीकरणका लागि बजार, मानबस्ती र सदरमुकाम संरक्षण कार्य लक्ष्य अनुसार भइरहेको। |
| | १०८ | जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नुका साथै भूमिगत जलको पुनर्भरण (रिचार्ज) गर्न जलाशययुक्त आयोजनाको पूर्व सम्भाव्यता अध्ययन। | • जलाशययुक्त आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययन गर्ने तयारी भइरहेको। |
| | ९३ | प्रदेशस्तरीय यातायात प्रशासन सञ्चालनका लागि आवश्यक पर्ने प्रदेश यातायात परिवहन नियमावली लगायतका कानून निर्माण गर्ने। | प्रदेश यातायात परिवहन नियमावलीको मस्यौदा विभिन्न सरोकारवाला सँग अन्तरक्रिया तथा छलफल गरी कानून मस्यौदा समितिमा छलफलको लागि पठाइएको। |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १८९ | ९३ | सवारी चालक अनुमतीपत्रको वितरण गर्ने कार्यलाई छिटो, छरितो, पारदर्शी र व्यवस्थित बनाईने। | • प्रयोगात्मक परीक्षास्थलमा सि.सि.टि.भि. क्यामेराको व्यवस्था गरिएको।<br>• यातायात व्यवस्था विभागको समन्वयमा स.चा.अ.प. आवेदनको कोटा प्रणाली हटाईएको।<br>• स्मार्ट कार्ड वितरणको लागि यातायात व्यवस्था कार्यालय बाँकेमा License Distribution Management Information System (LDMIS)लागू भई स्मार्ट कार्ड वितरण र अभिलेख व्यवस्थापनमा सुदृढीकरण भएको। |
| | ९३ | प्रदेश भित्रका समग्र सवारीको वैज्ञानिक सूचीकरण, अभिलेख व्यवस्थापन। | यातायात व्यवस्था कार्यालय, बाँकेद्धारा कार्ययोजना पेश गरेको तथा सोही बमोजिम अभिलेख सुधारको लागि पुराना ढङ्गा अभिलेखहरुको बाईन्डिङ्ग लगायतको कार्य अगाडि बढाएको। |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| १९४, १९५, १९६, १९७, १९८, १९९ | ९८ | देशभरका सबै स्थानीय तहहमा निर्माणाधिन अवस्थामा रहेका खानेपानी, सरसफाई तथा स्वच्छता योजना तयार गर्ने। **“एक घर, एक धारा”** को संकल्प प्रस्ताव पारित गरिसकेको सन्दर्भमा क्रमागत आयोजना सम्पन्न गरी नयाँ आयोजनाको निर्माण र सम्पन्न आयोजनाको मर्मत संभार।<br>**खानेपानी र सरसफाई** | • घर धुरी तथ्याङ्क संकलन भइ रहेको।<br>• ९ वटा खानेपानी तथा सरसफाई आयोजनाहरु सम्पन्न।<br>• ११५ वटा मर्मत खानेपानी आयोजनाहरुमा कार्य भै रहेको। |
| | | | • ६६३ वटा खा.पा.आ. मध्ये ५७६ वटा खा.पा.आ कार्यान्वयन अवस्थामा रहेको।<br>• कपिलबस्तु जिल्लाकोपानी परिक्षण प्रयोगशालाको टेन्डर भई कार्य अन्तिम चरणमा रहेको।<br>• १२१ वटा मर्मत सुधार तथा विस्तार आयोजना मध्ये ११५वटा कार्यान्वयन अवस्थामा रहेको।<br>• WAS ”वास” योजना अनुसार आयोजना छनौटको चरण रहेको।<br>• ५२७ वटा उच्च प्रविधियुक्त केन्द्रिय खानेपानी कार्यक्रम आयोजनाहरु मध्ये ४३७ वटा कार्यान्वयन अवस्थामा रहेको।<br>• लागत अनुमानको तुलनामा विनियोजित बजेट अत्यन्तै न्यून रहेकोले उक्त आयोजनाहरु संघमा फिर्ता गर्ने क्रममा रहेको। |

| ब.व.को बुँदा नं. | नीति तथा का.बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|---|
| | ९९ | देशलाई पूण सरसफाई उन्मुख देश घोषणा गर्ने कार्यलाई स्थानीय तहसँगको समन्वयमा अघि बढाइने। पूर्व-पश्चिम लोकमार्गमा शुरु गरिएको ६ वटा पुनर्ताजगी केन्द्र निर्माण गर्ने। वातावरण अनुकूलित विधिको उपयोग गरी सार्वजिनक शौचालय तथा सहरी ढल व्यवस्थापन गर्ने। | ४ वटा आधुनिक शौचालय निर्माण कार्यको लागि टेन्डर भै कार्यान्वयन अवस्थामा रहेको। |

## ७.११ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु.हजारमा)

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| **खानेपानी तथा सरसफाईतर्फ** | | | | | | | | | | | |
| १. | संघ शसर्त अनुदान कार्यक्रम (३३७००१२०) | ६८९ | ९०७५०१ | ५० | ४८ | ४५३७५१ | ९५.७२ | ६८९ | १०० | ९०७५०० | |
| २. | सघन खानेपानी विकास कार्यक्रम | ६६३ | १४१७७०० | ५० | ३० | ७०८८५० | ५७.७७ | ६६३ | १०० | १४१७७० | |
| ३. | सरसफाई तथा ढल व्यवस्थापन | ५ | १२९८५० | ५० | १ | ६४९२५ | ०.६३ | ५ | ८५ | १२९८५० | |
| ४. | खानेपानी गुणस्तर तथा श्रोत संरक्षण कार्यक्रम | ६ | १९८०० | ५० | १७ | ९९०० | ३१.४४ | ६ | ९८ | १९४०४ | |
| ५. | खानेपानी आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | १२१ | ४५००० | ५० | २१ | २२५०० | ३६.१७ | १२१ | १०० | ४५००० | |
| **जलस्रोत तथा सिंचाइतर्फः** | | | | | | | | | | | |
| ६. | मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सघन सिंचाइ कार्यक्रम | १७८ | ८०४४०० | १६६ | ७६ | ३७३९९४ | ४७ | १४० | ८० | ६४३५२० | ८० |
| ७. | सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | ९५ | १५९००० | ९५ | ४३ | २८८६७ | १८ | ९१ | ९५ | १४१५५० | ९५ |
| ८. | जल उत्पन्न प्रकोप न्यूनीकरण तथा | ६८ | २५९००० | ६८ | ८२ | १२९०४१ | ५० | ६५ | ९५ | २४६०५० | ९५ |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| | व्यवस्थापन कार्यक्रम | | | | | | | | | | |
| ९. | भूमिगत स्यालो तथा डिप ट्यूववेल सिंचाइ कार्यक्रम | १२६ | ३१६६०० | १२० | ४८ | ४८१७४ | १५ | ९५ | ७५ | २३७४५० | ७५ |
| १०. | जलाशय निर्माण तथा पोखरी संरक्षण कार्य | ५ | ४०००० | ५ | ७० | २२७१५ | ५७ | ४ | ८० | ३२००० | ८० |
| ११. | संघ सशर्त अनुदान | १६८ | ४७०१०० | १५८ | ६० | १७८४१० | ३८ | | | | |
| | **ऊर्जातर्फ** | | | | | | | | | | |
| १२. | उर्जा विकास कार्यक्रम | २३ | २५५६०० | २२ | १५ | ६२६७ | ३ | | | | |
| १३. | संघ शसर्त अनुदान | ९ | ७५०० | ९ | २० | ० | ० | | | | |
| १४. | | | | | | | | | | | |
| | **सडक तर्फ** | | | | | | | | | | |
| | **समानीकरणतर्फ (सडक)** | | | | | | | | | | |
| १५. | प्रदेशस्तरका प्रमुख राजमार्ग एवम् प्रदेश गौरवका योजनाहरु (२३ वटा) | २३ | ८००६०० | २१ | ९१.३० | ४००३०० | ३७ | २१ | ९१.३ | ८००६०० | ९० |
| १६. | प्रदेशक्षेत्र स्तरीय सडक (११४ वटा) | ११४ | ४१२४०० | ११४ | १०० | २०६२०० | ३७.५ | ११४ | १०० | ४१२४०० | १०० |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| १७. | प्रदेशस्तरीय सडक (१३६ वटा) | १३६ | ५९९८०० | १३५ | ९९.२६ | २९९९०० | २५.८ | १३५ | ९९.३ | ५९९८०० | १०० |
| १८. | स्थानीयतह पहुँच मार्ग (३० वटा) | ३० | ७१९८०० | ३० | १००.०० | ३५९९०० | ३१.५ | ३० | १०० | ७१९८०० | ९० |
| १९. | पर्यटनस्थल पहुँच मार्ग (१७ वटा) | १७ | २२९५०० | १७ | १०० | ११४७५० | ३९.४ | १७ | १०० | २२९५०० | १०० |
| २०. | सिमाक्षेत्र सडक कार्यक्रम (१८ वटा) | १८ | ३९५००० | १८ | १०० | १९७५०० | १९.२ | १८ | १०० | ३९५००० | ९५ |
| २१. | कृषि सडक (६ वटा) | ६ | ९३५०० | ६ | १०० | ४६७५० | ६८.७ | ६ | १०० | ९३५०० | १०० |
| २२. | उद्योगस्थल पहुँच मार्ग (२ वटा) | २ | २०००० | २ | १०० | १०००० | ८.९ | २ | १०० | २०००० | ८० |
| २३. | अन्य पहुँच मार्ग (जलाशय, उर्जा, निर्माण सामग्री श्रोत स्थल, अन्य सरकारी निकायआदी) (७ वटा) | ७ | ५४५०० | ७ | १०० | २७२५० | ३०.४ | ७ | १०० | ५४५०० | ८० |
| २४. | समपुरक आयोजनाहरु (६ वटा) | ६ | ५८५४०० | ६ | १०० | २९२७०० | ४६.५ | ६ | १०० | ५८५४०० | १०० |
| २५. | अधुरा आयोजनाहरु (१५ वटा) | १५ | १५६४१६ | १५ | १०० | ७८२०८ | १४.१ | १५ | १०० | १५६४१६ | ९० |
| २६. | सडक पुल निर्माण क्रमागत, नयाँ (५४+३३) ७८ वटा | ८७ | १३२०००० | ८६ | ९८.९ | ६६०००० | ४० | ८६ | ९८.९ | १३२०००० | ९० |
| २७. | झोलुङ्गेपुल निर्माण (क्रमागत) (११ वटा) | ११ | ३०५०० | ११ | १०० | १५२५० | ८१.३ | ११ | १०० | ३०५०० | १०० |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| २८. | झोलुङ्गेपुल निर्माण (नयाँ) (११ वटा) | ११ | ३०५०० | ९ | ८१.८ | १२२५० | ० | ९ | ८१.८ | ३०५०० | ५० |
| २९. | भौतिकपूर्वाधार बिकास मन्त्रालय को निर्णयबाट संम्भाव्यता अध्ययन संम्भाव्य पूल हरुमध्ये बाट विस्तृत अध्ययनका लागि छनौट र विस्तृत अध्ययन सम्पन्नगरि कार्यान्वयनगरिने सडक पूलहरु | ३२ | ८०००० | ३२ | १०० | ४०००० | जम्मा २३९ मध्य यस आ व मा २९ वटा आयोजना | ३२ | १०० | ८०००० | ५० |
| ३०. | सडकसञ्जालको नियमित मर्मत संभार (१०६ वटा) | १०६ | २१७६५१ | १०६ | १०० | १०८८२५.५ | २७.३ | १०६ | १०० | २१७६५१ | १०० |
| ३१. | सडकसंजालको मर्मत संभार (८६ वटा) | ८६ | २६८४१० | ८४ | ९७.७ | १३४२०५ | २०.४ | ८४ | ९७.७ | २६८४१० | १०० |
| ३२. | झोलुङ्गेपुलको वृहत मर्मत (१५ वटा) | १५ | १७८२३ | १४ | ९३.३ | ८९११.५ | ४.२ | १४ | ९३.३ | १७८२३ | ७० |
| ३३. | आकस्मिकमर्मत : बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपले अवरुद्ध हुने मुख्य सडककोआकस्मिक मर्मत गरी यातायात आवागमन सहज बनाउन प्रयोग गरीने (११ वटा) | ११ | ५५०० | ११ | १०० | २७५० | ३६.७ | ११ | १०० | ५५०० | १०० |
| ३४. | सडकसुरक्षा कार्यक्रम (१५ वटा) | १५ | ३५५०० | १४ | ९३.३ | १७७५० | ६८.५ | १४ | ९३.३ | ३५५०० | १०० |
| ३५. | निर्माणसामग्री परीक्षण प्रयोगशाला भवन निर्माण तथा उपकरण खरीद | २ | २०००० | २ | १०० | १०००० | LOI जारी गरिएको | २ | १०० | २०००० | ४० |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| ३६. | परामर्शसेवा खरिद (निर्देशनालय) | १ | ६०००० | १ | १०० | ३०००० | ६.४ | १ | १०० | ६०००० | १५ |
| सशर्ततर्फ (सडक) | | | | | | | | | | | |
| ३७. | बृहत लुम्बिनी चक्रपथ (लुम्बिनी - भैरहवा- त्रिवेणी -दुम्किवास-गैंडाकोट-राम्दी-रिडी-तम्घास-सन्धीखर्क-गोरुसिंगे तौलिहवा लुम्बिनी ) | १ | १००००० | १ | १०० | ५०००० | ९४.९ | १ | १०० | १००००० | १०० |
| ३८. | सम्भावित रणनीतिक सडक (१७ वटा) | १७ | ३३०००० | १७ | १०० | १६५००० | ७५ | १७ | १०० | ३३०००० | १०० |
| ३९. | साविक सडक डिभिजन तर्फका प्रादेशिक सडक (३९ वटा) | ३९ | २९९९०० | ३९ | १०० | १४९९५० | ५८ | ३९ | १०० | २९९९०० | ९० |
| ४०. | साविक पूर्वाधार विकास कार्यालय तर्फका प्रादेशिक सडक (९९वटा) | ९९ | १०७५०० | ८८ | ८८.८ | ५३७५० | १०१ | ८८ | ८८.८ | १०७५०० | १०० |
| ४१. | स्थानीय सडक पुल | ३५ | १४८४०० | ३० | ८५.७ | ७४२०० | ४८.५ | ३० | ८५.७ | १४८४०० | ९० |
| ४२. | झोलुङ्गे पुल निर्माण (२वटा) | २ | ३०००० | २ | १०० | १५००० | ४१ | २ | १०० | ३०००० | १०० |
| आवास तथा भवनतर्फ | | | | | | | | | | | |
| ४३. | आवास व्यवस्था तथा बस्ती विकास कार्यक्रम ब.उ.शि.न ३३७०४०१२ | ४८ | ४०९५०० | ४८ | ४५ | १५२०७० | ३९.० | ४८ | ६५ | २७०००० | ६५ |
| ४४. | सरकारी भवन निर्माण तथा सभाहल | २५ | ४०८००० | २५ | ३५ | ११८२१५ | २९.० | २५ | ६० | २४०००० | ६० |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिकसम्मको प्रगति | | | | असारसम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट % | परिमाण | परिमाण % | बजेट | बजेट % |
| | निर्माण कार्यक्रम ब.उ.शि.न ३३७०४०१३ | | | | | | | | | | |
| ४५. | शहरी पूर्वाधार विकास कार्यक्रम ब.उ.शि.न ३३७०४०१४ | ५८ | ६५१५०० | ५८ | २० | ७३५९२ | १२.० | ५८ | ६५ | ४२०००० | ६५ |
| ४६. | आवास, भवन मर्मत सुधार तथा बिस्तार कार्यक्रम ब.उ.शि.न ३३७०४०१५ | ४ | १००००० | ४ | २५ | १२९६३ | १५.० | ४ | १०० | १००००० | १०० |
| ४७. | जनता आवास कार्यक्रम ब.उ.शि.न ३३७००१२० | २४६७ | ५०२३०० | २४६७ | ६० | १९५९६६ | ५६.२ | २४६७ | ९५ | ५००००० | ९५ |
| ४८. | पूजिगत परामर्श खर्च ब.उ.शि.न ३३७००१२० | ४ | ५०००० | ४ | १५.० | ० | | ४ | ७० | ३५००० | ७० |
| ४९. | | | | | | | | | | | |

**(स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय)**

## ७.१२ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु.हजारमा)

| ब.उ.शि.नं. | बजेट शीर्षक | कुल विनियोजित बजेट | कुल खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ७०५३२३११३ | चालु | ५४६३८६ | ४२६८१० | ७६.२९ | |
| ७०५३२३११४ | पुँजीगत | १४५३७०१२ | १२५४७५४६ | ८६.३१ | |
| | कुल | १५०९६४९८ | १२९७४३५६ | ८५.९४ | |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय

## ७.१३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः

(रु.हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | फागुन मसान्त सम्मको खर्च | खर्च प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|---|---|
| १. | ३३७०००११३ | चालु | ६२८९९० | २९९६२९ | ४७.६४ | |
| २. | ३३७०००११४ | पुँजीगत | १४४१५२१९ | ५७२१८५१ | ३९.६९ | |
| | | जम्मा | १५०४४२०९ | ६०२१४८० | ४०.०३ | |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय

## ७.१४ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | असार मसान्त सम्मको संशोधित अनुमान |
|---|---|---|---|---|
| १ | ३३१५८- सवारी कर | नतोकिएको | १७३९७०५ | |
| २ | १४२५६- स.द.कि. र स.चा.अ.प. | नतोकिएको | ३३११५६ | |
| ३ | १४२२५- यातायात क्षेत्रको आय | नतोकिएको | ५२००० | |
| कुल | | | २,१२,२८,६१ | |

(स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय)

## ७.१५ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

**सडक तर्फः**

चालु आर्थिक वर्षको अर्धवार्षिक सम्ममा २८५० जना/महिनाले रोजगारी प्राप्त।

**जलस्रोत तथा सिंचाइतर्फः**

प्रत्यक्ष रुपमा १८७३ जना र अप्रत्यक्ष रुपमा १९५२ जनाले औसत ३ महिनाको रोजगारी प्राप्त।

**खानेपानीतर्फः**

प्रत्यक्ष रुपमा १४९० जना र अप्रत्यक्ष रुपमा १८७६ जनाले औसत ३ महिनाको रोजगारी प्राप्त।

**सहरी विकास तथा भवनतर्फः**

प्रत्यक्ष १२५० जना र अप्रत्यक्ष १४५५ जनाले औसत ३ महिनाको रोजगारी प्राप्त।

## ७.१६ समस्या तथा चुनौतीः

यस मन्त्रालयद्धारा कार्यसम्पादन गर्ने क्रममा आइपरेका समस्या तथा चुनौतीहरु देहाय अनुसार प्रस्तुत गरिएको छ।

- सशर्त तर्फका सडक, सडक पुल, सिंचाइ, खानेपानीतर्फ बजेट न्यून भएको,
- सशर्त तर्फको नदी नियन्त्रण कार्यक्रम, समपूरक तर्फका केही सडक आयोजनाहरु कार्यक्रममा समावेश हुन छुट भएको,
- समानीकरण तर्फका सिंचाइ आयोजनाहरुमा विनियोजित बजेट ज्यादै न्यून भएका कारण कार्यक्रम शुरु गर्न नसकिएको,
- कार्य प्रगति अनुसार एक आयोजनाको रकम अर्को आयोजनामा भुक्तानी गर्न कठिनाई भएको,
- कोभिडको कारण थप भएको म्यादभित्र वर्षात र मौसमको प्रतिकुलताका कारण आयोजना सम्पन्न हुन नसकेको (सडक पीच, पूल निर्माण, नदी नियन्त्रण) ,
- स्वीकृत दरबन्दी अनुसार जनशक्ति पूर्ति हुन नसकेको र समयमा प्रदेश निजामती सेवा ऐन नबन्दा भएको जनशक्ति समेत घट्दै जाने अवस्था सिर्जना भएको,
- वन क्षेत्रमा पर्ने आयोजनाहरुको कार्यान्वयनमा समस्या। (जग्गा प्राप्ति, रुख कटान) ,
- सवारी दर्ता सम्बन्धी VRS System तथा सवारी चालक अनुमति पत्रको अनलाइन फर्म दर्ता सम्बन्धी समस्या।

## ७.१७ समस्या समाधानका लागि चालिएका कदमः

- जनशक्तिको अभाव हटाउन स्वीकृत दरबन्दीको प्राविधिक पदको पदपूर्तिको लागि परामर्श सेवामार्फत सेवा खरिद गर्न आवश्यक बजेट व्यवस्था गरिएको,
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच आयोजनामा हुने दोहोरोपना हटाउन आवश्यक समन्वय शुरु गरिएको,
- बजेटको अभावको समस्या समाधान गर्न र सशर्तका आयोजनाहरु समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गर्न केन्द्रबाट हस्तान्तरित आयोजनाहरुको लागि थप बजेट माग गरिएको बजेटमध्ये सुनिश्चितता भई केही थप बजेट समेत प्राप्त भएको,
- अभिलेख आधुनिकीकरण, नयाँ सवारी चालक अनुमति पत्रको अनलाइन फर्मको कोटा बढाउन यातायात व्यवस्था विभागसँग नियमित रुपमा आवश्यक समन्वय तथा पहल कदमी भएको,
- आयोजना कार्यान्वयन क्षेत्रमा जग्गा प्राप्ति र रुख कटानको लागि सम्बन्धित निकायसँग समन्वय गरिएको।

## ७.१८ आगामी कार्यदिशाः

- नागरिकमा हितमा आधारित, लाभ र लागतको मूल्याङ्कन गरी योजना छनौट गर्ने,
- आयोजनाको प्रभावकारी अनुगमनको व्यवस्था गरी योजनाको गुणस्तरीयता कायम गर्ने, साथै आयोजना तथा कार्यक्रमको प्रगति विवरणलाई नियमित रुपमा अध्यावधिक हुने गरी अनलाईन पोर्टलमा आधारित बनाइने,
- आयोजना छनोट र कार्यान्वयनमा प्राथमिकीकरण,
- खानेपानी तथा सरसफाई क्षेत्रमा आगामी दुइ वर्ष भित्र **"एक घरः एक धारा"** को अभियान सफल पारी नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने र वडा, गाँउ, नगर, जिल्ला र प्रदेशलाई पूर्ण सरसफाई उन्मुख घोषणा गर्ने,
- गाउँपालिका पहुँच मार्गलाई आगामी तीन वर्ष भित्र कालोपत्रे गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने,
- प्रदेश स्तरीय सडक, अन्तराष्ट्रिय सीमा जोड्ने सडक, पूल, झलुङ्गे पूलको गुणस्तरीय कायम गर्ने,
- विद्युतको पहुँच नपुगेका घरधुरीमा वैकल्पिक ऊर्जा प्रवर्द्धन गरी सोलार बत्ती पुऱ्याई **'उज्यालो प्रदेश'** बनाउने,

- जलाशययुक्त क्षेत्रको निर्माण र सिंचाइ गर्न सक्ने कृषियोग्य भू-भागमा सिंचाई सुविधा उपलब्ध गराउने,
- दलित, सीमान्तकृत, लोपोन्मुख जातिका लागि आवास निर्माणका लागि जनता आवास कार्यक्रम सञ्चालन गर्ने,
- सुरक्षित यातायातलाई मध्यनजर राखी सडक निर्माण कार्यलाई जोड दिइने,
- प्रदेश यातायात गुरुयोजना (PTMP)अनुसार सडक आयोजनाहरुको प्राथमिकीकरण एवम् कार्यान्वयन।

## ७.१९ निष्कर्षः

मन्त्रालयको कार्यजिम्मेवारी अन्तर्गतका क्षेत्रगत पूर्वाधारहरुको विकासको माध्यमबाट नागरिकका आधारभूत आवश्यकता परिपूर्ति गर्ने तर्फ मन्त्रालयका गतिविधिहरु केन्द्रित रहेका छन्। प्रदेश सरकारले नीति तथा कार्यक्रममा समावेश गरेका विषयवस्तुमा केन्द्रित रही बजेट निर्माणमार्फत आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन भइरहेको अवस्था छ। आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता ल्याउन मन्त्रालयबाट स्वीकृत वार्षिक अनुगमन तथा मूल्याङ्कन कार्ययोजना, २०७७ अनुसार नियमित अनुगमन तथा मूल्याङ्कन गरी पूर्वाधार विकासमा गुणस्तरीयता तथा नियमितता कायम गर्ने तर्फ मन्त्रालय अग्रसर रहेको छ। पुँजीगत खर्च गर्ने क्षमताको विकास, सार्वजनिक खरिद ऐन पूर्णरुपमा परिपालन,निर्माण व्यवसायीको आचारसंहितामा कडाई,परामर्श सेवा भित्रका दुर्बल पक्षको निराकरण, पारदर्शिता, नागरिकको सूचनाको हकलाई सम्मान गर्ने वातावरण सिर्जना गरी सुशासन कायम गरी प्रदेश सरकारले अगाडि सारेको **"समृद्ध प्रदेशःखुसी जनता"**को नारालाई सार्थक बनाउन मन्त्रालय प्रतिबद्ध रहेको छ।

# परिच्छेद-८
# सामाजिक विकास मन्त्रालय

## ८.१ पृष्ठभूमिः

संघीयता कार्यान्वयनसँगै २०७४ सालमा स्थापना भएको प्रदेश सरकारको संगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, समाजकल्याण, महिला बालबालिका तथा जेष्ठ नागरिक, श्रम तथा रोजगार, भाषा, कला, संस्कृति, युवा तथा खेलकूद र सरसफाई जस्ता क्षेत्रहरुमा काम गर्नको लागि सामाजिक विकास मन्त्रालयको गठन भएको हो। यो प्रतिवेदन सामाजिक विकास मन्त्रालयको २०७७ फागुन मसान्त सम्मको अवस्थाको आधारमा तयार पारिएको छ।

## ८.२ दीर्घकालीन सोचः

स्वस्थ, शिक्षित, सुसंस्कृत, सुरक्षित, अनुशासित, कर्मशील युवा समृद्ध खुसी प्रदेश।

## ८.३ उद्देश्यः

- समावेशी, समतामूलक, प्रविधियुक्त जीवन पर्यन्त गुणस्तरीय शिक्षा र उच्च शिक्षा प्रदान गर्नु,
- महिला बालबालिका तथा जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा प्रदान गर्नु,
- सक्षम, सीपयुक्त, अनुशासित र कर्मशील युवा शक्तिको विकास गर्नु,
- प्रदेशका सांस्कृतिक सम्पदा तथा भाषिक सम्पत्तिको संरक्षण गर्नु,
- श्रमिकहरुको हकहितको संरक्षण गर्दै श्रमशक्ति र श्रमबजारको प्रवर्द्धन र रोजगारी वृद्धि गर्नु,
- विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउनु।

## ८.४ रणनीतिः

- स्टेम शिक्षाको अवधारणा र प्रबिधिलाई शिक्षाको गुणस्तर विकासमा उपयोग गर्ने,
- गुणस्तरीय प्राविधिक तथा उच्च शिक्षाको लागि प्रदेश विश्वविद्यालयको स्थापना र संचालन गर्ने,
- विद्यालयहरुमा पूर्वाधारको विकास गरी तालिम प्राप्त सक्षम शिक्षकबाट प्रभावकारी सिकाइ सुनिश्चित गर्ने,
- धार्मिक तथा विशेष शिक्षालाई मूलप्रवाहीकरण गर्ने र मदरसामा अध्ययनरत छात्राहरुको लागि छात्रावासको विस्तार गर्दै जाने,

- आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको सुदृढीकरण तथा बिस्तार गर्ने। प्रत्येक अस्पताललाई कम्तिमा ५० शैय्याको अस्पतालमा स्तरोन्नति गरी सेवाहरुको विस्तार गर्ने,
- पोषण तथा रोगहरुको रोकथाममा सचेतना वृद्धि गरी जनस्वास्थ्यमा सुधार ल्याउने,
- परम्परागत तथा बैकल्पिक चिकित्सा पद्धतिको बिस्तार गरी स्वास्थ्य सेवामा सुधार गर्ने,
- जेष्ठ नागरिक असहाय अपाङ्गहरुलाई घरघरमै स्वास्थ्य सेवा पुऱ्याउने,
- खेलकुद संरचनाहरुको निर्माण गर्ने र खेलकूदलाई वृत्ति विकाससँग समेत जोड्ने,
- सहयोगापेक्षी सडक मानव नहुने अवस्था ल्याउन अल्पकालीन तथा दीर्घकालीन आश्रयस्थलको निर्माण तथा सञ्चालन गरी पारिवारिक पुनर्मिलन गराउने,
- स्वरोजगारका अवसरहरु प्रदान गर्दै साना कामहरुको लागि विदेशिनु पर्ने अवस्थाको अन्त्य गर्ने,
- प्रदेशका भाषिक सांस्कृतिक र धार्मिक सम्पदाहरुको अभिलेखीकरण तथा प्रचारप्रसार गरी तिनको संरक्षण तथा सम्बर्द्धन गर्ने,
- महिलाहरुको जीवनस्तर उठाउन र निर्णय प्रकृयामा सहभागी गराउन सीप विकास तथा आय आर्जनमा जोड दिने र विभिन्न किसिमका विभेदहरुबाट मुक्त गर्ने,
- बालअधिकारको प्रत्याभूत गराउने।

## ८.५ कार्यक्षेत्रः

शिक्षा, स्वास्थ्य, महिला, बालबालिका तथा जेष्ठ नागरिक, सामाजिक सुरक्षा तथा समाज कल्याण, युवा खेलकूद, भाषा संस्कृति र पुरातत्व, श्रम तथा रोजगार तथा सरसफाई लगायतका क्षेत्रहरु समेट्ने यस मन्त्रालयका निम्न लिखित कार्यक्षेत्रहरु रहेका छन्।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,
- प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्यसामाग्री निर्माण, उत्पादन र वितरण,
- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,
- माध्यमिक तहको परिक्षा व्यवस्थापन,
- प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,
- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
- स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरिय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन,
- स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरिय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन,
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,
- राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथासंचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन,
- राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्यस्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,
- खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,
- राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,
- प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,
- औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण,
- खोप र परिवार नियोजन,
- संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,
- प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्यलेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह,

- प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,
- सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन,
- स्वास्थ्यक्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्यसेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,
- सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,
- राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन
- स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,
- आयूर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,
- प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून तथा मापदण्डतर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन,
- खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,
- जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय,
- महिलाहक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन रनियमन,
- लैङ्गिकहिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन,
- महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,
- लैंगिकउत्तरदायी बजेट र लैङ्गिक परिक्षण,

- बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनातर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध रसेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,
- प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,
- समाजकल्याण र संघसस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,
- युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,
- खेलकूद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन,
- खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन,
- राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,
- लोपोन्मुख, सीमान्तकृत, गरीब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
- प्रदेश भित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसंग समन्वय विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी,
- भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,
- प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन,
- प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजनातर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खननतथा पुनर्निर्माण,

- धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,
- धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,
- रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन,
- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण ,
- कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन।

## ८.६ कानुनी तथा नीतिगत व्यवस्थाः

यस मन्त्रालयले ४.८.१ मा उल्लेखित नीति तथा कानूनको अतिरिक्त आफ्नो कार्य सम्पादनमा अवलम्बन गर्ने विशिष्ट नीति तथा कानूनहरु निम्नानुसार रहेका छन्।

- संग्रहालय सवलीकरण अनुदान निर्देशिका, २०७५
- मुख्यमन्त्री रनिङ शिल्ड प्रतियोगीता सञ्चालन निर्देशिका, २०७५
- ऐतिहासीक धार्मिक सांस्कृतिक तथा पूरातात्विक महत्वका स्थलहरुको मर्मत सम्भार तथा पुनर्निर्माण कार्यका लागि आर्थिक सहयोग सम्बन्धी निर्देशीका, २०७५
- खेल सम्बन्धी इन्डोर तथा अउटडोर संरचना निर्माण साझेदारी कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७५
- रङ्गशाला मर्मत कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७५
- स्वयंसेवक परिचालन कार्यविधि, २०७५
- प्रादेशिक स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- ८४ वर्ष पुगेका ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा पुऱ्याउने निर्देशिका, २०७५
- महिला बालबालिका तथा समाज कल्याणका क्षेत्रमा काम गर्ने संस्थालाई दिइने अनुदान सम्बन्धी कार्यविधि, २०७५
- गैर सरकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- प्रदेश श्रम सल्लाहकार परिषद् गठन सम्बन्धी कार्यविधि, २०७५
- सामाजिक विकास संस्था ऐन, २०७५

- सामाजिक विकास संस्था नियमावली, २०७५
- प्रदेश नं. ५ बालबालिकासम्बन्धी ऐन, २०७६
- प्रदेश खेलकुद विकास ऐन, २०७६
- प्रदेश स्वास्थ्य संस्थास्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७५
- प्रस्तावमा आधारित नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहु प्राविधिक शिक्षालयहरुलाई सहयोग निर्देशिका, २०७६
- पाठ्यक्रम तथा पाठ्यसामग्री विकास कार्यविधि, २०७६
- उच्च शिक्षामा विपन्न लक्षित छात्रवृति व्यवस्थापन निर्देशिका, २०७६
- युवा, खेलकुद, भाषा तथा लिपिसम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन आर्थिक वर्ष २०७६/७७
- ८४ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई घरमा स्वास्थ्य सेवा कार्यक्रम सम्बन्धी निर्देशिका, २०७६
- सामाजिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन
- एक शैक्षिक संस्था एक उद्यमकार्यक्रम सञ्चालन कार्याविधि, २०७६
- स्वास्थ्य क्षेत्रका सामुदायिक संस्थाहरुलाई पुँजीगत अनुदान वितरण निर्देशिका, २०७६
- सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७६
- आयआर्जनका लागि व्यवसायिक संरचना निर्माणका लागि विद्यालयलाई पुँजीगत अनुदान निर्देशिका, २०७६
- स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन २०७६-७७
- प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि, २०७६
- शैक्षिक परामर्श सेवा तथा भाषाशिक्षणसम्बन्धी कार्यविधि, २०७६
- अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठन सम्बन्धी कार्यविधि, २०७६
- विशेष शिक्षा सहयोग निर्देशिका, २०७६
- युवा प्रतिभा पहिचान निर्देशिका,२०७६
- नमुना विद्यालय छनौट निर्देशिका २०७६

**आ.व.२०७७।७८ मा यस मन्त्रालय अन्तरगत बनेका मापदण्ड, निर्देशिका, कार्यविधिहरुः**

१. प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७७

२. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधि, २०७७
३. प्रदेश शिशु स्याहार केन्द्र स्थापना र संचालन कार्यविधि, २०७७
४. स्टेम शिक्षा व्यवस्थापन निर्देशिका, २०७७
५. प्रदेश वालकोष स्थापना र संचालन नियमावलि, २०७७
६. व्यवसायिक तथा सीपमूलक तालिम संचालन सम्बन्धी मापदण्ड, २०७७
७. स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन, २०७७
८. शिक्षा सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन, २०७७
९. सामाजिक विकास सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन, २०७७
१०. युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम संचालन मार्गदर्शन, २०७७
११. प्रदेश विश्व विद्यालको स्थापना सञ्चालन नियमन र व्यवस्थापन गर्न बनेको विधेयक २०७७
१२. बिज्ञान प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठानको स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७७
१३. सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७

## ८.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० |
| २ | उप सचिव | प्रशासन | प्रशासन | नवौं/दशौं | १ | १ | ० |
| ३ | उप सचिव | शिक्षा | शिक्षा | नवौ/दशौ | ३ | ३ | ० |
| ४ | प्र.म.वि .अधिकृत | विविध | | नवौ/दशौ | १ | १ | ० |
| ५ | वरिष्ठ जनस्वास्थ्य प्रशासक | स्वास्थ्य | हे.ई | नवौ/दशौ | १ | ० | १ |
| ६ | वरिष्ठ।उपस्वास्थ्य प्रशासक | स्वास्थ्य | प.हे.ए।ए.ची | नवौ/दशौ | १ | १ | ० |
| ७ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | सातौ/आठौ | ३ | ३ | ० |
| ८ | लेखा अधिकृत | प्रशासन | लेखा | सातौ/आठौ | १ | १ | |

| क्र. स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| ९ | शाखा अधिकृत | शिक्षा | शि.प्र. | सातौ/आठौ | ५ | ५ | |
| ११ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृ. | १ | १ | |
| १२ | म. बि. अधिकृत | विविध | | सातौ/आठौ | २ | २ | |
| १३ | आयुर्बेद चिकित्सक | स्वास्थ्य | आयुर्बेद | आठौ | १ | १ | |
| १४ | कम्प्यूटर इञ्जिनियर | विविध | विविध | रा प तृतीय | १ | ० | १ |
| १५ | क.न.अधिकृत | स्वास्थ्य | क.नर्सिङ | सातौ/आठौ | १ | | १ |
| १६ | ब. ज.स्वा. अधिकृत | स्वास्थ्य | हे.ई. | सातौ/आठौ | १ | | १ |
| १७ | ब.फार्मेसी अधिकृत | स्वास्थ्य | फार्मेसी | सातौ /आठौ | १ | | १ |
| १८ | ब. स्वा.शि.अधिकृत | स्वास्थ्य | हे.ए. | सातौ/आठौ | १ | १ | |
| १९ | नायब सुब्बा | प्रशासन | सा.प्र. | पाचौ/छैठौ | ४ | ४ | |
| २० | प्रा.स. | शिक्षा | शि.प्र. | पाचौ/छैठौ | ५ | २ | ३ |
| २१ | क.अ. | विविध | | पाचौ/छैटौ | ३ | २ | १ |
| २२ | म.बि.निरीक्षक | विविध | | पाचौ/छैठौ | २ | १ | १ |
| २३ | स.ले.पा. | प्रशासन | लेखा | चौथो/पाचौ | १ | १ | |
| २४ | ह.स.चा. | | | श्रेणी बिहिन | ५ | ५ (३ जना करार) | |
| २५ | का.स. | प्रशासन | | श्रेणी बिहिन | ८ | ८ जना करार | |
| | जम्मा | | | | ५४ | ४४ | १० |

स्रोतः सामाजिक विकास मन्त्रालय

## मातहतका निकायहरुको दरबन्दी र पदपूर्तिको अवस्था

| सि.नं. | कार्यालय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | शिक्षा तथा सामाजिक विकास निर्देशनालय, बुटवल, रुपन्देही | ३५ | ९ | २६ |
| २ | शिक्षा तालिम केन्द्र, भैरहवा, रुपन्देही | १७ | ९ | ८ |
| ३ | स्वास्थ्य निर्देशनालय, बुटवल, रुपन्देही | ३२ | २० | १२ |
| ४ | स्वास्थ्य तालिम केन्द्र, बुटवल, रुपन्देही | १३ | ७ | ६ |
| ५ | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, बुटवल, रुपन्देही | १७ | १० | ७ |

| सि.नं. | कार्यालय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| ६ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बुटवल, रुपन्देही | ११ | २ | ९ |
| ७ | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रुपन्देही | ३४० | १५१ | १८९ |
| ८ | राप्ती प्रादेशिक अस्पताल, तुल्सीपुर, दाङ | ६३ | ४७ | १६ |
| ९ | अर्घाखाँची अस्पताल, सन्धिखर्क, अर्घाखाँची | ३२ | २० | १२ |
| १० | कपिलवस्तु अस्पताल, तौलिहवा, कपिलवस्तु | ३३ | १५ | १८ |
| ११ | गुल्मी अस्पताल, तम्घास, गुल्मी | ५९ | २१ | ३८ |
| १२ | पाल्पा अस्पताल, तानसेन, पाल्पा | १७ | १४ | ३ |
| १३ | पाल्पा अस्पताल, रामपुर, पाल्पा | ४६ | १० | ३६ |
| १४ | पृथ्वी चन्द्र अस्पताल, नवलपरासी | ५९ | ११ | ४८ |
| १५ | प्युठान अस्पताल, बिजुवार, प्यूठान | ५४ | २८ | २६ |
| १६ | बर्दिया अस्पताल, गुलरिया, वर्दिया | ५९ | ३३ | २६ |
| १७ | भीम अस्पताल, भैरहवा, रुपन्देही | ४२ | २४ | १८ |
| १८ | रुकुम पूर्व अस्पताल, रुकुम पूर्व | ३१ | ९ | २२ |
| १९ | रोल्पा अस्पताल, रेउघा, रोल्पा | २७ | १८ | ९ |
| २० | प्रादेशिक आयुर्वेद चिकित्सालय, बिजौरी, दाङ | ३५ | २० | १५ |
| २१ | लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवल, रुपन्देही | ६ | ५ | १ |
| २२ | राप्ती आयुर्वेद चिकित्सालय, तुल्सीपुर, दाङ | ६ | ५ | १ |
| २३ | अर्घाखाँची आयुर्वेद स्वास्थ्य केन्द्र, सन्धिखर्क, अर्घाखाँची | ७ | ७ | ० |
| २४ | कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्र, तौलिहवा, कपिलवस्तु | ७ | ६ | १ |
| २५ | गुल्मी आयुर्वेद स्वास्थ्य केन्द्र, तम्घास, गुल्मी | ७ | ६ | १ |
| २६ | पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, तानसेन, पाल्पा | ७ | ६ | १ |
| २७ | प्यूठान आयुर्वेद स्वास्थ्य केन्द्र, खलंगा, प्यूठान | ७ | ६ | १ |
| २८ | बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र, गुलरिया, वर्दिया | ७ | ५ | २ |
| २९ | बाँके आयुर्वेद स्वास्थ्य केन्द्र, नेपालगञ्ज बाँके | ७ | ६ | १ |
| ३० | रोल्पा आयुर्वेद स्वास्थ्य केन्द्र, लिवाङ, रोल्पा | ७ | ६ | १ |
| ३१ | स्वास्थ्य कार्यालय, अर्घाखाँची | १२ | ७ | ५ |
| ३२ | स्वास्थ्य कार्यालय, कपिलवस्तु | १४ | १२ | २ |

| सि.नं. | कार्यालय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| ३३ | स्वास्थ्य कार्यालय, गुल्मी | १४ | ८ | ६ |
| ३४ | स्वास्थ्य कार्यालय, दाङ | १४ | १४ | ० |
| ३५ | स्वास्थ्य कार्यालय, नवलपरासी | ११ | ७ | ४ |
| ३६ | स्वास्थ्य कार्यालय, पाल्पा | १४ | १० | ४ |
| ३७ | स्वास्थ्य कार्यालय, प्यूठान | १२ | ८ | ४ |
| ३८ | स्वास्थ्य कार्यालय, बर्दिया | १४ | ११ | ३ |
| ३९ | स्वास्थ्य कार्यालय, बाँके | १४ | १६ | (२ |
| ४० | स्वास्थ्य कार्यालय, रुकुम पूर्व | ११ | ५ | ६ |
| ४१ | स्वास्थ्य कार्यालय, रुपन्देही | १४ | १२ | २ |
| ४२ | स्वास्थ्य कार्यालय, रोल्पा | १२ | ६ | ६ |
| ४३ | सामाजिक विकास डिभिजन कार्यालय, कपिलवस्तु | अस्थायी दरबन्दी ६ | २ | ४ |
| ४४ | सामाजिक विकास डिभिजन कार्यालय, दाङ | अस्थायी दरबन्दी ६ | ३ | ३ |
| ४५ | सामाजिक विकास डिभिजन कार्यालय, पाल्पा | अस्थायी दरबन्दी ६ | १ | ५ |
| ४६ | सामाजिक विकास डिभिजन कार्यालय, प्यूठान | अस्थायी दरबन्दी ६ | २ | ४ |
| ४७ | सामाजिक विकास डिभिजन कार्यालय, बाँके | अस्थायी दरबन्दी ६ | ३ | ३ |
| ४८ | सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही | अस्थायी दरबन्दी ६ | ३ | ३ |

स्रोतः सामाजिक विकास मन्त्रालय

## ८.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- स्टेम कार्यक्रमको सुरुवात,
- ११ वटा प्राविधिक शिक्षालयहरुलाई सहयोग तथा रुकुम पुर्वको भुमेमा प्राविधिक शिक्षालय निर्माणको सुरुवात,
- सीमा क्षेत्रका २५ विद्यालयमा २ कोठे भवन निर्माण, १० वटा विद्यालयमा पर्खाल निर्माण, ४ वटा शौचालय र ३ वटा विद्यालयमा भवन मर्मत भएको,
- २ वटा विद्यालयमा प्लानेटोरियमको विकास,
- ३६ वटा विद्यालयमा बिज्ञान प्रयोगशालाहरुको सुदृढीकरण,
- ३४ वटा विद्यालयहरुमा बिज्ञान पुस्तकालयको लागि अनुदान,

- ९५ वटा धार्मिक विद्यालयहरुमा सहयोग,
- ३ वटा ठुला विद्यालयहरुको डीपीआर निर्माण,
- २१० सामुदायिक विद्यालयका २९५५ मुक्त कमैया ,कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुलाइ छात्रवृत्ति,
- सामुदायिक क्याम्पसका शिक्षकहरुलाई अनुसन्धान कार्यशाला सम्पन्न गरी १० वटा विषयमा क्याम्पसहरुको सहयोगमा अनुसन्धान कार्य सम्पन्न हुँदै,
- ५९ वटा सामुदायिक क्याम्पसहरुमा भवन निर्माण, पुस्तकालय, आईसीटी ल्याव, बस खरिदको लागि रु १० करोड अनुदान,
- प्रदेशमा लुम्विनी बौद्ध विश्वविद्यालयको सहकार्यमा ५ वर्षे बी.ए.एल.एल.बी. र पद्मोदय क्याम्पसमा बी.एस्सी. कक्षाहरु संचालन,
- कक्षा ११ र १२ मा सामुदायिक विद्यालयमा विज्ञान अध्ययनरत छात्राहरुलाई छात्रवृत्ति
- प्रत्येक जिल्लाका उत्कृष्ट महिलाद्धारा संचालित सहकारीहरुलाई ११ लाख पुरस्कार,
- किशोरी आत्मरक्षाका लागि खेलकुद प्रशिक्षण,
- प्रदेश वाल संरक्षण गृह निर्माणको लागि जग्गा प्राप्ति र डीपीआर बन्दै,
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन,
- महिलाहरुको लागि सीपमूलक तालिमहरु संचालन,
- सचेतनामूलक कार्यक्रम (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यकका अधिकार र जातीय छुवाछुत विरुद्ध) संचालन,
- सामाजिक विकास मन्त्रालयका कार्यक्रमहरुको प्रबोधीकरण,
- जेष्ठनागरिक ग्राम र अपाङ्गताग्राम निर्माण स्थलको पर्खाल निर्माण,
- प्रदेशका सबै अस्पतालहरुलाई कम्तिमा ५० शैय्यामा स्तरोन्नति,
- अस्पतालहरुमा थाइराइड ल्याबको शुरुवात,
- अस्पतालहरुमा प्राथमिक दन्त सेवा विस्तार,
- ICU Ventilator Machine ( Adult/ Paediatric/ Neonate/ Anesthetic) खरिद,
- नवजात शिशुको उपचारको लागि अस्पतालमा NICU सेटअप,
- ट्रमा सेण्टर भवन निर्माण ठेक्का लागेको,
- रुकुम पूर्व अस्पतालको भवन निर्माण ठेक्का,
- सरुवा रोग अस्पताल भवन निर्माणको सुरुवात, शिवराज न.पा. कपिलवस्तु,

- बर्दिया अस्पताल, भीम अस्पताल भैरहवा र पृथ्वीचन्द्र अस्पताल परासी भवन निर्माण सुरुवात,
- अस्पतालहरुमा फिजियोथेरापी सेवा सञ्चालन,
- जिल्लाहरुमा ओ.सि.एम.सि सेवा बिस्तार तथा निरन्तरता,
- BSL- II ल्याब सञ्चालन उपकरण खरिद,
- Capacity building training on forcasting quantification and procurement,
- प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी दाङको फार्मेसी भवन निर्माण,
- ८४ बर्ष पुगेका जेष्ठ नागरिकहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम,
- अस्पतालहरुमा दम जन्य तथा ब्रोंकाईटिस उपचार व्यवस्थापन।

## ८.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अब बन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः**

१. प्रदेश स्वास्थ्य नीति,२०७७

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरण**

१. सेवा तथा पुनर्स्थापना कोष ऐन, २०७७
२. प्रदेश विश्वविद्यालय ऐन, २०७७
३. विज्ञान प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठान ऐन, २०७७
४. लुम्बिनी प्रदेशमा सञ्चालन हुने स्वास्थ्यसँग सम्बन्धित सेवाहरुको नियमन गर्न बन्ने विधेयक
५. प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. ज्येष्ठ नागरिक सम्बन्धी ऐन,
२. मानव बेचबिखन तथा ओसारपसार ऐन,
३. घरेलु हिंसा नियन्त्रण सम्बन्धी ऐन,
४. सामाजिक सुरक्षा ऐन,
५. रोजगारीको हक सम्बन्धी ऐन,
६. अपाङ्गता भएका व्यक्ति सम्बन्धी ऐन,

७. खोप ऐन,

८. छात्रवृत्ति सम्बन्धी ऐन,

९. सूर्तिजन्य पदार्थ (नियमन तथा नियन्त्रण) ऐन,

१०. युवा परिषद् ऐन,

११. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी ऐन,

१२. सामाजिक भेदभाव निवारण ऐन,

१३. शिक्षा ऐन,

१४. औषधि ऐन,

१५. जनस्वास्थ्य सेवा ऐन,

१६. स्वास्थ्य बिमा ऐन,

१७. श्रम तथा रोजगार ऐन।

**८.१० चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरण:**

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| ५३ | प्रदेश मातहतका सरकारी अस्पतालहरुलाई ५० शैयामा स्तरोन्नति | ६ वटा अस्पतालहरुको स्तरोन्नति भएको। |
| ५४ | प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको पूर्वाधार निर्माण सहयोग कार्यक्रम | सम्झौता भई पूर्वाधार निर्माणको क्रममा। |
| ५५ | पृथ्वीचन्द्र अस्पताल भवन निर्माण वहुवर्षीय<br>भीम अस्पतालको, भैरहवा, रुपन्देहीको भवन निर्माण- विशेष अनुदान<br>रुकुम पूर्व अस्पतालको भवन निर्माण<br>मेडिकल प्राविधिकहरुको एकेडेमिक भवन निर्माण बर्दिया | • टेण्डर मुल्याङ्कनको क्रममा रहेका। |
| ५६ | सरुवा रोग अस्पताल भवन निर्माण, शिवराज न.पा. कपिलवस्तु | जग्गा प्रासि भएको। लागत अनुमान तयार हुदै। ईआईई हुदै |
| ५७ | क.स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला विस्तारका लागि औजार उपकरण खरिद<br>ख.BSL-II ल्याब सञ्चालन उपकरण खरिद<br>ग.अस्पतालहरुमा थाइराइड ल्याबको शुरुवात अस्पतालहरुमा लिपिड प्रोफाइल लगायत बायोकेमेस्ट्रि परीक्षण सेवा सञ्चालनका लागि उपकरण | • सामग्री प्रास हुदै ल्यावहरु क्रमश सञ्चालन हुदै।<br>• ल्याव सुदृढीकरण हुदै। |

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ५८ | • ट्रमा सेण्टर भवन निर्माण | टेण्डरको मूल्याङ्कनको क्रममा। |
| ५९ | • सरकारी अस्पतालमार्फत गरिव एवम् विपन्न नागरिकलाई मुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सर रोगको निदान तथा स्क्रिनिङ कार्यक्रम | अस्पतालहरुबाट संचालन भैरहेको। |
| ६० | • सरकारी अस्पतालहरुमा सुत्केरीहरुका लागि रगत ट्रान्समिसन गर्दा लाग्ने शुल्क अनुदान<br>• अस्पतालहरुमा मातृशिशु स्वास्थ्य संचालन<br>• प्रसूति सेवाको लागि नर्सको व्यवस्थापन<br>• नवजात शिशुको उपचारको लागि अस्पतालमा NICU सेटअप | अस्पतालहरु मार्फत कार्यक्रमहरु संचालन भइरहेका। |
| ६२ | • ८४ बर्ष पुगेका जेष्ठ नागरिकहरुलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम<br>• आयुर्वेद स्वास्थ्य केन्द्र चिकित्सालयहरुबाट स्वास्थ्य प्रवर्द्धन कार्यक्रम९योग, जीवनशैली, स्वस्थवृत, रसायन०<br>• अतिविपन्न नागरिकलाई मृगौला डाइलाइसिस औषधिमा सहायता कार्यक्रम<br>• सरकारी अस्पतालमार्फत गरिव एवम् विपन्न नागरिकलाई मुटुरोग, मृगौला, हेमोफिलिया, क्यान्सर रोगको निदान तथा स्क्रिनिङ कार्यक्रम | • निरन्तर रुपमा संचालनमा आएका। |
| ६३ | • स्वास्थ्यका २१ किसिमका तालिम कार्यक्रमहरु संचालन।<br>• तालिम केन्द्र भवन पूर्वाधार विकास विस्तृत प्रतिवेदन। | • तालिमहरु संचालन भैरहेका।<br>• तालिम भवनको लागि विस्तृत परियोजना प्रतिवेदन तयार हुदै। |
| ६४ | • आयुर्वेद स्वास्थ्य केन्द्र, चिकित्सालयहरुबाट स्वास्थ्य प्रवर्द्धन कार्यक्रम (योग, जीवनशैली, स्वस्थवृत, रसायन)<br>• स्वस्थ जीवन तथा योग सम्बन्धमा विद्यालय स्तरका शिक्षकहरुका लागि TOT तालिम लुम्बिनी र प्रादेशिक चिकित्सालय बिजौरीमा औषधि उत्पादन केन्द्र स्थापना (जडीबुटी खरिद तथा निशुल्क औषधि निर्माण र वितरण<br>• आयुर्वेद चिकित्सक र स्वास्थ्यकर्मिहरुका लागि क्षारसुत्र सम्बन्धी तालिम | |
| ६५ | • मेडिकल प्राविधिकहरुको उत्पादन | पूर्वाधार बन्दै |

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६६ | • बायोमेडिकल इक्विपमेन्ट टेक्निकल स्कुलको स्थापना र संचालन | तालिममात्र संचालन हुने |
| ६८ | • लुम्बिनी प्रादेशिक अस्पतालमा पर्खाल सहित न्यूरो तथा अर्थो भवन निर्माण, वुटवल<br>• लुम्बिनी प्रादेशिक अस्पतालको डाईग्नोष्टिक भवन निर्माण बहुवर्षीय निरन्तरता<br>• राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा योग अभ्यास केन्द्र निर्माण<br>• राप्ती प्रादेशिक अस्पतालको पेडियाट्रेकि भवन निर्माण<br>• राप्ती प्रादेशिक अस्पतालको तल्ला थप तथा कम्पाउण्ड वा | निर्माण निरन्तर |
| ६९ | स्थानीय स्तरमै आधारभूत स्वास्थ्य सेवाहरूको पहुँच वृद्धिका लागि जिल्लास्थित अस्पतालहरूमा दन्त सेवा, आँखा उपचार सेवा र फिजियोथेरापी लगायतका सेवा बिस्तार गर्न रू. ८ करोड ३० लाख विनियोजन | संचालनको अवस्थामा। |
| ७० | प्रदेश र स्थानीय तहको लागत साझेदारी हुने गरी कोभिड -१९ को प्रकोपस्थल बन्न पुगेको बाँकेको नरैनापुर र शान्तिप्रक्रियाको थालनी भएको ऐतिहासिक स्थल दाङको हापुरेमा रहेका स्थानीय तहमातहतका स्वास्थ्य संस्थाको संरचना निर्माण र सेवा बिस्तारको लागि रू. ३ करोड विनियोजन गरेको छु। | हापुरेको सम्झौता भएको र नरैनापुरमा कार्यक्रम संशोधनको क्रममा रहेको। |
| ७१ | • सार्वजनिक विद्यालयमा शौचालय निर्माण एवम् खानेपानी तथा सरसफाइ सुविधा बिस्तार<br>• अन्य पूर्वाधार निर्माण | ४८ कक्षाकोठा र ४६ कम्पाउण्डवाल र ११० वटा शौचालयहरुको निर्माणको सम्झौता भएको। |
| ७२ | स्थानीय तह, सामुदायिक स्वास्थ्य संस्था, निजी स्वास्थ्य संस्था तथा गैर-सरकारी संस्थाको सह-लगानीमा विद्यालयमा परिचारिका कार्यक्रम | ३६ वटा विद्यालयमा |
| ७३ | प्रदेशको विकासको लागि आवश्यक प्राविधिक मानवपुंजी निर्माण गर्न विज्ञान, प्रविधि, गणित र ईन्जिनियरिङ (स्टेम) विषयलाई संस्थागत गरी विद्यालय शिक्षालाई रुपान्तरण गर्दै लगिनेछ। प्रदेशका सबै जिल्लामा "स्टेम" परियोजना सञ्चालन। | स्टेम संयोजकहरुको नियुक्ति गरी कार्यक्रम सुरु भएको |

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ७४ | नमूना विद्यालय कार्यक्रमलाई थप १२ वटा विद्यालयमा बिस्तार गरी २४ वटा | निर्माण भैरहेका |
| ७५ | उत्कृष्ट विज्ञान शिक्षाको अवसर उपलब्ध गराउन बुटवलको कान्ति माध्यमिक विद्यालयमा सुविधासम्पन्न भवन निर्माण। | पहिलो तला ढलान |
| ७६ | समृद्धिको अभियान : छोरीहरूको पहुँचमा विज्ञान कार्यक्रम कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत सबै छात्राहरू र स्नातक तहमा विज्ञान संकायमा अध्ययनरत छात्राहरूलाई छात्रवृत्ति। | कक्षा ११ र १२ को लागि वितरण भएको र क्याम्पसको सूचना गरिएको। |
| ७७ | मुक्त कमैया, कमलरी, मुस्लिम, दलित र पिछडावर्गका छात्राहरूका लागि कक्षा ११ र १२ अध्ययनका लागि छात्रवृत्ति | झण्डै ३००० जनालाई दिइएको |
| ७८ | मुस्लिम छात्राहरूको छात्रावाससहितको नमूना विद्यालय | ३ वटा विद्यालयको सम्झौता सम्पन्न। |
| ७९ | प्रदेश विश्वविद्यालय स्थापना | विधेयक प्रमाणीकरण बाकी |
| ८१ | विशेष शिक्षा सहयोग कार्यक्रम | २१ विद्यालयमा सहयोग |
| ८२ | प्रादेशिक विज्ञान प्रविधि प्रतिष्ठान सञ्चालन<br>तुल्सीपुर र रुकुमको भुमेमा प्रविधिक शिक्षालय निर्माण सुरु | विधेयक प्रदेश सभामा।<br>भवन निर्माणको सुरुवात। |
| ८३ | खेलकुद पूर्वाधारको निर्माण | पालिका र विद्यालय स्तरमा खेलमैदान निर्माण। |
| ८४ | प्रदेश स्वयंसेवक कार्यक्रमका | ५१ जना स्वयमसेवकहरु नियुक्त |
| ८५ | विद्यालयमा स्काउट तालिम सञ्चालन | योजना भए पनि कोभिडका कारण कठिन |
| ८६ | युवाहरूको सीप स्तरोन्नतिका तालिमहरू उपलब्ध गराउन र प्राविधिक शिक्षालयहरूसँग सहकार्य गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन | कोभिडको कारणबाट केही तालिमहरु संचालन हुन नसकेका। |
| ८८ | प्रदेशमा रहेका सीमान्तकृत समुदायको आर्थिक सामाजिक सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न र लोपोन्मुख, सीमान्तकृत र अल्पसंख्यक समुदायका व्यक्तिहरूले प्रयोगमा ल्याएका भाषाहरूको शोधकार्य, लिपिविकास र संरक्षण। | |

| ब.व.को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८९ | सीमाक्षेत्र नजिक बसोबास गर्ने मधेसी दलित तथा पिछडा वर्गका महिलाहरूको आर्थिक, सामाजिक सशक्तीकरणका कार्यक्रम | तराइका ६ जिल्लामा कार्यक्रम संचालन |
| ९० | क. बाबुआमा नभएका बेसहारा बालबालिका तथा लोपोन्मुख परिवारका अति विपन्न बालबालिकाका लागि स्थानीय तहसँगको सहकार्यमा सामुदायिक विद्यालयमा आवासीय शिक्षाको व्यवस्था।<br>ख. बाल मन्दिर, बाल संरक्षण गृह र बाल सुधार गृहको भौतिक पूर्वाधार निर्माण। | बुटवल उमनपा अन्तर्गतको कालिका मानवज्ञानमा सुरु हुदै।<br>"विभिन्न जिल्लामा बालमन्दिरहरु सुधार हुदै |
| ९१ | ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूको संरक्षणका लागि ज्येष्ठ नागरिक ग्राम र अपाङ्गता नागरिक ग्रामको कार्यक्रमलाई। | जग्गा घेर्ने पर्खालको निर्माण |
| ९२ | महिलाहरूको आर्थिक सामाजिक सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गर्न रू. ३ करोड ७३ लाख। | विभिन्न कार्यक्रमहरु सञ्चालन |
| ९३ | क.स्वरोजगारमूलक तालिमका अवसर<br>ख.पुनर्स्थापना केन्द्र निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा जग्गा प्राप्ति गरी निर्माण कार्य। | जग्गा प्राप्ति गरी निर्माणको लागि डीपीआर निर्माण हुदै |
| ९४ | कोभिड -१९ को नियन्त्रण तथा उपचारका लागि स्रोतको अभाव हुन नदिन भैपरी आउने खर्चमा रू. १ अर्ब | आवश्यक परेको बजेट निकासा भैरहेको। |

## ८.११ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु.हजारमा)

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | सामाजिक विकास मन्त्रालय | ५ | १५५८२१ | १ | २० | २२२८७ | १२ | ३ | ६० | ७२५४३ | ५० |
| २ | एकीकृत स्वास्थ्य तथा सरसफाइ कार्यक्रम | ७५ | ३४९३८२ | ३८ | ५० | १२२२०८ | ३५ | ६८ | ९१ | ३१७९३७ | ९० |
| ३ | वाल अधिकार तथा सामाजिक न्याय | २७ | ४०१९८ | ८ | ३५ | ४७५७ | १२ | २३ | ८५ | ३४१६८ | ८५ |
| ४ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा | २३ | ४६०६०० | १० | ४४ | ६६७७० | २५ | २० | ९० | ४१४५४८ | ९० |
| ५ | लैङ्गिक सशक्तिकरण तथा मुलप्रवाहीकरण | १९ | ६६००० | ८ | ४२ | २७४९ | ५ | १६ | ८४ | ५२८००० | ८० |
| ६ | श्रम तथा रोजगार | ८ | १६५००० | २ | २५ | ० | ० | ० | ० | ० | ० |
| ७ | भाषा | १ | २००० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | युवा तथा खेलकुद | १० | ११६९०० | ३ | ३० | ३३०० | ४ | ८ | ८० | ७६५०० | ७० |
| ९ | उच्च शिक्षा | १० | २१६४०० | ४ | ४० | ३६१७९ | १७ | ९ | ९० | १४२३५४ | ७० |
| १० | प्रादेशिक अस्पताल सुदृढीकरण | ५० | ९१०७४४ | २० | ४० | १९४१०५ | २१ | ४० | ८० | ७२८५९५ | ८० |
| ११ | विज्ञान तथा प्राविधि विकास कार्यक्रम | ५ | ५६२०० | २ | ४० | १२४८७ | २२।२ | ४ | ८० | ४४९६० | ८० |
| १२ | संघ सशर्त बजेट | ९८६ | १८१०९४० | ४५८ | ४८ | ७६८०६५ | ४२।४ | ८५० | ८८ | १४८४९७० | ८२ |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १३ | शिक्षा तथा सामाजिक विकास निर्देशनालय | १ | १७५३८ | ।५ | ५० | ६४४३ | ३६।७३ | ।८ | ८० | १४०३० | ८० |
| १४ | सामाजिक विकास डिभिजन कार्यालयहरु | ६ | ४९७८९ | ४ | ६७ | २५३१२ | ५०।८३ | ५।५ | ९२ | ४२३२० | ८५ |
| १५ | स्वास्थ्य निर्देशनालय | १ | २४०६७ | ।६ | ६० | ११९४४ | ५० | ।८९ | ८९ | २०४५६ | |
| १६ | प्रादेशिक अस्पतालहरु | १३ | ८१२३३८ | ८ | ६२ | ४२५५३३ | ५२।३८ | ११ | ८५ | ६४९९० | ८० |
| १७ | स्वास्थ्य कार्यालयहरु | १२ | १४६७३९ | ७ | ५८ | ७८२९० | ५३।४ | १।८ | ९० | १३४९९९ | ९२ |
| १८ | आयुर्वेद चिकित्शालयहरु | २ | ३७१६३ | ।५ | ५० | १६४७४ | ४४।३२ | १।७ | ८५ | ३१५८८ | ८५ |
| १९ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु | ९ | ४७४३३ | ५ | ५६ | २२१५४ | ४७ | ८ | ८९ | ४२६८९ | ९० |
| २० | स्वास्थ्य तालिम केन्द्र | १ | १२१३७ | ।५ | ५० | ५१३३ | ४२ | ।९ | ९० | १०३१६ | ८५ |
| २१ | प्रदेश स्वास्थ्य आपुर्ति कार्यालय | १ | १५१०० | ।७ | ७० | ५९९२ | ४० | ९ | ९० | १३५९० | ९० |
| २२ | शिक्षा तालिम केन्द्र | १ | १६८१० | ।६ | ६० | ९३८६ | ५६ | ।९ | ९० | १४२८८ | ८५ |
| २३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १ | १२१९० | ।५ | ५० | ४५८५ | ३८ | ।८ | ८० | ८५३३ | ७० |

(स्रोतः सामाजिक विकास मन्त्रालय)

## ८.१२ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु. हजारमा)

| विवरण | शीर्षक | कुल बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश | चालु | १९१४०४२ | १४५२७५८ | ७५।९० |
| | पुँजीगत | ८१०१७५ | ६५००५१ | ८०।२४ |
| प्रदेश जम्मा | | २७२४२१७ | २१०२८०९ | ७७।२ |
| सशर्त | चालु | १६०२०४४ | १२२६५१६ | ७६।५६ |
| | पुँजीगत | ६५९६५ | ४६१७५ | ७० |
| | सशर्त जम्मा | १६६८००९ | १२७२६९१ | ७६।३ |
| कुल जम्मा | | ४३९२२२६ | ३३७५५०० | ७६।८५ |

(स्रोतः सामाजिक विकास)

## ८.१३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः

(रु. हजारमा)

| | मन्त्रालयको लागि विनियोजित बजेट | फागुन मसान्त सम्मको खर्च | खर्च प्रतिशत | असार मसान्त सम्मको अनुमानित खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु | ४४८१४५९ | १५१०६०३ | ३३।७ | ७५ |
| पुँजीगत | १४८०७२३ | ३९२५५८ | २६।५१ | ७० |
| जम्मा | ५९६२१८५ | १९०३१६१ | ३१।९२ | ७३ |

(स्रोतःसामाजिक विकास मन्त्रालय)

## ८.१४ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्तसम्मको संशोधित अनुमान |
|---|---|---|---|---|---|
| १ | १४२२३ | | १८००० | | |
| २ | १४२२९ | | ८४५२०० | | |
| ३ | १५१११ | | १६९७६ | | |

**(स्रोतः सामाजिक विकास मन्त्रालय)**

## ८.१५ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

मन्त्रालयवाट संचालित विकास आयोजनाहरुबाट सिर्जित रोजगारीमा १२९ जना स्वयम् सेवकहरु, ३६ जना स्कुल नर्स, २४ जना खेलकुद प्रशिक्षकहरु प्रत्यक्ष रोजगारीमा छन् भने यसका सामाजिक विकास शाखा तथा प्राविधिक तथा व्यवसायिक तालिम परिषद्मार्फत दिइने ८००० भन्दा बढीलाई तालिम प्राप्त गरी स्वरोजगार हुन सहयोग पुऱ्याएको छ। यस बाहेक रङ्गशालाहरु, विद्यालयहरु क्याम्पसहरु तथा अस्पतालहरुमा हुने भवन निर्माण आदिका कार्यहरुले सिजनल रोजगारी सिर्जना र संचालनमा सहयोग पुगेको छ।

## ८.१६ समस्या तथा चुनौतीः

- कोभिड,
- संघीय सरकारले निर्माण गर्नुपर्ने ऐन नियमहरु नबन्दा प्रदेशले आफ्ना कानून बनाउन नपाउँदा कतिपय कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको। जस्तैः शिक्षा ऐन,स्वास्थ्य ऐन,
- खरिद प्रक्रिया परामर्श सेवा अनुसन्धान जस्ता विषयको प्रक्रिया लामो हुँदा समयमा काम गर्न नसक्नु,
- कार्यान्वयन तहमा रहेर कार्य सम्पादन गरेको जनशक्तिलाई नीति निर्माण तहको कार्य सम्पादन गर्ने सीप तथा क्षमता विकासका तालिम गोष्ठीको कमी,
- कार्यन्वयन गर्ने संरचना/निकायमा कर्मचारी पदपुर्ति समयमा हुन नसक्नु ,
- कतिपय क्षेत्रमा बजेटको अभाव तथा बजेट निर्माण हुँदा वस्तुगत बनाउन नसकिएको कारणले समेत कार्यक्रम संचालनमा कठिनाई,
- सबै कार्यक्रम सञ्चालनको मानक नहुनु र लागत अनुमान तयारीमा लाग्ने समय,
- निर्माण गरिने संरचनाहरुको विस्तृत लागत अनुमान तथा EIE,
- निर्माण गरिने संरचनाको जग्गा प्राप्ति,
- लेखा प्रणाली संचालनमा एकीकृत सफ्टवेयर।

## ८.१७ समस्या समाधानका लागि चालिएका प्रयास तथा आगामी कदमः

| क्र.सं. | समस्या | समस्या समाधानका प्रयास | आगामी कदम |
|---|---|---|---|
| १ | आवश्यक सूचना तथा तथ्याङ्कको अभाव | खण्डीकृत तथ्याङ्कको प्रयोग | प्रदेश सूचना बैङ्कको स्थापना गर्नुपर्ने |
| २ | संघीय कानुन नबनेको अवस्था | मिल्दाजुल्दा कार्यविधिहरुको सहयोग लिइएको। | संघबाट समयमा नै सम्बद्ध कानून बन्नु पर्ने |

| क्र.सं. | समस्या | समस्या समाधानका प्रयास | आगामी कदम |
|---|---|---|---|
| ३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को बजेट सशर्तमा आए पनि अन्य संरचनाहरु हस्तान्तरण नहुनु | सम्झौता गरी अख्तियारी दिने गरिएको | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्का शिक्षालय तथा कर्मचारीहरु प्रदेशमा हस्तान्तरण हुनुपर्ने। |
| ४ | सार्वजनिक खरिद प्रक्रियाका सम्बन्धमा दक्षता र यसले लिने समय | परामर्श सेवाबाट समेत काम चलाइएको। | क्षमता वृद्धि तालिम।<br>प्रदेश सार्वजनिक खरिद अनुगमन तथा सहजीकरण इकाई स्थापना |
| ५ | प्राविधिक कार्यसँग सम्बन्धित संरचना र जनशक्तिको कमी | स्वयमसेवक प्राविधिकबाट काम चलाइएको। | प्रदेश सरकारका निर्माण कार्य हेर्न प्राविधिक wing को आवश्यकता रहेको |
| ६ | स्वास्थ्य क्षेत्रका औजार उपकरण मेशिनरी औजारको लागि स्पेशिफिकेशन तयार गर्ने समस्या | उपलब्ध कर्मचारी र परामर्श सेवाबाट जेनतेन काम चलाइएको | प्रदेशमा स्पेशीफिकेशन बैङ्कको स्थापना |
| ७ | एकीकृत सफ्टवेयर नहुनु | म्यानुअल रुपमा काम गर्नु परेको | प्रदेशको एकीकृत लेखाृयोजना , सूचना तथ्याङ्क सम्बन्धी सफ्टवेयरको व्यवस्था |

## ८.१८ निष्कर्षः

प्रदेश सरकारको गठन भएपछि सामाजिक क्षेत्रमा काम गर्नको लागि यसको संगठन संरचना बमोजिम स्वास्थ्य, शिक्षा, महिला,बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक, समाजकल्याण, श्रम तथा रोजगार, भाषा, लिपि, विज्ञान प्रविधि, युवा तथा खेलकूद र सरसफाई जस्ता क्षेत्रहरुका कार्यक्रमहरु संचालन गरिरहेको छ र सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र बृहद भएकोले यो मन्त्रालयलाई टुक्राई स्वास्थ्य तथ जनसङ्ख्या मन्त्रालय गठन समेत भैसकेको वर्तमान अवस्थामा कार्यान्वयन गर्नको लागि गठन भएको सामाजिक विकास मन्त्रालयले ऐन कानुनको सफल कार्यान्वयन गर्दै जनताको दैनिक जीवनसँग जोडिएका विषयमा अझ संवेदनशील भई आफ्नो जिम्मेवारीमा कटिबद्ध भई **समृद्ध प्रदेश खुसी जनता**को मूल मन्त्रलाई साकार पार्ने दिशातर्फ अगाडि बढिरहेको छ। प्रदेशको आवधिक योजना, राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी सम्झौता अनुरुप बनाइएका नीति तथा कार्यक्रमहरुलाई सफल कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला निकायबाट सल्लाह सुझाव र सहयोगको अपेक्षासहित अगाडि बढ्दछ।

# परिच्छेद-९

## उद्योग, वन तथा वातावरण मन्त्रालय

### ९.१ पृष्ठभूमिः

लुम्बिनी प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारीका साथ २०७४ माघ २६ गते देखि यो मन्त्रालय स्थापना भई सञ्चालनमा रहेको छ। औद्योगिक प्रदेशको रुपमा विकास गर्न प्रदेश भित्रको औद्योगिक तथा व्यापार व्यवसायको प्रवर्द्धन, विकास र नियमन, दिगो र फराकिलो पर्यटनको माध्यमबाट समग्र नेपाल र यस प्रदेशलाई विश्वसामु परिचित गराउन तथा अर्थतन्त्रमा उल्लेखनीय योगदानका लागि प्रदेशभित्रको पर्यटन विकास गर्न योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन, प्रदेशभित्रको वन सम्पदाको दिगो र उत्पादनमूलक व्यवस्थापन गरी स्थानीय आवश्यकतालाई सहज पूर्तिमार्फत् आत्मनिर्भर हुन प्रदेश भित्रको वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन सम्बन्धी नीति नियम निर्माण, दिगो व्यवस्थापन, बहुउपयोग र नियमन, खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन र नियमनका साथै वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ।

### ९.२ दीर्घकालीन सोचः

उद्योग तथा पर्यटन क्षेत्रको प्रवर्द्धन, वन लगायतका प्राकृतिक स्रोतहरूको संरक्षण एवम् दिगो व्यवस्थापन र वातावरण संरक्षणबाट दिगो र समावेशी समृद्धि हासिल गर्दै **"समृद्ध प्रदेश, खुसी जनता"** प्रादेशिक लक्ष्य पूरा गर्न योगदान पुऱ्याउने।

### ९.३ उद्देश्यः

**औद्योगिक विकास र प्रवर्द्धनतर्फः**

- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा योगदान बढाउनु,
- उद्योगको विकास र प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण सिर्जना गर्नु,
- औद्योगिक वस्तुहरूको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु,
- रोजगारीको संख्या र गुणस्तरमा अभिवृद्धि गर्नु।

**पर्यटन विकास तथा प्रवर्द्धनतर्फः**

- प्रदेशलाई आकर्षक तथा सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै आन्तरिक तथा बाह्य दुवै पर्यटकको आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु,

- पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधीकरण र विकास गर्नु,
- प्रदेश भित्रका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्नु।

**वन, जैविक विविधता र जलाधार व्यवस्थापनतर्फः**

- दिगो एवम् वैज्ञानिक वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु,
- काठ, दाउरा, जडीवुटी लगायतका महत्वपूर्ण वन पैदावारको सहज आपूर्ति गर्ने,
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु,
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकुलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु।

**वाणिज्य तथा आपूर्तितर्फः**

- आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु,
- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु,
- उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु,
- आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउनु।

**वातावरण संरक्षण तथा जलवायु परिवर्तनको असर न्यूनीकरणतर्फः**

- हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु,
- बढ्दो शहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु,
- वातावरण मैत्री दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु।

**संस्कृति संरक्षण र प्रवर्द्धनतर्फः**

- प्रदेशका ऐतिहाँसिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्नु।

## ९.४ रणनीतिः

माथि उल्लेखित विभिन्न लक्ष्य र उद्देश्य प्राप्त गर्न मन्त्रालय निम्नानुसारको रणनीतिहरु अंगीकार गरेको छ।

**<u>औद्योगिक विकास र प्रवर्द्धनतर्फः</u>**

- उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिने,
- स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने,
- लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानूनी तथा प्रक्रियागत सुधार गर्ने,
- गुणस्तरयुक्त एवम् प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको निर्यातलाई बढावा दिने।

**<u>पर्यटन विकास तथा प्रवर्द्धनतर्फः</u>**

- पर्यटन प्रर्वद्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने,
- ग्रामीण पर्यटनमार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुऱ्याउने,
- सबै मौसममा पर्यटकीय क्रियाकलापहरू सञ्चालनका लागि आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने।

**<u>वन, जैविक विविधता र जलाधार व्यवस्थापनतर्फः</u>**

- विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिका लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने,
- जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुनर्स्थापन तथा पुनर्निर्माण गर्ने,
- वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने,
- दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणमा टेवा पुऱ्याउने।

**<u>वाणिज्य तथा आपूर्ति तर्फः</u>**

- निर्यात हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न उत्पादनशील आयात, मूल्य अभिवृद्धि र मूल्य श्रृङ्खला व्यवस्थापनमा जोड दिँदै निर्यात प्रवर्द्धन गर्ने,
- वाणिज्य सम्बद्ध विद्यमान संरचना, पूर्वाधार एवम् आधारहरूको क्षमता अभिवृद्धि तथा सुदृढीकरणमा जोड दिँदै यसको अधिकतम उपयोग गर्ने,
- वस्तु तथा सेवाको सहज एवम् मितव्ययी आपूर्तिका लागि सरकारी, निजी, सामुदायिक र सहकारी संस्थाहरूबीच प्रभावकारी समन्वय गर्ने,
- दैनिक उपभोग्य वस्तु तथा सेवालाई सुलभ बनाउन नियमित रूपमा बजार अनुगमन गरी कानून अनुसार बजार नियमन गर्ने,
- विपद्को समयमा पनि वस्तु तथा सेवाको आपूर्ति सहज बनाउन संस्थागत क्षमता विकास र विस्तार गर्ने तथा भण्डारण क्षमता वृद्धि गर्ने।

**<u>वातावरण संरक्षण तथा जलवायु परिवर्तनको असर न्यूनीकरण तर्फः</u>**

- वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदुषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा सञ्चालन गर्ने,
- जलवायु परिवर्तनको असर कम गर्न जलवायु अनुकुलन तथा न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याउने,
- जल तथा मौसमी सेवालाई विश्वसनीय भरपर्दो नियमित, गुणात्मक बनाउन सहयोग गरी जलवायु परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्य संचालन गर्ने।

**<u>संस्कृति संरक्षण र प्रवर्द्धन तर्फः</u>**

- संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा गर्ने,
- प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक-सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहरसम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन तथा अनुसन्धान गर्ने।

## ९.५ कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसारका कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्।

- व्यापार/वाणिज्य र बजार प्रतिष्पर्धासम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन,
- ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,
- नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,
- व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन,
- खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय,
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी,
- प्रदेशका कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार।
- औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,
- सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,
- मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन,
- संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,
- उपभोक्ता अदालत गठन र सञ्चालन,
- अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्तिसम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय,

- लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन,
- करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन,
- दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,
- प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,
- संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमनसम्बन्धी,
- प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन,
- उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग,
- स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता,
- प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन,
- पर्यटक प्रहरी व्यवस्थापन,
- पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,
- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,
- जैविक विविधता पार्क, हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,
- जडीबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन,

- वन तथा वातावरणसम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह,
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग,
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन,
- प्रदेशभित्र भूस्खलन नियन्त्रण,
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,
- प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना,
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,
- प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण,
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन,
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन,
- वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन,
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धती निर्धारण,
- अन्तर प्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन,
- वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन,
- प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन,

- वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तुकलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिक स्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनसुन्धान तथा व्यवस्थापन,
- प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन,
- प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहाँसिक र धार्मिक, सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनसुन्धान, उत्खनन तथा पुनर्निर्माण,
- संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन।

## ९.६ कानूनी तथा नीतिगत व्यवस्थाः

यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने कार्यहरु सम्पादन तथा नियमन गर्नको लागि निम्न बमोजिम कानूनी तथा नीतिगत व्यवस्था गरिएको छ।

- प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५
- प्रदेश नं. ५, औद्योगिक व्यवसाय ऐन, २०७५
- प्रदेश नं. ५, प्रदेश पर्यटन ऐन, २०७६
- साझेदारी ऐन, २०७६
- प्राइभेट फर्म दर्ता ऐन, २०७६
- बजार नियमन तथा प्रतिस्पर्धा ऐन, २०७७
- वातावरण संरक्षण ऐन, २०७७
- साझेदारी नियमावली, २०७६
- प्राइभेट फर्म दर्ता नियमावली ,२०७६
- वातावरण संरक्षण नियमावली, २०७७
- नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५
- होमस्टेमा पुँजीगत अनुदान दिने सम्बन्धी कार्यविधि,२०७६
- होमस्टे सञ्चालन नियमावली, २०७६
- वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७
- उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७

## ९.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरवन्दि संख्या | पद पूर्ती संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | वन | समूहकृत नहुने | रा.प.प्रथम प्रा. | १ | १ | - | मन्त्रालय |
| २ | निर्देशक | वन | ज.फ. | एघारौं तह | १ | - | १ | अधिकत दशौं निमित्त निर्देशक |
| ३ | निर्देशक | वन | ज.फ. | नवौ/दशौ | १ | १ | - | तालिम केन्द्र |
| ४ | निर्देशक | प्रशासन | सा.प्रशासन | रा.प.द्वि. | १ | १ | - | उ.वा.तथाउ.हि. नि. |
| ५ | वन संरक्षण तथा व्य. अधिकृत | वन | ज.फ. | नवौ/दशौ | ५ | ४ | १ | मन्त्रालय/वन निर्देशनालय |
| ६ | वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत | वन | स्वा.एण्ड वा.क. | नवौ/दशौ | २ | २ | - | भू तथा ज.व्य. का. |
| ७ | डिभिजन वन अधिकृत | वन | ज.फ. | नवौ/दशौ | १४ | १४ | - | डि.व.का. हरु |
| ८ | प्रमुख उद्योग अधिकृत | प्रशासन | सा.प्र. | रा.प.द्वि.प्र. | ३ | - | ३ | घ. तथा सा.उ. का. |
| ९ | वरिष्ठ बाली बिकास अधिकृत | कृषि | एग्रोनोमी | नबौं /दशौं | १ | - | १ | वन अ. तथा प्रशिक्षण केन्द्र |
| १० | उप-सचिव | प्रशासन | सा.प्र. | रा.प./द्वि.प्र. | ३ | १ | २ | मन्त्रालय |
| ११ | अधिकृत | प्रशासन | सा.प्र. | सातौ/आठौ | ३२ | २१ | ११ | ७ अस्थायी |
| १२ | संग्रहालय प्रमुख | शिक्षा | परातत्व | रा.प.तृ. | १ | | १ | |
| १३ | स. वन अधिकृत | वन | ज.फ. | सातौ/आठौ | १४२ | १३९ | ३ | |
| १४ | स.अनुसन्धान अधिकृत | वन | फ.री. | सातौ/आठौ | १ | - | १ | |

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरवन्दि संख्या | पद पूर्ती संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १५ | सहायक भू. संरक्षण अधिकृत | वन | स्वा.एण्ड वाटर क. | सातौ/आठौ | ८ | ७ | १ | |
| १६ | प्रशिक्षण अधिकृत | विविध | - | रा.प.तृ.प्रा. | २ | - | २ | |
| १७ | लेखा अधिकृत | प्रशासन | लेखा | अ.सातौ/आठौ | ९ | २ | ७ | |
| १८ | कानून अधिकृत | न्याय | कानुन | रा.प.तृतीय | १ | १ | - | मन्त्रालय |
| १९ | क.ईन्जिनियर | बिविध | - | रा.प.तृ.प्रा. | १ | - | १ | मन्त्रालय |
| २० | खानी अधिकृत | ईन्जिनियर | माईनिङ | रा.प.तृ.प्रा. | १ | - | १ | |
| २१ | स. वनस्पति अधिकृत | वन | वोटानी | सातौ | १ | १ | - | |
| २२ | वातावरण निरीक्षक | विविध | - | सातौ | १ | १ | - | |
| २३ | ईन्जिनियर | ईन्जिनियर | सिभिल ई | रा.प.तृ.प्रा. | ९ | ६ | ३ | ७ अस्थायी |
| २४ | वालिविकास अधिकृत | कृषि | एग्रोनोमि | अ.सातौ/आठौं | ३ | १ | २ | |
| २५ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | सहायक पाचौ/अ.छैठौ | ५६ | ३९ | १७ | १६ अस्थायी |
| २६ | पथ प्रदर्शक | शिक्षा | पुरातत्व | | १ | - | १ | |
| २७ | ग्यालरी सहायक | शिक्षा | पुरातत्व | | १ | - | १ | |
| २८ | भू.सं. सहायक | वन | स्वा.एण्ड वा.क. | सहायक पाचौ/अ.छैठौ | ५ | १ | ४ | |
| २९ | लेखापाल/ अधिकृत | प्रशासन | लेखा | सहायक पाचौ/अ.छैठौ | ३१ | २४ | ७ | अस्थायी ७ |
| ३० | प्राविधिक सहायक | वन | वोटानी | अ.छैठौ | १ | १ | - | |
| ३१ | रेन्जर | वन | फ. रि. | स. पाचौ | १ | १ | - | |

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरवन्दि संख्या | पद पूर्ती संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३२ | रेन्जर | वन | ज.फ. | स. पाचौ/छैठौ | ७८ | ५४ | २४ | |
| ३३ | सव- ईन्जिनियर | ईन्जिनियर | सिभिल ईरि. | स. पाचौ/छैठौ | १० | ३ | ७ | ६ अस्थायी |
| ३४ | प्रमुख शिक्षक | विविध | - | सहायकस्तर पाचौ | १० | - | १० | |
| ३५ | टाईपिष्ट | प्रशासन | सा.प्र. | वेग अनुसार | २ | २ | - | |
| ३६ | प्राविधिक सहायक | ने.शिक्षा | पुरातत्व | सहायकस्तर पाचौ | १ | - | १ | |
| ३७ | ना.सु. प्राविधिक | ईन्जि. | माङनिङ | रा.प.अनं. प्रथम प्रा. | २ | - | २ | |
| ३८ | क.अपरेटर | विविध | - | स.पाचौ. | १४ | ११ | ३ | १२ अस्थायी |
| ३९ | सहायक/ खरिदार | प्रशासन | सा.प्र | रा.प.अनं द्वि./पाचौ | १७ | ७ | १० | |
| ४० | फरेष्टर | वन | ज.फ. | स.पाचौ. | ३० | २४ | ६ | संघ पुलको दरबन्दी वाट यस प्रदेशका कामकाज ८४ |
| ४१ | सह-लेखापाल | प्रशासन | लेखा | स.पाँचौ. | ३ | ३ | - | |
| ४२ | शिक्षक | विविध | - | रा.अनं.द्वि प्रा. | ३ | - | ३ | |
| ४३ | अपरेटर | विविध | - | रा.अनं.द्विप्रा. | ८ | ५ | ३ | |
| ४४ | सुवेदार | विविध | - | रा.अनं.द्विप्रा. | ८ | २ | ६ | |
| ४५ | जमदार | विविध | | रा.अनं. द्वि. | १६ | १५ | १ | फाजिल ९ |
| ४६ | हवल्दार | विविध | - | रा.अनं.तृतिय | ३४ | ८ | २६ | |
| ४७ | वन रक्षक | वन | ज.फ | श्रेणी विहिन | ४५६ | ३४५ | १११ | १ करार |
| ४८ | शसस्त्र वन रक्षक | विविध | - | श्रेणिविहिन | १३६ | ८६ | ५० | करार ६८ |
| ४९ | फरेस्ट गार्ड | वन | फ.रि. | श्रेणिविहिन | १ | १ | - | |

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरवन्दि संख्या | पद पूर्ती संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | चौकिदार | विविध | - | श्रेणिविहिन | १४ | १२ | २ | १० करार |
| ५१ | हेल्पर | विविध | - | श्रेणिविहिन | ८ | ५ | ३ | |
| ५२ | ह.स.चा. | प्रशासन | - | श्रेणिविहिन | ३८ | ३७ | १ | २७ करार |
| ५३ | का.स. | प्रशासन | - | श्रेणिविहिन | ८९ | ८९ | - | |
| ५४ | उद्यम विकास सहजकर्ता | विविध | | स. चौंथो | १२ | १२ | - | १२ करार |
| जम्मा | | | | | १३३३ | ९९० | ३४३ | |

## ९.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु:

- यस मन्त्रालयको कुल वार्षिक बजेटको पहिलो चौमासिकमा १५.२ प्रतिशत र दोस्रो चौमासिक सम्ममा ४०.६२ प्रतिशत वित्तीय प्रगति हासिल गर्न सक्षम भएको,
- वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ स्वीकृत भई सोही बमोजिम वार्षिक कार्यक्रमहरु सञ्चालन गरिएको,
- रुरु पर्यटकीय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडीखोला नियन्त्रण आयोजनामा ठेक्का सम्झौता बमोजिम माननीय मुख्यमन्त्रीज्यूबाट २०७७ मंसीर २३ गते शिलान्यास भई कार्य सञ्चालन भइरहेको। हाल रिडिखोलाको गुल्मी तर्फको करीव २५० मिटर तटबन्ध निर्माण भएको,
- लुम्बिनी प्रदेशको ब्राण्डिङ र पर्यटन प्रवर्द्धन गर्न मिति २०७७।०६।०६ मा मन्त्रालय र नेपाल पर्यटन बोर्डसँग सम्झौता सम्पन्न भई कार्य आरम्भ भएको छ,
- तिनाउ, राप्ती र बबई नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना तयारीको लागि परामर्शदाता संस्था सँग सम्झौता गरी सेवा प्रदायकबाट इन्सेप्सन रिपोर्ट पेश भई अध्ययन कार्य जारी रहेको,
- पाल्पाको श्रीनगरमा सांस्कृतिक डबली अन्तर्गत नाँच घरको मुख्य भवनको पहिलो तल्ला सम्मको निर्माण, बस्ने ऱ्याम्पको निर्माण, प्रशासनिक भवन तथा शौचालयको निर्माण कार्य तथा कम्पाउण्ड वाल निर्माण भएको यसै आर्थिक वर्ष भित्रमा सम्पन्न हुने गरी कार्य अगाडि बढेको,

- बहुबर्षीय विरुवा उत्पादन लगायत नर्सरी व्यवस्थापन विस्तृत योजनाहरु सबै कार्यालयहरुबाट तयारी भई मन्त्रालयमा प्राप्त भई बिरुवा उत्पादनको कार्य भइरहेको, बहुबर्षीय विरुवा १६ लाख ६८ हजार तथा एक बर्षीय बिरुवा १९ लाख ८६ हजार (कुल ३६ लाख ५४ हजार विरुवा उत्पादन हुने),
- अतिक्रमण नियन्त्रण र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बाँस रोपण योजना १४ वटै डिभिजन वन कार्यालयहरुमा तयार भई कम्तिमा ११० कि.मि. घना बाँस रोपण कार्य हुने गरी क्षेत्र छनौट भएको,
- उद्यम विकास कोष सञ्चालनको लागि रु. १० करोडको कोष स्थापना गरी रकम निकासा गरिएको। उद्यम स्थापनाका लागि लिएको ब्याज रकम अनुदानका लागि वार्षिक ७.७५ प्रतिशत ब्याजदरमा ऋण प्रवाह गर्न नेपाल बैंक लिमिटेडसँग मिति २०७७ मंसीर १९ गते सम्झौता भएको। ऋण प्राप्तिको लागि सूचना प्रवाह गरिएकोमा चारवटा उद्यमीले ऋण रकम लिएकोमा पहिलो किस्ता बापतको ब्याज मन्त्रालयले बैंकलाई तिरिदिएको,
- बाह्रवटै जिल्लाहरुमा बजार अनुगमनलाई प्रभावकारी रुपमा संचालन गर्ने क्रममा ९५९ वटा पसलहरुको अनुगमन गरी रु. १०,९०,०००/- जरिवाना र रु. ५,३७,७७५/- बरावरको सामान  नष्ट गरी सुधारका लागि विभिन्न सुझावहरु दिइएको,
- वन क्षेत्र भित्रका खोला खहरेको कार्ययोजनाहरू प्राप्त भई कम्पाइलको कार्य भई रहेको। यी योजनाहरूको वातावरणीय अध्ययन प्रतिवेदनको कार्य अगाडि बढाइएको,
- जडीवुटी विरूवा उत्पादन, खेती विस्तार गर्नुका साथै जडीवुटी तथा गैरकाष्ठ बन पैदावारमा आधारित उद्यम प्रवर्द्धनमा सहयोगका कार्यहरु सञ्चालनमा रहेको,
- स्वीकृत वातावरण संरक्षण नियमावली बमोजिम मन्त्रालयमा २ बर्ष देखि विचाराधिन रहेको अधिकांश कार्यसूची र प्रतिवेदनहरूको स्वीकृत प्रकृया अगाडि बढाइएको छ। प्रारम्भिक वातावरणीय अध्ययनका लागि पेश भएका ७९ वटा विभिन्न प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षणको कार्य सूची मध्ये ३८ वटा IEE को TOR (कार्य सूची) स्वीकृत गरिएको १८ वटाको परिमार्जनका लागि सुझाव सहित सम्बन्धित प्रस्तावक कहाँ पठाइएको, ३ वटा IEE प्रतिवेदन र १ वटा EIA  प्रतिवेदन स्वीकृत गरिएको,
- रुपन्देहीको भैरहवामा खाद्यवस्तु गुणस्तर मापन प्रयोगशाला निर्माणको कार्य संचालनमा रहेको,

- उद्योग प्रशासनतर्फ चालु आर्थिक वर्षमा १०,६४८ वटा नयाँ साना, लघु तथा घरेलु उद्योगहरु दर्ता भई सञ्चालनमा रहेका। यसका साथै ४,८९६ वटा वाणिज्य फर्महरु दर्ता भई रु. ७.१८ करोड राजश्व संकलन भएको,
- जगदीशपुर तालमा बहुउद्देश्यीय भवन र चरा अवलोकन टावर निर्माणको कार्य सम्पन्न हुने अवस्थामा पुगेको,
- मानसरोवरको प्रतिकात्मक स्थल सहित वोटानिकल गार्डेनको निर्माण कार्य सञ्चालनमा रहेको,
- ११ वटा स्थानमा आकस्मिक पहिरो ब्यबस्थापन तथा नदी खोला नियन्त्रण गरिएको,
- १४ वटा स्थानमा गल्छी, पहिरो तथा खहरे रोकथामका कृयाकलापहरु संचालन गरिएको,
- ८ वटा संवेदनशील सहरी जलाधार क्षेत्र संरक्षण गरिएको।

## ९.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अब वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः**

१. वातावरण संरक्षण ऐन, २०७७
२. बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने ऐन, २०७७
३. वातावरण संरक्षण नियमावली, २०७७
४. उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरण**

१. वन विधेयक,
२. औद्योगिक व्यवसाय प्रवर्द्धन विधेयक (संसोधनका लागि मस्यौदा तयार भएको),
३. सुपथ मुल्य पसल सञ्चालन कार्यविधि।

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी,
२. ढुवानी परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन सम्बन्धी,
३. आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता सम्बन्धी,
४. भौगर्भिक अध्ययन अनुसन्धान र नक्सा सम्बन्धी,
५. औद्योगिक वस्तुको निर्यात प्रबर्धन सम्बन्धी,

६. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र बस्तु आपूर्ति सम्बन्धी,

७. उपभोक्ता अदालत गठन र संचालन,

८. हानिकारक पदार्थको नियमन तथा व्यवस्थापन सम्बन्धी,

९. इन्धनको गुणस्तर र अनुगमन सम्बन्धी,

१०. औद्योगिक र व्यापार प्रदर्शनीको आयोजना र व्यवस्थापन सम्बन्धी।

## ९.१० चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

### ९.१०.१ नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा का. को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६० | प्रदेशलाई पश्चिम नेपालको औद्योगिक हबको रुपमा विकास गर्न केन्द्र सरकारसँगको सहकार्यमा ठूला औद्योगिक क्षेत्र र औद्योगिक कोरिडर निर्माणमा जोड दिइनेछ। औद्योगिक क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रबर्द्धनात्मक कार्यक्रम अघि बढाइनेछ। | सुनवल-परासी, कृष्णनगर-चन्द्रौटा र नेपालगंज-गुलरिया औद्योगिक कोरिडर निर्माण गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन भएको। |
| | | वुटवल औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माणमा सहयोग गरेको। |
| | | लगानी सम्मेलन २०७८ को तयारीको विभिन्न कार्यहरु गरेको। |
| | | नयाँ उद्योग दर्ता निःशुल्क गरिएको। |
| | | संघका उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग, खानी विभागहरुलाई प्रदेशमा उद्योग विकासका लागि समन्वय र अन्तरक्रिया गोष्ठी सम्पन्न गरिएको। |
| | | वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृति प्रक्रिया सरलीकृत गरिएको। |
| ६१ | एक निर्वाचन क्षेत्र, एक औद्योगिक ग्राम स्थापना को कार्यक्रमलाई निरन्तरता दिइनेछ। | चौध वटा पालिकाको विस्तृत आयोजना प्रतिवेदनको लागि अध्ययनको प्रकृयामा रहेको। तिलोत्तमा औद्योगिक ग्रामको पूर्वाधारमा लगानी गरेको, औद्योगिक ग्राम कार्य संचालन हुने चरणमा रहेको। |

| नीति तथा का. को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६२ | उद्यम विकास कोषको परिचालन गरी उद्योगको विकास र विस्तारका लागि घरेलु तथा साना उद्योगहरुमार्फत युवाहरुलाई स्वरोजगारका लागि प्रोत्साहित गरिनेछ। स्वदेशी कच्चापदार्थ र स्वदेशी श्रम प्रयोग गरी संचालन गरिने उद्योगलाई प्रबर्धन गरिनेछ। बैदशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई त्यस्ता उद्योग मार्फत रोजगारीको व्यवस्था गर्न रोष्टर तयार गरी व्यक्तिगत तथा सामूहिक रुपमा सरल कर्जा तथा अनुदान दिने नीति अबलम्बन गरिनेछ। | स्वदेशी रोजगारी प्रवर्द्धन गर्न उद्यम विकास कोषको परिचालनको लागि नव उद्यमीलाई ब्याजमा अनुदान दिन नेपाल बैंक लिमिटेडसँग २०७७ मंसीर १९ गते सम्झौता भई कार्यान्वयनको अवस्थामा रहेको। |
| | | अनुदानग्राहीले तीन देखि दश लाख ऋण लिंदा तीन वर्षको ब्याज प्रदेश सरकारले उद्यमीको खातामा भुक्तानी दिने ब्यबस्था रहेको। ऋण लिएका उद्यमीहरुको पहिलो किस्ता ब्याज अनुदान बैंकलाई तिरेको । |
| ६३ | प्रदेश सरकारले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, कार्यक्रम र परियोजनाहरु संचालन गर्दा स्वदेशी वस्तु तथा सेवाको प्रयोगमा बिशेष प्राथमिकता दिनेछ। | प्रदेश सरकारबाट निर्माण हुने र खरिद गर्ने काष्ठजन्य वस्तु खरिदमा स्वदेशी काठ प्रयोग गर्न विभिन्न निकायमा पत्राचार भएको। |
| ६४ | आन्तरिक उत्पादनको मेला प्रदर्शनी। | आन्तरिक उत्पादनको मेला प्रदर्शनीका लागि रु. एक करोड एघार लाख रकम विनियोजन भएकोमा कोभिड-१९ को प्रभावले गर्दा हुन नसकेको। |
| ६५ | गुणस्तरीय उपभोग्य वस्तुहरुको सर्वसुलभ आपूर्ति सुनिश्चित गरिनेछ। | बजार नियमन तथा प्रतिष्पर्धा प्रवर्द्धन ऐन कार्यान्वयनमा रहेको। |
| | | प्रदेशका विभिन्न जिल्लाहरुमा नियमित रुपमा विभिन्न पसलहरु र नवलपरासी (ब.सु.प.) मा एग्रोभेट अनुगमन गरेको। |
| | | विद्यालय वा समुदायस्तरमा उपभोक्ता जागरण क्लब गठन गरी ती क्लबहरु मार्फत उपभोक्ता शिक्षा कार्यक्रम संचालन भएको। |
| | | प्रत्येक जिल्लाका दश वटा विद्यालयमा उपभोक्ता प्रशिक्षक मार्फत उपभोक्ता जागरण कक्षा संचालनको लागि प्रशिक्षक छनौट भई कार्यक्रम सञ्चालन भएको। |

| नीति तथा का. को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६६ | प्रदेशमा खाद्य लगायत अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थाका लागि अभिलेखीकरण एवम् माग आपूर्ति विश्लेषण गर्न संयन्त्र स्थापना गरिनेछ। | प्रदेश स्तरीय आपूर्ति संयन्त्र र माग आपूर्ति विश्लेषणको लागि आपूर्ति संयन्त्रको गठन भएको। |
| | | माग र आपूर्ति विश्लेषणका लागि सफ्टवेयर निर्माण भइरहेको। |
| ६७ | पर्यटन क्षेत्रका व्यवसायको विविधीकरण र विकास गरी प्रदेशमा रोजगारीको अवसर वृद्धि गरिनेछ। | साहसिक पर्यटन सम्बन्धमा DPR तयार गर्न सेवा प्रदायक छनौट भई कार्य प्रारम्भ भएको। |
| ६८ | रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लालाई समेटी वृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। | वृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि एकमुष्ट बजेटलाई विभिन्न कृयाकलापमा विभाजन गरी कार्य अगाडि बढाइएको। |
| | | विभिन्न पर्यटकीय कार्यक्रम सञ्चालन भएको जस्तै कनकमुनी बुद्ध, कक्रुछन्द बुद्धको मूर्ति स्थापना र बँगैचा निर्माणको कार्य सञ्चालन भएको। |
| ६९ | पर्यटकीय स्थलहरुको संरक्षण, संवर्द्धन र विकास गरिनेछ। गत वर्ष संचालित पर्यटकीय पूर्वाधार निर्माण कार्यक्रम तथा विस्तृत आयोजना प्रतिबेदन तयार गरिएका आयोजनालाई निरन्तरता दिइनेछ। | प्रदेशमा १२ वटै जिल्लाका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक एवम् अन्य पर्यटकीय स्थलहरुको संरक्षण, संबर्द्धनका कार्यहरु मध्ये कतिपय कार्य सम्पन्न भएका र बाँकी कार्यहरु संचालनमा रहेका। |
| ७० | भारतीय र आन्तरिक पर्यटकहरुलाई आकर्षित गरी पर्यटन प्रवर्द्धन गर्न प्युठानको स्वर्गद्वारी, रोल्पाको होलेरी, अर्घाखाँचीको नरपानी, पाल्पाको श्रीनगर र गुल्मीको रेसुङ्गामा हिल स्टेशन निर्माण गरिनेछ। | हिल स्टेशनको कार्य गर्नको लागि परमर्शदाता संस्था छनौट भई अध्ययन कार्य सुरु गरिएको। |
| ७१ | होमस्टेको विकास मार्फत ग्रामीण पर्यटन प्रवर्द्धन गरिनेछ। होमस्टे संचालनको लागि प्रोत्साहन गर्ने, होमस्टेलाई स्थानीय संस्कृति, भेषभुषा, मौलिकता र परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आबद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ। | होमस्टेमा सांस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण कार्यको लागि प्रदेशमा सञ्चालित होमस्टेबाट प्रस्ताब माग गरी स्थलगत अनुगमन पश्चात आवश्यकता र उपयुक्तताको आधारमा २४ वटा होमस्टेहरु छनौट भई अनुदान प्रदान गरिएको। |

| नीति तथा का. को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ७२ | थारु, मगर लगायत प्रदेशमा रहेका विभिन्न सांस्कृतिक समुदायहरुको कला संस्कृति समेतको प्रवर्द्धन हुने विविध कार्यक्रमहरु संचालन गरी निर्माणाधिन सांस्कृतिक डबलीको निर्माण कार्यलाई सम्पन्न गरिनेछ। | पाल्पाको श्रीनगरमा र नुवाकोट गढीमा १/१ वटा सांस्कृतिक डवली पूर्बाधार निर्माणको कार्य ठेक्का मार्फत भइरहेको। करीब ६० प्रतिशत काम सम्पन्न भएको। |
| | | दाङको घोरदौरामा डवली निर्माण कार्य सम्पन्न हुने अवस्थामा पुगेको। |
| | | पाल्पा दरबार संग्रहालय र दाङ्गको चखौरामा थारु संग्रहालय सञ्चालनमा आएको। |
| ७३ | भाषा, साहित्य, कला, संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्दै संग्रहालयहरुलाई जानकारीमुलक र व्यबस्थित बनाउदै लगिनेछ। | पाल्पा दरवार संग्रहालयको व्यवस्थापनको कार्य भएको। |
| | | पाल्पा दरबारमा यसको निर्माता प्रताप शमसेरको मूर्ति स्थापना गरी प्रदेश स्थापना दिवसको सन्दर्भ पारेर २०७७।११।०४ मा उद्घाटन गरिएको। |
| ७४ | प्रादेशिक खनिज नीति, कानून, तथा मापदण्ड बनाई उपयुक्त स्थान पहिचान गरी नेपाल सरकार संगको सहकार्यमा खनिज तथा निर्माण सामग्री बिक्रीवितरण तथा उपयोग गर्न भौगर्भिक अध्ययन, अनुसन्धान, अन्वेषण र उत्खननका कार्यहरु अगाडि बढाइनेछ। साथै प्रदेशमा उद्योग, पर्यटन, वन, खानी तथा खानीजन्य क्षेत्रवाट रणनीतिक हिसाबले लाभ अभिवृद्धि गर्न अध्ययन अनुसन्धान र तथ्याङ्क व्यवस्थापन गरिनेछ। | नेपाल सरकारको खानी विभाग सँग पहिलो चरणको बैठक र समन्वय गरिएको। |
| ७५ | वैज्ञानिक वन व्यवस्थापनका माध्यमबाट वनको उत्पादन र उत्पादकत्व बढाइ वनपैदावारमा आत्मनिर्भर हुन सम्भाव्य उत्पादनशील वनहरु पहिचान गरी दिगो व्यवस्थापन गर्ने नीति लिइनेछ। हाल कायम रहेको वास्तविक वन क्षेत्र नघट्ने | वन पैदावारमा आधारित लघु तथा साना उद्योग स्थापना र संचालनका लागि सहकारी / समुदाय / संस्था / समूह मार्फत अनुदानको लागि सूचना प्रकाशन पश्चात पेश हुन आएका प्रस्तावबहरुको मूल्यांकन गरी केही समूहलाई आर्थिक अनुदान प्रदान गरिएको। |

| नीति तथा का. को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | गरी वनको सहभागितामूलक पद्धतिद्वारा व्यवस्थापन गरी वनजन्य कच्चापदार्थमा आधारित उद्योगहरु संचालनका लागि उपभोक्ता समूह तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। प्रदेशमा वन सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ। | वन विधेयकको मस्यौदा तयार गरिएको। |
| ७६ | वन व्यवस्थापनमा सामुदायिक वनले पुऱ्याएको योगदानलाई प्रोत्साहन गरिनेछ। सामुदायिक वन सँगको सहकार्यमा क्षेत्रहरु पहिचान गरी अघि बढाईनेछ। | केही सामुदायिक वनहरुलाई पर्यापर्यटनका क्रियाकलाप सञ्चालन गर्न र केहीलाई वन उद्यम सञ्चालनका लागि आर्थिक अनुदान प्रदान गरिएको। |
| ७७ | वनजन्य उद्योगस्थापना र प्रवर्द्धनका कार्यक्रमलाई प्रोत्साहन गर्न सबै सरकारी निकायहरुमा स्वदेशी बस्तुको प्रयोगवाट निर्मित उत्पादन जस्तै फर्निचर, कार्यालय सामग्री तथा उपकरणको प्रयोग गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। | प्रदेश र स्थानीय निकायमा स्वदेशी वस्तुको प्रयोगवाट निर्मित फर्निचर प्रयोग गर्न परिपत्र गरिएको। |
| ७८ | गुणस्तरीय (बहुबर्षीय) विरुवा निःशुल्क उपलब्ध गराइनेछ। | बहुबर्षीय विरुवा उत्पादन लगायत नर्सरी व्यवस्थापन विस्तृत योजनाहरु सबै कार्यालयहरुबाट तयार गरी मन्त्रालयमा प्राप्त भई १६ लाख ६८ हजार बहुबर्षीय बिरुवा उत्पादनको कार्य भइरहेको। |
| ७९ | जडीबुटी तथा सुगन्धित वनस्पतिको सम्भाव्यता अध्ययन गरी प्रत्येक जिल्लामा जडीबुटी तथा सुगन्धित वनस्पतिको पकेट कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ। झडिबुटी प्रशोधन गरी आयुर्वेदिक एवम् एलोपेथिक औषधी उत्पादनका लागि कारखाना स्थापना र प्रदेशिक ब्राण्ड प्रदान गर्ने नीतिगत व्यवस्था गरी उद्योग संचालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। | जडीवुटी विरुवा उत्पादनको लागि १४ वटै डिभिजन वन कार्यालयहरुबाट कार्यदिश भएको। खेती विस्तारको लागि प्रस्ताव मागको सूचना प्रकाशन भएको। जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनमा सहयोगको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन भएको। |

| नीति तथा का. को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८० | जैविक विविधताको संरक्षण र संवर्द्धन गर्दै वन अतिक्रमण रोक्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ। अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि समुदाय सँग सहकार्य गरिनेछ। | जैविक विविधता संरक्षण र संबर्द्धनका लागि नियमित कार्य भइरहेको। |
| | | अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम मार्फत समुदाय सँग सहकार्य भइरहेको। |
| | | केही स्थानमा बल प्रयोग गरी वन अतिक्रमण हटाइएको। |
| ८१ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको लागि वन्यजन्तु आवागमन गर्ने वन र आवादी सिमानामा छेकबार निर्माण गर्ने। | अतिक्रमण नियन्त्रण र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बाँस रोपण योजना सबै १४ वटै डिभिजन वन कार्यालयहरुमा तयार भई कम्तिमा ११० कि.मि. घना बाँस रोपण कार्य हुने गरी क्षेत्र छनौट भएको। |
| ८२ | राष्ट्रिय निकुञ्ज, संरक्षित तथा मध्यवर्ती क्षेत्र लगायत वन क्षेत्रको आसपासमा हुने मानव र वन्यजन्तुको द्वन्द्व न्यूनीकरणका लागि समुदायको क्षमता अभिवृद्धि, चेतनामूलक एवम् उद्दार तथा राहतका कार्यक्रम संचालन गरिनेछ। जंगली जनावरहरुले मानवबस्तीमा प्रवेश गरी पुऱ्याउन सक्ने क्षति न्यूनीकरणका लागि स्थानीय तहसँगको सहकार्यमा विशेष कार्यक्रम संचालन गरिनेछ। घाइते वन्यजन्तु उद्दारका लागि नेपाल सरकारसँग समन्वय गरी उद्धार एकाई स्थापना गरिनेछ। | बर्दिया जिल्लामा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि स्थानीय तहको समन्वयमा हात्ती छेक्ने पक्की पर्खाल र मचान निर्माणको कार्य भइरहेको। |
| | | पम्प्लेट, पोष्टर प्रकाशन, रेडियो, टि.भि. बाट प्रचार तथा गोष्ठीको माध्यमबाट सचेतनामुलक कार्यक्रम संचालन गरिएको। सर्प, बंदेल, निलगाई, चरीबाघ जस्ता वन्यजन्तुको उद्धार गरिएको। |
| ८३ | वनलाई कृषि सँग आवद्ध गर्दै प्रत्येक जिल्लामा नमूना कृषि वन विकास कार्यक्रम संचालन गरिनेछ। प्रदेशमा रहेका संवेदनशील जलाधार क्षेत्रको पहिचान गरिनेछ। जलवायु परिवर्तन अनुकुलनका कार्यक्रम सँगै जलाधारहरुको संरक्षणका | संवेदनशील जलाधार क्षेत्र संरक्षण अन्तर्गत ८ स्थानमा कार्य सम्पन्न भएको। |
| | | बाह्रवटै जिल्लामा नदी खोला नियन्त्रण, पानी मुहान संरक्षण/पोखरी निर्माण लगायतका भू-संरक्षणसँग सम्बन्धित कार्यहरु सञ्चालनमा रहेको। |

| नीति तथा का. को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | लागि विशेष कार्यक्रम संचालन गरी त्यस्ता स्थानहरुलाई पर्या पर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ। | |
| ८४ | प्लाष्टिकजन्य पदार्थहरुको उपयोगलाई निरुत्साहित गर्दै वातावरणीय प्रदुषण कम हुने वस्तुहरुको उत्पादन तथा प्रयोग गर्न प्रेरित गरिनेछ। प्रयोग भएका वस्तुहरुको पुनःप्रयोगका लागि एकीकृत फोहोरमैला प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन तथा निर्माण कार्यका लागि स्थानीय तह सँग सहकार्य गरिनेछ। | प्लाष्टिकजन्य पदार्थहरुको नियन्त्रण तथा पुनःप्रयोग सम्बन्धी अध्ययनको लागि परामर्शदाता संस्था छनौट भएको। एकीकृत फोहोरमैला प्रशोधन केन्द्रको स्थापनाका लागि छलफल भएको। |
| ८५ | भौतिक पूर्वाधार निर्माण तथा उद्योग कलकारखाना संचालनका क्रममा हुन सक्ने वातावरणीय क्षतिलाई न्यूनीकरण गर्दै त्यस्ता आयोजनावाट अत्यधिक वातावरणीय, आर्थिक तथा सामाजिक फाइदा लिन वातावरण सम्बन्धी कानून तथा मापदण्डको व्यवस्था गरी लागू गरिनेछ। | वातावरण संरक्षण ऐन, २०७७ तथा वातावरण संरक्षण नियमावली, २०७७ तयार भई कार्यान्वयनमा रहेको। |
| ८६ | पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने ढुंगा, गिटी, वालुवाको सहज उपलब्धताका लागि उपयुक्त खानी क्षेत्र पहिचान र उपयोग गर्ने र निकुञ्ज तथा वन क्षेत्रमा थुप्रिएको निर्माणजन्य सामग्रीको उपयोग सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ। | डिभिजन वन कार्यालयहरुबाट वन क्षेत्र भित्रका खोला खहरेको कार्ययोजनाहरू प्राप्त भई कम्पाइलको कार्य भई रहेको। यी योजनाहरूको वातावरणीय अध्ययन प्रतिवेदनको कार्य अगाडि बढाइएको। |

## ९.१०.२ बजेट बक्तव्यमा परेका कार्यक्रम कार्यान्वयनको विद्यमान अवस्थाको विवरण

| ब.ब.को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १३५ | प्रदेशमा एक कागज कारखाना स्थापना कार्य अघि बढाइनेछ। | कागज कारखानाको स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्न परामर्शदाता |

| ब.ब.को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | संस्था छनौट भई अध्ययन कार्य जारी रहेको। |
| १३६ | केन्द्रसँगको सहकार्यमा प्रदेशभित्र रासायनिक मल कारखाना स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ। सार्वजनिक निजी साझेदारीमा इलेक्ट्रिक स्कुटर कारखाना स्थापना गर्न पहल गरिने छ। | |
| १३७ | प्रदेशमै पेशा व्यवसाय गर्न युवाहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले **लघु, घरेलु तथा साना उद्योग विकास कोष** स्थापना गरी सहुलियत ऋणका लागि ब्याज अनुदानप्रदान गर्ने। | स्वदेशी रोजगारी प्रवर्द्धन गर्न उद्यम विकास कोषको परिचालनको लागि नेपाल बैंक लिमिटेडसँग २०७७।८।१९ मा सम्झौता भई कार्यान्वयन भइरहेको। |
| १३८ | एक निर्वाचन क्षेत्र एक औद्योगिक ग्रामको नीति अनुरुप संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भई सकेका पन्ध्र वटा औद्योगिक ग्राम मध्ये आवश्यकताका आधारमा विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ। विस्तृत अध्ययन सम्पन्न भएका औद्योगिक ग्रामहरु र बुटवल औद्योगिक क्षेत्रको पूर्बाधार विकास गरिनेछ। | प्रदेशमा १४ वटा औद्योगिक ग्रामको विस्तृत सम्भाव्यता अध्ययनको कार्य संचालनमा रहेको। बुटवल औद्योगिक क्षेत्रको पूर्बाधार विकास र तिलोत्तमाको औद्योगिक ग्रामको पूर्वाधारमा सहयोग गरी कार्य सम्पन्न हुने अवस्थामा पुगेको। |
| १३९ | मोतीपुर र नौवस्ता औद्योगिक क्षेत्र प्रदेश मातहत ल्याएर औद्योगिक विकासलाई सहजीकरण गरिनेछ। | मोतीपुर र नौवस्ता औद्योगिक क्षेत्र प्रदेश मातहत ल्याउने कार्यका लागि संघीय मन्त्रालयमा पत्राचार गरिएको। |
| १४१ | बाँके, रुपन्देही र दाङ जिल्लामा प्रादेशिक डिपार्टमेण्टल स्टोर सञ्चालनमा सहयोग गरिनेछ। | कोशेली घर स्थापनाको लागि १२ वटै घरेलु तथा साना उद्योग कार्यालयहरुबाट कार्य सञ्चालनमा रहेको। |
| १४२ | प्रदेशमा सञ्चालनमा रहेका इटाभट्टा, सिमेण्ट कारखाना र प्लाईउड कारखानामा काम गर्ने विदेशी कामदारहरु | कोइलाको गुणस्तर मापन यन्त्र खरिद गर्न अनुदान उपलब्ध गराउने कार्यका |

| ब.ब.को बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | फर्केपछि रिक्त हुन आएका करीब पचास हजार स्थानमा स्वदेशी कामदारहरुलाई सार्वजनिक-निजी साझेदारीको अबधारणा अनुरुप सम्बन्धित उद्योगको सहकार्यमा कार्यक्षेत्रगत तालिम प्रदान गरी काममा लगाउन आवश्यक बजेट व्यवस्था गरिएकोछ। कोइलाको गुणस्तर मापन यन्त्र खरिद गर्न अनुदान उपलब्ध गराउने प्रबन्ध मिलाइएको। | लागि उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट यन्त्र खरिदको लागि अनुदान प्रदान गर्न मापदण्ड तयारीको कार्य भएको। |
| १४३ | स्वदेशी वस्तुको प्रवर्द्धन र रोजगारी वृद्धिको लागि प्रदेशका कार्यालयहरुमा नेपाली काठ तथा नेपाली श्रमबाट बनेका फर्निचर मात्र खरिद गर्नुपर्ने। | प्रदेश र स्थानीय निकायहरुलाई नेपाली काठ तथा नेपाली श्रमबाट बनेका फर्निचर मात्र खरिद गर्न पत्राचार गरिएको। |
| १४४ | स्वदेशी उत्पादनको उपयोग गर्ने बानी बसाल्न तथा स्थानीय उत्पादन र रोजगारी वृद्धि गर्न अल्लो, ढाका जस्ता स्थानीय कपडा तथा छाला जुत्ता लगायतका उत्पादनलाई विद्यार्थी तथा शिक्षकको पोशाकमा प्रयोगमा ल्याउने विद्यालयलाई नगद प्रोत्साहन दिने व्यवस्था गरेको। | प्रचारात्मक कार्य मात्र गरिएको। ठोस कार्यक्रम गर्न नसकिएको। |
| १४५ | भगत सर्बजीत सीप विकास प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइएको। | महिला, दलित, मुक्त कमैया, कमलरी, माझी, हलिया तथा सिमान्तकृतहरुलाई सीपमुलक तालिम, एकल महिला दलित जनजातीहरुका लागि तालिम सम्पन्न भएका।<br>भगत सर्वजित परम्परागत शिल्प व्यवसाय प्रवर्द्धन अन्तर्गत विभिन्न तालिमहरु सञ्चालन भइरहेको। |
| १४६ | केन्द्र सरकार सँगको सहकार्यमा पाल्पाको डुम्रेमा फलाम खानीको अन्वेषण शुरु गरिनेछ। | कानूनी अप्ठेरोले गर्दा कार्य हुन नसकेको। |

| ब.ब.को बुदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| १४७ | स्थानीय तह सँगको सहकार्यमा वस्तु तथा सेवाहरुको गुणस्तर परीक्षण र नियमित अनुगमनलाई प्रभावकारी बनाउदै आपूर्ति प्रणालीलाई प्रतिष्पर्धात्मक बनाउनुको साथै एकाधिकार, कार्टेलिङ, कालोबजारी र मूल्य मिलेमतोको अन्त्य गरिनेछ। उपभोक्ता मूल्यसूची मोबाइल एप तयार गरी सञ्चालनमा ल्याइनेछ। | बजार अनुगमनलाई प्रभावकारी रुपमा संचालन गरी ९५९ वटा पसलहरुको बजार अनुगमन गरी रु. १०,९०,०००/- जरिवाना र रु. ५,३७,७७५/- बरावरको सामान नष्ट गरिएको। |
| १४८ | प्रदेशस्तरीय आपूर्ति व्यवस्था प्रणालीको विकास गर्न खाद्यान्न उत्पादन, आपूर्ति र भण्डारणको तथ्यांक अध्याबधिक गरिनेछ। भैरहवामा गुणस्तर प्रयोगशाला भवनको निर्माण सम्पन्न गरिनेछ। | भैरहवामा निर्माणाधिन गुणस्तर मापन प्रयोगशाला भवनको निर्माण कार्यको भौतिक प्रगति ७० प्रतिशत सम्पन्न भएको। |

## संस्कृति तथा पर्यटन प्रवर्द्धन

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| १५० | पर्यटकीय गन्तव्यहरुको पहिचान र पूर्वाधार विकास। | • पर्यटकीय पूर्वाधार निर्माणको कार्य जारी।<br>• साहासिक पर्यटनको गुरुयोजना र डि.पि.आर.को कार्य सञ्चालनमा रहेको।<br>• नेपाल पर्यटन बोर्ड सँग प्रदेशको पर्यटन प्रवर्द्धनका लागि सम्झौता भएको। |
| १५१ | वृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन। | वृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि एकमुष्ट बजेटलाई विभिन्न कृयाकलापमा विभाजन गरी विभिन्न कृयाकलापहरु सञ्चालन भइरहेको। |
| १५२ | बाहकुने दह, रुरु क्षेत्र तथा स्वर्गद्वारीमा पर्यटकीय पूर्वाधार | • बाहकुने दहमा बहुउद्देश्यीय पार्क |

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | विकास गर्न तयार भएका गुरुयोजनाहरुको कार्यान्वयनलाई निरन्तरता दिइनेछ। प्रदेशमा रहेका अन्य सम्भाव्य पर्यटकीय गन्तव्यहरुको गुरुयोजना र विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ। साथै प्यूठानको स्वर्गद्वारी, रोल्पाको होलेरी, अर्घाखाँचीको नरपानी, पाल्पाको श्रीनगर र गुल्मीको रेसुङ्गामा हिलस्टेशन निर्माणका लागि सम्भाव्यता अध्ययन सम्पन्न गरिनेछ। | निर्माणको लागि बहुबर्षीय आयोजना स्वीकृतको प्रकृयामा रहेको, रुरु पर्यटकीय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडिखोला नियन्त्रण आयोजनाको ठेक्का सम्झौता भई कार्य जारी, स्वर्गद्वारी मन्दिरको भौतिक पूर्बाधार निर्माणको कार्य सम्पन्न हुन लागेको।<br>• हिल स्टेशन निर्माणको लागि परामर्शदाता संस्था छनौट भई निर्माणका लागि सम्भाव्यता अध्ययन कार्य जारी रहेको। |
| १५३ | रुकुम पूर्वमा रहेका तातोपानीका मुहानहरुको संरक्षण र विकास गरी स्वास्थ्य पर्यटन प्रवर्द्धनको कामलाई निरन्तरता दिएको छु। | रुकुम पूर्वमा रहेका तातोपानीका मुहानहरुको संरक्षण र विकासका लागि उपभोक्ता समिति सँग सम्झौता भई कार्यदिश भएको। |
| १५४ | ढोरपाटन शिकार आरक्षमा प्रवेशका लागि रुकुम पूर्वको उपयुक्त विन्दुमा प्रवेशद्वार निर्माण गरी त्यस क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। बाँके र बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यापर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ। | ढोरपाटन शिकार आरक्षमा प्रवेशका लागि रुकुम पूर्वको उपयुक्त विन्दुमा प्रवेशद्वार निर्माण गर्न टेण्डर भई निर्माण व्यवसायी सँग सम्झौता गरी कार्यदिश दिइएको। बाँके र बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यापर्यटन प्रवर्द्धनका कार्यक्रमका लागि निकुञ्ज कार्यालय सँग छलफल भएको। |
| १५५ | प्रदेशको एक शीर्ष विन्दुको रुपमा विकास गर्न खोजिएको रुरु क्षेत्रमा पर्यटनको एकीकृत विकास एवम् कालीगण्डकी नदी तथा रिडीखोला नियन्त्रण गर्न नेपाल | रुरु पर्यटकीय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडीखोला नियन्त्रण आयोजनाको ठेक्का सम्झौता भई कार्य |

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | सरकारसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने गरी रु १५ करोड ५४ लाख विनियोजन गरेको छु। | सञ्चालनमा रहेको। |
| १५६ | होमस्टेमा पूर्वाधार विकास। | होमस्टेमा सांस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण कार्यको लागि प्रदेशमा सञ्चालित होमस्टेबाट सूचना मार्फत प्रस्ताब माग गरी अनुदान प्रदान गरिएको। |
| १५८ | पाल्पाको श्रीनगर र नुवाकोट तथा दाङको घोरदौरामा निर्माणाधीन सांस्कृतिक डबलीको निर्माण कार्य यसै वर्ष सम्पन्न गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु। | • पाल्पाको श्रीनगरमा सांस्कृतिक डवली तथा नुवाकोट गढीमा सांस्कृतिक डवली पूर्बाधार निर्माणको कार्य भइरहेको।<br>• दाङको घोरदौरामा डवली निर्माण कार्य जारी रहेको। |
| १५९ | प्रादेशिक प्रज्ञा प्रतिष्ठान गठन र सञ्चालन सम्बन्धी कानून निर्माण गरिनेछ। | प्रादेशिक कला, साहित्य र संस्कृतिको विकास तथा प्रवर्द्धनका लागि प्रादेशिक प्रज्ञा प्रतिष्ठान गठन र सञ्चालन सम्बन्धी कानूनको मस्यौदा तयार भएको। |
| १६० | प्रादेशिक संग्रहालयको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। | पाल्पा दरवार संग्रहालयलाई प्रदेशिक संग्रहालयको रुपमा विकास गर्ने गरी व्यवस्थापनको कार्य भएको। |
| १६१ | विभिन्न जातजातिहरुको परम्परागत संस्कृतिको प्रवर्द्धन, प्रचारप्रसार तथा विकासका लागि सबै जिल्लामा स्थानीय संस्कृतिमा आधारित सांस्कृतिक महोत्सव आयोजना गर्न बजेट व्यवस्था गरेको छु। | कोरोनाको महामारीको कारण कुनै पनि महोत्सवहरु सञ्चालन नभएको। |

**वन तथा वातावरण**

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६३ | जैविक विविधताको संरक्षण र सम्बर्द्धन गर्दै वन अतिक्रमण रोक्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ। | जैविक विविधता संरक्षण र सम्बर्द्धनका लागि कार्य संचालन भइरहेको। अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम संचालन गरी समुदाय सँग सहकार्य भइरहेको। |
| १६४ | प्रदेश भित्र ९ लाख हेक्टर भन्दा बढी वन क्षेत्र रहेकोमा वन व्यवस्थापन कार्ययोजना तयार भएको ५० हजार हेक्टर वनमा दिगो एवम् बैज्ञानिक वन व्यवस्थापन गरिनेछ। | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०२।१५ को निर्णयले वनको बैज्ञानिक व्यवस्थापनको कार्यमा अवरोध आएको। |
| १६५ | एक मिटर भन्दा अग्ला बहुवर्षीय विरुवा उत्पादन गरी निःशुल्क वितरण गरिनेछ। | बहुबर्षीय विरुवा उत्पादन लगायत नर्सरी व्यवस्थापन विस्तृत योजनाहरु सबै कार्यालयहरुबाट तयार गरी मन्त्रालयमा प्राप्त भई १६ लाख ६८ हजार बहबर्षीय बिरुवा र एक बर्षीय विरुवा १९ लाख ८६ हजार गरी कुल ३६ लाख ५४ हजार विरुवा उत्पादनको कार्य भइरहेको। |
| १६६ | जल पुनर्भरण, जैविक विविधता संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरी प्रदेश भित्रका ताल तलैया तथा सिमसार क्षेत्रहरुको संरक्षण र व्यवस्थापनका लागि सार्वजनिक तथा निजी जग्गामा जल पुनर्भरणका लागि चुरे तथा अन्य उपयुक्त स्थानमा पोखरी तथा जलाशय निर्माण गरिनेछ। | सिमसार क्षेत्र संरक्षण, पोखरी निर्माण कार्यक्रम अन्तर्गत चौध वटै डिभिजन वन कार्यालयहरु र दुई वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट सम्झौता भई कार्य जारी। |
| १६७ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको लागि वन्यजन्तु | बर्दिया जिल्लामा मानव वन्यजन्तु द्वन्द्व |

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | आवागमन गर्ने वन र आवादी सिमानामा बाँस रोपी ११० कि.मि. जैविक छेकबार निर्माण गर्ने, एउटा वन र अर्को वन जोडी वन्यजन्तु आवागमन गर्ने जैविक मार्ग विकास गर्ने र वन्यजन्तुको बासस्थान व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसका लागि रु. ३ करोड ३ लाख विनियोजन गरेको छु। | व्यवस्थापनका लागि स्थानीय तहको समन्वयमा हात्ती छेक्ने पक्की पर्खाल र मचान निर्माणको लागि सम्झौता भई कार्य जारी। अतिक्रमण नियन्त्रण र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बाँस रोपण योजना सबै १४ वटै डिभिजन वन कार्यालयहरुमा तयार भई कम्तिमा ११० कि.मि. घना बाँस रोपण कार्य हुने गरी क्षेत्र छनौट भएको। विभिन्न जिल्लामा सर्प, बँदेल, निलगाई, चरीबाघ जस्ता जनाबरहरुको उद्धार गरिएको। |
| १६८ | जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको व्यवस्थापनका लागि टिमुर, तेजपात, अल्लो, चिउरी, महुवा लगायतका प्रजातिहरुको पकेट क्षेत्र विकास गरिनेछ। वन समूह तथा निजी क्षेत्रलाइ जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको खेति विस्तारका लागि ग्रामिण क्षेत्रमा **घर-घरमा जडीबुटि** कार्यक्रम अन्तर्गत विरुवा वितरण गरिनेछ। जडीबुटी तथा गैरकाष्ठ वन पैदावार प्रशोधन गरी मूल्य अभिवृद्धी गर्न निजी क्षेत्रलाइ अनुदान दिने व्यवस्था गरेको छु। | जडीवुटी विरुवा उत्पादनको लागि चौध वटै डिभिजन वन कार्यालयहरुबाट कार्यदिश भएको। खेती विस्तारको लागि प्रस्ताव मागको सूचना प्रकाशन भएको। जडीबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम प्रवर्द्धनमा सहयोगको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन भएको। |
| १६९ | प्रत्येक जिल्लामा एक नमुना कृषि वन कार्यक्रम सञ्चालन गरिनेछ। | एक जिल्ला एक नमूना कृषि वन कार्यक्रम अन्तर्गत चौधवटै डिभिजन वन कार्यालयहरुमार्फत् क्षेत्र छनौट भई सम्झौता भएको। |
| १७० | बुटवल उप-महानगरपालिका, सैनामैना नगरपालिकाको सहकार्यमा फोहर मैला व्यवस्थापन गर्न फोहरमैला | एकीकृत फोहोरमैला प्रशोधन केन्द्रको स्थापनाको लागि सैनामैना नगरपालिका |

| ब.ब.को बुदा नं. | बजेट तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | प्रशोधन केन्द्र स्थापनाको लागि रु. १ करोड विनियोजन गरेको छु। प्रदेश भित्र प्लाष्टिकजन्य वस्तुको व्यवस्थापन गर्न परियोजना बैंकमा रहेको प्लाष्टिकबाट डिजेल उत्पादन गर्ने प्लान्ट स्थापनाका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ। सहकार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। | सँग प्रारम्भिक छलफल भएको तर नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याँकन प्रतिवेदन स्वीकृत नभएकोले कार्य सञ्चालन हुन नसकेको। बजेट सम्पर्ण गरिएको। |
| १७१ | वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रणका लागि वातावरणीय मापदण्डहरु निर्धारण, कार्यान्वयन र नियमित अनुगमन गर्ने व्यवस्था मिलाईनेछ। वातावरणीय प्रदुषण मापन प्रयोगशाला स्थापना गर्न रु. २ करोड विनियोजन गरेको छु। | वातावरण ऐन तथा वातावरण नियमावली कार्यान्वयनमा रहेको। प्रदुषण नियन्त्रणका लागि वातावरणीय मापदण्डहरु निर्धारण, कार्यान्वयन र नियमित अनुगमनका कार्य भइरहेको। |
| १७२ | राप्ती, बबई, वाणगंगा र तिनाउ नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना तयार गरिनेछ। यसका साथै संवेदनशिल जलाधार क्षेत्रहरुको संरक्षण र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ। यी कार्यक्रमका लागि रु. ३ करोड २५ लाख विनियोजन गरेको छु। | राप्ती, बबई र तिनाउ नदी प्रणालीमा आधारित जलाधार व्यवस्थापन योजना तयारीको लागि सेवा प्रदायक संस्था सँग सम्झौता भई अध्ययनको कार्य जारी रहेको। बाह्रवटै जिल्लामा आकस्मिक पहिरो व्यवस्थापन नदी तथा खोला नियन्त्रण, पानी मुहान संरक्षण/पोखरी निर्माण लगायतका भू-संरक्षणसँग सम्बन्धित कार्यहरु संचालनमा रहेको। |

(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## ९.११ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रू. हजारमा)

**वन वन्यजन्तु, जैविक विविधता संरक्षण कार्यक्रम**

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | कर्मचारीहरुलाई वन, वातावरण, जलाधार, जैविक विविधता र प्रविधि सम्बन्धी तालिम | ८ | ९८०० | ५ | ६२ | ५६६३ | ५७.८ | ७ | ८६ | ८५०० | ८६.७३ |
| २ | वन, जडीबुटी, जैविक विविधता सम्बन्धी आवश्यक कानून,कार्यविधि निर्माण | १ | २४०० | १ | २५ | ७३० | ३०.४१ | १ | १०० | २४०० | १०० |
| ३ | प्रगति समीक्षा तथा योजना तर्जुमा गोष्ठी | १ | १५०० | १ | ५० | ६२९.१४ | ४१.९४ | १ | १०० | १००० | ६६ |
| ४ | कबुलियति वनमा सामाजिक परिचालन तथा वन व्यवस्थापन | ३ | ४३०० | १ | ३३ | २२९६ | ५३.३९ | ३ | १०० | ४३०० | १०० |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ५ | वन, वातावरण, जलाधार, जडीबुटी तथा गैरकाष्ठ वन पैदावार सम्बन्धी संचालित कृयाकलापहरुको अनुगमन, प्रतिवेदन प्रकाशन | ५ | **२०००** | ३ | ६० | **१०३७** | **५१.८५** | ५ | १०० | २००० | १०० |
| ६ | वन अनुसन्धान तथा सर्वेक्षणका लागि आवश्यक उपकरण, मेसिन (जि.पि.एस., भर्टेक्स आदि | १ | **१०००** | १ | १०० | **१०००** | **१००** | १ | १०० | १००० | १०० |
| ७ | प्रदेशमा वन क्षेत्रको फैलावट र खण्डीकरणको कारणबाट मानव र वन्यजन्तु विच हुने द्वन्द्व व्यवस्थापन सम्बन्धी अध्ययन गर्ने। | १ | **१५००** | १ | २५ | **३४८** | **२३.२** | १ | १०० | १५०० | १०० |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ८ | प्रदेशमा विगत ३ वर्षको बैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयनको अवस्था बारे अध्ययन गर्ने | १ | **१०००** | १ | ३० | **२६३** | **२६.३** | १ | १०० | १००० | १०० |
| ९ | सिमसार क्षेत्र संरक्षण, पोखरी निर्माण कार्यक्रम | १४ | **२६५००** | १४ | ३५ | **८२५८** | **३१.१६** | १४ | १०० | २६५०० | १०० |
| १० | मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम | ७ | **१३७००** | ७ | ६० | **६५९४** | **४८.१३** | ७ | १०० | १३७०० | १०० |
| ११ | वन अतिक्रमण नियन्त्रणका लागि बाँस जन्य विरुवा रोपण | ८३ | **१६६००** | ४२ | ५० | **५६८१** | **३४.२२** | ८३ | १०० | १६६०० | १०० |
| १२ | वन अतिक्रमण नियन्त्रण | १४ | **८२५०** | ७ | ३५ | **१७६३** | **२१.३७** | १४ | ९१.४ | ७४२५ | ९० |
| १३ | वन डढेलो नियन्त्रण, रोकथाम | १४ | **७२००** | १४ | ४२.८५ | **३५७९** | **४९.७०** | १४ | १०० | ७२०० | १०० |
| १४ | वन क्षेत्र भित्रका खोला/खोल्सी व्यवस्थापन तथा नदीजन्य पदार्थ संकलन | ८ | **१००००** | ३ | ३७.५० | **८७५** | **८.७५** | ८ | ८५ | ८५०० | ८५ |
| १५ | सामुदायिक वनमा कार्ययोजना | १४ | **१७०००** | ९ | ६४.२ | **९५०२** | **५५.८९** | १४ | १०० | १७००० | १०० |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| | कार्यान्वयन | | | | | | | | | | |
| १६ | वन उद्यम प्रवर्द्धनमा सहयोग | १२ | २६६५० | ४ | ३३ | १८८२ | ७.०६ | ११ | ९० | २३९८५ | ९० |
| १७ | वन नर्सरी स्तरोन्नतिकरण | १४ | २८७०० | १० | ७२ | २०९८२ | ७३.१० | १४ | १०० | २८७०० | १०० |
| १८ | बहुवर्षिय विरुवा उत्पादन | १४ | ५७५०० | ८ | ५७ | २४८४० | ४३.२ | १४ | १०० | ५७५०० | १०० |
| १९ | वृक्षारोपण र विरुवा वितरण | २ | १५८०० | २ | ३० | २५३३ | १६.०३ | २ | १०० | १५८०० | १०० |
| २० | एक जिल्ला एक नमुना कृषि वन कार्यक्रम | १४ | २०५०० | ६ | ४२ | २९२९ | १४.२८ | १४ | १०० | २०५०० | १०० |
| २१ | वन्यजन्तु उद्दार कार्यक्रम | १४ | ६५५० | ६ | ४२ | २०२१ | ३०.८५ | १४ | १०० | ६५५० | १०० |
| २२ | वनपैदावार व्यवस्थापन सम्बन्धी सफ्टवेयर खरिद र जडान | १४ | १४००० | १ | ०.०७ | ४००२ | २८.५८ | ५ | ३५.७ | ११२०० | ८० |
| २३ | विभिन्न दिवस,समारोह,प्रचार प्रसार वार्षिक प्रगति पुस्तिका प्रकाशन आदि | १८ | ९४०० | ६ | ३३ | २४२७ | २५.८१ | १८ | १०० | ९४०० | १०० |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| २४ | जैविक विविधता संरक्षण र प्रवर्द्धन(संकटापन्न वनस्पतिको संरक्षण,सूचना केन्द्र स्थापना,अभिलेखीकरण आदि) | १५ | **८५००** | ५ | ३३ | **३१५०** | **३७.०५** | १५ | १०० | ८५०० | १०० |
| २५ | चोरी कटानी/ चोरी शिकारी/नदीजन्य पदार्थ चोरी नियन्त्रण | १४ | **९०००** | ७ | ५० | **३०८६** | **३४.२८** | १२ | ८५.७१ | ८१०० | ९० |
| २६ | बैज्ञानिक वन व्यवस्थापन | ८ | **१३३६००** | २ | २५ | **४१९९९** | **३१.४३** | ६ | ७५ | १००२०० | ७५ |
| २७ | बुद्ध मंगल ताल पर्यटन पूर्वाधार विकास | १ | **१५००** | १ | ६० | **८८१** | **५८.७३** | १ | १०० | १५०० | १०० |
| २८ | वनमा आधारित उत्पादन कार्यक्रम (ढलापडा, वारिसे, वेवारिस काठ सकंलन, घाटगद्धी) | १ | **३५०** | १ | १० | **०** | **०** | १ | १०० | ३५० | १०० |
| २९ | डिभिजन वन कार्यालयको पञ्चवर्षीय वन व्यवस्थापन | ३ | **१५००** | १ | ३३ | **२५०** | **१६.६६** | ३ | १०० | १५०० | १०० |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| | कार्ययोजना तयारी (IEE प्रतिवेदन समेत) | | | | | | | | | | |
| ३० | कबुलियति वनमा आयमुलक कार्यक्रम सञ्चालन | १ | ४५० | १ | ९० | ४२४ | ९४.२२ | १ | १०० | ४५० | १०० |
| ३१ | उच्च प्रविधियुक्त बहुउद्देश्य नर्सरी निर्माण | १ | ७००० | १ | ६० | ३००० | ४२.८५ | १ | १०० | ७००० | १०० |

| | |
|---|---|
| **वित्तीय प्रगति प्रतिशतः** | **३५.४४** |
| **भौतिक प्रगति प्रतिशतः** | ४६.०० |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम

| क्र.सं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | हस्पिटालिटी म्यानेजमेन्ट तालिम | २ | २००० | २ | ९५ | १९०० | ९५ | २ | ९५ | १९०० | ९५ |
| २ | पर्यटन गाइड तालिम | २ | २००० | ० | ० | ० | ० | १ | ५० | १००० | ५० |
| ३ | होमस्टे व्यवस्थापन तालिम | २ | १००० | १ | ५० | ४७५ | ४७.५ | २ | ७५ | ७५० | ७५ |
| ४ | वृहत्तर लुम्बिनी पर्यटन प्रवर्द्धन कार्यक्रम | १ | २५००० | १ | १० | २७०७ | १०.८२ | १ | ५० | १२५०० | ५० |
| ५ | ब्रोसर टुरिष्ट गाइड छपाइ र प्रचार प्रसार | १ | १००० | १ | २० | ८२ | ८.२ | १ | १०० | १००० | १०० |
| ६ | हिलस्टेशनको गुरुयोजना र DPR निर्माण | १ | ३५०० | ० | ० | ० | ० | १ | ६० | २३०० | ६५.७१ |
| ७ | पर्यटन प्रवर्द्धन डकुमेन्ट्री निर्माण | १ | २५०० | ० | ० | ० | ० | १ | ६० | २००० | ८० |
| ८ | होमस्टेमा सांस्कृतिक घर निर्माण र परम्परागत बाजा तथा भेषभुषा संरक्षण | १ | २०००० | १ | ३५ | २७८८ | १३.९४ | १ | १०० | २०००० | १०० |
| ९ | साहसिक पर्यटन गुरुयोजना र DPR निर्माण | १ | २५०० | ० | ० | ० | ० | १ | १०० | २५०० | १०० |

| क्र.सं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १० | पाल्पा दरवार संग्रहालय व्यवस्थापन | १ | **५०००** | १ | २० | **२६७८** | **५३.५६** | १ | १०० | ५००० | १०० |
| ११ | रामग्राम संग्रहालयमा DPR निर्माण | १ | **२२००** | ० | ० | **०** | **०** | १ | १०० | २२०० | १०० |
| १२ | बगैचा सहित कनकमुनी बुद्धको प्रतिमा निर्माण निग्लिहवा कपिलवस्तु | १ | **३०००** | १ | ५० | **१६५०** | **५५** | १ | १०० | ३००० | १०० |
| १३ | बगैचा सहित ककुच्छन्द बुद्धको प्रतिमा निर्माण गोटिहवा कपिलवस्तु | १ | **२०००** | १ | ६५ | **१६५०** | **८२.५** | १ | १०० | २००० | १०० |
| १४ | पर्यटन पूर्बाधार निर्माण सम्बन्धी विभिन्न योजनाहरु | १८६ | **६८४०८०** | १८६ | ५१ | **२०५५१०** | **३(** | १८६ | १०० | ५८८३०८.८ | ८६ |

| | |
|---|---|
| वित्तीय प्रगति प्रतिशतः | २९.३५% |
| भौतिक प्रगति प्रतिशतः | ४४.००% |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## जडीबुटी तथा गैरकाष्ठ वनपैदावार व्यवस्थापन कार्यक्रम

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | प्रदेशका महत्वपूर्ण जडीवुटी तथा गैरकाष्ठ वनपैदावारहरूको आर्थिक विश्लेषण सहित अध्ययन गर्ने | १ | **१५००** | १ | २५ | ३७६ | **२५.०७** | १ | १०० | १५०० | १०० |
| २ | जडीवुटी विरूवा उत्पादन, खेती विस्तार | २५ | **१२५००** | १० | ४० | ३५५४ | **२८** | २५ | १०० | १२५०० | १०० |
| ३ | जडीवुटी तथा गैरकाष्ठ बन पैदावारमा आधारित उद्यम प्रवर्द्धनमा सहयोग | २० | **२५०००** | ८ | ४० | २२३३ | **८.९३** | १ | ८५ | २१२५० | ८५ |

| | |
|---|---|
| वित्तीय प्रगति प्रतिशतः | १५.८ |
| भौतिक प्रगति प्रतिशतः | ३२.०० |

(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## भू तथा जलाधार व्यवस्थापन कार्यक्रम

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | | असार मसान्तसम्मको अनुमान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | तिनाउ, राप्ती र बबइ नदी प्रणालीमा आधारित जलाधार व्यबस्थापन योजना तयार गर्ने | १ | **५४००** | १ | २० | **०** | **०** | १ | १०० | ५४०० | १०० |
| २ | आकस्मिक पहिरो व्यबस्थापन तथा नदी | १६ | **३००००** | १३ | ८१ | **१९६४४** | **६५.४८** | १६ | १०० | ३०००० | १०० |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| | खोला नियन्त्रण | | | | | | | | | | |
| ३ | ग्रामिण सडक सँग भू-संरक्षण कार्यक्रम | ५ | **२०५००** | ४ | ८० | **१७७७९** | **८६.७३** | ५ | १०० | २०५०० | १०० |
| ४ | नदी तथा खोला किनारा व्यबस्थापन | १२ | **६१३००** | ९ | ७५ | **४४५८३** | **७२.७३** | १२ | १०० | ६१३०० | १०० |
| ५ | संवेदनशील जलाधार क्षेत्र संरक्षण | ३१ | **३६७५०** | २२ | ७३ | **३१७३५** | **८६.३५** | ३० | १०० | ३६७५० | १०० |
| ६ | प्रचार प्रसार, Activity profile र योजना तर्जुमा गोष्ठी | २ | **१५००** | २ | २० | **३०२** | **२०.१३** | २ | १०० | १५०० | १०० |
| ७ | खोला व्यवस्थापन गरी पानीको बहुउद्देश्यीय उपयोग (जलवायु परिवर्तन अनुकुलन समेत) | २ | **५०००** | ० | ० | **०** | **०** | २ | १०० | ५००० | १०० |
| ८ | गल्छी, पहिरो तथा खहरे नियन्त्रण | ३९ | **४००००** | १८ | ४६ | **३१४१२** | **७८.५३** | ३९ | १०० | ४०००० | १०० |
| ९ | पानी मुहान संरक्षण/पोखरी निर्माण कार्यक्रम | २७ | **१००००** | २० | ७४ | **५८८०** | **५८.८** | २७ | १०० | १०००० | १०० |
| १० | संवेदनशील उपजलाधार क्षेत्रहरुमा कृषि वन प्रणाली प्रवर्द्धन | १४० | **६३००** | ० | ० | **०** | **०** | १४० | १०० | ६३०० | १०० |
| ११ | नदी प्रणालीमा आधारित उपजलाधार क्षेत्रहरुको सम्भाव्यता तथा विस्तृत योजना निर्माण | २ | **३०००** | २ | ४० | **९८८** | **३२.९३** | २ | १०० | ३०००० | १०० |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |

| | |
|---|---|
| वित्तीय प्रगति प्रतिशतः | ६९.४३ |
| भौतिक प्रगति प्रतिशतः | ८०.०० |

(स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## वाणिज्य तथा आपूर्ति व्यवस्थापन कार्यक्रम

| क्र.सं. | कार्यक्रम/ कृयाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | विद्यालय वा समुदायस्तरमा उपभोक्ता जागरण क्लव गठन गरी उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन गर्ने | १२० | २४०० | ६१ | ५०.८ | ११९१ | ४९.६२ | १२० | १०० | २४०० | १०० |
| २ | प्रत्येक जिल्लाका दश वटा विद्यालयमा उपभोक्ता प्रशिक्षक मार्फत उपभोक्ता जागरण कक्षा सञ्चालन गर्ने | १२० | ३००० | ८० | ६६ | २१५७ | ७१.९१ | १२० | १०० | ३००० | १०० |
| ३ | व्यवसायीहरु बीच अन्तरक्रिया | १ | ४०० | १ | ५० | २१० | ५२.५ | १ | १०० | ४०० | १०० |
| ४ | बजार अनुगमन निरिक्षण | ३९० | ३९०० | २३४ | ६० | १९३८ | ४९.६८ | ३९० | १०० | ३९०० | १०० |

| क्र.सं. | कार्यक्रम/ कृयाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ५ | उद्योग तथा वाणिज्य फर्मको तथ्याङ्कहरुको अपडेट | २२० | **२२००** | ११० | ५० | **१०१२** | **४६** | २२० | १०० | २२०० | १०० |
| ६ | उद्योग तथा वाणिज्य प्रशासन | २६० | **२६००** | ६० | १५६ | **१४३०** | **५४.९९** | २६० | १०० | २६०० | १०० |
| ७ | वाणिज्य तथा आपूर्ति सम्बन्धी कानूनहरु निर्माण | १ | **५००** | ० | ० | **०** | **०** | १ | १०० | ५०० | १०० |
| ८ | उपभोक्ता दिवस | २२ | **७००** | ११ | ५० | **३५०** | **५०** | ११ | ५० | ३५० | ५० |
| ९ | पेट्रोल पम्पहरुको अनुगमन | १०० | **२००** | ८ | ८ | **५६** | **२८.११** | १०० | १०० | २०० | १०० |
| १० | प्रदेशस्तरीय आपूर्ति संयन्त्र संन्चालन र माग आपूर्ति विश्लेषण | १ | **१०००** | १ | १० | **२९** | **२.८६** | १ | १०० | १००० | १०० |
| ११ | प्रचार प्रसार (रेडियो पत्रपत्रिका) | २६५ | **१९००** | १५९ | ६० | **७३०** | **३८.४४** | ३६५ | १०० | १९०० | १०० |
| १२ | उपभोक्ता जागरण अभियान प्रचार सामग्री तयारी | १० | **५००** | ० | ० | **०** | **०** | १० | १०० | ५०० | १०० |
| १३ | १२ वटै जिल्लाका प्रत्येक स्थानीय तहमा कम्तीमा १ वटा आपूर्ति केन्द्रको सम्भाव्यता अध्ययन | १०० | **१२००** | ६५ | ६५ | **१०४७** | **८७.२५** | १०० | १०० | १२०० | १०० |

| क.सं. | कार्यक्रम/ कृयाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १४ | खाद्यबस्तुको गुणस्तर मापन प्रयोगशाला भवन निर्माण | १ | २०००० | १ | ५५ | ३५६८ | १७.८४ | १ | १०० | २०००० | १०० |

| | |
|---|---|
| वित्तीय प्रगति प्रतिशतः | ३३.५६ |
| भौतिक प्रगति प्रतिशतः | ५२.०० |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रम

| क. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | वेवसाईट र डिजिटल वडापत्र | १२ | १२०० | ११ | ९१ | ११४२ | ९५.१७ | १२ | १०० | १२०० | १०० |
| २ | विपन्नमुखी आयमुलक सीप विकास तालिम | १२ | ३६०० | १० | ८३ | ३२५० | ९०.२८ | १२ | १०० | ३६०० | १०० |
| ३ | मुक्त कमैया कमलरी ,माझी, कुमाल, हलिया तथा लोपोन्मुख, सिमान्तकृतलाई सीप मुलक | १२ | १८०० | ११ | ९१ | १७९७ | ९९.८३ | १२ | १०० | १८०० | १०० |

| क. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| | तालिम | | | | | | | | | | |
| ४ | जिल्ला स्तरमा लघु घरेलु तथा साना उद्योगीहरुलाइ प्रविधि हस्तान्तरण | १३९ | १३९०० | ९० | ६४ | ३२३२ | २३.२५ | १३९ | १०० | १३९०० | १०० |
| ५ | सीप विकास तथा रोजगार कार्यक्रम भिन्न क्षमता एकल महिला दलित जनजातिका लागि सीप विकास तालिम | १२ | २४०० | ११ | ९१ | २३२० | ९६.६७ | १२ | १०० | २४०० | १०० |
| ६ | भगत सर्वजित परम्परागत शिल्प ब्यवसाय प्रवर्द्धन तालिम | १३ | २०००० | १० | ७६ | ४५०० | २२.५० | १२ | १०० | २०००० | १०० |
| ७ | उद्योग दिवस मनाउने | १३ | ७०० | १३ | १०० | ७०० | १०० | १३ | १०० | ७०० | १०० |
| ८ | बुद्धकालिन र बुद्ध संस्कृतमा आधारित काष्ठकला ललितकला र मुर्तिकला सम्बन्धी कलाकार उत्पादन गर्ने | २० | १०००० | २ | १० | ० | ० | १० | ५० | २५०० | २५ |

| क. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ९ | परम्परागत सीप र प्रविधिमा आधारित नयाँ उद्यमी तयार | ४७५ | ४७५०० | २८५ | ६० | १४२५० | ३० | ४७५ | १०० | ४७५०० | १०० |
| १० | प्रदेश स्तरीय महिला उद्यमीहरु सँग अन्तरक्रिया गोष्ठी | १ | ५०० | १ | १०० | ४९६ | ९९.२ | १ | १०० | ५०० | १०० |
| ११ | वन क्षेत्रमा लैगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरक्रिया गोष्ठी | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |
| १२ | उत्पादित वस्तुको गुणस्तर र लेभलिङ सम्बन्धमा अभिमुखीकरण गोष्ठी | १२ | १२०० | ११ | ९१ | १०८२ | ९०.१७ | १२ | १०० | १२०० | १०० |
| १३ | कर्मचारीको क्षमता अभिवृद्धि तालिम | १ | १००० | ० | ० | ० | ० | १ | १०० | १००० | १०० |
| १४ | प्रगति समीक्षा गोष्ठी | ९ | ९०० | ४ | ४४ | ५९० | ६५.५६ | ७ | ७७ | ७६५ | ८५ |
| १५ | अल्लो प्रशोधन उद्योगहरुलाई अनुदान सहयोग | २ | १००० | १ | ५० | ४६० | ४६ | २ | १०० | १०००० | १०० |
| १६ | अदुवा उद्योगलाई अनुदान | १ | ५०० | १ | ३० | २० | ४ | २ | १०० | ५०० | १०० |

| क. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १७ | चिउरी साबुन उद्योगलाई अनुदान | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |
| १८ | कागज उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन | १ | २००० | ० | ० | ० | ० | १ | १०० | २००० | १०० |
| १९ | गलैंचा उत्पादन गर्ने उद्योगलाई उन प्रशोधन गर्ने मेसिन अनुदान | १० | १००० | ० | ० | ० | ० | १ | १०० | १००० | १०० |
| २० | नेपाली हाते कागज कारखाना स्थापनाका लागि अनुदान | १ | १००० | ० | ० | ० | ० | १ | १०० | १००० | १०० |
| २१ | ऐन, नीति, नियमावली, कार्यविधि, निर्देशिका निर्माण तथा परिमार्जन | १ | ५०० | १ | १० | २७ | ५.४ | १ | १०० | ५०० | १०० |
| २२ | लघु घरेलु तथा साना उद्योगहरुको अनुगमन निरिक्षण | ३२ | २७०० | १६ | ५० | ८११ | ३०.०४ | ३२ | १०० | २७०० | १०० |
| २३ | लघु, घरेलु तथा साना उद्योग विकास कोषको संचालन | १ | १००००० | १ | १०० | १००००० | १०० | १ | १०० | १००००० | १०० |
| २४ | उद्योगीहरु संग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम | ३ | १५०० | ३ | १०० | ४६७ | ३१.१३ | ३ | १०० | ५०० | ३३ |

| क. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| २५ | नेपालगंज र दाङमा प्रदेशस्तरको प्रर्दशनी कक्ष स्थापनाको सम्भाव्यता अध्ययन | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |
| २६ | लुम्विनी कोरिडोरका उद्योगहरुको स्थानान्तरण सम्भाव्यता अध्ययन प्रतिवेदन | १ | १५०० | ० | ० | ० | ० | १ | १०० | १५०० | १०० |
| २७ | स्वेदेशी श्रमले विदेशी श्रमलाई प्रतिस्थापन गर्ने क्षेत्रहरुको अध्ययन | १ | ५०० | १ | १०० | ४९५ | ९९ | १ | १०० | ४९५ | ९९ |
| २८ | खाद्य उद्योगहरुको अध्ययन प्रतिवेदन | १ | १००० | १ | १०० | ९९९ | ९९.९ | १ | १०० | ९९९ | ९९.९ |
| २९ | कोसेली घर सञ्चालनका लागि सहयोग | १२ | ३६०० | ३ | २५ | १४७४ | ४०.९४ | १२ | १०० | ३६०० | १०० |
| ३० | घरेलु तथा साना उद्योग कार्यालयको अभिलेख व्यवस्थापन | १२ | १२०० | ६ | ५० | ७८२ | ६५.१७ | १२ | १०० | १२०० | १०० |

| क. सं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ३१ | कोईला गुणस्तर मापन यन्त्र खरिदको लागि ईटा व्यवसायीलाई नगद अनुदान | १ | २००० | ० | ० | ० | ० | १ | १०० | २००० | १०० |
| ३२ | उद्योगको सफ्टवेयर सञ्चालन | १०० | १००० | ४ | ४० | ४०० | ४० | १०० | १०० | १००० | १०० |
| ३३ | शालिग्राम अध्ययन | १ | ५०० | १ | ३० | १४३ | २८.६ | १ | १०० | ५०० | १०० |
| ३४ | तिलोत्तमा औद्योगिक ग्राम स्थापना | १ | ५००० | १ | २० | ० | ० | १ | १०० | ५००० | १०० |
| ३५ | प्रदेशका १५ पालिकामा औद्योगिक ग्राम विस्तृत अध्ययन | १५ | २२५०० | २ | १३ | १२९७ | ५.७६ | १५ | १०० | २२५०० | १०० |
| ३६ | बुटवल औद्योगिक क्षेत्रको औद्योगिक पूर्वाधार सुधार | १ | ५००० | १ | २० | ० | ० | १ | १०० | ५००० | १०० |

| | |
|---|---|
| वित्तीय प्रगति प्रतिशतः | ५२.४८ |
| भौतिक प्रगति प्रतिशतः | ६५ |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम

| क्र. सं. | कार्यक्रम/कृयाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | | असार मसान्तसम्मको अनुमान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | प्रदुषण मापन प्रयोगशाला स्थापना र जडान | १ | २0000 | ० | ० | ० | ० | १ | १०० | २००० | १० |
| २ | ड्रोनबाट वातावरणीय अनुगमन (खरिद र जडान समेत) | १ | २००० | ० | ० | ० | 0 | १ | १०० | २००० | १०० |
| ३ | प्लाष्टिक जन्य पदार्थ नियन्त्रण तथा पूनः प्रयोग सम्बन्धी अध्ययन | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |
| ४ | एकीकृत नगर फोहरपानी प्रशोधन केन्द्र सम्बन्धी अध्ययन | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |
| ५ | फोहरमैला प्रशोधन केन्द्र स्थापना | १ | ५०० | ० | ० | ० | ० | १ | १०० | ५०० | १०० |

| | |
|---|---|
| वित्तीय प्रगति प्रतिशतः | ०% |
| भौतिक प्रगति प्रतिशतः | १५% |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## कार्यक्रम/आयोजनाहरूको प्रगति विवरण सारांश

| क्र.सं. | ब.उ.शी.नं. | आयोजना/कार्यक्रमको नाम | कुल बजेट रू. हजारमा | कुल खर्च रू. हजारमा | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३०७०००१२ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | ४६३७५० | १६४३७६ | ३५.४४ |
| २ | ३०७०००१३ | संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम | ७५५७८० | २२१७९१ | २९.३५ |
| ३ | ३०७०००१४ | जडीवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | ३९००० | ६१६२ | १५.८० |
| ४ | ३०७०००१५ | भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | २१९७५० | १५२५७४ | ६९.४३ |
| ५ | ३०७०००१६ | वाणिज्यतथा आपुर्ति व्यवस्थापन कार्यक्रम | ४०५०० | १३५९० | ३३.५६ |
| ६ | ३०७०००१७ | औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रम | २७३३०० | १४३४१७ | ५२.४८ |
| ७ | ३०७०००१८ | खानी तथा खनिज अन्वेषण तथा विकास कार्यक्रम | ० | ० | ०.०० |
| ८ | ३०७०००१९ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | ६२.७ | ० | ०.०० |
| ९ | ३०७००१२० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (संघ शसर्त अनुदान) | २७९६६६ | १००५७१.७ | ३५.९६ |
| कार्यक्रम तर्फको जम्मा | | | २०७८०१६ | ८०२४८१.७ | ३८.६२ |
| प्रशासनिक तर्फको जम्मा | | | ८४१६५० | ३८३६२६.८ | ४५.५८ |
| **कुल जम्मा** | | | **२९१९६६६** | **११८६१०८.५** | **४०.६२** |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## ९.१२ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु. हजारमा)

| ब.उ.शी.नं. | कार्यक्रमको नाम | विनियित बजेट रकम रू. हजारमा | | | असार मसान्त सम्मको रू. हजारमा | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| ३०७०००१२ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन | १०६००० | २६०००० | **३६६०००** | ६५५२१ | २२३०१६ | **२८८५३७** | **७८.८४** |
| ३०७०००१३ | संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन | ६०१७० | ७२६४८० | **७८६६५०** | ३००८५ | ४५६२७२ | **४८६३५७** | **६१.८३** |
| ३०७०००१४ | जडीवुटी तथा गैरकाष्ठ वन पैदावार विकास | १०००० | २०००० | **३००००** | ४५०० | १६०३६ | **२०५३६** | **६८.४५** |
| ३०७०००१५ | भू तथा जलाधार व्यवस्थापन | २००० | १६०००० | **१६२०००** | १८०० | १५१०३८ | **१५२८३८** | **९४.३४** |
| ३०७०००१६ | वाणिज्य तथा आपूर्ति व्यवस्थापन | १७६५० | १९५१४ | **३७१६४** | ७५९० | ९६१४ | **१७२०३** | **४६.२९** |
| ३०७०००१७ | औद्योगिक विकास तथा प्रवर्धन | ९७०६० | ६४१५० | **१६१२१०** | ४७५५९ | ३६५९४ | **८४१५३** | **५२.२०** |
| ३०७०००१८ | खानी तथा खनिज अन्वेषण र विकास | २००० | ६००० | **८०००** | ६४० | ५४४० | **६०८०** | **७६.००** |
| ३०७०००१९ | वातावरण तथा जलवायु अनुकुलन | २३०० | ८५०० | **१०८००** | ७५९ | ३४४३ | **४२०२** | **३८.९१** |
| ३०७००१२० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (संघ शसर्त अनुदान) | १८४९६४ | २४०४६० | **४२५४२४** | ११४६७८ | १८५२२३ | **२९९९०१** | ७०.४९ |
| | कार्यक्रम तर्फको जम्मा | ४८२१४४ | १५०५१०४ | **१९८७२४८** | २७३१३२ | १०८६६७५ | **१३५९८०७** | **६८.४३** |
| | प्रशासनिक कार्यक्रमको जम्मा | ८१२९१८ | ८८१०० | **९०१०१८** | ५६०९१३ | ६१९४८ | **६२२८६१** | **६९.१३** |
| | **कुल जम्मा** | १२९५०६२ | १५९३२०४ | **२८८८२६६** | ८३४०४५ | ११४८६२३ | **१९८२६६८** | **६८.६५** |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## ९.१३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७८ असार मसान्तसम्मको अनुमानित खर्चः

| ब.उ.शी.नं. | कार्यक्रमको नाम | बार्षिक बजेट रकम रू. हजारमा | | | दोस्रो चौमासिक सम्मको खर्च रकम रू. हजारमा | | | खर्च % (बार्षिक तुलनामा) | | | असार मसान्त सम्मको अनुमानित खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| ३०७०००१२ | वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन | २०००० | ४४३७५० | ४६३७५० | १०२४२.३५ | १५४१३३.६३ | १६४३७५.९८ | ५१.२१ | ३४.७३ | ३५.४४ | ४२२०१३ |
| ३०७०००१३ | संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम | ७००० | ७४८७८० | ७५५७८० | २९२७.०० | २१८८६४.११ | २२१७९१.११ | ४१.८१ | २९.२३ | २९.३५ | ६८७७६० |
| ३०७०००१४ | जडीवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | ० | ३९००० | ३९००० | ०.०० | ६१६१.८० | ६१६१.८० | ० | १५.८० | १५.८ | ३५४९० |
| ३०७०००१५ | भू तथा जलाधार व्यवस्थापन | १५०० | २१८२५० | २१९७५० | ३८२.५२ | १५२१९१.९५ | १५२५७४.४७ | २५.५ | ६९.७३ | ६९.४३ | २१५३५५ |
| ३०७०००१६ | वाणिज्य तथा आपूर्ति व्यवस्थापन | १९३०० | २१२०० | ४०५०० | ८९७४.५४ | ४६१५.०० | १३५८९.५४ | ४६.५ | २१.७७ | ३३.५५ | ३६८५५ |
| ३०७०००१७ | औद्योगिक विकास तथा प्रवर्धन | २३५३०० | ३८००० | २७३३०० | १३८६९५ | ४७२२.०० | १४३४१७.०० | ५८.९४ | १२.४३ | ५२.४८ | २४८७०३ |
| ३०७०००१९ | वातावरण तथा जलवायु अनुकुलन | ० | ६२७० | ६२७० | ०.०० | ०.०० | ०.०० | ० | ० | ० | ५००० |
| ३०७००१२० | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (संघ शसर्त अनुदान) | १३१८१६ | १४७८५० | २७९६६६ | ४१२३३.४६ | ५९३३८.२७ | १००५७१.७५ | ३१.२८ | ४०.१३ | ३५.९६ | २२६५३० |
| | कार्यक्रम तर्फको जम्मा | ४१४९१६ | १६६३१०० | २०७८०१६ | २०२४५४.८८ | ६०००२६.७६ | ८०२४८१.६४ | ४८.७९ | ३६.०८ | ३८.६२ | १८७७७०५ |
| | प्रशासनिक कार्यक्रमको जम्मा | ७४१३७० | १००२८० | ८४१६५० | ३४९४३०.८५ | ३४१९६.२७५ | ३८३६२७.१२८ | ४७.१३ | ३४.१० | ४५.५८ | ६९०१५३ |
| | कुल जम्मा | ११५६२८६ | १७६३३८० | २९१९६६६ | ५५१८८५.७२ | ६३४२२३.०४ | ११८६१०८.७७ | ४७.७३ | ३५.९७ | ४०.६२ | २५६७८५८ |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## ९.१४ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

(रू. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | २०७७ फागुन महिनासम्म प्राप्त रकम | प्रतिशत | असार मसान्तसम्मको संशोधित अनुमान |
|---|---|---|---|---|---|
| १ | वन तर्फ | लक्ष्य नतोकिएको | १,३८,२७९ | | |
| २ | उद्योग तर्फ | | १८,९६० | | |
| ३ | वाणिज्य तर्फ | | ५२,८४० | | |
| ४ | पर्यटन तर्फ | | १८८ | | |
| जम्मा | | | २,१०,२६७ | | |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## ९.१५ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

| क्र.सं. | क्षेत्र | रोजगारी श्रमदिन |
|---|---|---|
| १ | वन क्षेत्र | ८५७९१ |
| २ | भू-तथा जलाधार क्षेत्र | ८२३०४ |
| ३ | पर्यटन क्षेत्र | ७४१६६ |
| ४ | वाणिज्य तथा आपूर्ति  क्षेत्र | ४३४६ |
| ५ | उद्योग क्षेत्र | १५१५३ |
| | जम्मा | २६१७६० |

(स्रोतःउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय)

## ९.१६ समस्या तथा चुनौतीः

- वैज्ञानिक वन र काठ दाउरा सदुपयोग सम्बन्धमा नेपाल सरकारको निर्णयले कार्यक्रम कार्यान्वयनमा समस्या र काठ दाउरा उत्पादन हुन नसकेको जसले गर्दा आगामी आर्थिक वर्षमा वन पैदावारको ठूलो समस्या सिर्जना हुन सक्नेछ,
- सवारी साधन र पूर्वाधार अपुग,
- संघीय वन ऐनले प्रादेशिक रणनीति तय गर्ने कुरा उल्लेख गरेको तर नभएका कारण जिल्ला स्तरका व्यवस्थापन योजनाहरु स्वीकृतीमा समस्या। वन क्षेत्रको ढुङ्गा, गिट्टी व्यवस्थापन यिनै कार्ययोजनामा पर्ने हुँदा लक्ष्य प्राप्तीमा कठिनाई हुने,

- वन अपराध सम्बन्धी मुद्दामा समस्या,
    - डि.एफ.ओ. ले हेर्ने मुद्दा अदालतले लिन नमानेको जसले गर्दा मुद्दा फर्छ्यौट र न्याय निरुपणमा समस्या भएको,
- औद्योगिक ग्रामको डि.पि.आर. तयार भएको तर घोषणा/स्वीकृति संघको अधिकार क्षेत्रमा परेकाले बिलम्ब भएको। स्वीकृत भएका औद्योगिक ग्रामको विकासमा संघबाट आवश्यक बजेट बिनियोजन हुन नसकेको,
- जग्गा प्राप्ति र स्थान छनोट नभई कार्यक्रम प्रस्ताव गर्दा कार्यान्वयनमा ढिलाई भएको जस्तै रुकुमको डिभिजन वन कार्यालय निर्माण छुट्टिएको बजेट खर्च हुन नसकी समर्पण गरेको,
- भवन निर्माणको लागि लागत अनुमान तथा ड्रईङ डिजाईन शहरी विकास तथा भवन कार्यालयबाट सहयोग लिई गर्नुपर्दा सम्बन्धित प्राविधिक कर्मचारी समयमा उपलब्ध नहुनु,
- पर्यटन पूर्वाधारका कार्यक्रमहरु सञ्चालनमा एउटा प्राविधिकले धेरै जिल्ला हेर्नुपर्ने अवस्था,
- वन्यजन्तु र मानिस बीचको द्वन्द बढेको कारण दुवैतर्फ क्षति हुने गरेको, घाइते वन्यजन्तु उद्धार गर्ने जनशक्ति, बजेट र दक्षता नभएको,
- संस्कृति तर्फका योजना सञ्चालन गर्दा विभिन्न स्थानमा पुरातत्व विभागको सहमती लिनुपर्ने कार्यले ढिलासुस्ती भएको,
- वन रक्षकहरूको दरबन्दी कम भएकोले फिल्डमा वन संरक्षणको काम गर्न असजिलो भएको,
- पूराना अतिक्रमण व्यवस्थापन गर्न कठिनाई भएको।

## ९.१७ समस्या समाधानका लागि चालिएका कदमः

- डिभिजन वन कार्यालयहरुमा प्राविधक कर्मचारीको अस्थायी दरबन्दी सिर्जना गरी करारमा भर्ना गरी कार्य गर्न लगाइएको,
- विषयगत कार्यालयको रुपमा दुईवटा पर्यटन डिभिजन कार्यालयहरुको स्थापना भएको,
- घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरुमा उद्यम विकास सहजकर्ताको अस्थायी दरबन्दी सिर्जना गरी करारमा भर्ना गरी कार्य गर्न लगाइएको,
- स्थानीय तह लगायत बहु सरोकारहरुसँगको समन्वयमा जग्गा प्राप्ति र स्थान छनोट गर्ने गरिएको,

- पर्यटन पूर्वाधारका योजनाहरू सञ्चालन गर्न डिभिजन वन कार्यालयहरूमा इन्जिनियर र सव ओभरसियरको अस्थायी दरबन्दी सिर्जना गरिएको छ।

## ९.१८ आगामी कार्यदिशाः

- मन्त्रालयको कार्य क्षेत्र र जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने कानूनी व्यवस्था भई नसकेको हुँदा आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिका तयार गर्ने,
- पर्यटन पूर्वाधारका योजनाहरू गुरूयोजना, विस्तृत प्रतिवेदन, वातावरणीय प्रतिवेदन तयार भए पश्चात संचालन गर्ने,
- यसै बीचमा मन्त्रालयको पर्यटन र संस्कृति तर्फको कार्य जिम्मेवारी अर्को मन्त्रालयहरुमा सरेकोमा पर्यापर्यटनको कार्य यसै मन्त्रालयले गर्ने र अन्य पर्यटनका कार्य नयाँ स्थापना भएको मन्त्रालयबाट गर्दा प्रभावकारी हुने,
- औद्योगिक क्षेत्र विकासका लागि आवश्यक पूर्वाधार तयार गर्ने र घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने,
- वन तथा जडीबुटीजन्य पैदावारको उत्पादन, रोजगारी सिर्जना र उद्यम विकासमा योगदान दिने खालका योजनाहरू संचालन गर्ने।

## ९.१५ निष्कर्षः

यस मन्त्रालय र मातहतका निकायहरुबाट सञ्चालन हुने योजनाहरु बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम सञ्चालन भइरहेको अबस्था छ। वन, जडीवुटी तथा गैह्रकाष्ठ वनपैदावार, वातावरण तर्फका कार्यक्रमहरु र संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन तर्फका कार्यक्रमहरु मन्त्रालय र डिभिजन वन कार्यालय मार्फत सञ्चालन गरिएको छ। संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन कार्यक्रम तर्फका अधिकांस योजनाहरुको पर्यटन डिभिजन कार्यालयहरुवाट कार्य भइरहेको छ। भू-संरक्षण तर्फका कार्यक्रमहरु भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत सञ्चालन गरी सम्पन्न गर्न लागिएको छ। घरेलु तथा साना उद्योग र वाणिज्य सम्बन्धी दर्ता, नियमन, खारेजी लगायत उपभोक्ता जागरण अभियान सञ्चालन, उद्यम विकास, सीप विकास र प्रविधि हस्तान्तरण लगायतका कार्यहरु घरेलु तथा साना उद्योग कार्यलयहरु बाट सञ्चालन गरिएको छ। यी विविध कृयाकलापहरुबाट राजस्व संकलन, थप रोजगारी सिर्जना हुनुको साथै गरीबी निवारणमा टेवा पुग्न गई लुम्बिनी प्रदेशको समृद्ध प्रदेश, खुसी जनताको आकांक्षा पूरा गर्न मद्दत पुग्ने देखिन्छ।

# परिच्छेद-१०

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## १०.१ पृष्ठभूमिः

कृषि क्षेत्रलाई समग्र प्रदेशको विकासको मेरुदण्ड रुपमा मनन गरी लुम्बिनी प्रदेश, बुटवलमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना वि.सं. २०७४ साल फागुन महिनामा स्थापना भएको हो। "समृद्ध प्रदेश, खुशी जनता" भन्ने मूल नारालाई आत्मसात गरी यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कृषि, पशुपालन,मत्स्य, भूमि तथा सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनको अभिभारा लिएको छ।

## १०.२ दीर्घकालीन सोचः

प्रदेशको आर्थिक, सामाजिक तथा कृषि क्षेत्रको विकासमा सहकारी क्षेत्रलाई परिचालन गरी भूमिको प्रकृतिको आधारमा उपयोग गर्ने नीति लिई कृषि एवम् पशुपञ्छीजन्य उत्पादन एवम् व्यापारमा यान्त्रिकीकरण, व्यावसायिकीकरण, बजारीकरण र आधुनिकीकरणका माध्यमबाट प्रतिस्पर्धात्मक अवस्थाको सिर्जना गरी यस क्षेत्रको रुपान्तरण गर्दै रोजगारीको अवसर सिर्जना गर्ने।

## १०.३ लक्ष्यः

भूमिको वैज्ञानिक व्यवस्थापन एवम् सामाजिक न्यायमा आधारित भू-उपयोगका माध्यमबाट सहकारी क्षेत्रको परिचालन गरी प्रदेशको कृषि एवम् पशुपञ्छीजन्य उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रको उत्पादनलाई निर्यातयोग्य अवस्थामा पुऱ्याउने।

## १०.४ उद्देश्यः

- सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउने।
- कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।
- पशुपञ्छी पालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यवसायिक, प्रतिस्पर्धी एवम् स्वस्थ पशुपञ्छी उत्पादनको सुनिश्चितता एवम् पशुपञ्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रुपमा विकास गर्ने।

## १०.५ कार्यक्षेत्रः

- कृषि उत्पादन, कृषि औद्योगिकरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यविधि, निर्देशिका निर्माण एवम् यससँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
- पशुपञ्छी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, निर्देशिका कार्यविधि निर्माण गर्ने।
- स्वस्थ एवम् व्यवसायिक पशुपञ्छी उत्पादनका लागि रोग नियन्त्रण र नश्ल सुधार, बजार विकास तथा विस्तार, अध्ययन अनुसन्धान, तालिम एवम् क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने।
- प्रादेशिक खाद्य सुरक्षा एवम् पोषण अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर निर्धारण सम्बन्धी कार्य गर्ने गराउने।
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग, गुठी तथा गुठी जग्गा व्यवस्थापन, भूमिहीन सुकुम्बासी, दलित आदि वर्गको बसोबास, जीविकोपार्जन, र पुनःस्थापना, सरकारी जग्गा भाडामा दिने, सुरक्षित बसोबास सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने गराउने.
- सहकारी सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना तथा मापदण्ड निर्माण एवम् कार्यान्वयन र नियमन गर्ने।
- गरिवी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना तथा मापदण्ड निर्माण एवम् कार्यान्वयन र नियमन गर्ने।

## १०.६ कानुनी तथा नीतिगत व्यवस्थाः

मन्त्रालयको कार्यक्षेत्र अनुरुप कार्यसम्पादन गर्नका लागि निम्न बमोजिम आवश्यक ऐन कानुनहरु निर्माण सम्पन्न भएका छन्।

- लुम्बिनी प्रदेश सहकारी ऐन २०७५
- लुम्बिनी प्रदेश दाना पदार्थ ऐन २०७५
- लुम्बिनी प्रदेश वीउ विजन ऐन २०७५
- लुम्बिनी प्रदेश मल ऐन २०७५
- लुम्बिनी प्रदेश पशु बधशाला तथा मासु जाँच ऐन २०७५
- लुम्बिनी प्रदेश पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०७५
- प्रदेश सहकारी नियमावली, २०७६
- सहकारी दर्ता दिग्दर्शन, २०७७

## १०.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | दरवन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | | कृषि | - | १ | १ | ० | |
| २ | प्रमुख | एघरौं | कृषि | - | १ | १ | २ | |
| ३ | प्रमुख | ९/१०औ | कृषि | - | १० | ७ | ३ | |
| ४ | प्रमुख | ९/१०औ | कृषि | - | ६ | ६ | ० | |
| ५ | अधिकृत | ९/१०औ | प्रशासन | सा.प्र. | ३ | ० | ३ | |
| ६ | प्रमुख नापी अधिकृत | ९/१०औ | इन्जिनियरिङ | | १ | ० | १ | |
| ७ | वरिष्ठ पशु विकास अधिकृत | ९/१०औ | कृषि | | २ | १ | १ | |
| ८ | वरिष्ठ कृषि अर्थ विज्ञ. | ९/१०औ | कृषि | | ४ | ३ | १ | |
| ९ | वरिष्ठ माटो विज्ञ | ९/१०औ | कृषि | माटो विज्ञ | १ | ० | १ | |
| १० | वरिष्ठ मत्स्य विकास अधिकृत | ९/१०औ | कृषि | मत्स्य | २ | १ | १ | |
| ११ | वरिष्ठ कृषि विकास अधिकृत | ९/१०औ | कृषि | कृषि प्रसार | ५ | २ | ३ | |
| १२ | वरिष्ठ पशुचिकित्सक | ९/१०औ | कृषि | भेटेरिनरी | १ | १ | ० | |
| १३ | वरिष्ठ वागवानी विकास अधिकृत | ९/१०औ | कृषि | बागवानी | १ | ० | १ | |
| १४ | वरिष्ठ बाली विकास अधिकृत | ९/१०औ | कृषि | बाली विकास | ३ | ३ | ० | |
| १५ | वरिष्ठ बाली संरक्षण अधिकृत | ९/१०औ | कृषि | बाली संरक्षण | २ | २ | ० | |
| १६ | अधिकृत (कार्यालय प्रमुख) | ७/८औ | कृषि | - | १ | १ | ० | |
| १७ | माटो विज्ञ | ७/८औ | कृषि | माटो विज्ञान | २ | ० | २ | |
| १८ | कृषि ईन्जिनियर | ७/८औ | कृषि | ईन्जिनियर | १ | १ | ० | |
| १९ | कृषि अर्थ विज्ञ | ७/८औ | कृषि | | १४ | ६ | ८ | |
| २० | कानून अधिकृत | ७/८औ | न्याय | कानून | १ | ० | १ | |
| २१ | कृषि प्रसार अधिकृत | ७/८औ | कृषि | कृषि प्रसार | २१ | १५ | ६ | |
| २२ | खाद्य अनुसन्धान अधिकृत | ७/८औ | कृषि | | २ | ० | २ | |
| २३ | शाखा अधिकृत | ७/८औ | प्रशासन | सा.प्र. | १३ | ६ | ७ | |

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | दरवन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २४ | वाली विकास अधिकृत | ७/८औ | कृषि | बाली विकास | १२ | १ | ११ | |
| २५ | बाली संरक्षण अधिकृत | ७/८औ | कृषि | बाली संरक्षण | ११ | ४ | ७ | |
| २६ | कृषि अधिकृत | ७/८औ | कृषि | कृषि | ५ | ४ | ० | |
| २७ | पशु चिकित्सक | ७/८औ | कृषि | भेटेरिनरी | १२ | ७ | ५ | |
| २८ | पशु चिकित्सक/ पशु विकास अधिकृत | ७/८औ | कृषि | | १ | १ | ० | |
| २९ | मत्स्य विकास अधिकृत | ७/८औ | कृषि | मत्स्य | ९ | ८ | १ | |
| ३० | पशु विकास अधिकृत | ७/८औ | कृषि | | १३ | ६ | ७ | |
| ३१ | अधिकृत (पशुपञ्छी) | ७/८औ | कृषि | | ० | २ | ० | |
| ३२ | लेखा अधिकृत | ७/८औ | प्रशासन | लेखा | २ | २ | ० | |
| ३३ | वागवानी विकास अधिकृत | ७/८औ | कृषि | वागवानी | १० | ७ | ३ | |
| ३४ | नापि अधिकृत | ७/८औ | इन्जिनियरिङ | सर्भे | २ | २ | ० | |
| ३५ | कम्युटर इन्जिनियर | ७/८औ | विविध | | १ | ० | १ | |
| ३६ | कम्प्युटर अपरेटर | ५/६औ | विविध | | ४ | १ | ३ | |
| ३७ | नायब सुब्बा | ५/६औ | प्रशासन | सा.प्र. | २२ | ११ | ११ | |
| ३८ | नायव सुब्बा | ५/६औ | प्रशासन | सा.प्र. | ४ | ३ | १ | |
| ३९ | सब ईन्जिनियर | ५/६औ | कृषि | ईन्जिनियर | १ | १ | ० | |
| ४० | प्रा.स. (कृषि/पशुपञ्छी/मत्स्य) | ५/६औ | कृषि | | ६ | ६ | ० | |
| ४१ | प्राविधिक सहायक | ५/६औ | कृषि | | ६ | ४ | २ | |
| ४२ | प्राविधिक सहायक | ५/६औ | कृषि | कृषि प्रसार | १४ | ९ | ५ | |
| ४३ | प्राविधिक सहायक | ५/६औ | कृषि | | १ | ० | १ | |
| ४४ | तथ्यांक सहायक | ५/६औ | आ.यो.त.त. | तथ्यांक | १ | १ | ० | |
| ४५ | प्राविधिक सहायक | ५/६औ | कृषि | बाली बिकास | ५ | ४ | १ | |
| ४६ | प्राविधिक सहायक | ५/६औ | कृषि | बाली संरक्षण | ९ | ९ | ० | |
| ४७ | पशु स्वास्थ्य प्राविधिक | ५/६औ | कृषि | भेटेरिनरी | १० | ७ | ३ | |
| ४८ | प्राविधिक सहायक | ५/६औ | कृषि | मत्स्य | ९ | ७ | २ | |
| ४९ | प्राविधिक सहायक | ५/६औ | कृषि | माटो विज्ञान | ४ | २ | २ | |
| ५० | सिनियर मेकानिक्स | ५/६औ | इन्जि | मेकानिकल | १ | १ | ० | |
| ५१ | पशु सेवा प्राविधिक | ५/६औ | कृषि | | १४ | १० | ४ | |
| ५२ | लेखापाल | ५/६औ | प्रशासन | लेखा | २१ | १८ | ३ | |

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | दरवन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५३ | प्राविधिक सहायक | ५/६औ | कृषि | वागवानी | ११ | ५ | ६ | |
| ५४ | सर्भेयर (नापि अधिकृत) | ५/६औ | इन्जिनियरिङ | सर्भे | १ | १ | ० | |
| ५५ | प्राविधिक सहायक | ४/५औ | कृषि | बाली बिकास | २ | २ | ० | |
| ५६ | नायब पशु स्वास्थ्य प्राविधिक | ४/५औ | कृषि | भेटेरिनरी | ६ | ३ | ३ | |
| ५७ | नायव प्राविधिक सहायक | ४/५औ | कृषि | माटो विज्ञान | १ | १ | ० | |
| ५८ | नायव पशु सेवा प्राविधिक | ४/५औ | कृषि | | ८ | ७ | १ | |
| ५९ | नायव प्राविधिक सहायक | ४/५औ | कृषि | मत्स्य | ३ | ३ | ० | |
| ६० | सहलेखापाल | ४/५औ | प्रशासन | लेखा | ६ | ६ | ० | |
| ६१ | खरिदार | ४/५औ | प्रशासन | सा.प्र. | १५ | १३ | २ | |
| ६२ | हलुका सवारी चालक | तह बिहिन | ज.मे. | मेकानिकल | ३० | ७ | २३ | करार २३ |
| ६३ | कार्यालय सहयोगी | तह बिहिन | प्रशासन | सा.प्र. | ६९ | ३८ | ३१ | करार ३१ |
| जम्मा | | | | | ४६० | २८१ | १८२ | |

## १०.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- प्रदेश सरकारको नीति तथा कार्यक्रम र संविधान अनुरुपको कार्य विस्तृतीकरण अनुसारको कार्यसम्पादन गर्न स्थापना कालदेखि हालसम्ममा ६ वटा ऐन, १ वटा नियमावली (सहकारी नियमावली)का साथै आवश्यक कार्यविधि तथा निर्देशिकाहरु लगायतका कानुनी आधारहरुको विकास गरिएको छ।
- जनअपेक्षा अनुसार कृषि, पशुपञ्छी, मत्स्य, सहकारी, भूमि, गुठी र गरिबी निवारणका कार्यक्रमहरु संचालन गर्न मन्त्रालयले आ.व. ०७७/७८ देखि मातहतमा ३ वटा अस्थायी एकीकृत कृषि तथा पशुपञ्छी विकास कार्यालयहरु (बर्दिया, रुकुम पूर्व र प्यूठान जिल्लामा) स्थापना गरी सेवा प्रवाह गर्न सक्ने अवस्थामा पु¥याएको छ।

**<u>कृषि तथा पशुपञ्छी क्षेत्रः</u>**

- कृषि क्षेत्रको समग्र विकास गरी प्रदेशलाई आत्मनिर्भर र आयातलाई प्रतिस्थापन गर्ने लक्ष्यसहित स्मार्ट कृषि गाउँलाई मन्त्रालयकै गौरवको आयोजनाका रुपमा लिई आ.व. २०७५/७६ मा ५२ वटा गाउँहरुमा एकीकृत मोडलसहितको कार्यक्रम शुरु गरिएकोमा

लक्ष्य अनुरुप हालसम्म ११६ वटा गाउँहरु छनौट भई कार्यान्वयनको चरणमा रहेको छन्। प्रदेशका करिव ७५०० घरधुरी समेटी आधुनिक प्रविधि, यान्त्रीकरण र बजार विकासका अभ्यासहरु अवलम्बन भई व्यवसायिक उत्पादनका लागि आधार तयार भएको छ। कार्यक्रमबाट हालसम्म थप ९४३ हेक्टरमा सिचाई सुविधामा पहुँच वृद्धिका साथै ३८ कस्टम ह्यारिङ्ग सेन्टर, १२ वटा कृषि उपज संकलन केन्द्र, १ वटा बीउ संकलन केन्द्र, ५८ स्थानमा कृषि सूचना केन्द्र, ३९ स्थायी टनेल तथा २६० घरधुरीमा भकारो सुधार निर्माण/स्थापना भएको।

- कृषि जन्य वस्तुको भण्डारण, मूल्य र बजारीकरणको हालको समस्यालाई दीर्घकालीन समाधान गर्ने गरी आ.व. २०७५/७६ बाट सुरु भएका करिब ११,४९५ मे.टन क्षमताका १९ वटा शीत भण्डारमध्ये ५२५ मे.ट. क्षमताका ७ वटा आयोजना सम्पन्न भई चालू आ.व. सम्म बाँकी आयोजना सम्पन्न हुने गरी कार्य अघि बढेको छ।
- समग्र कृषि क्षेत्रलाई यान्त्रिकरण गर्ने सरकारको लक्ष्य अनुरुप हालसम्म १९९४ अनुदानग्राहीका लागि कुल २३१५ आधुनिक यन्त्र अनुदानमा वितरण गरिएको छ। स्थानीयतह सशर्त कार्यक्रम मार्फत ३६०० थप कृषकहरुलाई यन्त्र उपकरण सहयोग कार्यक्रम सञ्चालन गरिएको छ।
- प्रदेश भित्रको उत्पादनलाई बजार सम्मको पहुंच तथा उत्पादक र उपभोक्ता बीचको मूल्य कम गर्ने उद्देश्यले हालसम्म ४३ वटा बजार निर्माण तथा सुधारका कार्यक्रम सम्पन्न भएकोमा चालु आ.व.मा १८ वटा थप निर्माण हुने गरी कार्यक्रम सञ्चालन भैरहेको छ।
- प्लाष्टिक घर भित्र तरकारी खेती, ८ वटा हाइ टेक नर्सरी तथा तरकारी खेती, १५ वटा संकलन केन्द्र निर्माण, ५ वटा पोखरीसहितको माछा उत्पादन, २५ वटा व्यवसायिक पशुपालन फर्म तथा ८ वटा डेरी पसल सुधार कार्यक्रमहरु सम्पन्न भएका छन्।
- अनुदान वितरण प्रकृयालाई परिस्कृत र अझै कृषकमैत्री बनाउनका लागि आ.व. २०७६/७७ मा सुरुवात गरिएको प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत दूध र मासु उत्पादनतर्फ ३६७ तथा आलु तथा बीउ उत्पादनतर्फ २७३ सहकारीका ५८०८४ कृषक लाभान्वित हुने गरी ७ करोड ६८ लाख अनुदान रकम प्रवाह गरिएको छ।
- अनुदान कार्यक्रमलाई थप प्रभावकारी गराउनका लागि शुलभ दरमा कृषि ऋण प्रदान गर्न र सोको सहजीकरण गर्न थालनी भएको शुलभ कर्जा सहजीकरण तथा ब्याज

अनुदान कार्यक्रममा लागि १२ जिल्लामा सेवा प्रदान गर्नका लागि कर्जा सहजकर्ता छनौट भई अभिमुखीकरण कार्य सम्पन्न गरी सम्बन्धित जिल्ला कार्यालयमा खटाइएको छ। हालसम्म ७१४ कृषकहरुलाई सहजीकरण गरिएकोमा करिब ६ करोड बराबर ऋण बैंकबाट स्वीकृत भएको छ।

- आ.व. २०७६/७७ मा संचालन सुरु भएको अभियानमुखी मिसन कार्यक्रम मार्फत कम्तिमा ४१०० जना लाभान्वित हुने गरी ४०८० रोपनी क्षेत्रफलमा आयोजना सम्पन्न भएका छन। लसुन/प्याज, कागती/ सुन्तला, बाख्रा र बङ्गुरको मुल्य श्रृङखला लक्षित कार्यक्रम संचालन भइरहेकोमा आ.व. २०७७/७८ मा आलु र मकै समेत थप गर्दै जिल्ला स्थित कार्यालयहरुबाट कम्तीमा ३५० हेक्टर क्षेत्रफलमा सघन खेती प्रणाली विस्तार हुने गरी संचालन भैरहेको छ।
- कृषिलाई रोजगारीमूलक पेशाका रुपमा विकास गर्ने उद्देश्यका साथ शुरुवात गरिएको कृषिकर्मी रोजगार कार्यक्रममा सहभागी हुनका लागि २४७ रोजगारदाता छनौट भएकोमा १३४ सामाजिक सुरक्षाकोषमा आवद्धभइ सम्झौता भइ ३९३ कृषिकर्मीलाई प्रत्यक्ष रोजगारी प्राप्त भएको छ। प्रदेशका स्थानीय तहका कुल ९८३ वडाबाट हरित स्वयम् सेवक छनौट गरी परिचालन गर्नुपर्नेमा ९८० वडाबाट छनौट भई बाँकी ३ को छनौट कार्य अन्तिम चरणमा पुगेको छ। छनौट भएका मध्य १३५ जनालाई विषयगत तालिम प्रदान गरिएको छ।
- कृषकलाई आइपरेका प्राविधिक समस्याको बारेमा समाधान प्रदान गर्नका लागि फोन सम्पर्क विज्ञहरुको सुझाव र सल्लाह प्राप्त गर्नका लागि कुनै पनि शुल्क नलाग्ने गरी किसान कल सेन्टरको विकास गरिएको छ।
- कृषक, कर्मचारी तथा सहकारीमा आवद्ध जनताहरुको विषय सम्बन्धित क्षमता विकासका विभिन्न तालिम कार्यक्रममार्फत् हालसम्म ४२७ महिला र ४४८ पुरुष गरी जम्मा ८७५ जनालाई सीपमुलक व्यवहारिक तालिम प्रदान गरिएको छ।

**<u>सहकारी तथा गरिबी निवारण क्षेत्रः</u>**

- प्रदेश भित्रको कृषि तथा पशुपञ्छी उत्पादनलाई बजारसम्मको पहुँच तथा उत्पादक र उपभोक्ता बीचको मूल्य कम गर्ने उद्देश्यले आ.व २०७५/७६ देखि शुरु भएको सहकारी बजार स्थापना कार्यक्रमतर्फ हालसम्म ६ जिल्ला विशेष आयोजनाहरु सम्पन्न भई सञ्चालनमा ल्याइएको छ। बाँकि ६ जिल्लामा कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ।

- सहकारीमार्फत् नविनतम सोच तथा प्रविधि प्रसारको सम्भावनालाई मनन गरी आ.व. २०७५/७६ देखि संचालनमा ल्याइएको नविनतम सोचसहितका रोजगारी र उत्पादन प्रवर्द्धन कार्यक्रमतर्फ हालसम्म ३५ वटा उत्पादन, प्रशोधन तथा बजारीकरणका विभिन्न आयोजनाहरु निर्माण तथा संचालनमा आएका छन्।
- सहकारी विकास कोशमार्फत् साना व्यवसायीलाई ऋण प्रवाह गरी उद्यमशीलता विकास गर्ने लक्ष्य अनुसार कोश परिचालन कार्यविधिका आधारमा सूचना प्रकाशनमार्फत पेश भएका ९७ आवेदनहरुको प्रारम्भिक छनौट कार्य भैरहेको छ।
- आयआर्जनका मार्गहरु पहिचान गरी सहकारीमा आवद्ध महिला तथा युवा वर्गहरुलाई कृषि क्षेत्रमा स्थापित गर्नका लागि ९५ जना प्रत्यक्ष लाभान्वित हुने गरी ३३ वटा महिला/युवा लक्षित कार्यक्रमहरु संचालन भइरहेका छन्।
- विश्वव्यापी महामारीको कारण सिर्जित बन्दाबन्दीले निम्त्यायको विषम परिस्थितिमा कृषकहरुको नाश हुने दूध तथा तरकारी उपजहरुलाई बजार पहुँचका लागि सहजीकरण गर्न जम्मा ३४ वटा सहकारी संस्थाहरु मार्फत कृषि एम्बुलेन्स सेवा संचालन गरी करिब ४४८.६ टन मल, १९२६.४ टन खाद्यान्न र बीउ, ७९० टन तरकारी र फलफूल लगायत अन्य कृषि जन्य सामग्री बजारीकरणमा सहयोग गरी २९ करोड बराबरको कारोवार भएको छ।
- सहकारीका मुलभुत मुल्य तथा मान्यताहरुलाई ग्रहण गरी एकको सिकाई अर्कोमा स्थापना गर्ने दृष्टिका साथ रुपन्देही, रोल्पा र कोहलपुरमा गरी ३ वटा सहकारी नमुना गाउँहरुको विकास कार्यक्रम संचालन भइरहेको छ।
- सहकरी संस्थाहरुको परिचालन तथा नियमन कार्यलाई थप व्यवस्थित गर्नका लागि आवश्यक विनियम संशोधन, सहकारी एकीकरण, सहकारी संघ दर्ताका साथै नियमित कार्यहरु भैरहेको छ।

**भूमि गुठीतर्फः**

- गत २ आ.व.मा गरी जम्मा ४५१हेक्टरमा संचालन भई करिब २५० जनालाई (आ.व. २०७५/७६ मा ५२ आयोजना २२७ हेक्टर १०६ रोजगारी र आ.व. २०७६/७७ मा ७८ आयोजना २२४ हेक्टर १४४ रोजगारी) प्रत्यक्ष रोजगारीमा जोडेको करार खेती कार्यक्रमका आ.व. २०७५/७६ का कृषकहरुका जग्गावालाहरुको भुक्तानी भइरहेको साथै आ.व. २०७६/७७ का आयोजनाहरुको पूर्वाधार निर्माणतर्फको कार्य भैरहेको छ।

चालु आ.व. मा जिल्लास्थित कार्यालयहरु संचालनमार्फत करिव २३१ हेक्टर क्षेत्रफलमा विभिन्न कार्यक्रमहरु संचालनमा आइरहेका छन्।

- प्रदेशमा रहेका गुठीहरुलाई आयआर्जनका कार्यहरुमा संलग्न गराई थप सशक्त बनाउनका लागि गुठीको संरचनात्मक सुधारका कार्यक्रमहरु संचालनमा आइरहेका छन्।

## १०.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः**

१. सेवा करारमा प्राविधिक (अधिकृत तथा सहायकस्तर) कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७७
२. मौरी विकास प्रवर्द्धन कार्यक्रम संचालन विधी, २०७७
३. पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७७
४. कृषि उपजको बजारीकरण तथा बजार प्रवर्द्धन कार्य सञ्चालन विधि, २०७७
५. कृषि क्याम्पसको सहकार्यमा कृषि प्रवर्द्धन कार्यकम सञ्चालन विधि,२०७७
६. जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७७
७. रोड कोरिडोर /राजमार्ग लक्षीत तथा मिसन (आलु र मकै वाली) कार्यक्रम सञ्चालन विधि, २०७७
८. स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७७
९. कोशेली घर स्थापना सञ्चालन विधि, २०७७
१०. कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७
११. पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन  विधि, २०७७
१२. सहकारी नमूना गाँउ (स्थापना, सञ्चालन र व्यवस्थापन) विधि, २०७७
१३. सहकारी  एकीकरण कार्यविधि, २०७७

**ख) प्रकृयामा रहेका कानुनहरुको विवरणः**

१. जिवनाशक विषादी नियमन सम्बन्धमा बनेको विधेयक-संसदीय समितिमा पेश भएको

२. पशु सेवा नियमावली- सरोकारवालाहरुसँग छलफल भइरहेको

३. पशु दाना नियमावली- सरोकारवालाहरुसँग छलफल भइरहेको

४. कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा बनेको विधेयक- सहमतिको प्रकृयामा रहेको

५. लुम्बिनी प्रदेशको अर्गानिक मापदण्ड

६. प्रदेश पौल्ट्री नीति

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. दोहोरो अनुदान निरुत्साहित गर्ने सम्बन्धी कार्यविधि

२. आगामी कार्यक्रम संचालन कार्यविधिहरु निर्माण/संशोधन

३. प्रादेशिक कृषि विकास रणनीति

४. लुम्बिनी प्रदेश बीउ विजन नियमावली

५. भूमि व्यवस्था तथा भूमि स्रोत नक्साङ्कन सम्बन्धी ऐन तर्जुमा

६. लाइभस्टक गुणस्तर सम्बन्धी ऐन

७. प्रदेश कृषि नीति

८. प्रदेश पशुपन्छी तथा मत्स्यपान नीति

९. प्रदेश प्रजनन नीति

१०. कृषि स्रोत केन्द्र सम्बन्धी नीति

११. आ.व. २०७८/७९ का नयाँ कार्यक्रमहरुको कार्यविधिहरु

## १०.१० चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| **ब.व बुँदा नं.** | **नीति तथा कार्यक्रमको विषय** | **कार्यान्वयनको अवस्था** |
|---|---|---|
| ९६, १०१, १०२ | **स्वादेशी श्रम, स्वदेशमै पसिना** को नीति अनुरुप कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रम अघि बढाइनेछ। कृषि प्राविधिक सेवा तथा उत्पादन सामग्रीहरुको उपलब्धता सुनिश्चित गरिनेछ। हालको अनुदान दिने प्रक्रियालाई थप विश्वसनीय, प्रभावकारी र पहुँचमा वृद्धि हुने गरी पुरिष्कृत गरिनेछ।व्याज अनुदानको नीति अवलम्बन गरी कृषिमा सुलभ | सम्पूर्ण कार्यालयहरुबाट सुचना प्रकाशन भई प्रस्तावहरुको प्रारम्भिक छनोट भइरहेको। |

| ब.व बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | कर्जा उपलब्ध गराइनेछ। | |
| ९८ | आर्थिक वर्ष २०७५/७६ देखी संचालनमा आएको **"स्मार्ट कृषि गाउँ कार्यक्रम"**लाई सबै स्थानीय तहहरुमा विस्तार गरिनेछ। | गाउँहरुमा सहयोगी कार्यक्रम संचालनको सुरुवात भएको। क्याम्पस तथा अनुसन्धान परिषदसँग MOU भई स्मार्ट कृषि गाँउहरुमा शिक्षा, अनुसन्धान र प्रसारलाई एकीकृत गरी लैजानको लागि प्रकृयाका लागि विद्यार्थी परिचालन गरिएको। संचालनमा आउने सबै ११६ स्मार्ट कृषि गाउँहरुको छनौट तथा गाउँहरुको कार्ययोजना स्वीकृत भई कार्यान्वयनका लागि पठाइएको। वार्षिक प्रगति समीक्षा गोष्ठीको तयारी भइरहेको। |
| १०७ | **"गरौं ब्यवसायिक कृषि यसैबाट सुरु हुन्छ प्रदेशको समृद्धि"** को मुल नारालाई आत्मासाथ गर्दै आर्थिक बर्ष २०७६।७७ बाट शुरु गरिएको कृषिमा युवा विशेष कार्यक्रम, उद्यमशीलता विकास, कृषि प्राविधिक धारका विद्यालयलाई सहयोग पकेट क्षेत्र विशेष प्रांगारिक कृषि प्रवर्द्धन कार्यक्रम, कृषि विषय अध्यन गरेका युवा विशेष कार्यक्रम, सुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। | कृषकसंग कृषि विद्यार्थी कार्यक्रम (पढ्दै कमाउदै), प्राविधिक धारका विधालयलाई सहयोग कार्यक्रम लगायत विभिन्न विश्वविध्यालयहरु मार्फत उत्पादन तथा बजारीकरण तर्फका विभिन्न आयोजनाहरु संचालन भइरहेका।पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि कार्यक्रम मातहतका सबै ज्ञान केन्द्रहरु तथा एकीकृत कार्यालयहरु मार्फत कार्यान्वयन भैरहेको। |
| १०९, ११० | रुकुम पूर्व जिल्लालाई अर्गानिक जिल्ला घोषणा गरी सघन कार्यक्रम संचालन गरिनेछ।असल कृषि तथा पशुपञ्छी अभ्यास तथा **माटोस्वास्थ पत्र**को प्रारम्भ गरिनेछ। | रुकुमपूर्व जिल्ला अर्गानिक जिल्ला घोषणा भएको छ भने असल कृषि तथा पशुपञ्छी अभ्यास तथा **माटो स्वास्थ पत्र**को लागि आवश्यक तयारी भइरहेको छ। |

| ब.व बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १११ | कृषकहरुलाई कृषि प्रविधि तथा विज्ञ सेवामा पहुंच पुर्याउनका लागि प्रदेशस्थित कृषि सम्बन्धी कार्यालय र प्रयोगशालाहरुको स्तोरन्नति तथा सुदृढीकरण गरी प्राविधिकहरुको प्रत्यक्ष संलग्नतामा बाली वस्तु विशेष नमुना फर्महरु स्थापना तथा संचालन गरिनेछ। साथै कृषिकर्मी तथा कृषि श्रमिकहरुलाई उद्यमी बनाउने नीति लिइनेछ। | मन्त्रालय मातहतमा रहेका २ वटा फार्म, ४ वटा प्रयोगशाला तथा २ वटा तालिम केन्द्रहरुको सुदृढीकरण तथा क्षमता विकासका लागि भौतिक संरचना लगायत अन्य पूर्वाधार व्यवस्थाको कार्यक्रम संचालनमा रहेका छन्। कृषिकर्मी रोजगार कार्यक्रममार्फत् रोजगार कार्यक्रमका लागि रोजगारदाताहरुको छनौट प्रकृया सम्पन्न भई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको। |
| १०३ | मध्यपहाडी वहुउद्धेशीय कृषि विकास फर्मको स्थापना गरिनेछ। | मध्यपहाडी वहुउद्धेशीय कृषि विकास फर्म संचालनका लागि जग्गा प्राप्ति भइसकेको अवस्थामा आयोजनाको विस्तृत परियोजना रिपोर्टको अन्तिम तयारी भैरहेको। |
| ११०, ११२ | गुइठा बाल्ने प्रवृतिलाई निरुत्साहन गर्न गोठ सुधार तथा गोठेमल सदुपयोगका लागि स्थानीय तहसंगको सहकार्य र समन्वयमा कार्यक्रम संचालन गरिनेछ। | मातहतका कार्यालयहरु मार्फत संचालन गर्ने गरी भकारो सुधारका कार्यक्रमहरु कार्यान्वयन भइरहेको। |
| १०४ | तराई जिल्लाहरुमा खोरेत रोग उन्मूलन अभियान प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। | सरोकारवालाहरुसंग विभिन्न चरणमा अन्तरकृया गोष्ठीहरु सम्पन्न भएको। संघीय सरकारबाट हालसम्म २ लाख ८ हजार खोप आएकोमा खोप अभियानको नवलपरासीबाट औपचारिक थालनी भएको। |
| १०५ | कृषि तथा पशुपञ्छी विशेष **एक जिल्ला, एक स्रोत केन्द्र** स्थापना कार्यलाई निरन्तरता दिइनेछ।रैथाने बाली तथा पशुपक्षींहरुको उत्पादनमा जोड दिदै जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्न **एक स्थानीय तह, एक सामुदायिक बीउ बैंक तथा नक्ष** | प्राविधिक सेवा टेवा प्रदान गर्न सक्ने क्षमता सम्भावित ठाँउको अध्ययन वा जग्गा प्राप्तिकका लागि समन्वय भइरहेको। |

| ब.व बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | **संरक्षण केन्द्र** स्थापनामा सहयोग गरिनेछ। | |
| १११ | बालीहरुको बीउ प्रतिस्थापन दर वृद्धि तथा पशु नश्ल सुधारका कार्यक्रमहरु संचालन गरिनेछ। सिंचित क्षेत्रफल विस्तारका कार्यक्रम संचालनमा ल्याइनेछ र सिंचाई पुगेका क्षेत्रहरुमा सघन बाली विकास कार्यक्रम संचालन गरिनेछ। | प्रयोगशालाहरु मार्फत नियमित रुपमा बीउ प्रमाणीकरण तथा उन्नत जातको बीउ प्रयोगका लागि सहयोगी कार्यक्रमहरु संचालन भइरहेको। समुदायको व्यवस्थापनमा बीउ भण्डारण गृहको निर्माण कार्यक्रमहरु संचालनको भैरहेका। विगतमा गर्दै आइरहेको सघन बाली विकास कार्यक्रमको निरन्तरता सहित सिंचाईमा नविनतम प्रविधिको प्रदर्शनी कार्यक्रम संचालन भइरहेका छन्। |
| १०६ | स्थानीय स्तरमा बाली तथा पशुपञ्छी विशेष स्रोत व्यक्ती विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ। हरित स्वयंसेवकलाई स्थानीय तहहरुसंगको सहकार्यमा वडा स्तरसम्म पुर्याई सेवा प्रवाहलाई सुदृढ गरिनेछ। | प्रदेश अन्तर्गत सबै स्थानीय तहहरुका सबै वडाबाट श्रोत व्यक्तिको छनौट कार्य सम्पन्न भएको छ। सम्बन्धित जिल्ला कार्यालयहरुबाट सम्झौता गरी कार्ययोजना बनाई नमुना फार्म स्थापनाको लागि तयारी भैरहेको। स्वयमसेवककाका लागि ToTतालिम सम्पन्न भएको। |
| १०२ | कृषि बाली, पशुवस्तु तथा क्षेत्र विशेष मूल्य श्रृङखला विकास गर्दै कृषकलाई बजारको सुनिश्चिता गराउने उदेश्यका साथ बजार पूर्वाधार विकास कार्यक्रम संचालन गरिनेछ। प्रदेशको उत्पादनमा आधारित प्रशोधन उद्योगको स्थापनालाई प्रोत्साहित गरिनेछ। | मागमा आधारित कृषि बजार स्थापना कार्यक्रम अन्तर्गत कुल ४३ वटा प्रस्ताव मध्ये प्रारम्भिक मूल्याङ्कनमा २७ वटा छनौट गरी फिल्ड प्रमाणीकरण पश्चात १८ वटाको छनौट गरी सम्झौता सम्पन्न भएको।प्रदेशको उच्च मुल्य जाने बालीहरु (अदुवा, मह, वर्षे आलु आदिको) ब्रान्डिङ्गमा सहयोग कार्यक्रमहरु कार्यान्वयनका क्रममा रहेका छन्। |

| ब.व बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १०८ | निजी क्षेत्र तथा सहकारीसँगको सहकार्यमा चक्लाबन्दीका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। | स्थानीय तहहरुसंग समन्वय भैरहेको छ। |
| ११७ | **मिसन कार्यक्रम**लाई विस्तार गरिनेछ। | मौसमानुकुल रुपमा सम्बन्धित कार्यालयहरुले फलफुल बिरुवा वितरण कार्यक्रमहरु संचालन भइरहेको। |
| १०९<br>१२३ | आयआर्जन, स्वरोजगारी, पोषण तथा खाद्य सुरक्षाको लागि महिला, युवा तथा विपन्न वर्ग विशेष गरिबी निवारण तथा खाद्य सुरक्षा कार्यक्रमहरुलाई मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमसंग सहकार्य गरी संचालन गरिनेछ। कृषक क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रमलाई परिमार्जन गरी उद्यमशीलता विकास गर्न मागमा आधारित पूर्ण ब्यवसायिक तालिम संचालन गरिनेछ। | गरिबीको रेखामुनी रहेका रोल्पा र रुकुम पूर्व जिल्लाका ३७५ जना व्यक्तिहरु सीप विकास तालिम तथा वस्तुगत सहयोगका लागि छनौट भई विभिन्न विषयगत तालिमहरु संचालनका भैरहेका छन्। |
| ९६<br>१२०<br>१२१ | स्थानीय तहको साझेदारीमा कृषि आत्मनिर्भर कार्यक्रम अन्तर्गत **एक स्थानीय तह; एक उत्पादन** कार्यक्रम लागू गरिनेछ।कृषि वन प्रवर्द्धन कार्यक्रमलाई स्थानीय तहको सहकार्यमा थप उत्पादनमुखी बनाउदै लगिनेछ। | कोविड विशेष कृषि कार्यक्रम अन्तर्गत सबै स्थानीय तहहरु मार्फत एक स्थानीय तह एक उत्पादन कार्यक्रम कार्यान्वयनमा गइरहेको छ।कृषि वन प्रवर्द्धनको हकमा जिल्लास्थित कार्यालयहरुबाट सुचना प्रकाशन मार्फत पेश आवेदकको फिल्ड अनुगमन, छनौट तथा सम्झौता कार्य भैरहेको छ। |
| १२७ | किसान कल सेन्टरको सेवालाई प्रभावकारी बनाईनेछ। | प्राकृतिक प्रकोपबाट क्षति व्यहोर्नु पर्ने अवस्थालाई सम्बोधन गर्नका लागि केही रकम वार्षिक बजेटमा विनियोजन गरिएको कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुराद्धारा टोल फ्रि नं सहितको किसान कल सेन्टरको सुरुवात भएको छ। |
| ११५ | सहकारी क्षेत्रको क्षमता विकास गरी सीप, जनशक्ति | सहकारी बजार स्थापनाका आयोजनाहरु |

| ब.व बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १२८<br>१२९ | र पुँजीलाई उत्पादनमुलक काममा लगाउन प्रोत्साहन गरिनेछ। सहकारी क्षेत्रको प्रभाकारी उपयोग, परिचालन र वित्तीय सुशासनका लागि सघन अनुगमन तथा नियमन गरिनेछ। सहकारी विकास कोषलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ। ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन सहकारी बजारहरुको स्थापना तथा संचालनमा थप सहयोग गरिनेछ। | निर्माणाधिन रहेका। सहकारीबाट नविनतम सोच सहितका उत्पादन तथा रोजगारी प्रवर्द्धन कार्यक्रममा चालु आव को लागि १६ प्रस्ताव स्वीकृत भई सम्पन्न हुने क्रममा रहेका। |
| ९९ | हाल संचालनमा रहेको करार खेती कार्यक्रमलाई निरन्तरता दिदै स्थानीय तहसँगको सहकार्यमा **भूमि बैकंको स्थापना** गरी संचालनमा ल्याईनेछ। | गत २ आ.व.मा गरी जम्मा ४५१ हेक्टरमा करार खेती कार्यक्रम संचालन भइरहेको।चालु आ.व.मा कुल १००० हेक्टर क्षेत्रफलमा कार्यक्रम संचालन हुने गरी तयारी भैरहेको।हाल सम्म आ.व. २०७५/७६ को जग्गावालाहरुको भुक्तानी विवरण तयार भएको र सोको लागि फिल्ड प्रमाणिकरण कार्य सम्पन्न। साथै २०७६/७७ का आयोजनाहरुको पुर्वाधार निर्माण तर्फको कार्य भैरहेको।चालु आ.व. मा जिल्ला स्थित कार्यालयहरु संचालन मार्फत करिव २३१ हेक्टर क्षेत्रफलमा विभिन्न कार्यक्रमहरु संचालनमा आइरहेका छन्। |
| १३१ | भू-सूचना प्रणालीलाई व्यबस्थित गर्न भूमिको वैज्ञानिक र आधुनिक लगत राख्ने व्यवस्था मिलाइनेछ। | भूमिको लगतको डिजिटलाइजेसनको प्रकृयाको थालनी भएको छ।नियन्त्रण विन्दु स्थापनाका लागि आवश्यक आधारभुत सामग्रीहरुको स्पेसिफिकेसन तयार भई खरिद प्रकृयाको चरणमा रहेका छन्। |

| ब.व बुँदा नं. | नीति तथा कार्यक्रमको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १३१<br>१३२ | केन्द्र सरकारको सहकार्यमा सुकुम्बासी समस्या र अव्यवस्थित बसोबासको समस्या समाधान गरिनेछ। भू-उपयोगको जग्गाको नीति कार्यन्वयनका लागि स्थानीय तहलाई सहजीकरण गरिनेछ। | भूमि सम्बन्धी समस्या समाधान समितिको सदस्यको मनोनयन भएको छ। प्रदेशका ३५ स्थानीय तहहरु सहितको गोष्ठी सम्पन्न भई उक्त अभियानको शुरुवात गरिएको छ। |
| ९५<br>९६ | कोभिड-१९को कारण सिर्जित प्रतिकूल अवस्थालाई अवसरका रुपमा लिई रोजगारी गुमाएका नागरिकको जिविकोपार्जन सुधार गर्न कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यसुरक्षा र आत्मनिर्भता अभिवृद्धि गर्ने गरी तीन तहका सरकारहरुबीच कार्यक्रमिक सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिनेछ। | कोभिड १९ को कारण सिर्जित प्रतिकुल अवस्थालाई अवसरका रुपमा लई रोजगारी गुमाएका नागरिकको जीविकोपार्जन सुधार गर्न कृषिउपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यसुरक्षा र आत्मनिर्भता अभिवृद्धि गर्ने गरी तीन तहका सरकारहरुबीच कार्यक्रमिक सहकार्य र साझेदारीलाई प्रोत्साहन गर्न स्थानीय तहहरुसगँको सहकार्यमा सशर्त बजेट मार्फत कृषि कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ . |

## १०.११ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु हजारमा)

| ब.उ.शि.नं. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | | दोस्रोचौमासिक सम्मको प्रगति | | | असार मसान्त सम्मको अनुमान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट | परिमाण | बजेट | खर्च % | परिमाण | बजेट | खर्च % |
| | साधारण/प्रशासनिक | जिल्ला | १२ | ५४४५५५ | १२ | २३१९२३ | ४३ | १२ | ४९७१७९ | ९१ |
| ३१२०००१२ | कृषि उत्पादन खाद्यतथा पोषण सुरक्षा कार्यक्रम | जिल्ला | १२ | ४६२७७० | १२ | ९५३२ | २ | १२ | ३३३६५७ | ७२ |
| ३१२०००१३ | स्मार्ट कृषि गाउँकार्यक्रम | जिल्ला | १२ | ४८२१११ | १२ | २४६९२ | ५ | १२ | ३४९८१२ | ७३ |
| ३१२०००१४ | मत्स्य विकास तथाप्रवद्दन कार्यक्रम | जिल्ला | १२ | २९९३९ | १२ | ५९११ | २० | १२ | २५७४८ | ८६ |
| ३१२०००१५ | भूमि तथा गुठीव्यवस्थापन कार्यक्रम | जिल्ला | १२ | ८०६९० | १२ | ३१७० | ४ | १२ | ४८४१४ | ६० |
| ३१२०००१६ | सहकारी विकास तथागरिवी निवारण कार्यक्रम | जिल्ला | १२ | २०१९६७ | १२ | ९८०३५ | ४९ | १२ | १७१६७२ | ८५ |
| ३१२०००१७ | अभियानमुखी मिसन कृषि तथा पशुपञ्छी विकास कार्यक्रम | जिल्ला | १२ | ३७६१९२ | १२ | ३८४१ | १ | १२ | २४४५२५ | ६५ |
| ३१२०००१८ | कृषि तथा पशुपञ्छीस्रोत तथा प्रविधी सेवा टेवा विस्तार कार्यक्रम | जिल्ला | १२ | ७१३७६२ | १२ | १८३७४९ | २६ | १२ | ४४९६७० | ६३ |
| ३१२०००१९ | कृषि तथा पशुपञ्छीजन्य उद्योग यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम | जिल्ला | १२ | ५३८१०५ | १२ | २४२६५ | ५ | १२ | २९०५७७ | ५४ |
| ३१२०००२० | युवा लक्षित कृषिव्यवसाय प्रवद्दन कार्यक्रम | जिल्ला | १२ | ४३५२४ | १२ | २९८ | १ | १२ | ३५६९० | ८२ |
| ३१२०००२१ | पशुपञ्छी विकास तथापशु स्वास्थ्य नियमन कार्यक्रम | जिल्ला | १२ | ८११६३ | १२ | ९०५२ | ९ | १२ | ६३३०७ | ७८ |
| ३१२०००२२ | कृषि क्षमता विकासअभिवृदि तथा सीप विकास तालिम कार्यक्रम | जिल्ला | १२ | १५०२२ | १२ | ६३८६ | ४३ | १२ | १२१६८ | ८१ |
| ३१२००१२० | भूमि व्यवस्था कृषितथा सहकारी मन्त्रालय (सघ सशर्त अनुदान) | जिल्ला | १२ | ४३७२०० | १२ | ३९३५ | ० | १२ | ३३२२७२ | ७६ |
| जम्मा | | | | ४००७००० | | ६०४७८९ | १६ | | २८५४६९० | ७१ |

## १०.१२ आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु. हजारमा)

| ब.उ.शि.नं | कार्यक्रम नाम/बजेट शीर्षक | विनियोजित बजेट | असार सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५९१०५०।० | ३१९२६२।० | ५४।० |
| ३१२०००११४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १९०३५।० | १९८६।० | १०।४ |
| ३१२०००१२३ | कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | ३९२४४०।० | ३१८३।० | ०।८ |
| ३१२०००१३३ | स्मार्ट कृषि गाँउ कार्यक्रम | ३५००००।० | १६१८२।० | ४।६ |
| ३१२०००१४३ | मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | ६४१५०।० | ३५९९।० | ५।६ |
| ३१२०००१४४ | मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम | २५००।० | ०।० | ०।० |
| ३१२०००१५३ | भूमि तथा गुठी व्यवस्थापन कार्यक्रम | ९१९५०।० | ६५३६।० | ७।१ |
| ३१२०००१५४ | भूमि तथा गुठी व्यवस्थापन कार्यक्रम | ३५०००।० | ०।० | ०।० |
| ३१२०००१६३ | सहकारी विकास तथा गरिवी निवारण कार्यक्रम | २७९९५०।० | ८३५३।० | ३।० |
| ३१२०००१७३ | अभियानमुखी (मिसन) कृषि तथा पशुपञ्छी विकास कार्यक्रम | २४६७००।० | १६११।० | ०।७ |
| ३१२०००१८३ | कृषि तथा पशुपञ्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | १५२०५५।० | १६९७७।० | ११।२ |
| ३१२०००१८४ | कृषि तथा पशुपञ्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | ८२००।० | ०।० | ०।० |
| ३१२०००१९३ | कृषि तथा पशुपञ्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम | ६४९६९०।० | १४८२७।० | २।३ |
| ३१२०००१९४ | कृषि तथा पशुपञ्छीजन्य उद्योग, यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम | ११४२००।० | १५२५३।० | १३।४ |
| ३१२०००२०३ | युवा लक्षित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | २२०५००।० | १०४४।० | ०।५ |
| ३१२०००२१३ | पशुपञ्छी विकास तथा पशु स्वास्थ्य नियमन कार्यक्रम | ७८४४८।० | ११५९९।० | १४।८ |
| ३१२०००२२३ | कृषि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम कार्यक्रम | ५०६५६।० | १३७९९।० | २७।२ |
| ३१२००१२०३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय(संघ शसर्त अनुदान), | ७४९१००।० | ६८१६।० | ०।९ |

## १०.१३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः

(रु. हजारमा)

| विवरण | विनियोजित बजेट | फागुन मसान्तसम्मको खर्च | खर्च प्रतिशतमा | असार मसान्तसम्मको अनुमानित खर्च |
|---|---|---|---|---|
| चालु खर्च | ३७२२५६७ | ७३१२२८ | १९.६४ | ७१.२४% |
| पुँजीगत खर्च | २८४७१९ | ५०१७९ | १७.६२ | |
| जम्मा | ४००७२८६ | ७८१४०७ | १९.४ | |

## १०.१४ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

| सि.नं. | कार्यालयको नाम | राजश्व आम्दानी रु. | कैफियत |
|---|---|---|---|
| १ | कुखुरा विकास फार्म खजुरा बाँके | ६५,१२,८६२।- | लक्ष्य तोकिएको नहुने। |
| २ | मत्स्य विकास केन्द्र शम्सेरगञ्ज बाँके | १०,४०,८५०।- | |
| ३ | कृषि ज्ञान केन्द्र, विज्ञ केन्द्र तथा अन्य कार्यालयहरु | १५,४७,०९३।- | |
| | **जम्मा** | **९१,००,७८०५।-** | |

## १०.१५ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

| सूचकहरु | SDG संकेत | समीक्षा अवधि | एकाई | वार्षिक लक्ष्य | फागुन महिना सम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| थप रोजगारी सिर्जना | ९.२ | चौमासिक | संख्या (हजार) | नतोकिएको | कार्यक्रम कार्यान्वयनको चरणमा रहेकाले सम्पन्न पश्चात जानकारी हुने | |
| रोजगारीमुलक तालिम | ९.२ | मासिक | जना | १६०० | **८७५** | |

| सूचकहरु | SDG संकेत | समीक्षा अवधि | एकाई | वार्षिक लक्ष्य | फागुन महिना सम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| कृषक वा कृषि फर्मलाई अनुदान रकम | २.१ | मासिक | रु. लाख | ४६४७.५४ | सबै अनुदानका कार्यक्रमको सूचना प्रकाशन भएकाले खर्च नभएतापनि खर्चको आधार तयार भएको। | कृषक, फर्म, समुह वा सहकारीलाई जाने अनुदान आयोजना कार्यान्वयन पश्चात मात्र पुर्ण विवरण प्राप्त हुने। |
| उत्पादनमुलक सहकारी संघ संस्थालाई अनुदान रकम | ८.३.१ | मासिक | रु. लाख | २६३३६.०६ | | |
| कर्मचारी तालिम | १६ | मासिक | जना | २२५ | २२५ | |

## १०.१६ समस्या तथा चुनौतीः

- कृषि क्षेत्रमा लक्षित वर्गहरु फरक फरक हुने र प्रवाह गर्ने अनुदानको रकम सीमा, कार्यालय र कृषकको लागत सहभागिताको आकारमा भिन्नता हुने भएकाले अनुदान प्रवाहका लागि समस्या भएको। सोको लागि छुट्टै अनुदान सम्बन्धी ऐनको व्यवस्था हुनुपर्ने।
- स्मार्ट कृषि गाउँहरुको लागि स्थानीय तहहरुको तर्फबाट हुनुपर्ने लागत सहभागिता जुटाउन मुस्किल भइरहेको।
- मन्त्रालयले प्रदान गर्ने क्षमता विकास तालिमहरु सहायक स्तरका कर्मचारीका लागि हुने हुनाले पूर्वाधार तथा जनशक्तिको विकास गरी सबै तहका कर्मचारीलाई तालिम प्रदान गर्न सक्ने गरी स्तरोन्नतरी गर्ने।
- मन्त्रालय तथा मतहतका कार्यालयहरुमा प्रविधिक जनशक्तिको कमीका कारण कार्यक्रम कार्यान्वयन तथा प्राविधिक सेवा टेवामा समस्या भएको। स्थायी पदपुर्ति हुनुपर्ने।
- शीत भण्डार जस्ता ठुला आयोजना संचालनका लागि सोही सम्बन्धी प्राविधिक जनशक्ति नभएको।

- साना कृषकहरको हकमा कृषकहरुको प्यान नम्बरको अनिवार्य व्यव्स्था हुन सम्भव नभएकाले कार्यक्रम संचालनमा कठिनाई भइरहेको। कृषकहरुलाई कर छुट सम्बन्धी व्यवस्थाको विकास गर्नुपर्ने।
- मत्स्य पालन व्यवसायलाई उद्योगको रुपमा परिभाषित गरिएकाले उत्पादन लागतमा बिजुलीको हिस्सा अत्याधिक हुने गरेको।
- भूमि तथा गुठी सम्बन्धी प्रदेशको अधिकार स्पष्ट नभएकाले कार्यक्रम संचालन गर्न समस्या भइरहेको।

## १०.१७ समस्या समाधानका लागि चालिएका कदमः

- प्रदेशिक तालिम केन्द्रहरुको स्तरोन्नति गरी सबै किसिमका तालिम प्रवाह गर्न सक्ने गरी पूर्वाधार तथा क्षमता विकास गर्नुपर्ने।
- साना कृषकहरुलाई लक्षित गरी प्यान नं छुटको विशेष किसिमको व्यवस्था गर्नुपर्ने।
- कार्यक्रम योजना तर्जुमा गर्दा तीनै तहको सरकारले एक अर्कोको प्रतिवद्धतालाई सहयोगी बन्ने गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने, सोको लागि समन्वय आवश्यक रहेको।
- मत्स्यपालनलाई कृषि व्यवसायका रुपमा परिभाषित गर्नुपर्ने। कृषि उपज भण्डारणको लागि कोल्ड स्टोरेजमा विद्युत महशुल छुटको सुनिश्चितता हुनुपर्ने।कृषि मन्त्रालयका विशेष पकेट क्षेत्रका लागि मझौला सिंचाइको व्यवस्था हुनुपर्ने।
- भूमि सम्बन्धीको काम, कर्तव्य तथा अधिकार संघ, प्रदेश तथा स्थानीय तहको स्पष्ट हुनुपर्ने।

## १०.१८ मन्त्रालयले कार्यान्वयनमा ल्याएका राम्रा अवधारणाहरुः

- शितभण्डार जस्ता वृहत आयोजनाहरुको लागि सम्बन्धित प्राविधिक तथा कृषि इन्जिनियरिङ्ग सम्बन्धी प्राविधिक जनशक्तिको व्यवस्था हुनुपर्ने।
- पेश्की रकम उपलब्ध नगराइ कार्यसम्पन्नताका आधारमा भुक्तानी दिने व्यवस्था मिलाइएको।
- अनुदान कार्यक्रममा अनुदानग्राहीको छनौट पश्चात १ हप्तासम्म गुनासो गर्न सक्ने व्यवस्था मिलाइएको।
- अनुदानप्राप्त अनुदानग्राहीहरुबाट सम्झौता अघि कार्ययोजना स्वीकृत अघि र कार्य सम्पन्न पश्चात कार्यप्रगति प्रस्तुतीकरण गर्ने व्यवस्था को शुरुवात गरिएको।
- अनुदानग्राहीहरुको पूर्ण विवरण भएको पुस्तिका प्रकाशन गरी दाहोरोपना रोक्न संघीय सरकार र स्थानीय तहहरुमा पठाइएको।

- नगद अनुदानलाई परिमार्जित गरी प्रतिफल अनुसारको प्रोत्साहन रकम सम्बन्धित कृषकको बैंक खाता मार्फत उपलब्ध गराइएको।
- कृषकहरुलाई कृषि ऋणको पहुच वृद्धिका लागि ब्याजमा अनुदानको व्यवस्था मिलाउन १२ जिल्लामा शुलभ कर्जा सहयोगी कक्ष स्थापना गरिएको।
- अनुदानका लागि आवेदन र प्रगति प्रणालीलाई यस वर्षबाट डिजिटल प्रणालीमा लैजाने गरी तयारी भैरहेको।

## १०.१९ निष्कर्ष:

कृषि, भूमि तथा सहकारी क्षेत्रमा लक्षित वर्गहरु फरक फरक हुने र प्रवाह गर्ने सेवामा भिन्नता हुने भएकाले विभिन्न सेवाहरु उपलव्ध गराउनका लागि मन्त्रालय तथा मातहतका कार्यालयहरुमा प्रविधिक जनशक्तिको कमीका कारण कार्यक्रम कार्यान्वयन तथा प्राविधिक सेवा टेवामा समस्या भएकोले स्थायी पदपुर्ति हुन सकेमा थप प्रभावकारी सेवा उपलव्ध गराउन सकिन्छ। साथै कृषि क्षेत्रमा लक्षित वर्गहरु फरक फरक हुने र प्रवाह गर्ने अनुदानको रकम सीमा, कार्यालय र कृषकको लागत सहभागिताको आकार समेत फरक फरक हुने कारण अनुदान प्रवाहका लागि समस्या हुने भएकोले एकीकृत अनुदान सम्बन्धी ऐनको व्यवस्था गरी कार्यान्वयनमा ल्याउन सकेमा सेवा प्रवाहमा प्रभावकारी हुन सक्ने देखिन्छ।

# परिच्छेद-११

# मुख्य न्यायाधिवक्ताको कार्यालय¸

## ११.१ पृष्ठभूमिः

नेपालको संविधानको भाग १२ धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ। मुख्य न्यायधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था रहेको छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ र संवैधानिक एवम् कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनुपर्ने कानुनी व्यवस्था रहेको छ। प्रदेश सरकारको हक, हित वा सरोकार रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकिलबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिने व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था बमोजिम लुम्बिनी प्रदेशमा मिति २०७४ चैत्र २ गतेबाट मुख्यन्यायाधिवक्ताको नियुक्ति भएदेखि मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भई कार्य संचालन भइरहेको छ ।

नेपालको संविधानको धारा १६० को उपधारा ७ मा मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीश सरह हुने र मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था छ। सोही अनुसार लुम्विनी प्रदेशको प्रदेश सभाले **मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५ मिति २०७५।०४।०८** मा प्रमाणीकरण भई लागु भएको अवस्था विद्यमान छ।

## ११.२ दीर्घकालीन सोचः

स्वच्छ, निश्पक्ष, न्यायपूर्ण समाजको निर्माण गरी कानुनी राज्यको अवधारणालाई व्यवहारमा लागु गर्नु।

## ११.३ उद्धेश्यः

- व्यवसायिक कानुनी राय प्रदान गरी प्रदेश सरकारप्रतिको जनविश्वास बढाउने,
- प्रभावकारी रुपमा प्रदेश सरकारको प्रतिरक्षा गर्ने तथा प्रदेश सरकारको तर्फबाट मुद्दा दायर गर्ने।

## ११.४ रणनीतिः

- प्रदेश सरकार र यस मातहतका निकाय बाट माग भएमा व्यवसायिक कानूनी राय प्रदान गर्ने,

- ऐन, नियम र कार्यविधि वनाउनेकार्यमा प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालयलाई राय सुझाव दिने,
- प्रदेश सरकारलाई प्रतिपक्षी बनाई दायर भएका मुद्दा एवम् रिटको प्रभावकारी प्रतिरक्षा एवम् मुद्दा दायर गर्ने,
- फैसलाको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,
- मानव अधिकारको रक्षाको लागि आवश्यक कार्य गर्ने
- हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गर्ने,
- पुस्तकालय व्यवस्थापन गर्ने,
- मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकिल तथा कर्मचारीहरुको आचार संहिता बनाई लागु गर्ने,
- जनशक्ति व्यवस्थापन गर्ने।

## ११.५ कार्यक्षेत्रः

मुख्य न्यायाधिवक्ताको कार्यालयको मुख्य कार्यक्षेत्र भनेकै प्रदेश सरकार र यस मातहतमा रहेका कार्यालयहरुलाई विपक्षी बनाएर दायर भएका मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा तथा वहस पैरवी गर्ने साथै प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने रहेको छ। सोही अनुरुप प्रदेश सरकार र यस मातहतका निकायलाई विपक्षी बनाइएका मुद्दामा सर्वोच्च अदालत, उच्च अदालत तुल्सीपुर, उच्च अदालत तुल्सीपुर बुटवल इजलास, उच्च अदालत तुल्सीपुर नेपालगञ्ज इजलास र जिल्ला अदालतहरुमा उपस्थित भई बहस पैरवी गर्ने गरिएको छ।

## ११.६ कानूनी तथा नीतिगत व्यवस्थाहरुः

नेपालको संविधानको धारा १६० को उपधारा ७ मा मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीश सरह हुने र मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुनेछ भन्ने व्यवस्था छ। सोही अनुसार लुम्विनी प्रदेशको प्रदेश सभाले **मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५ मिति २०७५।०४।०८** मा प्रमाणीकरण भई लागु भएको अवस्था विद्यमान छ।

संगठन संरचना तथा कर्मचारीको पदपूर्तिको अवस्था हेर्दा संघीय निजामती सेवाको न्याय सेवा सरकारी वकिल समूहका एक जना उप न्यायाधिवक्ता, ३ जना कानून अधिकृत रहने व्यवस्था छ। भने अन्य कर्मचारी प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीहरु रहेका छन्।

## ११.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | पदपूर्ति संख्या | रिक्त दरवन्दी संख्या | कुल दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | उपन्यायाधिवक्ता | न्याय | सरकारी वकिल | रा.प.द्धितीय | १ | ० | १ | १ जना उपन्यायाधिवक्ता काजमा रहनु भएको। |
| २ | शाखा अधिकृत | न्याय | सरकारी वकिल | रा.प.तृतीय | ३ | ० | ३ | |
| ३ | नायव सुव्वा | प्रशासन | सामान्य प्रशासन | रा.प.अनं.प्रथम | १ | १ | २ | स्थापना देखि हाल सम्म पदपुर्ति हुन नसकेको। |
| ४ | कम्प्यूटर अपरेटर | विविध | | रा.प.अनं.प्रथम | १ | ० | १ | खानेपानी तथा सरसफाइ कार्यालय रुपन्देहीमा काजमा रहनुभएको। |
| ५ | लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.प्रथम | १ | ० | १ | |
| ६ | ह.स.चा. | | | श्रेणीविहीन | १ | ० | १ | |
| ७ | का.स. | | | श्रेणीविहीन | २ | ० | २ | |
| **जम्मा** | | | | | **१०** | **१** | **११** | |

(श्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)

## ११.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

प्रदेश सरकार  र मातहत कार्यालयविरुद्ध परेका मुद्दाको अवस्था २०७७ फागुन मसान्तसम्म बहस पैरवी गरिरहेका र किनारा लगाएका मुद्दाहरुको विवरण।

**मुद्दाहरुको बहस र प्रतिरक्षा सम्बन्धी विवरण**

| क्र.सं. | अदालत | गत आ.व.बाट जिम्मेवारी सरी आएका | चालु आ.व.मा थप भएका | जम्मा मुद्दा | फैसला भएका | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | सर्वोच्च अदालत | २३ | ११ | ३४ | ० | ३४ |
| २ | उच्च अदालत तुल्सीपुर, बुटवल ईजलास | ९ | ११ | २० | ९ | ११ |
| ३ | उच्च अदालत तुल्सीपुर | २ | १ | ३ | ० | ३ |
| ४ | उच्च अदालत तुल्सीपुर, नेपालगञ्ज, ईजलास | ६ | १ | ७ | ० | ७ |
| ५ | जिल्ला अदालत रुपन्देही | १ | ० | १ | १ | ० |
| | जम्मा | ४१ | २४ | ६५ | १० | ५५ |

## ११.९ वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रगति विवरण

| क.स. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | बाल सुधार तथा अनुगमन निरीक्षण | वटा | २ |
| २ | प्रदेशभित्र रहेका हिरासत कक्ष र कारागारको निरीक्षण | वटा | कारागार ५, हिरासत छ |
| ३ | अन्तर प्रदेश अनुभव अदानप्रदान | वटा | २ |
| ४ | प्रदेश प्यारोल तथा प्रोवेशन समिति गठन | वटा | - |
| ५ | स्थानीय तहमा निर्मित कानुनहरु (ऐन, नियम, कार्यविधि) को संकलन | वटा | ५० वटा स्थानीय तहमा निर्मित कानुन संकलन गरिएको। |
| ६ | कारागार तथा हिरासत व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | वटा | १ |
| ७ | कानुनी राय, रिट प्रतिरक्षा तथा लिखित जवाफमा स्तारियता सम्बन्धी अन्तरक्रिया कार्यक्रम | वटा | २ |

## ११.१० चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको अर्धवार्षिक प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु.हजारमा)

| क.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| १ | कानुन र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरुसँग छलफल एवम् अन्तरक्रिया | ५ | ४०० | ४ | ८० | ३२० | १०० | ४ | ८० | ४०० | ८० |
| २ | बाल न्याय सम्बन्धी सरोकारवालासँग कार्यशाला गोष्ठी | २ | २०० | १ | ५० | १०० | १०० | १ | ५० | २०० | ५० |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिकलक्ष्य | | अर्धवार्षिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % | परिमाण | परिमाण % | बजेट | बजेटखर्च % |
| ३ | रिट प्रतिरक्षा लिखित जवाफको स्तरियता एवम् कानुनी राय विषयमा प्रभावकारिता विषयक गोष्ठी | ४ | ३२० | १ | २५ | २४० | ३३ | १ | २५ | ३२० | ३३ |
| ४ | वैज्ञानिक अनुसन्धान तथा प्रभावकारी अभियोजन सम्बन्धी प्रतिरक्षा कार्यक्रम | ४ | ४०० | १ | २५ | २०० | ५० | १ | २५ | २०० | ५० |
| ५ | मुख्य न्यायाधिवक्ता कार्यालयको प्रथम रणनीतिक योजना निर्माण | १ | ३०० | ० | ० | ३०० | ० | ० | ० | ० | ० |
| ६ | हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २ | २०० | १ | ५० | १०० | १०० | १ | ५० | १०० | ५० |
| ७ | अन्तरप्रदेश स्तरीय अध्ययन अवलोकन तथा अनुभव आदानप्रदान कार्यक्रम | १ | ४०० | ० | ० | २०० | ० | ० | ० | ० | ० |
| ८ | प्रदेश अन्तगतका स्थानीय तहहरुद्धारा निर्मित सबै कानुनको संकलन, विश्लेषण, सुझाव र प्रकाशन | १ | ४०० | | | १०० | ८० | ० | ० | ० | ० |

(श्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)

## ११.११ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको फागुन महिना सम्मको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु.हजारमा)

| क्र.स. | कार्यक्रम/ क्रियाकलाप | वार्षिकलक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्तसम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | रिट प्रतिरक्षा लिखित जवाफको स्तरियता एवम् कानुनी राय विषयमा प्रभावकारिता विषयक गोष्ठी | ४ | ६०० | २ | ५० | ३०० | ५७ | २ | ५० | ३०० | ६० |
| २ | हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २ | ३०० | २ | १०० | ३०० | ४१ | ० | ० | ० | ० |
| ३ | अन्तरप्रदेश स्तरीय अध्ययन अवलोकन तथा अनुभव आदानप्रदान कार्यक्रम | ६ | ४२० | ४ | ६६ | २८० | ० | ० | ० | ० | ० |

(श्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)

## ११.१२: आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा वित्तीय प्रगतिः

(रु.हजारमा)

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | प्रतिशत | असार मसान्तसम्मको खर्च % |
|---|---|---|---|---|
| २१६०००११३ | चालु | १५२६७ | ४१.४८ | ५० |
| २१६०००११४ | पुँजीगत | ७२६० | ७६.९४ | ८३.१३ |
| | जम्मा | २२५२७ | ५२.९ | ६६.५६ |

(श्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)

## ११.१३ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको खर्चको अनुमानः

(रु.हजारमा)

| ब.उ.शी.नं. | बजेट शीर्षक | विनियोजित बजेट | फागुन मसान्त सम्मको खर्च | प्रतिशत | असार मसान्तसम्मको अनुमानित खर्च % |
|---|---|---|---|---|---|
| २१६०००११३ | चालु | १४,१७६ | ५,००० | ३५.२७ | ६० |
| २१६०००११४ | पुँजीगत | ८५० | ० | ० | ९० |
| | जम्मा | १५,०२६ | ५,००० | ३५.२७ | ७५ |

(श्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय)

## ११.१४ समस्या तथा चुनौतीः

- प्रदेश सरकारका अन्तगर्तका विभिन्न निकायहरुले लिखित जवाफ तयारी ,रिट प्रतिरक्षाको सिलसिलामा यस कार्यालयसँग प्रभावकारी समन्वय नगर्दा प्रतिरक्षामा कठिनाई हुने गरेको,
- प्रदेश सरकार अन्तगर्तका निकायहरुले कानुनी पक्ष जोडिएको महत्वपूर्ण विषयहरुमा निर्णय लिनु अगाडि सरोकारवाला निकायहरुसँग प्रभावकारी समन्वय, राय, सल्लाह लिने नगरिएकोले प्रदेश सरकार विरुद्धका मुद्धाहरुको चाप दिन प्रतिदिन बढ्दै गएको,
- प्रदेश सरकार अन्तर्गतका निकायमा कार्यरत जनशक्तिलाई लिखित जवाफ तयारी, कानुनी राय माग गर्दा अवलम्बन गरिनुपर्ने प्रक्रिया लगायतका विषयमा दक्षता अभिवृद्धि गर्नु।

## ११.१५ समस्या समाधानको लागि चालिएका कदमः

प्रदेश सरकार अन्तगर्तका निकायहरुमा कार्यरत कर्मचारीहरुलाई समय समयमा लिखित जवाफ तयारी, रिट प्रतिरक्षा ,कानुनी राय माग गर्दा अवलम्बन गरिनुपर्ने प्रक्रियाका अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्ने।

## ११.१६ निष्कर्षः

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई व्यवस्थित गर्न जारी भएको नेपालको संविधानको भाग १२ धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था गरे वमोजिम २०७४ चैत्र २ गते लुम्बिनी प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएको हो र

२०७५।४।२८ गतेबाट लागु भएको मुख्य न्याययाधिवक्ताको काम कर्तव्य अधिकार सेवाका अन्य शर्त सम्बन्धी ऐन,२०७५ को दफा ४ ले मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था गरिनुका साथै सोही ऐनको दफा ११ बमोजिम मुख्य न्यायाधिवक्ताको काम कारवाहीको वार्षिक प्रतवेदन सम्बन्धी व्यवस्था गरेको पाइन्छ।

नेपाल सरकार मन्त्रिपरिषद्वाट निर्णय भएबमोजिम तत्कालीन अवस्थामा मुख्य न्यायाधिवक्ताको कार्यालयको दरवन्दी स्वीकृत भई संगठनात्मक स्वरुप ग्रहण गरेको देखिन्छ। नेपालको संविधानको धारा १६० को उपधारा ६ मा मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्था महान्यायाधिवक्ताको कार्यालयले गर्ने भन्ने व्यवस्था भएबमोजिम राजपत्राङ्कित कर्मचारीहरुको व्यवस्था भएको देखिन्छ। प्रदेश सरकारको वार्षिक विनियोजन बजेटबाट कार्यालय संचालन भइरहेको अवस्था छ भने यस कार्यालयको आफ्नै भवन अभावका कारण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पहिलो तलामा कार्यालय स्थापना गरिएको छ। मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारहरुमा उल्लेख भए वमोजिम श्री सर्वोच्च अदालत, उच्च अदालतहरु र जिल्ला अदालतमा समेत दर्ता हुन आएका प्रदेश सरकार विरुद्धका रिट निवेदनहरुमा मुख्य न्यायाधिवक्ता कार्यालयको तर्फबाट वहस पैरवी तथा प्रतिरक्षा भै रहेको तथा त्यस्ता प्रदेश सरकार अन्तर्गतका कार्यालयबाट माग भई आएका विषयहरुमा कानूनी राय समेत प्रदान गर्रिंदै आएको अवस्था छ।

वदलिदो समय परिस्थिति अनुसार प्रदेश सरकार विरुद्धमा दर्ता हुने रिटको संख्यामा भएको वढोत्तरी र कार्यालयको कर्मचारीहरुको दरवन्दी संख्याको कमीका कारण बहस पैरवी र प्रतिक्षालाई अझ मजवुद बनाउदै लैजानको लागि यस कार्यालयको कार्यवोझ विश्लेषण सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पेश गरिएको छ।

कार्यालय संचालनका दौरानमा आई परेका विविध समस्याहरुलाई आगामी दिनहरुमा महान्यायाधिवक्ताको कार्यालयका निर्देशनहरु, प्रदेश सरकारका निर्णयहरु, मौजुदा ऐन कानूनहरुमा हुने संशोधनहरु र प्रभावकारी कर्मचारी व्यवस्थापन समेतबाट समाधान गर्दै जाने अवस्था देखिन्छ।

# परिच्छेद - १२
# प्रदेश योजना आयोग

## १२.१ पृष्ठभूमिः

प्रदेश सरकार (मन्त्रिपरिषद्)को मिति २०७४ चैत्र ६ गतेको निर्णय अनुसार प्रदेश नं. ५ प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत भई सोही मितिको निर्णय अनुसार प्रदेश योजना आयोगको गठन गरिएको हो।

प्रदेश योजना आयोग विकासमा आधारित संस्था हो। प्रदेशको दुरगामी सोचसहित विकासको अवधारणा तयार गर्ने, योजनाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश सरकारका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट सूचनाहरुको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार
सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने संस्थाको रुपमा प्रदेश योजना आयोग गठन भएको हो।

## १२.२ आयोगको संरचनाः

प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७४ बमोजिम आयोगको संरचनामा देहाय बमोजिमका पदाधिकारीहरु रहने व्यवस्था छ।

- मुख्यमन्त्री - अध्यक्ष
- प्रदेश सरकारबाट नियुक्त १ जना – उपाध्यक्ष
- प्रदेश सरकारबाट नियुक्त कम्तीमा १ महिला सहित बढीमा ४ जना – सदस्य
- प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य
- प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य सचिव

## १२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यः

- प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,
- लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने

- राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने
- अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने
- अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने
- वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

## १२.४ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.सं. | पदनाम | श्रेणी/तह | सेवा | समुह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय प्रमुख | नवौं/दशौं | प्रशासन | सा.प्र | १ | ० | १ | |
| २ | सहायक प्रशासकीय प्रमुख | सातौं/आठौं | प्रशासन | सा.प्र | १ | १ | ० | |
| ३ | शाखा प्रमुख | पाचौं/छैठौं | प्रशासन | सा.प्र | २ | २ | ० | |
| ४ | आर्थिक प्रशासन प्रमुख | पाचौं/छैठौं | प्रशासन | लेखा | १ | ० | १ | मु.म. का बाट सहायक (चौथो) खटाइएको |
| ५ | ह.स.चा | श्रेणीविहीन | - | - | २ | २ | ० | २ जना करार |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहीन | - | - | २ | १ | १ | १ जना करार |
| जम्मा | | | | | ९ | ६ | ३ | |

## १२.५ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

| सि.नं. | परियोजनाको नाम | परियोजना बैंक दर्ता नं. |
|---|---|---|
| १ | चिउरी प्रशोधन लघु उद्योग | २०७६/७७-००६-R0 |
| २ | बुटवल-गुल्मी रामायण तथा भौगर्भिक पर्यटन मार्ग | २०७६/७७-००७-R0 |
| ३ | अण्डा सहकारी, रुपन्देही | २०७६/७७-००८-R0 |
| ४ | प्रशोधित दाउरा उद्योग, भालुवाङ | २०७६/७७-००९-R0 |
| ५ | लेते पहिरो, गुल्मीः अवस्था र रोकथामका उपाय | २०७६/७७-०१०-R0 |
| ६ | रुकुम पूर्व स्याउ परियोजना | २०७६/७७-०११-R0 |

| सि.नं. | परियोजनाको नाम | परियोजना बैंक दर्ता नं. |
|---|---|---|
| ७ | कपिल अन्तराष्ट्रिय सम्मेलन केन्द्र, शखुनिया ताल | २०७६/७७-०१२-R0 |
| ८ | सिद्धबाबा कृत्रिम पठार परियोजना | २०७६/७७-०१३-R0 |
| ९ | बुल्म एकीकृत वस्ती विकास परियोजना | २०७६/७७-०१४-R0 |

- बर्दियामा अत्याधुनिक कृषि फार्म स्थापनाका लागि सम्भाव्यता अध्ययन सम्बन्धमा मिति २०७७/०७/२१ देखि २०७७/०७/२४ सम्म हरियाली ग्रुप फिल्ड कार्यालय, म्याग्दीको भ्रमण सम्पन्न भएको। साथै हरियाली ग्रुप फिल्ड कार्यालय, म्याग्दीको तर्फबाट मिति २०७७ पौष २२ गते लुम्बिनी प्रदेशका माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यूको प्रमुख आतिथ्यता र यस आयोगका उपाध्यक्षज्यूको संयोजकत्वमा आयोजित कार्यक्रममा सम्भाव्यता अध्ययन सम्बन्धी अवधारणापत्र प्रस्तुत गरिएको।
- यस मोडेल विश्वमै सफल मानिएको उत्पादन ब्रिगेड अनुसार युवा, नेता तथा कार्यकर्ताहरुलाई रोजगारीमा जोड्ने तथा दक्षिण अफ्रिकाको सामुहिक खेती (टिम्बाली) र भारतका दूध उत्पादक किसानहरूको (अमुल) मोडेललाई पछ्याउँदै शुरू गरिएको जसले आधुनिक कृषि फार्म सञ्चालन गरेर कृषिको उत्पादन तथा उत्पादकत्व बढाउँदै रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको।
- चौमासिक/वार्षिक समीक्षा (मिति २०७७/०४/१८, १९ र २० मा वार्षिक समीक्षा , मिति २०७७ मङसिर १० र ११ गते र २०७७ चैत्र ११ र १२ गते यस आ.व. को प्रथम र दोस्रो चौमासिक समीक्षा कार्यक्रम (PDAC) Provincial Development Action Committee को बैठक आयोजना गरी प्रदेश सरकार मातहतका केन्द्रीय मन्त्रालय/निकायको प्रगति सम्बन्धी समीक्षा कार्यक्रम आयोजना गरिएको। साथै सो बैठकको निर्णय (NDAC) National Development Action Committee मा पठाइएको।
- लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको प्रथम आर्थिक वर्ष (२०७६/०७७) को
- वार्षिक समीक्षा प्रतिवेदन पुस्तक प्रकाशन गरिएको।
- मासिक रुपमा "योजना" बुलेटिनको प्रकाशन गर्ने गरिएकोमा श्रावण, भाद्र, असोज र कार्तिक महिनाको तीन अंक प्रकाशित
- शोधवृत्ति (Research Grant ) कार्यक्रम कार्यविधि, २०७७ स्वीकृत भएको। सोही कार्यविधिको आधारमा विज्ञान तथा प्रविधिको क्षेत्रमा स्नातकोत्तर वा सो भन्दा माथि

अध्ययनरत विद्यार्थीहरुबाट आवेदन र शोधपत्र माग गरी प्राप्त भएका जम्मा ७९ वटा प्रस्तावहरुको अध्ययन पश्चात विभिन्न विधामा १० (दश) जना विद्यार्थीहरु छनोट गरिएको।

- बहुवर्षीय आयोजनाहरुलाई श्रोत सुनिश्चितता र सहमति प्रदान गर्नु अघि स्थलगत अनुगमन र डिजाईनरहरुसँग अन्तरक्रिया गरिएको। जस्तैः जेष्ठ नागरिक तथा अपाङ्गता ग्राम सैनामैना, भेटेरिनरी रिफरल अस्पताल भैरहवा, चरङ्गे झुम्सा सडक आयोजना, मर्चवार सडक, नरैनापुर सडक आयोजना आदि।
- मिति २०७७/०७/२१ गते आयोगका उपाध्यक्ष प्रा. डा. ईश्वर गौतमको नेतृत्वमा वालिङ नगरपालिका स्याङ्गजामा डिजिटल नगरपालिकाको अवधारणा सम्बन्धी अन्तरक्रिया भ्रमण सम्पन्न भएको।
- कम्तिमा ५० हजार नागरिकलाई प्रदेशमा उपलब्ध रोजगारीमा आवद्ध गरी एकद्वार सुचना प्रणालीको विकास गर्ने उद्देश्य सहित लुम्बिनी प्रदेश रोजगार पोर्टल तयार भई मिति २०७७ कार्तिक २८ गते औपचारिक शुरुवात भएको। (सूचना तथा संचार प्रविधि प्रतिष्ठानको प्राविधिक सहयोगमा)
- चालु आ.व.०७७/७८ मा थप ३० भन्दा बढी वटा आयोजनाहरुलाई स्रोत सुनिश्रितता प्रदान गरिएको

## १२.६ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः**

१. शोध वृत्ति सम्बन्धी कार्यविधि, २०७७

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरण**

१. प्रदेश योजना आयोग ऐन,

२. प्रादेशिक परियोजना बैंक,

३. परियोजना अध्ययन मार्ग दर्शन,

४. लुम्बिनी प्रदेशको २० वर्षे दीर्घककालीन योजना।

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

## १२.७ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगतिः

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | २०७७ फागुन सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | २०४०० | ६९५६ | ३४ |
| पुँजीगत | १५२०० | ७३० | ४.९ |
| जम्मा | ३५६०० | ७६८६ | २२ |

## १२.८ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म श्रोतगत आय र व्ययको विवरणः

(रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | | |
| ३ | नेपाल सरकार समपुरक अनुदान | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | | |
| ५ | प्रदेश सरकार(राजश्व बाँडफाँड समेत) | ३५६०० | ७६८६ |

## १२.९ चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विध्यमान अवस्था |
|---|---|---|
| | श्रम बजारको अध्ययन तथा श्रम बजार पोर्टलको बिकास | लुम्बिनी प्रदेश रोजगार पोर्टल निर्माण गरी संचालनमा ल्याइएको। |

| | | |
|---|---|---|
| | प्रदेश परियोजना बैंक अन्तर्गत चालु आ.व. मा तयार भएका परियोजनाहरु | चिउरी प्रशोधन लघु उद्योग , बुटवल-गुल्मी रामायण तथा भौगर्भिक पर्यटन मार्ग ,अण्डा सहकारी रुपन्देही ,प्रशोधित दाउरा उद्योग भालुवाङ, लेते पहिरो गुल्मीः अवस्था र रोकथामका उपाय , रुकुम पूर्व स्याउ परियोजना , कपिल अन्तराष्ट्रिय सम्मेलन केन्द्र शखुनिया ताल, सिद्धबाबा कृत्रिम पठार परियोजना र बुल्म एकीकृत वस्ती विकास परियोजना |

## बजेट वक्तव्यको दोश्रो चोमासिक प्रगति विवरण

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | प्रगति विवरण |
|---|---|---|
| १ | अध्ययनरत परियोजनाहरुको पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन | परियोजना बैंक निर्माण सम्बन्धी अवधारणापत्र निर्माण गर्न ५ जना विज्ञ छनौट गरी कार्यान्वयन गरिएको |
| २ | इलेक्ट्रिक स्कुटर कम्पनी स्थापनाबारे अध्ययन, अवधारणा तथा मोडालिटी तयार | NAST सँग मिति २०७७/१२/२५ गते सम्झौता सम्पन्न भई ब्यापार योजनाको अवधारणापत्र र प्रदेश सरकारद्वारा आयोजना गरिने लगानी सम्मेलनमा मोडल प्रदर्शन गर्ने गरी तयारी भइरहेको |
| ३ | रासायनिक मल कम्पनीको सम्भाव्यता अध्ययन | संघीय सरकारद्वारा कार्यान्वयन गरिने कार्यक्रम भएकोले स्थगन गरिएको। |
| ४ | पाल्पाको माडीफाँटको उपयोगिता वृद्धि सम्बन्धी कृषि तथा सिँचाइ प्रविधि सम्मिलित टोलीद्वारा अनुसन्धान | कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, पक्लिहवा सँग मिति २०७७/१२/२२ मा सम्झौता भई कार्य भइरहेको |
| ५ | बर्दियामा अत्याधुनिक कृषि फर्म स्थापनाका लागि सम्भाव्यता अध्ययन | हरियाली ईन्स्टिच्यूट, टोखा, काठमाडौंसँग मिति २०७७/११/२० मा सम्झौता सम्पन्न, मिति २०७७/११/२२ मा स्थानीय सरोकारवालाहरुसँगको अन्तरक्रिया सम्पन्न भई सम्भाव्यता अध्ययन प्रतिवेदन तयारी भइरहेको। |
| ६ | सिमेन्ट उद्योग तथा चुनढुँगा खानी सम्बन्धी अध्ययन | सम्भाव्यता अध्ययन प्रतिवेदन निर्माण कार्यका लागि मिति २०७८/०१/१२ गते नेपाल विकास अनुसन्धान परिषद् सँग सम्झौता सम्पन्न भई कार्य भइरहेको। |
| ७ | पाल्पाको डुम्रेमा फलामखानी अन्वेषण सम्बन्धी अध्ययन अनुसन्धान | |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | प्रगति विवरण |
|---|---|---|
| ८ | शोध अनुसन्धान वृत्ति | स्नातकोत्तर वा सो भन्दा माथि अध्ययनरत विभिन्न विधामा १० जना विद्यार्थी छनौट गरी मिति २०७७/१०/१५ गते सम्झौता गरी १० वटा शोध अनुसन्धान प्रतिवेदन तयार भैरहेको। |
| ९ | सिद्धबाबा क्षेत्रको पानीको स्रोत अध्ययन | पुल्चोक क्याम्पस , ईन्जिनियरिङ अध्ययन संस्थान सँग मिति २०७८/०१/१४ मा सम्झौता सम्पन्न भई प्रतिवेदन निर्माण कार्य भइरहेको |
| १० | अन्य परियोजनाहरुको अध्ययन(व्यापार योजना सम्बन्धी अध्ययन) | कार्यान्वयन सम्बन्धी कार्यविधिको मस्यौदा निर्माणको चरणमा रहेको |
| ११ | प्रदेशमा विकास र वातावरणबीच सन्तुलन हासिल गर्नका लागि चाहिने Optimum वन क्षेत्रफल यकिन गरी सिफारिस गर्न अनुसन्धान | मिति २०७७ फागुन महिनामा सूचना प्रकाशन गरिएकोमा ३ वटा प्रस्ताव प्राप्त भएकोमा मूल्याङ्कन बाँकी रहेको। |
| १२ | आयोजना तथा कार्यक्रमको प्रभाव मुल्यांकन | SMART कृषि कार्यक्रमको प्रभाव मूल्याङ्कनका लागि मिति २०७७/१२/२२ मा सम्झौता सम्पन्न भई प्रतिवेदन निर्माणको कार्यक्रम भइरहेको। |

## १२.१० समस्या तथा कठिनाईः

- प्रदेश सरकार अन्तरगतका मन्त्रालयहरुवीचमा कार्यक्रम छनौट सम्बन्धी समन्वयको अभाव देखिएको जसका कारण मन्त्रालयहरु बीचमा कार्यक्रमहरुको दोहोरोपना देखिएको।
- विभिन्न आयोजनाहरुमा संघ, प्रदेश र स्थानीय तह गरी तीनैवटा सरकारहरुबाट बजेट लगानी हुने गरेकाले आयोजनामा लगानीको दोहोरोपना देखिएको।
- प्रदेश सरकारको लगानी रहेका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रभाव मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक जनशक्तिको अभाव रहेको।
- "बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का बन्दोवस्त सम्बन्धी मापदण्ड, २०७६" र प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड निर्माण भैसकेको सन्दर्भमा सम्बन्धित मन्त्रालयहरुबाट उल्लेखित मापदण्डहरुको आवश्यक अध्ययनबिना नै आयोजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गरिएको।

- परियोजनाको प्रकृति अनुरुप DPR निर्माणमा एकरुपता कायम गर्नुपर्नेमा त्यस्तो नगरिएकोले DPR को संरचनामा आवश्यक सुधार गर्नुपर्ने देखिएको ।
- संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार र प्रदेश सरकारबीच औपचारिक सम्बन्ध स्थापना गर्ने संरचना/ईकाईको अभाव। जस्तैः राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगबीच औपचारिक सम्बन्ध स्थापना गर्ने कानूनी संरचनाको अभाव।

## १२.११ समस्या समाधानका लागि चाल्नुपर्ने कदमः

- प्रदेश सरकार अन्तर्गतका मन्त्रालयहरुका बीचमा योजना छनौट सम्बन्धी समन्वय स्थापित गर्ने।
- संघ, प्रदेश र स्थानीय तह गरी तीनैवटा सरकारहरुबाट योजना छनौट सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने ।
- कर्मचारी व्यवस्थापन कार्यलाई व्यवस्थित र वैज्ञानिक बनाउने।

## १२.१२ निष्कर्षः

प्रदेश सरकारको विकास निर्माण सम्बन्धी नीति, कानून निर्माणमा सल्लाहकारी भूमिका निर्वाह गर्ने र उक्त विकास निर्माणको प्रत्यक्ष अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्ने कार्यदिश सहित प्रदेश योजना आयोगको स्थापना भएको हो। स्थापना कालदेखि नै यसै विषयलाई हृदयङ्गम गर्दै आयोग आफ्नो कार्यमा दत्तचित्त भएर कार्यरत रहेको छ। उल्लेखित विषयहरुमा कार्य गर्नका लागि लुम्बिनी प्रदेश सरकारका तर्फबाट प्राप्त सहयोगका कारण पनि आयोगको कार्यक्षेत्रका विषयमा यथेष्ट अवसरहरु निर्माण भएका छन्।

# परिच्छेद - १३
# प्रदेश पूर्वाधार विकास प्राधिकरण

## १३.१ पृष्ठभूमिः

प्रदेशको विकासमा विशेष र महत्वपूर्ण योगदान गर्न सक्ने एवम् उच्च प्रतिफलयूक्त पूर्वाधार विकासका आयोजनाहरुलाई छिटो छरितो र प्रभावकारी रुपमा कार्यान्वयन गर्न र सार्वजनिक, निजी साझेदारी र वैदेशिक लगानी समेत परिचालन गर्ने उद्देश्यले प्रदेश पूर्वाधार विकास प्राधिकरणको गठन गरिएको हो।

## १३.२ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यः

सार्वजनिक, निजी साझेदारी र वैदेशिक लगानी समेत परिचालन गर्दै पूर्वाधार विकासमा सफलता प्राप्त गरी प्रदेशको अर्थतन्त्रमा सुधार गर्ने।

## १३.३ कार्यक्षेत्रः

लुम्बिनी प्रदेशभित्र पूर्वाधार विकास।

## १३.४ कानुनी तथा नीतिगत व्यवस्थाः

१. प्रदेश पूर्वाधार विकास प्राधिकरण (गठन तथा कार्य संचालन) आदेश २०७६,
२. पूर्वाधार विकास प्राधिकरण ऐन २०७७

## १३.५ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र. सं. | पद | सेवा | समूह | तह/ श्रेणी | कुल दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | - | - | - | १ | १ | ० | |
| २ | शाखा अधिकृत | प्रशासन | सा.प्र. | सातौ | १ | १ | ० | |
| ३ | ईन्जिनियर | ईन्जिनियरिंग | जनरल | सातौ | ३ | ३ | ० | २ जना करारमा |
| ४ | स्ट्रक्चरल ईन्जिनियर | ईन्जिनियरिंग | - | सातौ | १ | १ | ० | करारमा |
| ५ | आर्किटेक्ट | ईन्जिनियरिंग | - | सातौ | १ | १ | ० | करारमा |
| ६ | लेखा अधिकृत | प्रशासन | लेखा | छैठौ | १ | १ | ० | |
| ७ | सहायक अधिकृत | प्रशासन | सा.प्र. | पाचौ | १ | १ | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ड्राफ्ट पर्सन | - | - | पाँचौ | १ | १ | ० | करारमा |
| ९ | सर्भेयर | - | - | पाँचौ | २ | १ | १ | करारमा |
| १० | हलुका सवारी चालक | ज.मे. | - | श्रेणी विहीन | २ | २ | ० | २ जना करारमा |
| ११ | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहीन | २ | २ | ० | २ जना करारमा |
| जम्मा | | | | | १६ | १५ | १ | |

## १३.६ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु:

| **कार्यक्रमको नाम** | **सम्पादन भएका क्रियाकलापहरु** |
|---|---|
| ईलेक्ट्रिक बस संचालनको लागि सम्भाव्यता अध्ययन। | अन्तिम रिपोर्ट प्राप्त भैसकेको। |
| लुम्बिनी प्रादेशिक अस्पतालको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने | डि.पि.आरको अन्तिम रिपोर्ट soft copy प्राप्त भैसकेको। Hard copy प्राप्त हुने क्रममा रहेको। |
| लुम्बिनी प्रादेशिक अस्पतालको वातावरणीय प्रभाव मूल्याङ्कन। | कार्य भैरहेको। |
| राप्ति प्रादेशिक अस्पतालको मास्टर प्लान तयार गर्ने | तयार भैसकेको। |
| बुटवल बिजिनेश कम्प्लेक्शको सम्भाव्यता अध्ययन | पूर्व सम्भाव्यता र वित्तीय विश्लेषण सम्पन्न भएको |
| रिक्रिएशन/थिम पार्कको सम्भाव्यता अध्ययन | सम्पन्न भैसकेको। |
| बुटवल-भैरहवा, घोराही-तुलसीपुर, कोहलपुर-नेपालगञ्ज महानगर सम्भाव्यता अध्ययन | अन्तिम रिपोर्ट आउने प्रक्रियामा रहेको। |
| प्रादेशिक राजधानीको लागि मास्टर प्लान तयार गर्ने | परामर्शदाताको छनौट भई कार्य प्रारम्भ गरिसकेको। |
| नेपाल संस्कृत विश्वविद्यालयमा सभागृह निर्माण, बेलझुण्डी, दाङ, डिजाइन तथा इष्टिमेट तयार गरी निर्माण शुरु गर्ने। | स्थान छनौट भै डिजाइन,इष्टिमेट तयार भैसकेको। |
| नेत्रलाल अभागी रंगशाला निर्माण | वातावरणीय प्रभाव मूल्याङ्कन(EIA) को कार्य अन्तिम चरणमा रहेको। |
| प्रदेश सभा भवन निर्माण | ठेक्का सम्झौता सम्पन्न भई निर्माण प्रारम्भ भैसकेको। |

## १३.७ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः**

१. पूर्वाधार विकास प्राधिकरण ऐन २०७७

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरणः** नभएको।

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. सार्वजनिक निजी साझेदारीमा संचालन गरिने आयोजना निर्माण कार्यविधि (ऐनको दफा ५ को उपदफा १ छ बमोजिम),

२. राजधानी पूर्वाधार विकास र निर्माणका लागि जग्गा विकास संचालन गर्ने सम्वन्धी कार्यविधि (ऐनको दफा १० को उपदफा ३ बमोजिम),

३. प्रदेश पूर्वाधार विकाश प्रधिकरणमा कार्यरत कर्मचारीहरुको सेवा शर्त र सुविधा सम्बन्धी नियमावली (ऐनको दफा २१ को उपदफा ४ बमोजिम),

४. कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सेवा सुविधा (ऐनको दफा २०बमोजिम)

## १३.८ चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बजेट बक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २१६ | प्रदेश राजधानीको गुरुयोजना तयार र प्रदेश सभा भवन निर्माण कार्य अघि बढाइनेछ। | प्रदेश राजधानीको गुरुयोजना निर्माणको लागि परामर्शदाता छनौट भई कार्य शूरु भएको साथै प्रदेश सभा भवन निर्माणको लागि ठेक्का सम्झौता भई निर्माण शुरु भएको। |
| २१७ | ठुला शहरहरुमा सुविधा सम्पन्न व्यपारिक भवनहरुको निर्माण कार्य अगाडि बढाइने छ। | बुटवलमा सार्वजनिक निजी साझेदारीमा निर्माण गरिने बहुतले Business Complex को वित्तीय विश्लेषण सम्पन्न भै प्रारम्भिक डिजाईन तयार गरी आशयपत्र आह्वानको क्रममा रहेको। |
| २१७ | पाल्पाको श्रीनगरमा मनोरन्जन पार्कको | सम्भाव्यता अध्ययन सम्पन्न भैसकेको। |

| बजेट बक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ। | |
| २१८ | बुटवल-भैरहवा, घोराही-तुल्सीपुर र कोहलपुर-नेपालगञ्जमा सार्वजनिक निजी साझेदारी मोडलमा बिद्युतीय बस सेवा संचालन को लागि सम्भाव्यता अध्ययन। | सम्भाव्यता अध्ययनको अन्तिम रिपोर्ट तयार भैसकेको। |
| २१९ | राप्ती प्रदेशिक र लुम्बिनी प्रदेशिक अस्पताललाई प्रदेशकै उच्च विशिष्टीकृत स्वास्थ्य सेवायुक्त अस्पतालहरु बनाउन आवश्यक कार्यहरु गरिने छ। जसमा लुम्बिनी प्रादेशिक अस्पतालाई नयाँ भवनको Master Plan तयार भैसकेको अवस्थामा आगामी आ.व. मा DPR बनाई निर्माण कार्य शुरु गर्ने र राप्ती प्रादेशिक अस्पतालको गुरुयोजना तयार गरिनेछ। | लुम्बिनी प्रादेशिक अस्पतालको डिपिआर अन्तिम रिपोर्ट प्राप्त भैसकेको।<br>राप्ती प्रादेशिक अस्पतालको गुरुयोजना तयार भैसकेको। |

## १३.९ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

(रु. हजारमा)

| क्र. स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार सम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | ईलेक्ट्रिक बस संचालनको लागि सम्भाव्यता अध्ययन | १ | ५०० | ०.५ | ५० | १४८ | २९.६० | १ | १०० | ४९५ | ९९.१० |
| २ | लुम्बिनी प्रादेशिक अस्पतालको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने | १ | २३५०० | ०.६ | ६० | ८६३७ | ३६.७५ | १ | १०० | २३५०० | ९९ |
| ३ | लुम्बिनी प्रादेशिक अस्पतालको वातावरणीय प्रभाव मूल्याङ्कन | १ | १००० | ०.५ | ५० | ० | ० | १ | १०० | १००० | ९८ |
| ४ | राप्ती प्रादेशिक अस्पतालको मास्टर प्लान तयार गर्ने | १ | २००० | ०.६ | ६० | ५४१ | २७.०५ | १ | १०० | २००० | ९० |
| ५ | बुटवल बिजनेश कम्प्लेक्शको सम्भाव्यता अध्ययन | १ | ११० | १ | १०० | ११० | १०० | | | | |
| ६ | रिक्रिएशन/थिम पार्कको सम्भाव्यता अध्ययन | १ | ५०० | ०.८० | ८० | ० | ० | १ | १०० | ४९७ | ९९ |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार सम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ७ | बुटवल-भैरहवा, घोराही-तुलसीपुर, कोहलपुर-नेपालगंज महानगर सम्भाव्यता अध्ययन | १ | ६२०० | .८० | ८० | ० | ० | १ | १०० | ६२०० | १०० |
| ८ | प्रादेशिक राजधानीकोलागि मास्टर प्लान तयार गर्ने | १ | ८००० | ०.२० | २० | ० | ० | १ | १०० | ८००० | १०० |
| ९ | प्रदेश सभा निर्माण | १ | ४०००० | ०.१ | १० | ० | ० | ०.८ | ८० | ४०००० | १०० |

(स्रोतः प्रदेश पूर्वाधार विकास प्राधिकरण)

## १३.१० आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्त सम्मको वित्तीय प्रगतिः

(रु. हजारमा)

| बजेट शीर्षक | विनियोजित बजेट | २०७७ फागुन सम्मको खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ७२७६.०० | ४५६०.६० | ६२.६७ |
| पुँजीगत | ८७७५०.०० | १२९४९.१९ | १४.७५ |
| जम्मा | **९५०२६.००** | १७५०९.७९ | ३८.७१ |

(स्रोतः प्रदेश पूर्वाधार विकास प्राधिकरण)

## १३.११ राजश्व संकलनको विवरण

राजश्व संकलन नभएको।

## १३.१२ प्रमुख समस्या तथा चुनौतिहरु

प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका दाङमा भौतिक तथा पूर्वाधारसँग सम्बन्धीत संरचना निर्माणमा सुरक्षा चुनौती रहने सम्भावना देखिन्छ। हाल COVID-१९ को सङ्क्रमण जोखिमको कारणले आवागमनमा अवरोध श्रृजना भै निर्माण कार्य तथा परामर्श सेवा प्राप्त गर्न कठिनाई उत्पन्न भएको साथै सम्पन्न भएका कार्यहरुको प्रतिवेदनहरु बुझन कठिनाई भएको अवस्था छ। जसले गर्दा कार्यसम्पन्न भैसक्दा पनि भुक्तानी गर्न अप्ठारो पर्न गएको छ।

# परिच्छेद - १४

## सूचना तथा संचार प्रविधि प्रतिष्ठान

### १४.१ पृष्ठभूमिः

सूचना तथा संचार प्रविधिका क्षेत्रमा विकास भएका नवीनतम प्रविधिलाई प्रदेशको वृहत हित अनुकुल प्रयोग गरी प्रदेशलाई सूचना तथा संचार प्रविधिका क्षेत्रमा सवल र सक्षम बनाउन तथा यस क्षेत्रमा सक्षम जनशक्तिको विकास गर्नका लागि सूचना तथा संचार प्रविधि प्रतिष्ठान (गठन तथा संचालन) ऐन, २०७६ बमोजिम यस सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना भएको हो।

### १४.२ दीर्घकालीन सोचः

प्रदेश सरकारका सम्पूर्ण निकायहरूमा सूचना प्रविधिको प्रयोगमार्फत् डिजिटल प्रदेश निर्माण गर्ने र आम जनताहरूमा सहज पहुँच एवम् भरपुर उपभोगमार्फत सामाजिक र आर्थिक समुन्नतिमा मद्दत पुऱ्याउने तथा  प्रदेशमा सूचना प्रविधिमा आधारित उद्योगहरूको स्थापना गरी सूचना प्रविधिलाई प्रदेशको प्रथम रोजगारीको क्षेत्रको रूपमा स्थापित गर्ने सोचका साथ सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना भएको हो।

### १४.३ उद्देश्यः

प्रदेशमा सूचना तथा संचार प्रविधिको पहुँच बढाउने र विस्तार गर्ने, सूचना तथा संचार प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गरी ज्ञानमा आधारित समाज निर्माण गर्ने, सूचना तथा संचार प्रविधि सम्बन्धी उद्योगको स्थापना र विकास मार्फत प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने, प्रदेश सरकारको काम कारवाहीलाई विद्युतीय सुशासनका माध्यमबाट छिटो छरितो, पारदर्शी र प्रभावकारी बनाउने तथा सरकारी, सामुदायिक र निजी क्षेत्रका व्यवसायी र नागरिकबीचको कारोबार र सम्वन्धलाई विद्युतीय प्रविधिमार्फत भरपर्दो र प्रभावकारी बनाउने लक्ष्य तथा उद्देश्यका साथ स्थापना भएको प्रतिष्ठानको भावी कार्यहरू उपरोक्त लक्ष्य तथा उद्देश्यहरू पूरा गर्नका लागि संचालन हुनेछ।

### १४.४ रणनीतिः

सूचना प्रविधिको पहुँच विस्तार तथा आर्थिक सामाजिक विकासमा व्यापक प्रयोग गर्ने एवम् टेक्नोलोजी पार्क/इनोभेसन सेन्टरको संचालनमार्फत ज्ञानमा आधारित उद्यमको विकासमा मद्दत पुऱ्याउने रणनीति प्रतिष्ठानको रहेको छ।

## १४.५ कार्यक्षेत्रः

सूचना तथा संचार प्रविधि प्रतिष्ठानको कार्यक्षेत्र लुम्बिनी प्रदेश सरकारको सूचना प्रविधि क्षेत्रको विकासमा योगदान पुऱ्याउनु हो। जसका लागि प्रदेश सरकारका सूचना प्रणालीहरूलाई व्यवस्थित गर्ने, प्रदेश सरकारका विभिन्न निकायका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी प्राविधिक परामर्श सेवा उपलव्ध गराई डिजिटल प्रदेशको लक्ष्य हासिल गर्नमा मद्दत गर्नु हो।

## १४.६ कानुनी तथा नीतिगत व्यवस्था

सूचना तथा संचार प्रविधि प्रतिष्ठान ऐन, २०७६ बमोजिम यस प्रतिष्ठानको गठन भएको हो।

## १४.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरबन्दी | पदपूर्ति संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यकारी निर्देशक | प्राविधिक | | | १ | १ | ० | म.प.बाट नियुक्त |
| २ | प्रशासकीय अधिकृत | प्रशासन | सा.प्र. | अ.सातौं | १ | १ | ० | |
| ३ | सहायक | प्रशासन | सा.प्र | पाँचौं | १ | ० | १ | |
| ३ | आइटी इन्जिनियर | प्राविधिक | | सातौं | ३ | ३ | ० | सेवा करार बाट पदपुर्ति |
| ४ | आइटी सब इन्जिनियर | प्राविधिक | | पाँचौं | २ | १ | ० | सेवा करार बाट पदपुर्ति |
| ५ | सवारी चालक | प्रशासन | सा.प्र | | १ | १ | ० | सेवा करार |
| ६ | का.स. | प्रशासन | सा.प्र | | १ | १ | १ | सेवा करार |
| जम्मा | | | | | १० | ९ | १ | |

स्रोत : सूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल।

## १४.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

प्रदेश सरकार, मन्त्रिपरिषद्बाट कार्यकारी निर्देशकको नियुक्ति भएसँगै २०७७ मंसिर महिनामा यस सूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवलको स्थापना भएको हो। यस प्रतिष्ठानलाई प्राप्त कार्यक्रम तथा अख्तियारी बमोजिम आ.व. २०७७।०७८मा यस प्रतिष्ठानबाट सञ्चालन भएका मुख्य-मुख्य क्रियाकलापहरू निम्न बमोजिम रहेका छन्।

### (क) रोजगारी पोर्टलको स्थापना र संचालन

प्रदेश भित्र रहेका वेरोजगार जनशक्ति तथा रोजगारी प्रदायक संस्थाहरूको सहजीकरणका लागि प्रदेश योजना आयोगको अगुवाईमा प्रतिष्ठानको प्राविधिक सहयोगमा प्रदेश रोजगारी पोर्टलको स्थापना गरी संचालनमा ल्याइएको छ।

### (ख) सूचना प्रणालीहरूको Security Audit

यस प्रतिष्ठानले प्रदेश सरकारका विभिन्न निकायहरूबाट प्रयोग हुने सूचना प्रणालीहरूको सेक्युरिटी अडिट गर्ने कार्यको शुरूवात गरेको छ। जसका लागि सूचना प्रणालीको सुरक्षाको मापदण्ड तयार गरिएको छ। सोही मापदण्ड बमोजिम यस आर्थिक वर्षमा प्रदेश सरकारका मन्त्रालयहरू तथा केन्द्रीय निकायहरूको वेवसाइटहरू तथा अन्य केही सूचना प्रणालीहरूको सेक्युरिटी अडिट कार्य सम्पन्न गरिएको छ।

### (ग) क्लाउड सेवा संचालन

प्रदेश सरकारका विभिन्न निकायबाट प्रयोग गरिने सूचना प्रणालीहरू र तिनका डाटाबेसहरू साविकमा संघीय सरकारको डाटा सेन्टरमा र विभिन्न निजी क्षेत्रका सर्भरहरूमा राखी संचालन हुँदै आएकोमा यस आ.व. देखि प्रतिष्ठानबाट प्रदेश सरकारको आफ्नै क्लाउड सेवाको स्थापना गरी सवै सूचना प्रणाली र डाटाबेसहरूलाई सोही क्लाउड मार्फत व्यवस्थित संचालन गरिँदै आएको छ।

### (घ) प्रदेश सरकारको वेवसाइटहरूको एकरूपता

यस प्रतिष्ठानबाट आ.व. २०७७।०७८ मा प्रदेश सरकार अन्तर्गतका सवै निकायहरूका लागि वेवसाइटको साझा फ्रेमवर्क तयार गरी लागु गरेको छ । यसबाट प्रदेश सरकारका विभिन्न निकायका वेवसाइटहरूमा एकरूपता आएको छ भने सवै निकायले छुट्टाछुट्टै आ-आफ्नो वेवसाइट बनाइराख्नु नपर्ने भएको छ। यस आ.व.मा प्रदेश सरकारका मन्त्रालय तथा केन्द्रीय निकायहरूमा यसै बमोजिमको वेवसाइट तयार गरी संचालनमा ल्याइएको छ भने आगामी दिनमा प्रदेश सरकार अन्तर्गतका सवै निकाय एवम् कार्यालयहरूको वेवसाइट क्रमशः यस साझा फ्रेमवर्कमा रूपान्तरण गरिनेछ ।

### (ङ) लोकसेवा आयोग अनलाइन दरखास्त प्रणाली

प्रदेश लोकसेवा आयोग, बुटवलबाट संचालन हुने कर्मचारी भर्ना सम्बन्धीसम्पुर्ण प्रक्रिया अनलाइनमार्फत संचालन गर्नका लागि यस प्रतिष्ठानबाट अनलाइन आवेदन व्यवस्थापन प्रणाली निर्माण कार्य अगाडि बढाइएकोमा सो प्रणालीको प्रारम्भिक परीक्षण गरिसकिएको छ।

२०७८ श्रावण देखि प्रदेश लोकसेवा आयोग बाट संचालन हुने भर्ना प्रक्रिया यसै प्रणाली बमोजिम हुने गरी कार्य अगाडि बढाइएको छ ।

**(च) प्रदेश डाटा सेन्टर स्थापनाका लागि समन्वय**

डिजिटल प्रदेशको लक्ष्य हासिल गर्न प्रदेश डाटा सेन्टर स्थापना गरी संचालन गर्नु अति आवश्यक रहेकोमा यस प्रदेशको राजधानी, दाङ देउखुरीमा प्रदेश डाटा सेन्टर स्थापनाका लागि संघिय सरकारसंग समन्वय गरी कार्य अगाडी बढाइएको छ।

## १४.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अव वन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः**

**ख) प्रकृयामा रहेका कानूनहरुको विवरण**

१. सूचना प्रणालीहरूको सेक्युरिटीसम्बन्धी मापदण्ड

२. डिजिटल प्रदेश गुरूयोजना

**ग) आगामी दिनमा बन्नुपर्ने कानूनहरुको विवरणः**

१. सूचना तथा संचार प्रविधि प्रतिष्ठान नियमावली

## १४.१० चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको फागुन मसान्तसम्मको प्रगति विवरणः

| नीति तथा कार्यक्रमका बुँदाहरू | प्रगति |
|---|---|
| • डिजिटल प्रदेश बनाउने अभियानलाई अगाडि बढाउन प्रदेश सकारका कामकारवाही तथा सेवालाई विद्युतीय माध्यमको प्रयोगबाट छिटो छरितो र पारदर्शी बनाइनेछ। प्रदेश सरकारबाट प्रयोग हुने सूचना प्रणाली सम्बन्धी सफ्टवेयरहरुको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।<br>• स्मार्ट मोनिटरिङ, रिपोर्टिङ तथा कम्युनिकेशन सिस्टम, डाटासेन्टर, कलसेन्टर, डिजिटल भल्ट लगायतका माध्यमद्वारा विद्युतीय सुशासन प्रणाली स्थापना गरिनेछ। सूचना प्रविधिको क्षेत्रमा दक्ष जनशक्तिको उत्पादन, रोजगारी सिर्जना, सूचना प्रविधि सम्बन्धी उद्योगको स्थापना तथा टेक्नोलोजी पार्क/ इनोभेसन सेन्टरको स्थापना र विकासमा जोड दिइनेछ। | • प्रदेश सरकारको आफ्नै क्लाउड संचालनमा ल्याइएको। सरकारी वेवसाइटहरूको साझा फ्रेमवर्क तयार गरी लागू गरिएको।<br>• सवारी साधन दर्ता तथा नवीकरण एवम् राजश्व भुक्तानी अनलाइन मार्फत गर्न सकिने व्यवस्थाका लागि कार्य अगाडि बढाई हाल अन्तिम चरणमा रहेको।<br>• प्रदेश सरकारबाट प्रयोग हुने सूचना प्रणाली सम्बन्धी सफ्टवेयरहरुको सेक्युरिटी मापदण्ड तयारगरी कार्यान्वयन गरिएको।<br>• स्मार्ट मोनिटरिङ, रिपोर्टिङ सिस्टम निर्माणको प्रक्रिया अन्तिम चरणमा रहेको।<br>• रोजगारी पोर्टलको निर्माण भई सञ्चालनमा आएको।<br>• टेक्नोलोजी पार्क/इनोभेसन सेन्टर स्थापनार्थ तयारी कार्य अगाडि बढाइएको।<br>• प्रदेश सरकारका सवै निकायका खरिद कार्यका सूचना, अनुदान, राहत तथा अन्य जनहितमा जारी सूचनाहरू आम जनताको सहज पहुँचका लागि एकद्वार सूचना पोर्टल संचालनको तयारी गरिएको। |

स्रोत : सूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल।

## १४.११ चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण र असार मसान्तसम्मको अनुमानः

| क्र. सं. | कार्यक्रम /क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्त सम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | बजेट | बजेट खर्च % | खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| १ | मिनियचर डाटा सेन्टरका लागि fire fighting fire fighting , HVAC , Rodd entre palent system, Automatic access control, VMS system, Situation Room, Power backup system | १ | ४,००० | १ | ४,००० | समर्पण | | | | | |
| २ | मिनिएचर डाटा सेन्टर स्थापना | १ | १५,००० | १ | १,५०० | समर्पण | | | | | |
| ३ | मुख्यमन्त्री कार्यकक्ष Video Conference का लागि ल्याप्टप, माइक, साउण्ड सिस्टम, क्यामेरा आदि सामग्री खरिद | १ | १,००० | १ | १,००० | ९८० | ९८ | १ | १०० | ९८० | ९८ |
| ४ | कृषि कच्चापदार्थ आपुर्ति प्रणाली | १ | २,००० | १ | २,००० | ० | ० | १ | १०० | २,००० | १०० |
| ५ | Local Language based agro learning mgmt system | १ | २,००० | १ | २,००० | ० | ० | १ | १०० | २,००० | १०० |
| ६ | Block Chain based Smart contract and agro commodity market system | १ | ५,००० | १ | ५,००० | समर्पण | | | | | |
| ७ | Agro Product Supply chain and Food Bank management system | १ | २,५०० | १ | २,५०० | ० | ० | १ | १०० | २,५०० | १०० |
| ८ | कार्यसम्पादन डकुमेन्ट म्यानजमेन्ट तथा कोल्याब्रेशन सिस्टम स्थापना | १ | ५,००० | १ | ५,००० | ० | ० | ० | ० | ० | ० |

| क्र. सं. | कार्यक्रम /क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्त सम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | बजेट | बजेट खर्च % | खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| ९ | मिनि एचर डाटा सेन्टर Web system security, DDOS Resilent and Ultra fast content delivery system | १ | २,००० | १ | २,००० | समर्पण | | | | | |
| १० | उधम डाटा वेस तथा एप मार्फत उधमी र जनशक्तीको विवरण सकलन | १ | १,००० | १ | ९७१ | ९७१ | १०० | १ | १०० | १,००० | १०० |
| ११ | सफ्टवेयर लाइसेन्स व्यवस्थापन प्रणाली | १ | २,००० | १ | २,००० | ० | १०० | १ | १०० | २,००० | १०० |
| १२ | स्थानीय तह रिपोर्टिङ प्रणाली अद्यावधिकिकरण | १ | १,००० | १ | २,००० | ६९२ | ७० | १ | १०० | १,००० | १०० |
| १३ | मुख्यमन्त्री सचिवालय सूचना प्रणाली व्यवस्थापन | १ | १,००० | १ | १,००० | ० | ० | ० | ० | ० | ० |
| १४ | प्रदेश निजामती कर्मचारी सूचना प्रणाली स्थापना | १ | २,००० | १ | २,००० | ० | ० | १ | १०० | २,००० | १०० |
| १५ | मुख्यमन्त्री पोर्टल स्तरउन्नति | १ | ५०० | १ | ५०० | ० | ० | १ | १०० | ५,००० | १०० |
| १६ | सवारी साधन अनलाइन दर्ता प्रणाली निर्माण | १ | ५०० | १ | ५०० | ० | ० | १ | १०० | ५०० | १०० |
| १७ | सवारी साधन दर्ता तथा नवीकरण शुल्क अनलाइन भुक्तानी प्रणाली निर्माण | १ | ५०० | १ | ५०० | ० | ० | १ | १०० | ५०० | १०० |
| १८ | प्रदेश लोक सेवा आयोगको वेवसाइट पुनर्निर्माण तथा विधुतिय दरखास्त प्रणालीबाट कर्मचारी भर्ना व्यवस्थापन सम्बन्धी सफ्टवेयर | १ | २,००० | १ | २,००० | ० | ० | १ | १०० | २,००० | १०० |

| क्र. सं. | कार्यक्रम /क्रियाकलाप | वार्षिक लक्ष्य | | दोश्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्त सम्मको अनुमानित प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | बजेट | बजेट खर्च % | खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| | निर्माण | | | | | | | | | | |
| १९ | मुख्यमन्त्री एप स्तर उन्नति | १ | ५०० | १ | ५०० | ० | ० | १ | १०० | ५,००० | १०० |
| २० | मुख्यमन्त्री सचिवालय info graphic dashboard & Monitoring system निर्माण | १ | ५०० | १ | ५०० | ० | ० | ० | ० | ० | ० |
| २१ | मुख्यमन्त्री कन्फ्रेन्स रूम व्यवस्थापन | १ | १,००० | १ | १,००० | ७९२ | ७० | १ | १०० | १,००० | ९७ |
| २२ | क्लाउड सर्भिस | १ | ५,००० | १ | ५,००० | ३,४८८ | ७० | १ | १०० | ५,००० | १०० |
| २३ | AI Based Micro Climate Analysis system | १ | ५,००० | १ | ५,००० | ० | ० | १ | १०० | ५,००० | १०० |
| २४ | प्रदेश सरकारका सुचना प्रणालिहरूको सेक्युरिटि अडिट | १ | २,००० | १ | २,००० | १,५८२ | ७० | १ | १०० | २,००० | १०० |
| २५ | अस्पताल सुचना प्रणालि आवश्यकता अध्ययन | १ | ५०० | १ | ५०० | ० | ० | ० | ० | ० | ० |
| २६ | प्रविधिपार्क/इनोभेसन सेन्टर EIA | १ | २,००० | १ | ० | ० | ० | १ | १०० | २,००० | १०० |
| २७ | प्रदेश डाटा सेन्टर डि.पि. आर. | १ | २,००० | १ | २,००० | ० | ० | ० | ० | ० | ० |
| २८ | प्रोजेक्ट मोनिटरिङ प्रणाली तथा सूचना पोर्टल निर्माण (डिजिटल प्रदेश) | १ | २,००० | १ | २,००० | १,५८२ | ७० | १ | १०० | २,००० | १०० |

स्रोत: सूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल।

## १४.१२ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः

| ब.उ.शि.नं. | बजेट शीर्षक | विनियोजित बजेट | असार मसान्तसम्मको खर्च (अनुमानित) | खर्च प्रतिषतमा |
|---|---|---|---|---|
| ३५३०००११३ | ३५३०००११३ | २५,६६३,००० | २०,६६३,००० | ८० |
| ३५३०००११४ | ३५३०००११४ | ७१,९५०,००० | ४००००००० | ६० |

स्रोत : सूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल।

## १४.१३ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

**तालिका नं. ५ आ.व. २०७७।०७८ को राजश्वसंकलन विवरण**

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्त सम्मको अनुमान |
|---|---|---|---|---|---|
| १ | १५१११ | - | ४७८५ | १०० | ६००० |
| २ | १४२२९ | - | ६००० | १०० | १०००० |

स्रोत : सूचना तथा संचार प्रविधि प्रतिष्ठान, बुटवल।

## १४.१४ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

यस आ.व. मा संचालन गरिएको स्मार्ट एग्रिकल्चर फ्रेमवर्क अन्तर्गतका क्रियाकलापहरूबाट कृषि क्षेत्रमा स्वरोजगारी एवम् व्यवसायीकरणमा मद्दत पुग्ने अपेक्षा गरिएको छ। यस प्रतिष्ठानबाट प्रत्यक्ष रूपमा विकास आयोजनाको संचालन हुने हुँदा प्रत्यक्ष रूपमा रोजगारीको सिर्जना भएको देख्न सकिने अवस्था नरहेता पनि प्रदेश सरकारका विभिन्न निकायका कार्यहरूमा प्राविधिक सहयोग गरिने हुँदा यस आ.व.मा संचालन गरिएको प्रदेश रोजगारी पोर्टल, लोकसेवा आयोग अनलाइन आवेदन प्रणालीजस्ता कार्यक्रमबाट अप्रत्यक्ष रूपमा रोजगारीका लागि सहजीकरणको काम गरेको पाउन सकिन्छ।

## १४.१५ समस्या र चुनौतीः

कोभिड १९ को महामारीको कारण उत्पन्न परिस्थितिका कारण चालु आर्थिक वर्षमा लक्षित कार्यक्रमहरूको कार्यान्वयनमा समस्या देखिएको छ। जसका कारण तालिम, सचेतना तथा अभिमुखीकरण जस्ता क्रियाकलापहरू संचालन हुन सकेनन्।

स्थापना गरिएका सूचना प्रविधिसँग सम्बन्धित प्रणालीहरूको नियमित संचालन र अधिकतम प्रयोग गरी त्यसबाट सरकारको सेवामा सुधार ल्याउनु चुनौतीका रूपमा रहेको छ। कोभिड-१९ महामारीसँगै

प्रदेशमा सूचना प्रविधिको महत्व तथा आवश्यकता महसुस हुनु, सबै कार्यालयमा डिजिटल प्रविधिका विषयमा अनुभव हासिल गरेका कर्मचारीको बाहुल्यता बढ्दै जानु, सेवाग्राहीको समेत प्रविधिमैत्री कार्यसम्बन्धी माग तथा अपेक्षा रहनु यस प्रतिष्ठानका अवसरहरू रहेका छन्।

## १४.१६ समस्या समाधानका लागि चालिएका कदमः

कोभिड १९ को महामारीको अवस्थामा समेत विभिन्न अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू भर्चुअल विधिबाट संचालन गरिएको थियो भने नयाँ स्थापना गरिएका सूचना प्रणालीहरूको अभिमुखीकरण भौतिक रूपमा संचालन गर्न नसकिएको अवस्थामा प्रयोगकर्ता म्यानुअल र प्राविधिकहरूबाट टेलिफोन मार्फत सहयोग गरी सहजीकरणको प्रयास गरियो।

## १४.१७ आगामी कार्यदिशाः

प्रतिष्ठानको स्थापना तथा सञ्चालन सम्वन्धमा व्यवस्था गर्न सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ऐन, २०७६ निर्माण भएको छ भने सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान नियमावली तर्जुमाको क्रममा रहेको छ। यसका साथै चालु आ.व. २०७७।०७८ मा डिजिटल प्रदेश गुरूयोजना तर्जुमा गर्ने कार्यक्रम रहेकोमा सो सम्बन्धी केही कार्य भएको र आगामी आ.व.मा उक्त गुरूयोजना प्रमाणित भई कार्यान्वयनमा आउनेछ।

सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान नियमावलीको तर्जुमा गर्नु हालको मुख्य आवश्यकता रहेको छ। नियमावली तर्जुमा भएपश्चात् कार्यसम्पादनमा नीतिगत समस्याहरूको न्यूनीकरण हुने अपेक्षा गर्न सकिन्छ। साथै प्रतिष्ठानले प्राविधिक सहयोग स्वरूप विभिन्न निकायसँग सम्वन्धित सूचना प्रणालीहरूको विकास गरेकोमा उक्त प्रणालीहरू कार्यान्वयनका लागि सम्वन्धित मन्त्रालयले सम्वन्धित कानूनको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

## १४.१८ निष्कर्षः

प्रदेश सरकारको काम कारवाहीलाई विद्युतीय सुशासनका माध्यमबाट छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्य पूरा गर्नका लागि यस प्रतिष्ठानबाट चालु आ.व.मा विभिन्न कार्यक्रमहरू संचालन गरिएको छ। जसमा सरकारी शुल्कहरूको विद्युतीय माध्यमबाट भुक्तानी, प्रदेश लोकसेवा आयोग अनलाइन आवेदन प्रणाली निर्माण, प्रोजेक्ट मोनिटरिङ तथा ट्र्याकिङ प्रणाली जस्ता कार्यक्रमहरू रहेका छन्। आगामी दिनमा समेत यस किसिमका प्रणालीहरूको कार्यान्वयनमा प्रतिष्ठानले नियमित रूपमा प्राविधिक सहयोग पुऱ्याउने छ।

यस प्रतिष्ठानको मुल उद्देश्य सूचना प्रविधिसँग सम्वन्धित रहेको हुनाले यसले गर्ने कार्यहरूबाट प्रदेश सरकारका विभिन्न निकायहरूमा सूचना प्रविधिको प्रयोगको दर बढ्दो अवस्थामा रहेको छ। सूचना

प्रविधि सम्बन्धी पूर्वाधारहरूको प्रयोगमा हालसम्म संघीय सरकारको भर पर्नुपर्ने वा अन्य निजी क्षेत्रको पूर्वाधार प्रयोग गर्न परिरहेको वर्तमान सन्दर्भमा प्रतिष्ठानले यस आ.व.मा प्रदेश सरकारको आफ्नै क्लाउड सेवा स्थापना गरी सरकारी सूचना प्रणालीहरू उक्त क्लाउडमार्फत संचालन गर्ने व्यवस्था गरेको छ। साथै प्रदेशको आफ्नै डाटा सेन्टर स्थापनाका लागि समेत आवश्यक समन्वय गरिएको छ।

# परिच्छेद - १५
# प्रदेश प्रशिक्षण प्रतिष्ठान

## १५.१ पृष्ठभूमिः

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले "प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य संचालन) आदेश, २०७७" वमोजिम एक अविछिन्न उत्तरधिकारवाला, स्वशासित र संगठित संस्थाको रुपमा लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो। नेपालको संविधान २०७२ ले प्रदेश तथा स्थानीय तहहरुलाई प्रदान गरेको जिम्मेवारी तथा अधिकारको प्रयोग गरी आवश्यक कानुन निर्माण गर्ने र प्रभावकारी योजना निर्माण तथा कार्यान्वयन गरी नागरिकहरुलाई चुस्तरुपमा सेवा प्रदान गर्नुपर्ने कुरा अपरिहार्य रहेको छ। विशेषगरी २०७४ सालमा भएको प्रदेश तथा स्थानीय तहको निर्वाचन मार्फत निर्वाचित तथा मनोनित जनप्रतिनिधिहरुलाई नागरिकहरुका अपेक्षा अनुसार नयाँ संरचना, नीतिनियम भित्र रहेर सेवा प्रदान गर्न सोही अनुसारको ज्ञान र सीपको आवश्यकता पर्दछ।यस सन्दर्भमा स्थानीय सरकारको पद्धति विकास (System Stehthening) मा प्रतिष्ठानले जोड दिन जरुरी छ।यसका साथै संघबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भएर आउने कर्मचारी तथा नयाँ नियुक्त भएका कर्मचारीहरुका लागि पनि प्रभावकारी रुपमा आफ्नो जिम्मेवारी पूरा गर्नका लागि पनि थप ज्ञान र सीपको आवश्यकता पर्दछ। यसै सन्दर्भमा नयाँ ज्ञान सिर्जना गर्ने, व्यवस्थापन गर्ने र प्रदान गर्ने काममा यस प्रतिष्ठानले महत्वपूर्ण भूमिका खेल्नेछ। यसै परिपेक्षमा प्रदेश तथा स्थानीय तहहरुको संस्थागत तथा मानव स्रोत विकासका लागि संयोजन, तालिमहरु प्रदान तथा सहजीकरण गर्नुका साथै स्तरीय पाठ्यक्रम र सामग्रीहरु निर्माण गर्ने, प्रमाणमा आधारित विषयगत कार्यगत अनुसन्धान गर्ने र संधियता तथा स्थानीय शासनसंग सबन्धित सवालहरुमा बहस तथा पैरवी गर्ने "उत्कृष्टताको केन्द्र" (Center of Excellence) को रुपमा यो प्रतिष्ठानले आफ्ना कार्यक्रमहरु संचालन गर्नेछ।

## १५.२ दीर्घकालीन सोचः

प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य संचालन) आदेश, २०७७ को अधिकारको प्रयोग र जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गर्दै प्रदेश, राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा "उत्कृष्टताको केन्द्र" (Center of Excellence) को रुपमा स्थापित हुने।

## १५.३ उद्देश्यः

- प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थाका निर्वाचित, मनोनित तथा नियुक्ति पदाधिकारी जनप्रतिनिधिहरुको लागि व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न अन्तरक्रिया एवम् विशेष प्रशिक्षण कार्यक्रम संचालन गर्ने।
- प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका कर्मचारीहरुका लागि सेवाकालीन, सेवा प्रवेश र व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने तालिमहरु प्रदान गर्ने |
- प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि कार्यमूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने र प्रशिक्षण कार्यक्रमहरु सम्बन्धी अनुसन्धान गर्ने |
- प्रदेशको विकास कार्यक्रममा सघाउ पुर्‍याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने |
- स्थानीय सरकारको पद्धति विकास/क्षमता विकासमा आवश्यक सहयोग गर्ने।

## १५.४ रणनीतिः

- प्रदेश सरकार तथा स्थानीय तहका नीति, निर्णयलाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न अन्तरक्रिया एवम् विशेष प्रशिक्षण कार्यक्रम सम्बन्धित पदाधिकारी/जनप्रतिनिधिहरुको संचालन गरिनेछ।
- प्रशिक्षणलाई बढी उपयोगी तथा विश्वसनीय बनाउन तालिम प्रक्रियालाई मागको आधारमा अनुसन्धान गरी प्रशिक्षण सामग्री तयार गरिनेछ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी वनाउन संस्थागत सुदृढीकरण गरिनेछ।
- संचालित तालिमबाट सार्वजनिक सेवा प्रवाहमा भएको सुधारको  अनुगमन तथा मूल्याँकन गरी तालिम प्रशिक्षणलाई थप नतिजामूलक एवम् प्रभावकारी बनाइनेछ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गर्दै प्रदेश, राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा “उत्कृष्टताको केन्द्र” को रुपमा स्थापित हुन समय सापेक्ष प्रविधिको अवलम्बन गरिनेछ।

## १५.५ कार्यक्षेत्रः

- प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, मनोनित/नियुक्त पदाधिकारी र कर्मचारीका लागि प्रशिक्षण,
- सवालकेन्द्रित बहश र पैरवी,
- स्थानीय सरकारको समग्र पद्धति विकास,
- आवश्यकतामा आधारित परामर्श सेवा,
- ज्ञान/सीपको व्यवस्थापन र आदान-प्रदान, समस्या केन्द्रित र नवीनतम कार्य सम्बन्धी अनुसन्धान

## १५.६ कानुनी तथा नीतिगत व्यवस्थाहरुः

प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली,२०७७ को प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य संचालन) आदेश, २०७७ को अधिकारको प्रयोग।

## १५.७ दरबन्दी तेरिज र पदपूर्तिको अवस्थाः

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कुल दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यकारी निर्देशक | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० |
| २ | प्रशासकिय प्रमुख | प्रशासन | सा.प्र. | ७/८ | १ | ० | १ |
| ३ | सूचना प्रविधि अधिकृत | विविध | | ७/८ | १ | १ (करार) | ० |
| ४ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | ५/६ | १ | १ | ० |
| ५ | सहायक/अधिकृत | प्रशासन/विविध | सा.प्र./- | ५/६ | २ | १(करार) | १ |
| ६ | सहायक/अधिकृत | प्रशासन | लेखा | ५/६ | १ | ० | १ |
| ७ | ह.स.चा./का.स. | प्रशासन | सा.प्र. | विहिन | ३ | ३(करार) | ० |
| जम्माः | | | | | १० | ७ | ३ |

## १५.८ चालु आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण (६९ जना) सम्पन्न

- स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरूको परामर्श तथा क्षमता विकास गोष्ठी (३ वटा कार्यक्रम मा १०२ जना सहभागी रहेका) सम्पन्न।
- संघमा कार्यरत रा. प. अनंकित प्रथम र द्धितीय श्रेणी, प्रदेश तथा स्थानीय तहका चौथो र पाँचौ (सहायकस्तर) कर्मचारीहरुका लागि "कार्यालय सञ्चालन तथा व्यवस्थापन" विषयक ३५ दिने सेवाकालीन प्रशिक्षण ३ वटा समूह प्रति समूह ३० जना सहभागि रहेको तालिम सम्पन्न।
- स्थानीय तहका जनप्रतिनिधिहरूका लागि २ दिने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र नेतृत्व विकास तालिम (४ वटा स्थानीय तहमा सम्पन्न)
- स्थानीय तहका कार्यपालिका सदस्यहरु र कर्मचारीहरूका लागि दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण सम्बन्धी तालिम (४ वटा सम्पन्न)

## १५.९ चालु आर्थिक वर्षमा निर्माण भएका कानुनहरुको विवरणः

चालु आर्थिक वर्षको दोश्रो चौमासिकसम्म निर्माण भएका तथा निर्माण हुने प्रक्रियामा रहेका र अब बन्नुपर्ने कानुनहरुको विवरण यस प्रकार रहेको छः

**क) यस आ.व.मा बनेका कानूनहरुः**

१. प्रदेश प्रशिक्षण प्रतिष्ठान विनियमावली,२०७७

२. प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य संचालन) आदेश, २०७७

## १५.१० आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र असार मसान्तसम्मको अनुमानित खर्चः

(रु. हजारमा)

| कार्यक्रम/क्रियाकलाप | दोस्रो चौमासिक सम्मको प्रगति | | | | असार मसान्त सम्मको अनुमान | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % | परिमाण | परिमाण % | बजेट | बजेट खर्च % |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | | ९९९९ | ७.४८ | | | ९९९९ | ६० |
| ,, | | | २५००० | ०.७७ | | | २५००० | ६० |

## १५.११ आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा फागुन मसान्तसम्मको वित्तीय प्रगति र २०७८ असार मसान्तसम्मको अनुमानित खर्चः

(रु. हजारमा)

| विवरण | विनियोजित बजेट | फागुण मसान्त सम्मको खर्च | खर्च प्रतिशत | असार मसान्त सम्मको अनुमानित खर्च |
|---|---|---|---|---|
| चालु खर्च | ९९९९ | ७४८.१९३ | ७.८ | ६००० |
| पुँजीगत खर्च | २५००० | १९१.४३९ | ०.७७ | १५००० |
| जम्मा | ३४९९९ | ८३९.६३२ | ८.५७ | २१००० |

## १५.१२ आर्थिक वर्ष २०७७/७८ को फागुन मसान्तसम्म राजस्व संकलनको विवरणः

(रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | असार मसान्तसम्मको संशोधित अनुमान |
|---|---|---|---|---|---|
| १ | १४२२९ | ९० | | | ८० |

## १५.१३ आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरणः

रोष्टरमा रहेका स्वतन्त्र विज्ञहरु छनौट भई स्थानीय तहको आवधिक योजना, स्थानीय तहको स्वमूल्याङ्कन, राजश्व सुधार योजना निर्माण का साथै विभिन्न तालिमहरुमा प्रमुख प्रशिक्षकको रुपमा तोकिएको पारिश्रमिक लिई आंशिक रोजगारीको सिर्जना भएको।

## १५.१४ समस्या तथा चुनौतीः

- जनशक्तिको अभाव
- पूर्वाधारको अवस्था कमजोर
- बजेट अख्तियारी ढिलो प्राप्त (पौष १५ गते )
- कार्यक्रमको कुल परिमाण र छोटो समयावधिवीच कार्यसम्पादन समस्या
- प्रतिष्ठानको तालिम संचालनको छुट्टै कार्यविधिको अभाव
- प्रतिष्ठानको परिसरमा पुग्न कच्ची सडक – वर्षा याममा पुग्न गाह्रो
- ठेक्का प्रकृया (धेरै समय लाग्ने)/Low Bidding

## १५.१५ समस्या समाधानका लागि चालिएका कदमः

- कर्मचारी व्यवस्थापनका लागि सम्बन्धित निकायमा पत्राचार र आवश्यक केही विविध दरबन्दीमा करार सेवामा नियुक्त।
- विद्युतीय बोलपत्रको माध्यमबाट फर्निचर, सार्वजनिक संरचनाको मर्मत संभार, तारवार र मेशिनरी औजार समेत खरिद कार्य अगाडि बढेको।
- प्रदेश प्रशिक्षण प्रतिष्ठानको पूर्वाधार विकासका लागि गुरु योजना र DPR तयारीका लागि प्रारम्भिक कार्य सुरुवात गरिएको।
- कार्यक्रमको कुल परिमाण र छोटो समयावधिबीच सम्पादन द्रुत गतिमा अगाडि बढाइएको।

## १५.१६ आगामी कार्य दिशाः

- यस प्रतिष्ठानलाई Center of Excellence को रुपमा अघि बढाउने।
- नयाँ पाठ्यक्रम निर्माण गरी जनप्रतिनिधि र कर्मचारीहरुलाई गुणस्तरीय तालिम प्रदान गर्ने।
- प्रतिष्ठानको पूर्वाधार विकासको लागि गुरु योजना र DPR तयार गरी प्रशासकीय भवन, तालिम हल लगायतका पूर्वाधारहरु निर्माण गर्ने।
- स्थानीय सरकारको क्षमता विकास/पद्धति विकासमा जोड दिने।

## १५.१७ निष्कर्षः

प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट सम्पादन गर्ने कार्यहरु मर्यादित ढङ्गले व्यवस्थापन गरी यी कार्यहरुलाई प्रशासनिक र आर्थिक रुपले व्यवस्थित गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य संचालन) आदेश २०७७, को व्यवस्था अनुरुप नै जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने कुरामा प्रतिबद्ध छ।

# परिच्छेद - १६
# निष्कर्ष तथा सुझाव

## १६.१ निष्कर्ष

नेपालको संघीय गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गरेको ६ वर्ष भैसकेको छ। नेपालको संविधान २०७२ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा जिम्मेवारी तथा अधिकारहरु तोकिएका छन्। ती जिम्मेवारी पूरा गर्न आवश्यक श्रोत साधन तथा अधिकारको प्रयोग गर्न आवश्यक कानून निर्माणको प्रक्रियामा प्रदेश तथा स्थानीय तहहरु छन्। माथि संघ र तल स्थानीय तह रहेको प्रदेश तहले संघसँग समन्वय र स्थानीय तहलाई सहजीकरण गर्दै आफ्नो भूमिका निर्वाह गर्ने क्रममा अगाडि वढिरहेको छ।

योजना निर्माण तथा बजेट कार्यान्वयनमा लुम्बिनी प्रदेशको स्थान अग्रणी नै रहेको देखिन्छ। तीन वर्षको वजेट तथा कार्यक्रम कार्यान्वयन गरिरहदा आवधिक योजना तथा मध्यकालीन खर्च संरचना निर्माण गरी वजेट तथा कार्यक्रमलाई निश्चित दिशा प्रदान गर्नु, अधिकांश क्षेत्रहरुमा गुरु योजना निर्माण गर्ने, आवश्यक क्षेत्रमा कार्यालय खोल्ने दरवन्दी सिर्जना गरी जनशक्ति व्यवस्थापन गर्ने, आवश्यक कानून निर्माण गर्ने जस्ता महत्वपूर्ण कार्यहरु भएका छन्। योजना तर्जुमा वजेट तथा कार्यक्रम निर्माणको हिसावले पनि तीन वर्षको अनुभव महत्वपूर्ण रहेको छ।

तर सुधार गर्नुपर्ने पाटाहरु पनि धेरै छन्। पहिलो कुरा त प्रत्येक क्षेत्रमा प्रदेशको कार्य जिम्मेवारी (Scope) स्पष्ट देखिदैन। कहिले स्थानीय तहको र कतिपय अवस्थामा संघको कार्यक्षेत्रमा समेत पसेर बजेट तथा कार्यक्रम निर्माण गर्ने, स-साना योजना तथा कार्यक्रममा बजेट छर्ने, आयोजनाहरु तोकिएको समयमा सम्पन्न गर्न नसक्ने र कतिपय अवस्थामा निर्माण भएका पूर्वाधारमा अपेक्षित गुणस्तर कायम गर्न नसक्ने जस्ता समस्याहरु टड्कारो रुपमा महसुस गर्न सकिन्छ। हालसम्म प्रदेश निजामती सेवाको शर्त सम्वन्धी कानून निर्माण नहुँदा सेवा प्रवाह र विकास निर्माणमा महत्वपूर्ण भूमिका रहने जनशक्ति व्यवस्थापन राम्ररी हुन सकेको देखिदैन। समायोजन भएका सीमित कर्मचारीमा समेत कुण्ठा र नैराश्यता व्याप्त देखिन्छ। थुप्रै पदहरु रिक्त छन्। खासगरी प्राविधिक जनशक्ति न्यून हुँदा वजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष असर परेको छ।

चालु खर्च वढ्दै गइरहेको छ। अस्थायी दरवन्दी थप, सवारी साधन खरीद, इन्धन, मर्मत, वैठक भत्ता तथा भैपरी खर्चहरु वढ्दो क्रममा देखिन्छ। प्रदेशले खर्च सम्वन्धी मापदण्ड निर्धारण गरी

कार्यान्वयनमा ल्याएको भए तापनि त्यसको पूर्ण पालना भएको देखिदैन। वजेट तथा आर्थिक अनुशासन पक्षहरुमा समेत कमी कमजोरीहरु देखा परेका छन्।

आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रमको कार्यान्वयनको हालसम्मको स्थिति भने उत्साहजनक नै देखिन्छ। चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा चालुतर्फ १४.१२ प्रतिशत र पुँजीगततर्फ ९.०७ प्रतिशत गरी जम्मा ११.५३ प्रतिशत खर्च भएको छ भने गत आर्थिक वर्षको सोही अवधिमा चालुतर्फ ९ प्रतिशत र पुँजीगततर्फ ६ प्रतिशत गरी जम्मा ७ प्रतिशत खर्च भएको थियो। त्यसैगरी चालु आर्थिक वर्षको दोश्रो चौमासिकमा चालुतर्फ ३९.७८ प्रतिशत र पुँजीगततर्फ ३३.३५ प्रतिशत गरी जम्मा ३६.४६ प्रतिशत रकम खर्च भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा क्रमशः ३२.१० प्रतिशत र ३०.५४ प्रतिशत गरी जम्मा ३१.३१ प्रतिशत खर्च भएको थियो।

यसरी बजेट तथा कार्यक्रममा प्रगति हुनु र खर्च प्रतिशत विगतको तुलनामा वढ्नुको पछाडि आर्थिक कार्यको सुरुवात् देखि नै बजेट तथा कार्यक्रमहरु कार्यान्वयनलाई प्राथमिकता दिइएको थियो। श्रावण महिनाभित्र कार्यविधि तथा निर्देशिका निर्माण गरिसक्ने भाद्र महिनाको सुरुदेखि नै कार्यान्वयनमा जुट्ने निर्देशन मा.मुख्यमन्त्रीवाट भएको र सोही वमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस मन्त्रालयवाट हरेक कार्यमा निरन्तर Follow Up र आवश्यक सहजीकरणले प्रमुख भूमिका खेलेको देखिन्छ। त्यसो त वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुको सक्रियतालाई पनि त्यतिकै जस दिन आवश्यक देखिन्छ।

## १६.२ सुझावः

लुम्बिनी प्रदेशमा तीन आ.व.को बजेट तथा कार्यक्रम कार्यान्वयन गरिरहँदा थुप्रै सकारात्मक उपलव्धि भएका छन् तर त्यसका वावजुत पनि सुधार गर्नुपर्ने ठाउँहरु पनि त्यतिकै छन्। अन्य प्रदेशको तुलनामा श्रेष्ठतम देखिएको यस प्रदेशले आफ्नो साख जोगाएर राख्न समेत थप मेहनत गर्न जरुरी छ। यस सन्दर्भमा आगामी दिनमा देहाय वमोजिमका विषयहरुमा गम्भीरतापूर्वक ध्यान दिई अगाडि वढ्नुपर्ने देखिएको छः

### क) <u>प्रदेशको कार्यक्षेत्र (Scope) निर्धारण</u>

माथिका परिच्छेदमा उल्लेख भएवमोजिम प्रदेशको आफ्नो जिम्मेवारी र भूमिकामा प्रदेश सरकार र प्रदेश सरकारका सवै मन्त्रालयहरु स्पष्ट हुन जरुरी छ। शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण हरेक क्षेत्रमा प्रदेशको जिम्मेवारी यकिन गरी यसै जिम्मेवारीलाई न्याय गर्ने कुरामा केन्द्रित गर्न सकिएन भने भोलिका दिनमा संघ र स्थानीय तहको कार्य जिम्मेवारी (Scope)

मा पर्ने क्षेत्रमा काम गरिएको थियो भनेर छुट वा जस पाउने स्थिति रहन्न। त्यसैले प्रत्येक क्षेत्रमा प्रदेशको कार्य जिम्मेवारी यकिन गर्नु नै सुधारको पहिलो शर्त र खुट्किलो हो।

**ख) <u>योजना तथा कार्यक्रममा स्पष्ट प्राथमिकीकरण</u>**

प्रदेश सरकारसँग जनताको अपेक्षा धेरै छ। यसरी प्रदेश सरकारप्रति जनताको आशा र भरोसा बढ्नु गौरवको कुरा हो। यी आशा र भरोसालाई निराशामा परिणत हुन नदिने चुनौती पनि हाम्रो सामु त्यत्तिकै छ। माग र आवश्यकताको तुलनामा श्रोत साधन न्यून हुन्छ नै। प्रदेशको हकमा चाहेर पनि श्रोत साधनको गुणात्मक वृद्धि तत्काल सम्भव छैन। तीव्र गतिमा वढेको माग र कछुवाको गतिमा वृद्धि श्रोत साधन वीचमा सन्तुलन ल्याउने वा न्याय गर्ने एउटै रणनीति योजना तथा कार्यक्रमको स्पष्ट प्राथमिकीकरण गरी पहिलो प्राथमिकतामा परेका कार्यक्रम पहिले कार्यान्वयन गर्ने हो। यदि निश्चित आधार तथा प्रष्ट मापदण्डमा आधारित भै आयोजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गर्न सकियो भने श्रोतले जतिलाई पुग्छ त्यतिलाई कार्यान्वयन गर्दै जाने कुरालाई मार्ग प्रशस्त गर्दछ। त्यसैले आगामी दिनमा यस दिशामा गम्भीर विचार पुऱ्याउन जरुरी छ।

**ग) <u>विनियोजनमा दक्षता</u>**

सम्वन्धित मन्त्रालयको सिफारिसमा वर्षभरि नै कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु परेको तीतो यथार्थ हाम्रो सामू विद्यमान छ। यसले गर्दा विनियोजन दक्षता (Allocative Efficiency) मा प्रश्न उठिरहेको छ। बजेटको सिलिङ वढी प्राप्त गर्ने कुरामा मन्त्रालयहरु चिन्तित देखिन्छन् तर वजेटमा समावेश गर्ने कार्यक्रम, त्यसको कार्यान्वयनको तरिका र त्यस आ.व. का लागि चाहिने श्रोतमा राम्रो गृहकार्य भएको देखिंदैन। हामीले यस प्रदेशमा समेत क्रियाकलापमा आधारित वजेट प्रणाली (Activity Based Budgeting) सुरु गऱ्यौं तर त्यसमा दक्षता हासिल गर्न बाँकी नै छ। त्यसैले आगामी दिनमा यस विषयमा थप ध्यान केन्द्रित गर्नुपर्ने आवस्था छ।

**घ) <u>कार्यान्वयनमा दक्षमा</u>**

हालसम्मको अनुभव हेर्दा विनियोजित वजेटको तुलनामा खर्च प्रतिशत कम नै छ। तर खर्च गर्नुलाई मात्र उपलव्धि मान्ने हाम्रो संस्कारमा परिवर्तन गर्न जरुरी छ। विनियोजित रकम खर्च गर्दा अपेक्षित उपलव्धि प्राप्त भयो वा भएन अर्थात् खर्च प्रभावकारी हुन सक्यो वा सकेन, निर्मित संरचनाको गुणस्तर के रह्यो आदि विषयमा ध्यान दिन जरुरी छ।

साथै पहिलो चौमासिकलाई आराम गर्ने अवधि ठान्ने र आर्थिक वर्षको अन्त्यतिर मात्र कार्यक्रम कार्यान्वयनमा चिन्ता गर्ने संघीय तहमा देखिएको रोग प्रदेशमा समेत सरेको छ। आर्थिक वर्ष सुरु हुनुभन्दा एक महिना अगावै वजेट पेश हुने र पछिल्लो आ.व.को वजेट तथा कार्यक्रम चालु आ.व. भित्रै स्वीकृत भैसक्ने र पछिल्लो आ.व.मा श्रावण देखि नै कार्यान्वयनमा जुट्न सकिने गरी कानूनमै व्यवस्था गरिएको वजेट प्रणाली अभ्यासमा अझै सार्थक हुन सकेको छैन। तर आउने दिनमा त्यसमा सुधारको विकल्प देखिदैन।

**ङ) <u>जनशक्ति व्यवस्थापन</u>**

प्रदेशको कार्य जिम्मेवारीमा पर्ने विषयमा सेवा प्रवाह तथा विकास निर्माणका लागि आवश्यक जनशक्तिको न्यूनता देखिएको छ। काम गर्ने हात (Working Hands) नभै नत सेवा प्रवाह नत विकास निर्माणमा नै न्याय गर्न सकिन्छ। तसर्थ जनशक्ति व्यवस्थापनलाई प्रदेश सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ।

एकातर्फ अनावश्यक दरवन्दी सिर्जना गरी चालु खर्च वढाउने कुरालाई नियन्त्रण गर्न जरुरी छ भने अर्कोतर्फ आवश्यक जनशक्तिको व्यवस्था नभै वजेट तथा कार्यक्रमहरु कार्यान्वयन हुन सक्दैन। त्यसैले काम गर्ने कर्मचारीलाई सहयोग गर्ने पदहरु (सवारी चालक, कार्यालय सहयोगी, भान्से, निजी सहयोगी) मा नियन्त्रण गर्दै प्राविधिक पदहरु (स्वास्थ्यकर्मी तथा इन्जिनियर) मा जनशक्ति न्यून नहुने व्यवस्था गर्नु पर्दछ। तत्काल स्थायी पदपूर्ति सम्भव नभए पनि सेवा करारको माध्यमवाट जनशक्ति व्यवस्थापन गर्न जरुरी छ।

**च) <u>वैज्ञानिक अनुगमन मूल्याङ्कन</u>**

हामीले अनुगमन तथा मूल्याङ्कनलाई एउटा नियमित प्रकृया ठान्यौं तर व्यवस्थित गरेनौं। सुगम तथा अन्य व्यक्तिगत रुचिसँग जोडिएका स्थानमा रहेका कार्यालयमा चाहिने भन्दा वढी पटक अनुगमन गर्ने निकायका कर्मचारी पुगे तर अनुगमन भएन। के छ? के गर्दै हुनुहुन्छ? भन्ने सतही कुरा गर्ने, खाना खाजा खाने प्रकारको अनुगमनले सुधार गर्दैन। प्रष्ट जिम्मेवारी तोक्ने, आवश्यकतानुसार मात्र अनुगमन गर्ने, अनुगमन पछिको सुधारलाई संस्थागत गर्ने र अनुगमन गर्नेलाई पनि जिम्मेवार वनाउने प्रणालीको विकास गर्नु जरुरी छ।

यस प्रदेशको सन्दर्भमा कुरा गर्दा अनुगमन गर्ने निकायहरु धेरै छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्वन्धित मन्त्रालय, निर्देशनालय आदि। कुनै ठाउँमा सवै पुगेका छन्, पटक पटक पुगेका

छन् तर कुनै ठाउँमा कोही पनि पुगेका छैनन्। त्यसैले यसलाई व्यवस्थित गर्दै एकीकृत अनुगमन प्रणाली ल्याई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन जरुरी छ।

अन्त्यमा, योजना तर्जुमा तथा बजेट एवम् कार्यक्रम निर्माण तथा कार्यान्वयनमा लुम्बिनी प्रदेशको अनुभव मिश्रित रहेको छ। कतै हामीले सफलता प्राप्त गरेका छौं भने कतै सिक्नु र सुधार गर्नु पर्नेछ। सुधारको विकल्प थप सुधार मात्र हो। त्यसैले हामीले विगत तीन वर्षमा हासिल गरेको अनुभवलाई संस्थागत गर्दै योजना निर्माण तथा बजेट विनियोजन र कार्यान्वयनमा अग्रणी प्रदेशको रुपमा लुम्बिनी प्रदेशलाई स्थापित गर्ने कुरामा सम्बन्धित सवैले ध्यान केन्द्रित गर्नुपर्ने देखिएको छ।

समाप्त